गीता र प्रेरणा



देवेन्द्र राज उपाध्याय

गीता र प्रेरणा

देवेन्द्र राज उपाध्याय

प्रकाशकः एजुकेशनल इन्टरप्राइजेज (प्रा.) लिमिटेड
कान्ति पथ, काठमाडौं

२०४५ साल

मुद्रकः एजुकेशनल इन्टरप्राइजेज (प्रा.) लिमिटेड
पोष्ट बक्स नं. ४२५ कान्ति पथ
काठमाडौं फोन नं. २-१३७४९

केही कुरा

यस पुस्तकका लेखकले संस्कृत एवं हिन्दू दर्शनको औपचारिक शिक्षा प्राप्त नगरेको हुँदा यसमा जति त्रुटी छन्, ती लेखकका आफ्ना हुन्। तर यो पुस्तक लेख्ने प्रेरणा, मेरी पूजनीया माता श्री सुभद्रा देवीको गत ६ दसक भन्दा बढी देखि भगवान समर्पित जीवनको पुण्य संग्रहबाट प्राप्त भएको हो भन्ने अनुभव मैले गरेको छु।

यसमा भएका अर्चना माला रेडियो नेपालबाट प्रसारित हुँदा नेपाली समाजका विभिन्न पक्षका आफ्ना मित्र एवं शुभचिन्तकहरूबाट तथा अपिरिचित श्रोताहरू एवं नेपाली प्रवचनका हिन्दी भाषा भाषी श्रोताहरूबाट समेत मैले प्रोत्साहन पाएको छु। उहाँहरू सबै भगवानको अर्चनामा मेरा सहभागी हुनु भए सरह मलाई लागेको छ।

यस पुस्तकको आमुख लेखी दिनु भएकोमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका भूतपूर्व कुलपति कविवर श्री केदार मान व्यथित र धर्म शास्त्रका विद्वान श्री बदरी नाथ भट्टराईले मन्तव्य लेखी दिनु भएकोमा उहाँहरू दुवैका प्रति विनम्र आभार प्रकट गर्न चाहन्छु।

'गीता र प्रेरणा' रूपी अर्चना–क्रम कमसेकम एक वर्ष पुऱ्याउनु पर्दछ भनी मलाई बराबर स्मरण गराउने मेरी पत्नी सरला पनि धन्यवादकी पात्र छन्।

देवेन्द्र राज उपाध्याय

आमुख

कूटनीतिक र प्रशासनिक सेवामा धेरै वर्ष कार्य गरी, तत् तत् विषयमा आफ्नू विशेष योग्यताको परिचय दिई, केही वर्ष अघि मात्र अवकास ग्रहण गर्नु भएका श्री देवेन्द्र राज उपाध्यायलाई तपाईंहरुले भन्दा बढी चिनेको छु भनी म दावी गर्न सक्दिन। तर साहित्यकार देवेन्द्र राज ज्यूलाई भने निश्चय पनि मैंले बढी चिनेको छु। म यस कुरोलाई स्वीकार पनि गर्दछु कि नेपाली साहित्यको गद्य विधालाई समृद्ध तुल्याउन उदाहरणीय भूमिकाको निर्वाह गर्ने श्री देवेन्द्र राज उपाध्याय संग अवश्य नै मेरो घनिष्टता छ। रचनाशील आफ्नू प्रतिभा प्रकाशनबाट हाम्रो राष्ट्रिय गद्य साहित्यमा स्वनाम-धन्य भइ सक्नु भएका उपाध्यायज्यूलाई मेरा परम मित्र हुन् भन्न पाउँदा मलाई निश्चय नै गौरवको अनुभूति पनि हुन्छ।

एक साता अघिको कुरो हो, विहान पख एकाएक देवेन्द्र राजज्यू मेरो घरमा आउनु भयो। पारस्परिक क्षेम-कुशलका शिष्टाचार सम्बन्धी प्रारंभिक वार्ता पछि म तिर अभिमुख हुँदै स्मित हास्यका साथ उहाँले भन्नु भयो, व्यथितज्युलाई केही कष्ट दिउँ भनी आएको। मित्र-इच्छालाई पालन गर्नु त सुखकर पो हुन्छ, कष्टकर होइन, भन्नोस् न मैंले के गर्नु पऱ्यो ? मबाट व्यक्त भएको उपर्युक्त जिज्ञासा पछि उहाँले भन्नु भयो,--सरकारी कार्य-भारबाट अवकास ग्रहण गरे पछि मैंले आफ्नू खाली समयलाई अध्यात्म चिन्तनतिर उपयोग गर्न थालें। झण्डै यता एकाध वर्ष देखि गीताको अध्ययन-मननमा आफूलाई व्यस्त राख्दै आएको छु। त्यसैको फलस्वरूप १०-१२ महिना जति अघि देखि रेडियो नेपालको प्रभातकालीन धार्मिक

विषय-सूची

कार्यक्रमको माध्यमबाट गीता बारेका आफ्ना विचारहरू समय-समयमा प्रसारित पनि गर्दै आइ रहेको छु, शायद कहिले काहीं त तपाईंले पनि सुन्नु भएकै हुनु पर्दछ। आज तपाईं कहाँ आउनुको उद्देश्य के हो भने प्रसारित भैसकेका मेरा उपर्युक्त प्रवचनहरूको एउटा संग्रह 'गीता र प्रेरणा' नामबाट पुस्तकाकारमा प्रकाशित गर्ने अठोट गरेको छु। हाँस्दै तत्कालै फेरी उहाँले भन्नु भयो, अठोट मात्र होइन प्रकाशनको कार्य पनि प्रारंभ गरी सकेको छु। तसर्थ प्रकाशोन्मुख उपर्युक्त मेरो पुस्तकमा तपाईंले यौटा भूमिका लेखी दिनु पर्‍यो। अतः म बाट दिइने उत्तरको प्रतीक्षा नै नगरी ५-६ फर्मा जति मुद्रित भैसकेका प्रकाशोन्मुख 'गीता र प्रेरणा' का सामग्रीहरू मेरो हातमा उहाँले राखी दिनु भयो।

मित्रवर देवेन्द्र राजज्यूको उपर्युक्त कुरा सुने पछि उहाँको अनुरोधलाई स्वीकार गर्ने कि नगर्ने भन्ने द्विविधामा म धेरै बेरसम्म अलमलिएँ। आर्य-चिन्तनको सर्वश्रेष्ठ आध्यात्मिक ग्रन्थ गीता बारेको उहापोह प्रस्तुत भएको उहाँको प्रकाशोन्मुख किताबको भूमिका त त्यस विषयमा विशेषता प्राप्त गरेका उद्भट पण्डितहरूबाट मात्र संभव हुन्छ, म जस्तो आध्यात्मिक बौद्धिक औकात-मा निम्नस्तरको दरिद्र व्यक्ति त्यसको लागि उपयुक्त हुनै सक्दैन भन्ने निष्कर्षमा पुगें। र आफ्नू असमर्थता प्रकट गर्दै धम्मपदमा संकलित बुद्ध-वचनतिर देवेन्द्र राजज्यूको ध्यान आकर्षित गर्दै भनें, जसको भावार्थ यस प्रकारको छ,-"त्यो बुद्धिमान भन्दा केही अंशमा त्यस मूर्खलाई बुद्धिमान भन्न सकिन्छ जसले आफूलाई मूर्ख छु भन्ने थाहा पाएको छ, कमसेकम त्यति थाहा पाउने बुद्धि त त्यो संग छ तर त्यो भन्दा वढी पट मूर्ख त त्यो बुद्धिमानलाई ठान्नु पर्दछ जसले मूर्ख भएर पनि आफूलाई ठूलो बुद्धिमान छु भन्ने भ्रमात्मक गर्व गरिरहेको हुन्छ।" शायद तपाईंले आफ्नू किताबको भूमिका लेख्न लगाएर मलाई पनि त्यस्तै २ नम्बरको मूर्ख प्रमाणित गर्न खोज्नु भएको त हैन ? अतः उपर्युक्त मेरो कुरालाई खित्कामा उडाई म कहिले लिन आउँ भूमिका भनी उहाँ जुरुक्क उठनु भयो। प्रत्युत्तर स्वरूप अनायास मेरो

मुखबाट निस्क्यो एक हप्ता पछि ।

त्यसैं दिन बेलुका तिर मित्रवर देवेन्द्रज्यूले छोडेर जानु भएको सामग्री पढन थालें । आध्यात्मिक चिन्तनको गहिरो छाप भएको पाण्डित्यपूर्ण उहाँको लेखनीको चमत्कारपूर्ण गुरुताभासबाट क्रमशः म आक्रान्त हुँदै गएँ । फलस्वरूप मेरा परम प्रिय मित्र उपाध्यायज्यू म संग पर-पर हुँदै उहाँको सट्टा आध्यात्मिक चिन्तक पण्डित देवेन्द्र राज उपाध्यायको प्रबुद्ध व्यक्तित्व मेरो सम्मुख उपास्थित भई क्रमशः मलाई किच्न थाल्यो । यसरी उहाँ र मेरो बीचमा धेरै समय देखि रही आएको अनन्य मित्रताको सम्बन्ध शनैः शनैः गुरू र चेलाका रूपमा परिवर्तित हुँदै गैरहेको मैले अनुभव गर्न थालें । अस्तु ।

श्री देवेन्द्र राज उपाध्यायलाई प्राप्त भएको भगवद् कृपाको फल भन्न सकिन्छ प्रस्तुत गीता र प्रेरणालाई । यस पुस्तकमा उपाध्यायज्यूबाट गीताको परिशीलन क्रममा प्रस्तुत भएको पाण्डित्यपूर्ण विवेचनामा देखा परेको बौद्धिक प्रबुद्धताको छापले उहाँ त्यस विषयमा आधिकारिक विद्वान हुनु हुन्छ भन्ने कुरोलाई पुष्टि गर्दछ । चिन्तन–सौन्दर्यका पुष्पिकाहरू यसका भागवत सौरभले ओतःप्रोत छन् । पण्डित देवेन्द्र राजज्यूको सिद्ध-हस्त लेखनीबाट गीतोक्त योगको सरलीकरण व्याख्या जुन यसमा प्रस्तुत भएको छ त्यसबाट प्रतिपादय विषयको झन् बढी श्रीसम्बर्द्धन हुन गएको छ। मेरो धारणा छ, जीव र व्यक्ति पुरुष तथा प्रकृतिस्थ आत्माका बीचमा विद्यमान आन्तरिक तात्विक सम्बन्धको सूक्ष्म निरीक्षण विद्वान लेखकबाट यस ग्रन्थमा जुन प्रस्तुत भएको छ त्यो निश्चय पनि परमात्मीय प्रयोजन सिद्धिका लागि सहायक सिद्ध हुनेछ। अरुद्ध दृष्टि-आकाशमा प्रकाशित हुने गरेको दिव्य आत्म–संचरणको अनुभूतिलाई सार्थक वाणी प्रदान गर्न 'गीता र प्रेरणा' का लेखक श्री देवेन्द्र राज उपाध्यायलाई निःसन्देह ठूलो सफलता प्राप्त भएको छ, जसको सम्पूर्ण श्रेय उनकै उर्वर मेधालाई छ ।

गीता सर्वोत्कृष्ट आध्यात्मिक काव्य हो । अत्यन्त रोचक यसको संवादात्मक शैली प्रभावोत्पादक छ । प्रासादिक भाषामा मनोविश्लेषणात्मक ढंगबाट आत्म-ज्ञानका सिद्धान्तहरू यसमा प्रतिपादित भएका छन् । ज्ञान मुख भक्तिको संयोजनमा भएको रस-निस्पत्ति यसको निकै नै माधूर्यपूर्ण छ । यज्ञ कर्मकै केन्द्रीय कथा वृत्तमा प्रस्तुत भएको यसको ऊर्ध्वगामी भाव-व्यञ्जनाले श्रेय र प्रेयको योगलाई अत्यन्त व्यापक प्रकाशपूर्ण अर्थ-प्रदान गरेको छ । आत्मदर्शनमा आधारित विलक्षणता यसको निश्चय पनि अतुलनीय छ ।

गीताका कवि श्रीकृष्ण नै त अन्तहीन महाकाव्यका रचनाकार हुन् । ऊर्ध्वमूल ज्योतिर्मय लयात्मकतामा आधारित चंक्रमणशील छन्द-पृथ्वीमा उनकै महिमाको दिव्य संगीत त मुखरित भइरहेको छ । अतः कवीश्वर कृष्णले आफ्नू रचना-सौन्दर्यको माधुर्यपूर्ण पुष्पकै रूपमा मनुष्यलाई प्रतिष्ठा प्रदान गरेर पुनः उनले त्यसमा आफ्नै दिव्यताको सौरभ पनि भरी दिएका छन् । यसरी सत्यकै धरातलमा मात्र संभव हुने शिवकै प्रत्यक्षीकरणको सौन्दर्यलाई प्रस्तुत गरिरहेको कृष्ण-काव्यले करुणा कल्लोलित कर्म-धारा कै पावनता भएको मनुष्यलाई चुलीमा उठाई स्वयं कवीश्वर कृष्णलाई त्यसमा रूपान्तरित गरेको छ । त्यसैले मानवीय हृदयको यजन-ऋचालाई द्यौकै स्वस्तिमुखी अर्थ-गौरव निरवच्छिन्न प्राप्त भैरहेको ।

भगवत भक्तिकै मनोरम वीची-विलासले युक्त कृष्णार्पित कर्म-सौन्दर्यका अच्छिन्न प्रवाहहरू धारावाहिक भएको ज्ञान-गंगा गीतामा संपूर्ण ऐन्द्रिक एकता सहित श्रद्धा-भक्ति पूर्वक अवगाहन गर्नेहरू निस्कलुष र निस्पाप मात्र सिद्ध भएका छैनन् कि त्यस्ता पुण्यात्माहरू आफ्नू दैनन्दिन व्यवहारमा समेत धैर्यशीलताका साथै चिर सहिष्णु र तितिक्षु एवं क्षमाका निर्झर कै रूपमा स्वयमलाई प्रस्तुत गर्न पनि सफल भएका छन् ।

ज्ञान जस्तो गहन विषयलाई पनि अत्यन्त माधूर्य पूर्ण भक्तिकै रसमा योग गरेर अर्जुनको लागि गीताको अक्षय पात्रमा श्रीकृष्णले पस्कनु

भएको यज्ञ-कर्मको परिपाक निश्चय पनि अमृत-वर्द्धक सिद्ध भएको छ। उपर्युक्त महौषधिको सेवनबाट अर्जुनलाई प्राप्त भएको मानसिक र आत्मिक आरोग्य-लाभकै फलस्वरूप पुण्य-भूमि कुरुक्षेत्रको इतिहास कर्म-प्रेरक हुन सकेको हो। निश्चित रूपमा भन्न सकिन्छ कि कुन्ती-पुत्र धनंजयलाई गीता-ज्ञानको आधार भूमि प्राप्त नभएको भए अहंजनित क्षर भावनाका दौर्बल्य-हरूबाट न उनी मुक्त हुन सक्थे, न त मस्तकमा महाकोश अमृत कै धारण गरीरहेको प्रकाशको समुन्नत पर्वतलाई उनले त्यति सफलता पूर्वक अभियान नै गर्न सक्थे। मेरो विचारमा गीता कुन्तीपुत्र अर्जुन मार्फत मर्त्य जगतलाई कवीश्वर कृष्णबाट प्राप्त भएको सर्वोत्कृष्ट अक्षर वरदान हो।

अहंकार रहित मन-वचन-कर्मकै एकता सहित गीता-गंगामा अवगाहन गर्ने व्यक्तिहरू शरीर र मस्तिष्क तथा आत्माको दूरीलाई पारस्परिक स्वाभाविक सामञ्जस्यको सेतुले जोडन सफल भएका छन्। साथै, साक्षी स्वरूप ज्ञानमय आत्माको पवित्रतालाई धारण गरेर निर्वन्धता तिर अग्रसर हुँदै गएका त्यस्ता पुण्यात्माहरू आफ्नू व्यक्तित्वलाई सच्चिदानन्द स्वरूप परमेश्वरकै आलोकपूर्ण अक्षर व्यक्तित्वमै निक्षेप गरेर भगवद् सत्ताकै एक विशुद्ध-पात्रकै रूपमा स्वयम्लाई प्रतिष्ठा दिन पनि सफल भएका छन।

भागवत विहित ज्ञान र भक्ति तथा कर्मका मार्गहरू एक अर्का सँग पृथक झैं देखिए तापनि ती सबै एउटै परमेश्वरको मन्दिर तिर अभिमुख छन्। र त्रिभुजाकार रूपमा ती तीनौंै एउटै आन्तरिक तात्विक सम्बन्ध-सूत्रमा आवद्ध पनि छन्। मेरो विचारमा ज्ञान विनाको भक्ति र भक्ति विनाको कर्मले ईश्वरीय प्रयोजनको सार्थकतालाई निश्चय पनि सिद्ध गर्न सक्दैन।

भक्ति ज्ञान भन्दा र लालसाहीन कर्म भक्ति भन्दा श्रेष्ठ ठानिन्छन्। अतः यस सत्य कथनलाई व्यावहारिक रूप दिनेहरू श्रेष्ठ पुरुष मै पनि गनिएका छन्। कर्म-फलको त्यागबाट अशान्तिका कारणहरू स्वतः नष्ट हुन्छन् र त्यसले यौटा यस्तो आन्तरिक शान्तिलाई जन्म दिन्छ जसलाई

चिन्तकहरू आध्यात्मिक जीवनको सर्वाधिक श्रेष्ठ आधार ठान्दछन् ।

तत्वान्वेषणमा आफूलाई समर्पित गर्ने चिन्तकहरू भन्छन् पनि आध्यात्मिक जीवनको पुनर्नवीकरणको कार्यमा गीता सदैव एक सबल रूप निर्धारक तत्व सिद्ध भएको छ । अतः गीताद्वारा प्रतिपादित कर्मको दर्शन स्वयम् उसले प्रतिपादन गरेको आत्माको दर्शन बाटै स्रवित भएको हो । गीताले चिन्तन–श्रेष्ठतालाई उपेक्षा गरेर कर्म अर्थात व्यवहार प्रतिको अन्ध भक्तिलाई मात्र कहिल्यै पनि समर्थन गरेको छैन । गीताद्वारा निर्देशित कर्मको सन्देश स्वयं उसैद्वारा प्रतिपादित जीवन–दर्शनमै आधारित छ ।

सार्वभौम विशिष्टतम उदाहरणकै रूपमा श्रीकृष्णको अवतरण यस धरतीमा भएको हो । कृष्णमय सर्व व्यापकताको अनुभूति नै परम सत्य हो । निश्चित रूपमा भन्न सकिन्छ कि चेतनाको उपर्युक्त उदात्तीकरण विना परम सुखको कामना मृग-तृष्णा मात्र सिद्ध हुने छ ।

मलाई पूर्ण विश्वास छ, श्रीकृष्णलाई भगवान कै रूपमा प्रतिष्ठा दिने गीताका अमृत सन्देशहरू प्रस्तुत गीता र प्रेरणा' मा संग्रहित गरेर कृष्ण–भक्त देवेन्द्र राजज्यूले जुन यहाँ प्रस्तुत गर्नु भएको छ त्यसबाट पाठक–जगतलाई आफ्ना मन र मुटु तथा मस्तिष्क परिष्कृत पार्न निश्चय पनि ठूलो सहायता प्राप्त हुनेछ । त्यसो त गीताका बारेमा जति भने पनि भन्न बाँकी नै रहन्छ । यसको यति टीका–टिप्पणी भए जुन आ-आफ्नू भूमिकाले आ–आफ्नै मौलिकता कायम गरेको पाइन्छ ।

अत्यन्त हर्षको कुरोछ कि ज्ञानका अमर वाणीहरूको भण्डार हाम्रो धर्म ग्रन्थ गीता हिन्दूहरूको मात्र नभएर अब विश्व कै वाङमयमा अमर सन्देश दिने हुन गएको छ । गीताको चषकमा भरिएको अमृत पिएर महा मानवहरूले यस धर्तीलाई नै आ-अपना कर्म-सौन्दर्यहरुद्वारा पवित्र पारेका उदाहरणहरू यथेष्ट छन् । श्रीकृष्णको वाक्धाराबाट ऐश्वर्य, धर्म, यश र श्री मात्र होइनन् कि वैराग्य तथा मोक्षकै अर्थ-प्रवाह पनि विस्तृत भएको छ ।

जीवनको बाँसुरीमा श्रीकृष्णले भर्नु भएका कर्म-रागका आरोह र अवरोहहरू ज्ञान र भक्तिले परिपूर्ण छन् भन्ने सत्यलाई देवेन्द्र राजज्यूले प्रस्तुत ग्रन्थमा विद्वत्ताका साथ प्रमाणित गर्नुं भएको छ ।

आसुरी संपदरूपी पंकमा समेत ज्ञानोदयद्वारा दैवी-भावनालाई शत दलकै रूपमा प्रस्फुटित गराएर पंकलाई पंकजले शोभा दिए झैं सत्व, रज, तमले व्याप्त विश्वलाई उज्वल पार्ने प्रवृत्ति गीतामा भएकोले नै संसार कै लागि त्यो प्रेय भएको हो ।

अध्यात्म प्रति उत्तरदायी रहेको विज्ञानबाट सृष्टिको शिलान्यास हुन सके भूमि अवश्य पनि भाग्यशालिनी हुने छिन् । मेरो विचारमा ज्ञान र विज्ञानको एकताबाट मुखरित हुने सृष्टि–सौभाग्यको ऋचा नै आजको युगको मुख्य स्वर हुनु पर्दछ ।

विश्वलाई योगमूलक भोग कै सामुदायिक भण्डार अभिवृद्धि हुने कर्म-सौन्दर्य कै खाँचो छ । रस-प्रलय सम्पादित हुँदै जाने मानवीय प्रेम कै सार्वभौमिक संक्रमणबाट प्रवाहपूर्ण हुने सृष्टि–सिद्धिको शैलीमा स्वस्ति र श्री कै विन्यास मात्र होइन कि सत्य-सूर्य कै प्रतिष्ठा पनि अनिवार्य छ भन्ने तत्थ्यलाई भगवान श्रीकृष्णको लौकिक जीवन–वृत्तले अत्यन्त सुन्दर ढंगबाट प्रस्तुत गरेको छ ।

रसेस्वर कृष्णले वृन्दावनमा गोपिनीहरूका साथ सम्पन्न गर्नु भएको रास-लीलामा समग्रताको दर्शन मात्र होइन कि पूर्णताको आनन्द र सृष्टि-सृजनको आल्हाद पनि छ ।

भगवत गीताको राम्ररी अध्ययन गर्‍यौं भने हामी यस निष्कर्षमा पुग्न सक्दछौं कि ज्योति–सत्य–सोमकै त्रिवेणीमा सहस्र-दल झैं फक्रिरहनु भएका भगवान श्रीकृष्ण यज्ञीय छन्दमै निरवच्छिन्न मन्त्र-मुखर हुनु हुन्छ ।

हर्षको कुरो छ, उपयुक्त अक्षर सत्यलाई अत्यन्त प्रवाहमयी प्राञ्जल भाषामा पण्डित देवेन्द्र राज उपाध्यायले आफ्नू नवीनतम कृति 'गीता र

प्रेरणा' मा सार–गर्भित वाणी प्रदान गर्न निश्चय पनि ठूलो सफलता प्राप्त गर्नु भएको छ । जगदीश्वर प्रति समर्पित उहाँको यस अर्चनालाई परमेश्वर कै फूल प्रसादको रूपमा मलाई पनि ग्रहण गर्ने सुअवसर प्रदान गर्नु भएकोमा म उहाँ प्रति सादर आभार ज्ञापन गर्दछु ।

प्रस्तुत पुस्तक बारेको आमुख लेखन क्रममा जे जति विचार मैले माथि व्यक्त गरेको छु ती मेरा होइनन् । मैले त कृष्ण-कुञ्जमा ढकमक्क फुलेका आ-आफ्नै विभिन्न मात्रा छन्द भएका फूलका बोटहरूबाट आफूलाई मन परेका मकरन्दहरू चयन गरी रुचि अनुसार आफ्नै चाकोमा फिल्टर गरेर त्यसैलाई प्रस्तुत गर्ने धृष्टता मात्र गरेको छु । आशा छ, विज्ञ पाठकहरूले मेरो यस कार्यलाई रहजनी ठान्नु हुने छैन ।

अन्त्यमा––

भागवत-सिन्धुलाई मथेमा निस्कने अमृतकै रूपमा भक्त शिरोमणि हनुमानको मुखारवृन्दबाट युगौं अघि निःसृत भएको महावाणी उनै परमेश्वर प्रति समर्पित गर्दै प्रस्तुत भूमिकालाई यहीं समाप्त गर्दछु ।

'शरीरको दृष्टिकोणले म तिम्रो सेवक हूँ,
जीवको दृष्टिकोणले म तिम्रो देह हूँ
आत्माको दृष्टिकोणले तिमी नै म हूँ ।"

अस्तु

ज्याठा टोल — केदारमान व्यथित
काठमाण्डू — २८ मार्ग २०४०

निवेदन

भगवान व्यासले गीता सरल संस्कृतमा लेख्नु भएको छ । तर समुद्र भन्दा पनि गहिरो छ । अनि सगरमाथा भन्दा पनि करोडौं गुणा उच्च छ । यो वेद रूपी समुद्र मथेर झिकेको अमृत हो जसको पान गर्नाले अजर र अमर भइन्छ । मन्थन कर्ता खास षोडशकला परिपूर्ण भगवान कृष्ण नै हुनु हुन्छ । आफ्नो बुद्धिलाई अँगालेर कुरुक्षेत्रको रण क्षेत्रमा धर्मसंमूढ भएका अर्जुनको शोक र मोह यही गीतामृत पिएर नै नष्ट भएको हो । अर्जुनलाई प्रतीक बनाएर सारा मनुष्यलाई भगवानले उपदेश दिनु भएको हो ।

कम से कम हजार आवृत्ति मननका साथ पाठ नगरी गीताको अर्थ बुझिदैन । गीताको यथार्थ भाष्य भगवान शंकराचार्यले गर्नु भएको छ । द्वादश अध्यायको धर्म्यामृतको पान गरेर भगवानको शरण परी अज्ञानको नाश गर्न सके गीता सुगीता हुन्छ ।

गीताको मनन गरेर नै श्री देवेन्द्र राज उपाध्यायले यो 'गीता र प्रेरणा' लेख्नु भएको हो । सरल भाषामा लेखिएका यी मनोवैज्ञानिक तथा मार्मिक लेखहरूले जिज्ञासु पाठकहरूको जिज्ञासा समाधान गर्ने छन् भन्ने आशा गर्छु ।

बदरीनाथ भट्टराई

अज्ञान र पाप

मनुष्यलाई अज्ञानले पाप तर्फ प्रवृत्त गर्दछ । पापबाट केहीं मुक्त हुन मनुष्यले यस विशाल ब्रह्माण्डका संचालक, यसको उत्पत्ति, स्थिति र लयका कारक, शाश्वत, अव्यय, अक्षर, अचिन्त्य, परब्रह्मको जिज्ञासा गर्नु पर्दछ । यस जिज्ञासाको प्रसस्त मार्ग गीतामा पाइन्छ ।

ब्रह्माण्डको अनन्त विस्तार र यसका नियन्ता र संचालक ब्रह्मको परिकल्पना गर्न असंभव ठहराएर नै ऐतरेयोपनिषदमा 'प्रज्ञानम्–ब्रह्म' भनी प्रज्ञासित ब्रह्मको तादात्म्य स्थापित गरिएको हुनु पर्दछ ।

यस पृथ्वीका निवासीहरूलाई ब्रह्माण्डको कल्पना गर्न समेत असंभव छ, त्यसैले ब्रह्मको कल्पनाको त अनुमान समेत गर्न सकिन्न । हामीले देख्ने आकाश गंगा सरह ब्रह्माण्डमा सय अरब भन्दावढी आकाश गंगाहरू छन् जसमा प्रत्येक आकाश गंगा भित्र सय अरब भन्दा बढी ताराहरू छन् । त्यसैले ईशावास्योपनिषदमा पूर्णबाट पूर्ण झिक्यो भने पूर्ण नै बाँकी रहन्छ भने जस्तै आधुनिक भौतिकवादी खगोल शास्त्रीहरू पनि यस ब्रह्माण्डलाई पूर्ण भएको संज्ञा दिन्छन् एवं यसको सृष्टि सदैव थियो र सदैव रहनेछ भनी मान्दछन् ।

ब्रह्माण्डको विशालताको एउटा अर्को उदाहरण लिन सकिन्छ । हाले मात्र खगोल शास्त्रीहरूले एक अत्यन्त विशाल तारा पत्ता लगाए जसको पृथ्वीबाट दूरी अठारह अरब ज्योति वर्ष छ । र यस ताराबाट निक्षेप हुने ऊर्जा र प्रकाश दस खरब सूर्यको बराबर छ । यो ताराको किलोमिटरको हिसाबबाट दूरी थाहा पाउने हो भने यो तारा पृथ्वीबाट अठारह अरब गुणन सनतान्नब्बे खरब किलोमिटर टाढा हुन्छ–कारण एक ज्योति बर्षमा प्रकाशले

एक विन्दुबाट अर्को विन्दु सम्म सनतान्नब्बे खरब किलोमिटरको दूरीको यात्रा गर्दछ। ब्रह्माण्डमा यो अठारह अरब ज्योति वर्ष भन्दा पनि टाढाका ताराहरू भएको अनुमान गरिएको छ। यस्तो विशाल ब्रह्माण्डमा पृथ्वी एक कण समान सानो छ, त्यो पनि नगण्य कण सरह। मनुष्य त झन नगण्य छ। तर भगवानको असीम अनुकम्पाले उसमा चेतना शक्ति प्राप्त छ। जसको माध्यमबाट उसले पाप पुण्य छुट्याउन विवेक प्रयोग गर्न सक्दछ र उसलाई जन्म भन्दा अघि तथा मृत्यु भन्दा पछि दुई अव्यक्त स्थिति मध्ये अत्यन्त सानो व्यक्तको स्थितिमा सृष्टि गर्ने परब्रह्मका प्रति जिज्ञासामा आफ्नो मन लगाउन सक्दछ र आफ्नो चिन्ता छाडन सक्दछ। भगवान कृष्णले यसैसन्दर्भमा गीतामा भन्नु भएकोछ:

-अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत।
अव्यक्तनिधनान्येव तत्र का परिदेवना ॥

अर्थात, हे अर्जुन, सम्पूर्ण प्राणी जन्म भन्दा पहिले पनि अव्यक्त र मृत्यु पछि पनि अव्यक्त, केवल यी दुई अव्यक्तको बीचमा मात्र क्षणिक रूपमा व्यक्त देखिने हुँदा, यस विषयमा के को चिन्ता !

ब्रह्मको व्याख्या गर्दा हिन्दूहरू चेतन ब्रह्मको परिकल्पना गर्दछन्, कारण ब्रह्मलाई आदि र अन्त्य दुवैको मूल आधार मानिन्छ। मुण्डक उपनिषदमा ब्रह्मलाई नै सम्पूर्ण विश्व भनिएको छ एवं तैत्तिरीय उपनिषदमा वरूणले आफ्ना पुत्र भृगुलाई उनको प्रश्नको समाधानमा ब्रह्मको व्याख्या गर्दै भने "जसबाट यो समस्त भूत अर्थात जड चेतन पदार्थ जन्म लिन्छन् एवं उत्पन्न भएर जसको आश्रयमा बाँच्दछन् तथा जसमा फर्केर पूर्णतः विलीन हुन्छन् त्यही नै ब्रह्म हो।" त्यसैले ब्रह्मलाई सबै पदार्थ एवं वस्तुको अस्तित्व, समस्त चैतन्यको स्रोत एवं आनन्दको उद्गम भनिएकोले नै यसलाई सच्चिदानन्द भनी सम्बोधन गरिन्छ। गीताका अतुलनीय भाष्यकार श्री शंकराचार्यले विवेक चूडामणिमा ब्रह्मलाई सम्पूर्ण वस्तुहरूको आधार, तिनको प्रकार, तिनको आकार, सर्वव्यापी, सर्वशून्य, निश्चल एवं निर्विकल्प भनी भन्नु भएको छ।

यस्तो अनिर्वचनीय ब्रह्मको व्याख्या असंभव भएकोले नै जब भगवान श्री कृष्णले सगुण ब्रह्म एवं निर्गुण ब्रह्मको चर्चा गर्नु हुन्छ त्यहाँ हामी ज्ञानको माध्यमद्वारा निर्गुण ब्रह्मको जिज्ञासा गर्ने प्रकृया तथा भक्तिको समर्पणद्वारा सगुण ब्रह्मको आराधना गर्ने तात्पर्य बुझ्दछौं ।

यस सन्दर्भमा गीता अत्यन्त श्रेष्ठ ग्रन्थका रूपमा मनुष्यलाई प्राप्त छ । गीतामा कर्मयोग, ज्ञानयोग र भक्तियोगको त्रिवेणी छ । यसमा उत्कृष्ट दर्शन, उच्चतम् मनोविज्ञान तथा अतुलनीय काव्यको पनि त्रिवेणी छ । मैले गीतामा भएका उपदेशहरूलाई आफ्नो गुरुका रूपमा पाएको छु । जब जब म पूर्ण अज्ञानले व्याप्त हुन्छु, क्रोध र अहंकार म माथि आच्छादित हुन्छ, अनि म गीता पल्टाउँछु र आफ्नो अज्ञानको कारणको अत्यन्त सन्तोषप्रद उत्तर पाउंछु । त्यसैले मैले गीताका उपदेशक भगवान कृष्णलाई गुरुका रूपमा मानेर त्यस उपदेशबाट उत्पन्न गीता सम्बन्धी अर्चनामाला मध्ये यो पहिलो अर्चना समेत गुरू कृष्णका पवित्र चरणमा एक अकिंचनको भेटीका रूपमा चढाउँदैछु । गीतामा भएको ज्ञान सागरको टाढा किनारबाट मैले प्रेरणाका एक दुई कण मात्र बटुल्ने प्रयास गरेको छु । कारण गीताको ज्ञान गांभीर्यमा पुग्न राग, द्वेष, मोह, अहंकार, अन्य दुर्विकार आदिबाट व्याप्त मनुष्यलाई संभव छैन । क्लेशबाट मुक्त हुन नसक्ने मनुष्यलाई गीता एक अत्यन्त प्रेरणादायी मुक्ति मार्ग हो ।

भगवान कृष्णले भन्नु भएको छ :

> सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज ।
> अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ।।

गीतामा सबै ठाउँमा धर्म भनेको निर्धारित कर्मको पर्यायका रूपमा लिइएकोछ । यस सन्दर्भमा भगवानको यस श्लोकको उपदेशको अर्थ हुन्छ– "सम्पूर्ण कर्मको आश्रयलाई त्यागेर केवल मेरो अर्थात परमात्माको शरणमा पर । म तिमीलाई संपूर्ण पापबाट मुक्त गर्नेछु, यसमा तिमी शोक नगर ।"

भक्तिका साथै ज्ञान र निष्काम कर्ममाथि भगवान कृष्णले समान महत्व दिनु भएको छ। कर्मको सीमा भित्र भगवान स्वयम् हुनु हुन्छ भगवान भन्नु हुन्छ :

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किंचन।
नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि॥

अर्थात्, हे अर्जुन मेरा निमित्त तीनै लोकमा गर्नु पर्ने आवश्यक कुनै कर्म छैन न त कुनै यस्तो वस्तु छ जो मलाई प्राप्त नहोस् अथवा प्राप्त गर्नु पर्ने होस; तैपनि म कर्ममा लागी नै राख्दछु।

भगवानले कर्म गर्न छाडनु भयो भने त यो संसार कै अन्त हुन्छ।

ज्ञान योगका सम्बन्धमा भगवान भन्नु हुन्छ: जुन ज्ञानी व्यक्ति मेरा प्रति अनन्य प्रेम भक्ति राख्दछ ऊ सर्व श्रेष्ठ हो। उसका निमित्त म अत्यधिक प्रिय हुँ र ऊ पनि मेरो अत्यन्त प्रिय हो।

तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते।
प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः॥

तर संसारमा सबै व्यक्ति निष्काम कर्म गर्ने हुन सक्दैनन् न त सबै ज्ञानी नै हुन सक्दछन्। त्यस्ताका निमित्त मुक्ति मार्ग भगवानका प्रति समर्पण नै हो कारण यदि परमात्माको अनुग्रह प्राप्त गर्न उसमा हामीले पूर्ण विश्वास राख्यौं भने हामीलाई भगवानले विवेक प्रयोग गर्न सक्ने क्षमता प्रदान गर्न सक्नु हुन्छ। मनुष्यमा भएको चेतना शक्ति नै भगवानको मनुष्यका प्रति असीम अनुकम्पाको फल हो।

श्री कृष्णायनमः

आसुरी र दैवी प्रवृत्ति

गीता महाभारतको एक अंग मात्र होइन, यो महाभारतको पौराणिक कथाले दिन सक्ने उपदेशको सार पनि हो। महाभारतमा एक लाख श्लोक छन्, गीतामा जम्मा सात सय श्लोक। अर्थात् गीता भन्दा महाभारत एक सय चालीस दोब्बर ठूलो छ तर महत्वमा भने सात सय श्लोकको गीता नै सम्पूर्ण महाभारतको मूल प्राण भनी मान्नु पर्दछ।

गीताको अध्ययन प्रतीकात्मक रूपले गऱ्यो भने कुनै पनि मनुष्यले आफूमा भएको न्यूनताहरूको अत्यन्त राम्रो विश्लेषण गर्न सक्दछ। यस सन्दर्भमा गीताको पहिलो श्लोकको उदाहरण लिउँ।

धृतराष्ट्र उवाच

धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः।
मामकाः पाण्डवाश्चैव किमकुर्वत सञ्जय ॥

अर्थात:

धृतराष्ट्रले भने:

हे संजय ! धर्मभूमि कुरुक्षेत्रमा युद्ध गर्ने इच्छाले एकत्रित मेरा तथा पाण्डुका पुत्र आदिले के गरे ?

अब यस श्लोकको प्रतीकात्मक अर्थ हाम्रो शरीर माथि घटाएर हेरौं। मनुष्य शरीरमा ज्ञानेन्द्रिय एवं वासना प्रवृत्त कर्मेन्द्रियको जुन निरन्तर संघर्ष भइराखेको छ त्यसमा आसुरी प्रवृत्तिको विजय भएमा वासना प्रवृत्त कर्मेन्द्रियको विजय र दैवी प्रवृत्तिको विजय भएमा ज्ञानेन्द्रियको विजय हुन्छ। कौरव र पाण्डव आसुरी र दैवी प्रवृत्तिका प्रतीक हुन्।

पौराणिक कथाका आधारमा सुर र असुरको भेद गरिन्छ । असुर र सुर दुवै प्रजापतिका छोराहरू थिए–असुर जेठा र सुर कान्छा । असुरहरू सुरहरूसित निरन्तर संघर्ष गर्दथे र यिनलाई बराबर पराजित गर्दथे । सात्विक प्रवृत्तिका भएका देवताहरूका शत्रु हुनाले नै तामसी प्रवृत्ति भएका असुरहरूलाई दुष्ट एवं दैत्यको पर्यायवाचीका रूपमा मानिन थालियो । यसै सन्दर्भमा यहाँ कौरव र पाण्डवहरूको आसुरी र दैवी प्रवृत्तिको उल्लेख गरिएको छ ।

गीतामा भगवान कृष्णको संपूर्ण उपदेशको सार नै कसरी आसुरी प्रवत्ति माथि दैवी प्रवृत्तिको विजय हुन सक्दछ एवं कसरी मनुष्यले निष्काम कर्म, ज्ञानको अन्वेषण र भक्तिको समर्पणको माध्यमद्वारा यो प्राप्त गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित छ । भगवानले विभिन्न किसिमको व्याख्याद्वारा यसको बोध अर्जुनलाई गराउनु हुन्छ र अन्तमा अर्जुन आफ्नो विषाद र नैराश्यबाट मुक्त हुन्छन् ।

यहाँ धृतराष्ट्र पनि प्रतीकात्मक रूपमा छन् । उनी अन्धा भएकाले उनमा रूपको प्रतीति गर्ने चेतनाको माध्यम चक्षु छैन । त्यसमाथि थप उनलाई आफ्ना सन्तानको सम्मोहले गर्दा उनमा विवेक हराएको देखिन्छ । यो त्यसबेला स्पष्ट हुन्छ जब उनी "मेरा" भन्ने शब्दले आफ्ना पुत्रहरूलाई सम्बोधन गर्दछन् तर आपना भतीजाहरू, अर्थात् पाण्डवहरू औचित्य निर्वाह गर्न युद्ध गर्न लागेका भए तापनि, धृतराष्ट्रले अपनत्वको सीमा भित्र देख्दैनन् । त्यसैले मनुष्य शरीरलाई स्वर्ग र नर्क दुवैको द्वार भनिएकोछ । जसले तृष्णा र आसक्तिमाथि विजय पाउन सक्यो, जो ज्ञानको मार्गमा लाग्यो, एवं जसले भक्तिको माध्यमद्वारा भगवानमा आफूलाई समर्पित गर्न सक्यो त्यसको निमित्त स्वर्गको द्वार खुला रहन्छ । आफ्नै न्यूनताहरू नबुझी स्वर्गको परिकल्पना गर्न सकिन्न । स्वर्ग र नर्क दुवै आफै भित्र हुन्छ । त्यसैले यहाँ कुरुक्षेत्रलाई धर्मक्षेत्र भनी सम्बोधन गरिएको पनि प्रतीकात्मक रूपमा अर्थ लगाउन सकिन्छ । अर्थात, शरीर रूपी धर्मक्षेत्रमा ज्ञानेन्द्रिय तथा वासना प्रवृत्त कर्मेन्द्रियहरूको जो कुरुक्षेत्र रूपी निरन्तर संघर्ष भइराखेको छ त्यसमा, शरीरलाई यस्तो संघर्षबाट

बचाउन कुनै उपाय छ भने त्यो हो गीतामा बताइएका मार्गको अवलम्बन गर्नु। त्यसो गर्न सकिएमा यो शरीरलाई धेरे अंशमा धर्मक्षेत्र बनाउन सकिन्छ।

अब गीताको पहिलो अध्यायका केही अन्य श्लोकहरूको प्रतीकात्मक अर्थ खोज्ने प्रयत्न गरौं। पहिलो अध्यायको दोस्रो श्लोकमा भनिएको छ:–

सञ्जय उवाच

दृष्टवा तु पाण्डवानीकं व्यूढं दुर्योधनस्तदा।
आचार्यमुपसङ्गम्य राजा वचनमब्रवीत्॥

अर्थात, सञ्जयले भने:

त्यस बेला राजा दुर्योधनले पाण्डवका सेनाहरूलाई व्यूह रचनामा उभिएका देखेर द्रोणाचार्य कहाँ गएर यस्तो वचन बोले।

यस श्लोकमा पाण्डवहरूको सेनाको व्यूह रचना देखेर दुर्योधन विस्मयले भरिएको स्पष्ट छ। शायद राजपाट नभएका पाण्डवहरूको पक्षमा त्यति बढी सेना हुन सक्ने अनुमान दुर्योधनले गरेका थिएनन्, यस कारणले जब उनले पाण्डवहरूको पनि आफ्नो अनुमानभन्दा निकै ठूलो सेना व्यूह बनाएर बसेको देखे उनी चिन्ताजन्य व्याकुलतामा आफ्नो गुरू द्रोणाचार्य कहाँ गए। हुन त दुर्योधन पक्षका सेनाका सेनापति भीष्म पितामह थिए एवं दुर्योधनले यस्तो अवस्थामा भीष्म पितामह कहाँ नै जानु पर्ने हो तापनि कुनै पनि शिष्यले जब आफूले कुनै आपदपूर्ण समस्याको समाधान गर्न सक्दैन ऊ आफ्नो गुरू कहाँ स्वभावत: नै जान्छ–त्यसैले दुर्योधन पनि भीष्म पितामहका सट्टा द्रोणाचार्य कहाँ गएको हुनु पर्दछ।

अब यस्तै व्याख्याको क्रममा पहिलो अध्यायको तेस्रो श्लोक लिऊँ।

पश्यैतां पाण्डुपुत्राणामाचार्य महतीं चमूम्।
व्यूढां द्रुपदपुत्रेण तव शिष्येण धीमता॥

अर्थात्,

हे आचार्य! तपाईंका बुद्धिमान् शिष्य द्रुपद पुत्र धृष्टद्युम्नद्वारा व्यूह

रचनामा उभ्याइएका पाण्डु पुत्रहरूका यो विशाल सेनालाई हेर्नोस् ।

यस श्लोकमा दुर्योधनलाई अझै विचलित मनःस्थिति भएको देखाइएको छ । कारण, दुर्योधनले पाण्डवहरूको महान् भनी देखेको जुन सेना थियो त्यो वास्तवमा त्यति विशाल थिएन तापनि पाण्डवहरूको सेनाको व्यूह रचनाका नायक धृष्टद्युम्न भएका एवं उनलाई पनि गुरू द्रोणाचार्यले नै युद्ध विद्यामा निपुण पारेकाले दुर्योधनले विवेक हराएर द्रोणाचार्यलाई भन्न खोजेका कुरा शायद यो हुन सक्छ । यदि द्रोणाचार्यले धृष्टद्युम्नलाई युद्ध विद्यामा पारंगत नपारेको भए पाण्डवहरूको यत्रो व्यूह रचना हुन सक्ने थिएन एवं द्रोणाचार्यले आफ्नै शिष्यसित लड्नु पर्ने परिस्थिति उत्पन्न हुन सक्ने थिएन । दुर्योधनको लक्ष द्रोणाचार्यले उपयुक्त शिष्य छान्न नजानेको कुरा तर्फ संकेत पनि हुन सक्दछ । तर यहाँ दुर्योधनको मनस्थिति विचलित भएको मनोवैज्ञानिक अवस्थामा उनले आफ्नो सैन्यका रक्षकलाई नै घोंचपेंच गर्न जानुले दुर्योधन्को निश्चित पराजयको लक्षण देखाउँछ ।

अर्को तिर सातौं श्लोकमा दुर्योधनले द्रोणाचार्यलाई द्विजोत्तम अर्थात् ब्राह्मण श्रेष्ठ भनी सम्बोधन गरेर भगवान् कृष्णले पछि भन्नु भएको चार वर्णको सृष्टि गुण र कर्मको विभागका अनुसार गरेको हुँ भन्ने कुराला महाभारत कालको सामाजिक मान्यता भित्र पनि परेको स्पष्ट देखिन्छ कारण, द्रोणाचार्य ब्राह्मण भए पनि सबै प्रसिद्ध क्षत्रीहरूलाई युद्ध विद्य सिकाउने उनै भए । युद्ध कार्य क्षत्रीको धर्म अर्थात् कर्म भए तापनि ब्राह्मण पनि त्यो विद्यामा गुण र कर्मको विभाग अन्तर्गत सर्व निपुण हुन सक्ने रहेछ

श्री कृष्णायनम

तृष्णा र आसक्ति

कृस्तानहरूको धर्मग्रन्थ बाइबल र मुसलमानहरूको धर्मग्रन्थ कुरान भए जस्तै हिन्दू धर्ममा एउटै ग्रन्थबाट यसको समग्रताको बोध हुन सक्दैन। तथापि तीन ग्रन्थहरूको संग्रहलाई हिन्दू धर्म र दर्शनको प्रतिनिधित्व गर्ने ग्रन्थहरूका रूपमा मानिन्छन्–यी हुन्, उपनिषद, ब्रह्मसूत्र र गीता। यी ग्रन्थहरूलाई प्रस्थानत्रयी पनि भनिन्छ।

ईश्वरको सर्वव्यापकता र सर्वशक्ति सम्पन्नताको महत्वको व्याख्या र कसरी मनुष्य तृष्णा र आसक्तिबाट मुक्त हुन सक्छ त्यस विषयमा प्रस्थान त्रयीमा विषद व्याख्याहरू छन्।

ईशावास्योपनिषद्मा भनिएको छ:

ॐ ईशा वास्यमिदं सर्वम्
यत्किंच जगत्यां जगत्।
तेन त्यक्तेन भुञ्जीथा
मा गृधः कस्य स्विद् धनम्॥

अर्थात्

ॐईसको आवास यो सारा जगत
जीवन सबै प्राणीमा उही व्याप्त छ
गर्नु सब त्याग उसको नाममा
भोग गर त्यति मात्र जो प्राप्त छ
नराख तिमी अरुको धनमा वासना।

परब्रह्म परमेश्वरको सर्व व्यापकताको अत्यन्त राम्रो र उपयुक्त

व्याख्या हामी गीताको दशौं अध्यायको सैंतीसौं श्लोकमा पाउँछौं ।

भगवान भन्नुहुन्छ:

वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनंजयः
मुनीनामप्यहं व्यासः कवीनामुशना कविः ।।

अर्थात्:

वृष्णि वंशिहरूमा म स्वयम् वासुदेव हूँ,
पाण्डवहरूमा म धनन्जय अर्थात् तिमी नै हूँ,
मुनिहरूमा म वेदव्यास हूँ र कविहरूमा शुक्राचार्य कवि पनि म नै हूँ।

गीतामा तीन व्यक्तिहरूको प्रत्यक्ष सम्बन्ध छ । पहिलो परम पुरुष परमात्माको सगुण रूपमा गीता बताउने भगवान कृष्ण, दोस्रो गीता सुन्ने अर्जुन र तेस्रो गीता लेख्ने वेदव्यास । भगवान कृष्णले यस श्लोकमा ईश्वरको व्यापकताको व्याख्या गर्दै गीताका सम्बन्धमा समेत भन्ने, सुन्ने र लेख्ने तीनै जना व्यक्ति म नै हूँ भन्नु भएर ईश्वरको अनुकम्पा बाहेक केही कुरा स्वतन्त्र रूपले हुन सक्दैन भनी स्पष्ट गर्नु भएको छ । निश्चय पनि, गीता लेख्दा व्यासको चिन्तन प्रक्रियाले स्वयम् भगवानको आलोक प्राप्त नगरेको भए गीता जस्तो उत्कृष्ट दर्शन, उच्चतम मनोविज्ञान र अतुलनीय काव्यको त्रिवेणी भएको यस्तो अनुपम ग्रन्थ मानव समुदायलाई प्राप्त हुन सक्ने थिएन।

गीतामा तृष्णा र आसक्तिमाथि कुनै मनुष्यले नियन्त्रण गर्न सकेन भने कसरी उसको सर्वनाश हुन्छ भन्ने कुराको व्याख्या भगवान कृष्णले गीताको दोस्रो अध्यायको बासट्ठियौं र तृसट्ठियौं श्लोकमा स्पष्ट रूपले गर्नु भएको छ ।

भगवान भन्नुहुन्छ:

ध्यायतो विषयान्पुंस सङ्गस्तेषूपजायते ।
सङ्गात्संजायते कामः कामात्क्रोधोऽभिजायते ।।
क्रोधाद्भवति संमोहः संमोहात्स्मृतिविभ्रमः ।
स्मृतिभ्रंशाद्बुद्धिनासो बुद्धिनाशात्प्रणश्यति ।।

अर्थात्, जब कुनै पनि मनुष्य इन्द्रिय जनित कुनै विषयको प्रति ध्याउन्ना गरी राख्छ, त्यसले उसमा त्यस विषयका प्रति अनुराग अथवा आसक्तिको उत्पत्ति गर्दछ। यस प्रकारको विषयासक्तिबाट तृष्णाको उत्पत्ति हुन्छ। तर सबै मनुष्यको तृष्णाको परिपूर्ति त हुन सक्दैन। र यसरी तृष्णाको परिपूर्ति नभए पछि उसमा क्रोधको उत्पत्ति हुन्छ। अनि क्रोधले संम्मोह अर्थात मूढताको उत्पत्ति गर्दछ। मूढताले स्मृतिलाई नष्ट गर्दछ। अज्ञान रूपी अन्धकारले विवेकलाई नष्ट गरे जस्तै। स्मृति नष्ट भए पछि बुद्धि नाश हुन्छ तथा बुद्धि नष्ट भएको कारणले मनुष्यको सर्वनाश हुन्छ। अर्थात उसको भौतिक नाश हुने त होइन तर मनुष्यका रूपमा चेतनाको माध्यमद्वारा विवेक प्रयोग गरी बाँच्ने क्षमताको उसमा अन्त हुन्छ र विषयका प्रतिको आसक्तिले गर्दा ऊ तृष्णा र क्रोध रूपी अन्धकारद्वारा आवृत हुन्छ।

गीतालाई समग्रतामा अध्ययन गरिनु पर्दछ। सम्पूर्ण गीताका श्लोकहरू परस्परमा समपूरक अर्थ प्रदान गर्दछन्।

जस्तो गीताको सोरहौं अध्यायको पहिलो श्लोक लिउँ।

भगवान भन्नु हुन्छः

अभयं सत्त्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः।

दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ॥

यहां अभय भन्नासाथ मनुष्य भय रहित कसरी हुन सक्छ भन्ने प्रश्न उठ्दछ। मनुष्य तृष्णा र आसक्तिबाट मुक्त नभई भय रहित हुन सक्दैन। जस्तो, म सित एउटा घडी भयो भने म घरमा भन्दछु हेर है घडी चोरिएला अथवा हराउला। राम्रो गरी हिफाजत साथ राख। यो भन्नुको तात्पर्य के हो त। यसको तात्पर्य के भने घडी किन्न भन्दा अघि घडीका प्रतिको मेरो तृष्णा र घडी किनी सकेपछि त्यसका प्रतिको मेरो आसक्तिले गर्दा ममा घडी हराउला कि भन्ने भय उत्पन्न गर्दछ। सबै सांसारिक विषयहरू प्रति मनुष्यमा उत्पन्न हुने तृष्णा र आसक्तिको र त्यसका फलस्वरूप उत्पन्न हुने भयको यही नै रूप हो।

यस्तो विषय वासनाले मनुष्यलाई आत्म सुखको बाटोबाट टाढा पुऱ्याउँछ । त्यसैले कुनै पनि मनुष्य स्थितप्रज्ञ हुन सक्यो भने ऊ संसारको बन्धनबाट मुक्त हुन सक्दछ । गीताको दोस्रो अध्यायको ५५ औं र ५६ औं श्लोकहरूमा भगवान स्थितप्रज्ञको व्याख्या गर्दै भन्नुहुन्छः

प्रजहाति यदा कामान् सर्वान् पार्थ मनोगतान् ।
आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ।।
दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः ।
वीतरागभयक्रोधः स्थितधीर्मुनिरुच्यते ।।

अर्थात्, जब मनुष्यले आफ्ना सबै इच्छाहरू त्याग्दछ र जब उसको आत्मा आफ्नै आत्माले सन्तुष्ट हुन्छ, तब हे अर्जुन, त्यस्तो व्यक्ति स्थितप्रज्ञ भनिन्छ ।

जसको मन दुःखले उद्विग्न हुन्न र जो सुखका प्रति लालसा राख्दैन, जो राग, भय र क्रोधबाट मुक्त भैसकेको छ, त्यस्तो पुरुषलाई स्थिर बुद्धि भनिन्छ ।

यहां 'आत्मन्येवात्मना तुष्ट' भनेको अर्थ के देखिन्छ भने, मनुष्य राग, द्वेष, मोह, अहंकार र अन्य दुर्विकारहरूले व्याप्त भएको हुंदा उसको आत्मालाई क्लेशको आवरणले ढाकेको हुन्छ । जसले राग, द्वेष, मोह र अहंकार माथि विजय पाउन सक्यो उसले तृष्णा, आसक्ति र अज्ञानमाथि विजय पाउन सक्छ । यस्तो स्थितिमा पुगेको मनुष्यको आत्मालाई ढाक्ने क्लेशको आवरण हटेर जान्छ र ऊ आफ्नो आत्माद्वारा आफ्नो आत्मामा सन्तुष्टि पाउँछ, अनि ऊ स्थितप्रज्ञ हुन पुग्दछ ।

श्री कृष्णायनमः

भगवत नामको महत्व र अद्वैतको आधार

मनुष्य मोहले कसरी व्याप्त हुन सक्दछ र मोहबाट मुक्त हुने उपाय के छन् यसको विषद व्याख्या गीतामा गरिएको छ। अर्जुनले विषाद र नैराश्यको स्थितिबाट आफू मुक्त हुन भगवान कृष्णलाई भगवान विष्णुको पर्यायका विभिन्न नामहरूले विभिन्न श्लोकहरूमा सम्बोधन गरेका छन्। प्रत्येक श्लोकमा सम्बोधन गरिएको भगवान विष्णुको नामको वेग्ला वेग्लै तात्विक अर्थ भएको देखिन्छ। भगवानलाई अच्युत भनी अर्जुनले सम्बोधन गरेको श्लोकको उदाहरण लिउँ। अर्जुन भन्दछन्: **सेनयोरुभयोर्मध्ये रथं स्थापय मेऽच्युत।**

अर्थात्, हे अच्युत ! मेरो रथलाई दुवै सेनाको बीचमा लगेर उभ्याउनोस्।

यहाँ श्री कृष्णलाई भगवान विष्णुको एक पर्याय अच्युत भनी सम्बोधन गरिएको छ। अच्युत अर्थात् आपनो श्री र तेजबाट च्युत नहुने। सम्पूर्ण गीतामा श्री कृष्णलाई सगुण ब्रह्मका रूपमा लिइएको हुँदा ठाउँ ठाउँमा भगवान विष्णुका पर्याय नामहरूका रूपमा सम्बोधन गरिन्छ। यहाँ अर्जुनले कृष्णलाई अच्युत भनी सम्बोधन गरेको उनलाई आफ्नो कर्तव्यबाट च्युत हुन नदिनोस् भन्ने प्रतीकात्मक अर्थ हुन सक्दछ।

यहाँ अर्जुनले एकातिर भगवान कृष्णलाई अच्युत भनी सम्बोधन गरे तापनि जब उनले श्री कृष्णलाई आपनो रथ सेनाहरूको बीचमा उभ्याउन आदेश दिन्छन्; उनले कृष्णलाई विष्णुको पर्यायको रूपमा देख्दा देख्दै उनी सारथि र सखाको रूपमा पनि मोहवस देख्दछन्। त्यस्तै संसारमा प्रत्येक

मनुष्यले एक क्षणका निमित्त भगवानको महत्ता बुझी हाल्यो भने तापनि अर्को क्षण मै उसमाथि मोह व्याप्त हुना साथ उसले भगवानको सर्वशक्तिमान क्षमतालाई बिर्सन्छ अनि उसले मोहजन्य अज्ञानयुक्त कार्य गर्न थाल्दछ।

उपरोक्त श्लोकमा श्री कृष्णलाई अच्युत भनी सम्बोधन गरे जस्तै गीताको पहिलो अध्यायको चौधौं श्लोकमा माधव भनी सम्वोधन गरिएको छ।

ततः श्वेतैर्हयैर्युक्ते महति स्यन्दने स्थितौ ।
माधवः पाण्डवश्चैव दिव्यौ शङ्खौ प्रदध्मतुः ॥

अर्थात, त्यसपछि सेता घोडाहरू जोडिएका विशाल रथमा बस्नु भएका माधव अर्थात् श्री कृष्ण र पाण्डु पुत्र अर्जुनले पनि आफ आफ्नो दिव्य शंखहरू बजाए ।

माधव, भगवान विष्णुको पर्यायवाची हो । माको अर्थ हुन्छ लक्ष्मी र धवको अर्थ हुन्छ पति अथवा मालिक । तसर्थ, माधवको अर्थ भयो लक्ष्मी पति । श्री कृष्णलाई सगुण रूपमा लिइएको हुँदा उहाँलाई विष्णु अर्थात् यस संसारका पालक भनी सम्वोधन गरिएको हुन पर्दछ । माधव, आफ्नो औचित्य निर्वाह गर्न युद्धमा गएका पाण्डवहरूसित हुनु भएकोले नै उनीहरूले महाभारतको युद्धको अन्तमा विजय लक्ष्मी र राज्य लक्ष्मी दुवै पाउन सकेका हुन्।

त्यस्तै, गीताको पहिलो अध्यायको पन्द्रहौं श्लोकमा श्री कृष्णलाई ऋषिकेश भनी सम्वोधन गरिएको छ । ऋषिकेशको अर्थ हुन्छ मन र इन्द्रियको स्वामी । श्री कृष्णलाई ब्रह्मको सगुण रूपमा लिइएकोले नै उहाँलाई मन र इन्द्रियको स्वामी भनिएको हो । कारण सर्व साधारण मनुष्य मन र इन्द्रियको स्वामी हुन सक्दैन, अन्यथा उ राग, द्वेष, मोह, अविद्या, अहंकार तथा अन्य दुर्विकारबाट व्याप्त हुने थिएन ।

भगवानको तुलनामा मनुष्य रूपमा भएका अर्जुनलाइ गीताको पहिलो अध्यायको चौबीसौं श्लोकमा गुडाकेश अथवा निन्द्रा विजयी भनी सम्बोधन गरिएको छ । आफ्नो मन माथि विजय पाउनेले मात्र निन्द्रामाथि विजय

पाउन सक्दछ । तर यस्तो गुडाकेश भएको अर्जुन पनि कसरी विषादले व्याप्त हुन सक्दछन् र कसरी भगवानले उनलाई विषादबाट मुक्त गर्नु हुन्छ भन्ने कुरा गीतामा स्पष्ट पारिएको छ ।

अर्को शब्दमा भन्ने हो भने इन्द्रियहरूका स्वामी श्रीकृष्णले अर्जुनलाई उनको कर्म र कर्तव्यका सम्बन्धमा उचित ज्ञान नगराउञ्जेल अर्जुनमा सर्वसाधारण मनुष्यमा हुने क्लेश बाँकी नै रहने हुँदा, अर्जुन निन्द्रा विजयी भए तापनि मनुष्य भएका हुनाले ज्ञानको अभावमा इन्द्रिय विजयी हुन् सम्भव थिएन ।

गीताको पहिलो अध्यायको एकतिसौं श्लोकमा श्री कृष्णलाई केशव भनी सम्बोधन गरिएको छ ।

निमित्तानि च पश्यामि विपरीतानि केशव ।
न च श्रेयोऽनुपश्यामि हत्वा स्वजनमाहवे ।।

अर्थात, हे केशव, म विपरीत लक्षणहरू पनि देखि राखेको छु । युद्धमा आफ्ना आत्मीय जनहरूको हत्या गरेर म कुनै पनि कल्याण देख्दिन ।

यस श्लोकमा अर्जुन स्पष्टतः विरोधाभासले ढाकिएका देखिन्छन् । यद्यपि उनी संग्राममा लड्न उपस्थित भएका छन् तर स्वजनहरू को हत्या गर्नु पर्ने निश्चय देखेर उनको मन बेसरी घुमी राखेको छ र उनले विपरीत लक्षणहरू पनि देख्दैछन् । कर्तव्य च्युत हुने मनोवैज्ञानिक अवस्थामा सबै मनुष्यलाई यस्तै स्थितिको प्रत्यक्षीकरण गर्नु पर्दछ । अर्जुन पनि मनुष्य नै भएकाले उनी यस्तो मानसिक स्थितिबाट मुक्त हुन सक्दैनथे जब सम्म भगवानले उनलाई विषाद र नैराश्यबाट मुक्त हुने उपदेश दिनु हुन्न ।

यहाँ श्री कृष्णलाई केशव भनी सम्बोधन गरिएको छ । केशवको अर्थ हुन्छ केशी दैत्यलाई नाश गर्ने । महाभारतको युद्धमा देखिएको दैत्य प्रवृत्तिलाई संहार गर्न पनि भगवान सित अर्जुनले यसरी सम्बोधन गरेको हुनु पर्दछ ।

अब गीताको पहिलो अध्यायको बत्तिसौं श्लोक लिउँ । यसमा भनिएकोछः

न काङ्क्षेविजयं कृष्ण न च राज्यंसुखानि च ।
किं नो राज्येन गोविन्द किं भोगैर्जीवितेन वा ।।

अर्थात्, हे कृष्ण, न त म विजय चाहन्छु तथा न राज्य चाहन्छु एवं न सुख नै चाहन्छु । हे गोविन्द ! मलाई राज्य पाएर केलाभ छ, भोग र आनन्दहरूले के लाभ छ अथवा जीवन धारणा गरेर नै के प्रयोजन हुन्छ र ?

आफ्नो कर्म र कर्तव्यका विपरीत विचलित मनको कारणले गर्दा अर्जुनले भगवानसित युद्धमा विजय, राज्य, सुख आदि केही पनि चाहिन्न भनेका हुन् । अर्जुन आफ्नो संपूर्ण क्षत्रिय कर्तव्यलाई परित्याग गर्न तत्पर देखिन्छन् ।

यस श्लोकमा पुनः श्रीकृष्णलाई भगवान विष्णुको पर्याय गोविन्द भनी सम्बोधन गरिन्छ । गो को अर्थ प्राणी र विन्दको अर्थ थाहा पाउने, अर्थात् गोविन्द भनेको प्राणीहरूको कुरा थाहा पाउने हो । तसर्थ संपूर्ण प्राणीहरूको कुरा थाहा पाउने भगवान बाहेक अरू कुनै हुन नसक्ने हुँदा यहाँ श्रीकृष्णलाई गोविन्द भनी सम्बोधन गरेर अर्जुनले आफ्नो सबै विषाद तथा नैराश्यका कारण थाहा पाउने तपाई मात्र हो भनी भनिएको हुनु पर्दछ ।

यसरी कतै श्रीकृष्णलाई मधुसूदन र कतै जनार्दन भनी सम्बोधन गरिएको छ । मधु नामक दैत्यको संहार कर्ता भएकोले संसारमा आसुरी प्रवृत्तिको सँहारक भगवान नै हो भनी पुनः व्यक्त गरिएको हुनु पर्दछ । त्यस्तै, श्रीकृष्णलाई जनार्दन भनेको जन अर्थात् मनुष्यहरूले समृद्धि एवं मुक्तिका निमित्त अर्चना गरिने जनार्दन हुन् । यसरी श्री कृष्णलाई जनार्दन भनी सम्बोधन गरेर अर्जुनले पनि आफ्नो शोक, मोह आदिबाट मुक्तिको प्रार्थना गरेको स्पष्ट छ ।

ब्रह्म र आत्मालाई अद्वैत अर्थात दुई होइन भनि भनिन्छ । यसको परिकल्पना कसरी गर्ने त ? आत्माको व्याख्यामा श्री शंकराचार्यले लिङ्ग

पुराणको एक श्लोक उद्धृत गर्नु भएको छ जसमा भनिएको छ:

जो सर्वमाथि व्याप्त छ, सम्पूर्ण विषयहरूको भोग गर्दछ, र जसको सत्ता सदैव कायम रहन्छ, त्यसलाई आत्मा भनिन्छ ।

आत्मा भन्ना साथ हामी जीवात्मा तथा विश्वात्मा दुवैलाई बुझ्दछौं । त्यसैले स्थूल शरीरको नाश हुँदा पनि यसलाई नाश भन्दा अघि बचाइ राख्ने आत्माको नाश अथवा मृत्यु हुन्न । यस सम्बन्धमा भगवान कृष्ण भन्नु हुन्छ:

न जायते म्रियते वा कदाचिन्नायं भूत्वा भविता वा न भूय: ।
अजो नित्य: शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे ।।

अर्थात, आत्मा कुनै कालमा पनि जन्मदैन र न मर्दछ, न त यो बन्ने अथवा नाश हुने हो । शरीर नाश हुँदा, यसको नाश हुन्न ।

जन्म, स्थिति, वृद्धि, परिवर्तन, क्षय र विनाश यो शरीरका विभिन्न रूप हुन्, तर जब आत्मा शरीरलाई छाडेर विश्वात्मामा मिसिन जान्छ त्यस बेला शरीरको मृत्यु हुन्छ ।

एउटा उदाहरण लिउँ, यसै रेडियो प्रसारणको । यो बोलेको बोली रेडियो तरङ्गद्वारा तपाईंहरूको रेडियो सेटमा आउँछ । करोडौं, अरबौं सेटमा यो तरङ्ग प्रवेश गरे पनि यो तरङ्गको पूर्णता समाप्त हुँदैन । अरू करोडौं अरबौं रेडियो सेटद्वारा पनि यो सुन्न सकिन्छ । रेडियो निभाउनुस, सेटमा आइ राखेको तरङ्ग पुन: मूल तरङ्गमा नै मिसिन्छ । तर रेडियो चलाउन बिजुली, ब्याटरी अथवा अन्य कुनै ऊर्जा शक्ति चाहिन्छ । हाम्रो यो शरीर रेडियो सेट सरह हो र जीवात्मा परमात्माबाट अभिन्न भए जस्तै रेडियो सेट भित्रको तरङ्ग र मूल तरङ्ग त्यस्तै अभिन्न हो । जब रेडियो बिग्रेर कामै नलाग्ने हुन्छ हामी त्यस्तो व्यापक तरङ्गलाई पनि बिग्रेको रेडियोमा समात्न सक्तैनौं । त्यस्तै शरीर क्षयबाट जब विनाशमा पुग्दछ यसमा जीवात्मा रहन सक्दैन ।

शरीरमा जीवात्मा भएता पनि किन हामीमा आत्म चेतना हुँदैन त ? आत्माका चार अवस्था वेदान्तीहरूले स्थिर गरेका छन् । पहिलो जाग्रत,

दोस्रो स्वप्न, तेस्रो सुषुप्ति र चौथो तुरीय । जाग्रत अवस्थामा शरीरले आत्मालाई आबद्ध गरी राखेको हुँदा मनुष्य इन्द्रिय–जन्य विषयासक्तिमा रमण गरी राखेको पाइन्छ । स्वप्नावस्थामा इन्द्रियहरू त सुत्दछन् तर मनले नयाँ नयाँ स्वप्न संसारको सृष्टि गरी राख्दछ । सुषुप्तिमा मन पनि सुत्दछ तर निद्राको स्मृति भने बाँकी रहन्छ । तुरीय अवस्था मात्र यस्तो हो जसमा कोषावेष्ठित जीवनका संपूर्ण स्मृतिहरू समाप्त हुन्छन् र आत्मा परमात्मा अथवा ब्रह्मसित तदाकार हुन पुग्दछ । त्यसैले भगवान कृष्ण भन्नु हुन्छः

ब्रह्मभूतः प्रसन्नात्मा न शोचति न काङ्क्षति ।
समः सर्वेषु भूतेषु मद्भक्तिं लभते पराम् ।।

अर्थात, परब्रह्ममा स्थित प्रसन्न चित्त पुरुष न त कुनै वस्तुका निमित्त शोक गर्दछ न त कुनै विषय वस्तुको आकांक्षा नै गर्दछ, एवं सबै भूतमा सम भाव भएर मेरो परा भक्ति प्राप्त गर्दछ ।

भगवान यस्तै आशय अर्को श्लोकमा प्रकट गर्दै भन्नुहुन्छः

सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि ।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ।।

अर्थात्, चित्त निर्मल भई सर्वत्र समान दृष्टि राख्ने योगीले आत्मालाई समस्त भूतहरूमा स्थित र समस्त भूतहरूलाई आत्मामा स्थित देख्दछ ।

तर यो स्थितिमा पुग्न चित्तवृत्तिहरूको निरोध गर्ने प्रारंभिक उपाय के त ?

आत्मनः प्रतिकूलानि परेषां न समाचरेत ।

हामीले आफूलाई प्रतिकूल हुने भनी ठानिएको कुरा अरूका प्रति व्यवहार गर्न छाड्यौं भने हामी चित्त वृत्ति निरोधको प्रारंभिक उपाय मार्गमा लाग्न सक्दछौं ।

यो सम्पूर्ण जगत परमात्माको सृष्टि भएको हुनाले हामीले जब सबै बस्तुमा परमात्माको प्रतिबिम्ब देख्न थाल्दछौं हामी अरूका प्रतिकूल कार्य

छाड्छौं। सगुण ब्रह्मको उपासना पनि सृष्टिकर्ताको कुनै अंशलाई मूर्तरूप दिएर उसका प्रति समर्पित हुने प्रकृया हो। हामी उपासनाका निमित्त जे वस्तुको मूर्ति बनाए पनि त्यसको तत्वको सृष्टि हामी गर्न सक्दैनौं। त्यसमा आकृति मात्र दिन सक्दछौं। तसर्थ, यस सृष्टिमा हामीले कुनै कुराको पनि श्रृष्टि गर्न नसक्ने हुँदा नै हामी सृष्टिकर्ताको सृष्टिको कुनै अंशलाई ब्रम्हको सगुणरूपको परिकल्पना गरी, त्यसलाई केही आकृति प्रदान गरी त्यसको उपासना गर्न थाल्दछौं। त्यसका समक्ष समर्पित हुँदा हामी आफ्नो अहंकारलाई केही संयमित गर्न सक्दछौं। अहंकारमाथि विजय प्राप्त नभई, राग, द्वेष, मोहलाई नियन्त्रण नगरी, हामीले ब्रह्मको जिज्ञासासम्म गर्न सक्दैनौं।

ब्रह्म सर्वदा सर्वत्र वर्तमान छ। संसारको मूल कारण नै त्यही ब्रह्म हो जो अनादि, अज र सनातन छ। यस संसारको आदि कारण त्यही चेतन ब्रह्म हो जसद्वारा हामी यन्त्रवत संचालित छौं। ब्रह्म नै एक मात्र सत्ता हो, तसर्थ, ब्रह्म र आत्मामा अद्वैत सिद्धान्तको प्रतिष्ठापन भएको हुनु पर्दछ।

श्री कृष्णायनमः

आत्मा र परमात्मा

ईश्वर सर्व व्यापक छ र उसको मायाको माध्यमद्वारा हामीलाई यन्त्रवत संचालित गरी राखेको छ । ईश्वरको सर्व व्यापकताको एक अत्यन्त सन्तोषप्रद व्याख्या स्वामी विवेकानन्दले गर्नु भएको पाइन्छ । विवेकानन्द भन्नु हुन्छ, ईश्वर त्यो वृत्त सरह हो जसको परिधि अनन्त छ तर केन्द्र भने जता ततै छ । साधारणतः कुनै पनि वृत्तको एउटा मात्र केन्द्र हुन्छ तर ईश्वर सर्व व्यापक छ, यस सृष्टिको जड चेतन सम्पूर्ण पदार्थमा ।

भगवान कृष्ण भन्नु हुन्छ

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।
भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया ।।

अर्थात, अन्तरयामी परमेश्वरले आपनो मायाको माध्यमद्वारा संम्पूर्ण प्राणीहरूको शरीर रूपी यन्त्रमा आरूढ भएर उनीहरूको कर्मका अनुसार घुमाइ राख्नु हुन्छ र साथै सबै प्राणीहरूको हृदयमा पनि स्थित हुनुहुन्छ ।

यहाँ एउटा प्रतीकात्मक अर्थ देखिन्छ । जब अर्जुन पहिले कुरुक्षेत्रको युद्ध भूमिमा गए उनले भगवानबाट ज्ञान प्राप्त नगरून्जेलसम्म उनमा आफूले नै कर्म गर्न आएको भन्ने भ्रम थियो । तर सबै प्राणीहरूको सम्पूर्ण कर्मको अधिष्ठाता त भगवान नै भएको हुँदा श्रीकृष्णले प्रतीकात्मक रूपमा रथको सारथि भएर संचालन गर्नु भयो र हाथ हथियार नलिएर उहाँले युद्ध कर्म नगरे जस्तो देखिएको कारण पनि ब्रह्मको सगुण रूप कृष्णले आफ्लाई स्वधर्म भन्दा निरपेक्ष राखेको देखिन्छ। कारण ब्रह्म त सत्‌चित् आनन्द नै भएको हुँदा ऊ गुणातीत र सुख दुखःबाट मुक्त हुनु पर्‍यो । यदि भगवान कृष्ण पनि

अशत्र लिएर उपस्थित भएको भए उहाँले स्वजनहरूको हत्या गर्दा दुःख वेदनाको चक्र भित्र पर्नु पर्थ्यो । त्यस्तै सुखबाट उहाँ निरपेक्ष देखिनु हुन्छ । पाण्डवको पक्षमा श्रीकृष्ण हुनु भएकोले यसो हेर्दा भगवान नै स्वयम् रक्षक भएको हुँदा पाण्डव सेनाहरूले युद्ध जित्ने मात्र नभई सबै जसो बाँच्न पर्ने थियो । तर त्यसो भएन । भगवानका अतिरिक्त औचित्य निर्वाह गर्न युद्ध गर्न गएका पाँच पाण्डवहरू बाहेक पाण्डव सेनाका सातै अक्षौणी मारिए । भगवानले स्पष्ट भन्नु भएको छ:

> **परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।**
> **धर्मसंस्थापनार्थाय संभवामि युगे युगे ।।**

अर्थात, साधु पुरुषहरूको उद्धार गर्न एवं दूषित कर्म गर्नेहरूलाई नाश गर्न तथा धर्म संस्थापन गर्नका लागि म युग युगमा प्रकट हुन्छु ।

अब यो श्लोकको सन्दर्भमा हेरूँ, पाण्डव पक्षका सातै अक्षौणी सेना किन मारिएत । जस्तो अघि भनियो पाण्डवहरू त औचित्य निर्बाह गर्न नीतिलाई पालन गर्दै दुर्योधनको दपको अगाडि अरू कुनै उपाय नभएर युद्धमा गएका हुँदा उनीहरू निश्चय पनि साधु प्रकृति भित्र पर्न आए । तर उनीहरूको पक्षमा लड्नका निमित्त मात्र लड्न आएकाहरू त कौरव सैन्यलाई युद्धमा मारी पराजीत गर्ने मात्र लक्ष राखी आएका हुँदा उनीहरू दुष्कृत भए । तसर्थ, भगवानबाट त्यस्ता दुष्कृतहरूको विनाश अवश्यंभावी थियो र यसै कारणले गर्दा उनीहरूको नाश भयो ।

दुर्योधन र उनका पक्षपातीहरूको अहंकार र धृष्टताले गर्दा महाभारत कालमा सामाजिक मर्यादा अत्यन्त खलबलिएको थियो । जतातत‍ै तामसिक प्रवृत्तिले जरो गाडेको थियो । समाजमा स्वधर्म अर्थात् निर्धारित कर्म कर्तव्य सबैलाई पालन गराउने उद्देश्यले एवं तामसिक तथा राजसिक गुणका सट्टा सात्त्विक गुणको बाहुल्य समाजमा पुनर्स्थापित गर्न एक अवतार अथवा ब्रह्मको सगुण रूपको आवश्यकता थियो । श्रीकृष्ण त्यही सगुण रूपमा

अवतरित हुनु भयो । र त्यसैले अज्ञानीहरूलाई समेत ईश्वरको विभूतिको महत्व बुझाउनु पर्‍यो । भगवान कृष्णले यसै निम्ति आपनो गुणातीत ब्रह्मरुप लक्षणहरूको व्याख्या गुणत्रयविभागयोगमा अर्जुनलाई गर्नु भएको छ ।

भगवान भन्नु हुन्छः

ब्रह्मणो हि प्रतिष्ठाहममृतस्याव्ययस्य च ।
शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ।।

अर्थात, अविनाशी परब्रह्मको एवं अमृत तथा नित्य धर्मको तथा अखण्ड एक रस आनन्दको म नै आश्रय हूँ । ब्रह्माले कृष्णको गुणगान गर्दा, कृष्णलाई पुराण, पुरुष, सत्य, स्वयम प्रकाश, अनन्त, सर्वको आदि, नित्य, अक्षर, नित्य सुख स्वरूप, निरंजन, पूर्ण, अद्वितीय. एवं एक मात्र आत्मा भनि सम्बोधन गर्नु भएको छ ।

यसैले भगवानले ब्रह्ममा एकीभावले स्थित पुरुषको श्रेष्ठताको चर्चा गर्दै भन्नु भएको छ !

ब्रह्मभूतः प्रसन्नात्मा न शोचति न कांक्षति ।
समः सर्वेषु भूतेषु मद्भक्ति लभते पराम् ।।

अर्थात ब्रह्मभूत पुरुष विशुद्ध चित्त हुन जान्छ र त्यसै निम्ति ऊ नष्ट भएको वस्तुका प्रति न त शोक गर्दछ न त अप्राप्त वस्तुका प्रति तृष्णा नै राख्दछ । उसले समस्त प्राणीहरूका प्रति समान रूपले व्यवहार गर्दछ तथा यसरी मेरो परा भक्ति प्राप्त गर्दछ । अर्थात, यस्तो व्यक्तिले भगवानको साक्षात्कार गर्न सक्दछ ।

गीता यस्तो अलौकिक ग्रन्थ हो जसको व्याख्या गर्दा विभिन्न दार्शनिक-हरूले आफ्नो दर्शन प्रतिबिम्बित भएको पाएका छन् । यसमा श्री शंकराचार्यले अद्वैत, श्री रामानुजले विशिष्टाद्वैत, श्री निम्बार्कले भेदाभेदवाद, श्री माध्वाचार्यले द्वैतवाद र श्री बल्लभाचार्यले शुद्धाद्वैतवाद पाउनु भयो । अद्वैतमा पनि श्री शंकराचार्यले जहाँ ज्ञानको प्राप्तिद्वारा कर्मको निवृत्ति देख्नु भयो भने

सन्तज्ञानेश्वरले आफ्नो अत्यन्त उत्कृष्ट गीता ज्ञानेश्वरीमा अद्वैतमा भक्तिको व्यापक आधार पाउनु भयो ।

अद्वैत दर्शनले ब्रह्म र आत्मा दुई होइन भन्ने सिद्धान्त स्थिर गर्दछ । अद्वैतका अनुसार विश्वमा एक मात्र सत्ता ब्रह्म हो । आत्मा र जगत अथवा आत्मा र प्रकृतिमा जो द्वैत देखिन्छ त्यो केवल मायाको परिणाम हो । ब्रह्म मात्र सत्य हो र दृश्य जगत केवल प्रपंच हो र यो ब्रह्मको विवर्त अथवा माया रूपी प्रतिबिम्ब मात्र हो । मायाको उदाहरण दिँदै वेदान्तीहरू अँध्यारोमा देखिने त्यो रज्जु अथवा डोरीको उपमा दिन्छन् जो अन्धकारको भ्रमवश सर्प रूपमा देखिन्छ तर वास्तवमा उज्यालो पर्नासाथ उसको साँचो रूप अथवा डोरीको रूप स्पष्ट हुन्छ । त्यसै गरी मनुष्यको आत्मामा ब्रह्मको प्रकाश पर्ना साथ मनुष्यले ब्रह्ममयता एवं ब्रह्मस्वरूप प्राप्त गर्न सक्दछ ।

आत्मामा ब्रह्मको प्रकाश पार्ने उपाय के त ? गीतामा भगवान कृष्णले मनुष्यलाई अर्जुनको माध्यमद्वारा प्रत्येक व्यक्तिको आत्मालाई उद्धार गर्ने उपाय बताउनु भएको छ । भगवान भन्नु हुन्छः

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ।।

अर्थात् मनुष्यले, आफ्नो उद्धार आफैं गरोस्, आफ्नो आत्मालाई अधोगतिमा नपुऱ्याओस् । किन भने जीवात्मा स्वयम् नै आफ्नो मित्र हो र स्वयम नै आफ्नो शत्रु हो ।

जति जति हामी विषयाशक्तिमा लाग्दै छान्छौं, यो संसारबाट मुक्त हुने क्रमबाट टाढा पर्दै जान्छौं । यसरी दिन प्रति दिन हामी आफ्नै तृष्णा र आसक्तिले गर्दा आफुलाई तल तल खसाल्दै जान्छौं । यसले सिलिकको कीराले आफूले बनाएको जालो भित्र आफै बन्धनमा परे जस्तै हामीले आफूले आफूलाई शत्रुका रूपमा पार्दछौं । तर सम्पूर्ण सृष्टि र त्यसको प्रत्येक कण हामी भन्दा स्वतन्त्र तर सृष्टिकर्ताको संरचनाको हामी सरह नै अंश हो भन्ने

ठान्यौं भने हामीमा निश्चय पनि प्रत्येक प्राणीका प्रति मैत्री र करुणाको भाव उत्पन्न हुन्छ । अनि हामी आफ्नो आत्मालाई आफ्नो मित्रका रूपमा पाउँछौं ।

अर्को उदाहरण लिउँ । हामी भन्दछौं, फलानो मेरो शत्रु हो । त्यो व्यक्ति स्वतः शत्रु होइन । हामी भित्र राग, द्वेष, मोह, अहंकार र अन्य दुर्विकार जन्य जुन शत्रुत्वको भावना निरन्तर जन्मो राखेको हुन्छ त्यसको फलस्वरूप नै हामी अन्य व्यक्तिमा आफ्नो शत्रुत्वको कुभावना प्रतिबिम्बित भएको पाउँछौं । जब हामी राग, द्वेष, मोह, अहंकार र अन्य दुर्विकार आदि माथि नियन्त्रण गर्न समर्थ हुन्छौं, हामीभित्र शत्रुवत भावनाको उदय नै हुँदैन, र अनि हामी कसैलाई पनि शत्रुका रूपमा देख्न छाड्दछौं ।

भगवान कृष्ण भन्नु हुन्छः

बन्धुरात्मात्मनस्तस्य येनात्मैवात्मना जितः ।
अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत् ।।

अर्थात, जुन जीवात्माले मन र इन्द्रिय सहित शरीर जीतेको छ त्यसको आत्मा आफ्नो मित्र हो र जसले मन र इन्द्रिय सहित शरीर माथि विजय पाउन सकेको छैन, उसको आत्माले नै शत्रुका रूपमा व्यवहार गर्दछ ।

दुष्टता र साधुता प्रत्येक मनुष्यमा हुन्छ । त्यो प्रकृतिगत गुण हो । तर दुष्ट मनुष्यलाई पनि गीतामा साधु हुन सक्ने मार्ग बताइएको छ । जसले यस्तो मार्ग अनुशरण गर्दैन, जसले आफूलाई संयमित राख्न सक्दैन, त्यसको विनाश अवश्य हुन्छ । जस्तो रक्सी खाएको व्यक्तिले रक्सीको सुरमा कसैको हत्या गर्दछ र फलस्वरूप उसलाई मत्यु दण्ड हुन्छ भने त्यो मृत्यु दण्डको कारण त ऊ स्वयम् हो । रक्सीले मात्तिएर उसले कुकर्म नगरेको भए उसको विनाश हुने थिएन । श्री रामकृष्ण परमहंसले आफैलाई आफूले विनाश गर्ने व्यक्तिको उदाहरण दिंदै भन्नु हुन्छ, यदि कुनै मनुष्यलाई अत्यन्तै विषालु सर्पले डसेकोछ र यदि त्यो मनुष्यले मेरो शरीरमा विष छैन औषधी नगर्ने भन्छ भने त्यसको मृत्यु अवश्यंभावी हुन्छ ।

त्यसैले भगवान श्री कृष्ण भन्नु हुन्छ :

जितात्मनः प्रशान्तस्यः परमात्मा समाहितः ।
शीतोष्णसुखदुःखेषु तथा मानापमानयोः ॥

अर्थात, जुन मनुष्यको जाडो, गर्मी, सुख दुख, मान अपमानमा अन्त करणका वृत्तिहरू राम्रोसित शान्त भई सकेको हुन्छ अथवा विकार रहित हुन्छ, आत्मामाथि त्यसरी नियन्त्रण गर्ने व्यक्ति सच्चिदानन्द परमात्मामा एकनिष्ट वा लीन हुन्छ ।

उपरोक्त श्लोकमा आत्मा र ब्रह्मको अद्वैत स्थापित भए पछि मनुष्य कसरी योगनिष्ठ हुन्छ भन्ने स्पष्ट देखिन्छ । जव मनुष्य सम्पूर्ण द्वन्दहरूका प्रति निरपेक्ष हुन्छ त्यस बेला मात्र आत्मा ब्रह्ममा लीन हुन सक्छ ।

तर यसका विपरीत यदि मनुष्यले साँसारिक विषय वस्तुका प्रति मात्र तृष्णा राखी राख्यो भने अथवा ती विषय वस्तु प्राप्त गरेर तिनका प्रति आसक्त भइराख्यो भने उसले ब्रह्ममा लीन हुने त के कुरा ब्रह्मको जिज्ञासा गर्ने प्रेरणाको श्रोत समेत यदि उसैका समक्ष भए पनि उसले देख्न सक्दैन ।

श्री कृष्णायनमः

योग र विश्वरूप दर्शन

हाम्रो आफ्नो उद्धारको मार्गमा सबै भन्दा ठूलो बाधक 'म' र 'मेरो' भन्ने अहंकारको धारणा र अभिव्यक्ति नै हो । यस माथि हामीले विजय पाउन सक्यौं भने हामीले परमात्मासित तादात्म्य स्थापित गर्ने पथमा लाग्न सक्दछौं। पूर्ण रूपले तादात्म्य स्थापित गर्न सक्ने पुरुष कस्तो हुन्छ त ? त्यसको व्याख्या गर्दै भगवान कृष्ण गीतामा भन्नु हुन्छ :

ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः ।
युक्त इत्युच्यते योगी समलोष्टाश्मकाञ्चनः ।।

अर्थात, जसको अन्तः करण ज्ञान विज्ञानले तृप्तछ, जसको स्थिति विकार रहित छ, जसले इन्द्रियहरू माथि पूर्ण रूपले विजय प्राप्त गरेको छ, जसका निमित्त माटो, पत्थर र सुन सामान छ अथवा ती तीनै कुरामा जसले कुनै अन्तर देख्दैन, त्यस्तो योगी भगवत् प्राप्ति गर्न सक्ने हो भनी भनिन्छ ।

श्री रामकृष्ण परहंसले ज्ञान र विज्ञानलाई ब्रह्मको निर्गुण र सगुण रूपको प्रतीकका रूपमा मान्नु भएको छ । अब उपरोक्त श्लोकको जुन योगीको चर्चाछ त्यो योगी, अर्थात ब्रह्मसित तादात्म्य स्थापित गरेको पुरुष, त्यति माथि उठी सकेको हुन्छ, जसले सगुण र निर्गुण दुवै ब्रह्मका प्रति आफूलाई पूर्ण रूपले सर्मपित गरेको हुन्छ । यहाँ कूटस्थको दुई अर्थ लगाउन सकिन्छ । एउटा हो विकार रहित । अर्को हो पर्वत शिखरमाथि स्थित । प्रतीकात्मक अर्थमा, विकार सहित जीवहरू यदि पर्वतको फेदीभन्दा माथि उक्लन सक्दैनन् भने यो विकार रहित योगी, सबै भन्दा अग्लो स्थलमा बस्न समर्थ हुन्छ । अर्थात ऊ भगवानका सबै गुणहरूको ज्ञाता भएकोले ऊ अन्य व्यक्तिहरू भन्दा

धेरै माथि हुन्छ । किन भने यस्तो योगीले तृष्णा र आसक्ति माथि विजय प्राप्त गरी सकेको हुँदा, उसका समक्ष माटो पत्थर अथवा सुवर्णमा कुनै अन्तर हुँदैन । कारण, उसमा सबैका प्रति समत्व भावको उत्पत्ति भइसकेको हुन्छ ।

गीतामा योगलाई अत्यधिक महत्व दिइएको छ । गीता कर्मयोग, भक्तियोग र ज्ञानयोगको तीन खण्डमा मात्र विभाजित भएको होइन, यसको प्रत्येक अध्यायलाई योग भनी सम्बोधन गरिएको छ । जस्तो, अर्जुनविषादयोग, सांख्ययोग, कर्मयोग, ज्ञानकर्मसन्यासयोग, कर्मसन्यासयोग, आत्मसंयमयोग, ज्ञानविज्ञानयोग, अक्षरब्रह्मयोग, राजविद्याराजगुह्ययोग, विभूतियोग, विश्वरूप दर्शनयोग, भक्तियोग, क्षेत्रक्षेत्रज्ञविभागयोग, गुणत्रय विभागयोग, पुरुषोत्तमयोग, दैवासुरसम्पद्विभागयोग, श्रद्धात्रयविभागयोग र मोक्षसन्यासयोग ।

योगको महत्वका सम्बन्धमा कर्म गर्दा पनि योगमा स्थित हुन कति आवश्यक छ त्यस विषयमा भगवान कृष्ण भन्नु हुन्छ:

योगस्थः कुरु कर्माणि सङ्गम् त्यक्त्वा धनञ्जय ।
सिद्धयसिद्धयोः समो भूत्वा समत्व योग उच्यते ।।

अर्थात, हे अर्जुन, । तिमी योगमा स्थित भएर फलको इच्छा छाडी तथा सिद्धि र असिद्धिमा समान भएर कर्म गर । यो सिद्धि असिद्धिमा समान हुनु नै योग भनिन्छ ।

कुनै पनि पुरुषले आफूले गरेको कर्म पूर्ण हुन्छ वा हुँदैन एवं फल जस्तो भए पनि समत्वभाव राख्न सक्यो भने त्यो योगी निश्चल जल समान हुन्छ, जुन जलमा इच्छुक व्यक्तिले आफ्नो प्रतिबिम्ब राम्रो सित हेर्न सक्दछ । जसको मन यसरी स्थिर हुन सक्छ, त्यसले जस्तो आपद विपदमा पनि आफूलाई विचलित हुनबाट जोगाउन सक्दछ । उसमा न त सफलताका प्रति आसक्ति हुन्छ न त असफलताका प्रति निराशा नै ।

योगकै महत्वको क्रममा भगवान भन्नु हुन्छ :

योगसंन्यस्तकर्माणं ज्ञानसंछिन्नसंशयम् ।
आत्मवन्तं न कर्माणि निबन्धन्ति धनञ्जय ।।

अर्थात्, हे धनञ्जय ! जुन मनुष्यले समस्त कर्मले उत्पन्न साँसारिक वासनाहरूको योगद्वारा परित्याग गरेको छ तथा ज्ञानको माध्यमद्वारा समस्त संशयहरूको नाश गरेको छ र जसले आत्मालाई प्राप्त गरेको छ त्यसका निमित्त कर्म बन्धनका रूपमा रहँदैन ।

तात्पर्य के भने जसले संशयलाई ज्ञानद्वारा छिन्न गरी सकेको छ त्यस्तो योगी पुरुष कर्म भन्दा टाढा रहँदैन । ऊ कर्म क्षेत्रमा पनि उत्तिकै डटेर बस्दछ किन भने ऊ कर्मफल माथि आश्रित रहँदैन ।

त्यसैले भगवान भन्नु हुन्छः

अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः ।
स सन्यासी च योगी च न निरग्निर्न चाक्रियः ।।

अर्थात, जसले फलको आशा नराखी अथवा फलको आश्रयमा नपरी कर्म गर्दछ त्यो नै पुरुष सन्यासी हो र योगी हो, हवनादि नगर्नेलाई अथवा कर्म नगर्नेलाई सन्यासी अथवा योगी भन्न सकिन्न ।

तात्पर्य के भने कसैले पनि निष्काम कर्मको परित्याग गर्नु हुन्न । उसले निष्काम कर्म गर्दै रह्यो भने मात्र ऊ कर्मयोगी हुन जान्छ, उसले फलका प्रति आसक्ति नराख्यो भने ऊ सन्यासी हुन्छ । यसरी हेर्दा प्रत्येक कर्मरत पुरुष भगवानका उपदेशको अनुसरण गरी कर्म गर्दछ भने ऊ योगी पनि हुन सक्छ, सन्यासी पनि हुन सक्छ ।

विश्वरूप दर्शन

भगवान कृष्णले गीताको विश्वरूपदर्शनयोगमा हामी अज्ञानी मनुष्यहरूलाई अर्जुनको माध्यमद्वारा आफ्नो विराट विश्वरूप जो भगवानको उग्ररूप पनि हो त्यसको दर्शन दिनु हुन्छ । यस अध्यायलाई प्रतीकात्मक रूपले हेर्न सक्यो भने हामीलाई सर्वशक्तिमान परब्रह्म परमेश्वर नै हाम्रो उत्पत्ति र

स्थितिको कारण मात्र नभई हाम्रो सम्पूर्ण लयको कारण पनि भएको हामी स्पष्ट रूपमा पाउँछौं ।

भगवानको सर्वशक्ति सम्पन्न विश्वरूपका सम्बन्धमा श्री कृष्ण भन्नु हुन्छ:

इहैकस्थं जगत्कृत्स्नं पश्याद्य सचराचरम् ।
मम देहे गुडाकेश यच्चान्यद्द्रष्टुमिच्छसि ।।

अर्थात, हे गुडाकेश, अथवा निद्रा विजयी अर्जुन, अब मेरो यो शरीरमा एकै ठाउँमा स्थित चराचर सहित संपूर्ण जगतलाई हेर एवं अरू जे जे हेर्न चाहन्छौं त्यो पनि हेर ।

यस श्लोकमा भगवानले अर्जुनलाई गुडाकेश भनी सम्बंधन गर्नु भएको पनि स्पष्ट प्रतीकात्मक अर्थ छ । कारण, अर्जुन, निन्द्रा विजयी भएको हुनाले उनी इन्द्रिय विजयी हुन सक्ने हुँदा त्यस्ता इन्द्रिय विजयी मात्र भगवानको सर्वशक्ति सम्पन्नता वुझ्न सक्ने हुन्छन् भनी भगवानले स्पष्ट बोध गराउनु भएको हो ।

अर्जुनले भगवानको विश्वरूपमा अनि अनेक प्रकारले विभक्त सम्पूर्ण जगतलाई देवाधिदेव भगवान श्री कृष्णको शरीरमा एकै ठाउँमा देखे ।

तत्रैकस्थं जगत्कृत्स्नं प्रविभक्तमनेकधा ।
अवश्यद्देवदेवस्य शरीरे पाण्डवस्तदवा ।।

ब्रह्म मै ब्रह्माण्ड भएको हुँदा आज खगोल शास्त्रीहरू पनि ब्रह्माण्ड अपरिमित भएको तथ्यलाई मान्दछन् ।

ब्रह्माण्डमा हामीले देखने आकाश गंगा सरह अरवौं अरवौं आकाश गंगा छन् जहाँ प्रत्येकमा हाम्रो सूर्य भन्दा धेरै नै ठूला अरबौं अरबौं तारा-छन् । यी आकाश गंगाहरूमा दस अरबलाई सय अरवले गुणा गर्दा जति अङ्क आउँछ त्यति ग्रह नक्षत्र भएको अनुमान खगोल शास्त्रीहरूको छ ।

हामी कालको सन्दर्भमा प्रलयको कुरा गर्दछौं । आकाश गंगामा ताराहरू समेत कालको प्रलय भित्र परी सकेका छन् । सूर्य भन्दा लाखौं गुणा

ठूला कंयन ताराहरू प्रलयमा परेर एक मीज व्यासको गोलामा सांगुरिन पुगेका छन् । कालको नापबाट निर्धारित हुन नसक्ने यस्तो ब्रह्माण्डमा हाम्रो पृथ्वी जों सृष्टिक्रममा अत्यन्त युवा देखिन्छ त्यो पनि चार सय साठी करोड वर्ष अघि ग्यासबाट ठोस पदार्थमा परिणत भएको अनुमान खगोल शास्त्रीहरूले लगाएका छन् । यस पृथ्वीमा प्राण भएका जीवको उत्पत्ति हुन पृथ्वी ठोस पदार्थ भएपछि साठी करोड वर्ष लाग्यो । हामी जस्तै मनुष्य यस पृथ्वमा आउन अर्को लगभग चार सय करोड वर्ष लाग्यो, कारण, हामी जस्तै मनुष्यहरू पृथ्वीमा आएको लगभग एक लाख वर्ष अघि हो भनी अनुमान गरिएको छ । त्यसै क्रममा ह्मामीलाई अकर ज्ञान गर्न नब्बे हजार वर्ष लाग्यो तथा कम्प्यूटर, एलेक्ट्रोनिक्स र साइबरनेटिक्सको ज्ञान भई मनुष्यलाई चन्द्रमामा पहिलो पाइलो राख्न पृथ्वीको सृष्टि भएको चार सय साठी करोड वर्ष पछि मात्र संभव भयो ।

ब्रह्माण्डको यत्रो विशालता र यस्तो अज्ञान कालको सन्दर्भमा अर्जुनलाई विषाद र नैराश्यबाट मुक्त गर्न नै भगवान कृष्णले आफूलाई कालान्तक उग्र रूपमा प्रस्तुत गर्नु भयो जसको मुखबाट सम्पूर्ण प्राणी र जगतको लय भएको प्रतीकात्मक रूपले देखाउनु भयो ।

अर्जुनले भगवानको विश्व रूप देखे पछि अन्य सम्बोधनहरूका साथै भन्छन्:

त्वमादिदेवः पुरुषः पुराण-
स्त्वमस्य विश्वस्य परं निधानम् ।
वेत्तासि वेद्यं च परं च धाम
त्वया ततं विश्वमनन्तरूप ।।

अर्थात्, हे प्रभु, तपाईं आदि देव सनातन पुरुष हो । तपाईं यस जगतको परम आश्रय एवं जान्ने पनि तपाईं नै जानिनुपर्ने पनि तपाईं नै परमधाम हो । हे अनन्त रूप तपाईंबाट नै यो जगत परिपूर्ण छ ।

तात्पर्य के भने, भगवान अनादि पुरुष हो जो प्रत्येक मनुष्यको हृदयमा निवास गर्नु हुन्छ । भगवानलाई जान्ने र जानिनु पर्ने सम्बोधनको विशेष महत्व छ । जब हामी ब्रह्माण्डको अति विशालता र अति सूक्ष्मता थाहा पाउँछौं अनि मात्र यसको नियन्ता र सञ्चालक ब्रह्मको महत्व अरू बढी बुझ्दछौं । ज्ञानको परिधि अपरिमित छ । तर साथै हामीले ज्ञान प्राप्त गर्ने सीमा भित्र पनि बस्नु पर्दछ । यद्यपि भनिन्छ मनुष्यको मस्तिष्कमा सय खरब जीवित कोषहरू छन् जसको उपस्थितिले गर्दा नै हामी इन्द्रियहरू सञ्चालन गर्न सक्ने मात्र होइन, पहिले–पहिले स्मृति पटलमा परेका कुराहरूलाई तुरुन्त स्मरण गर्न सक्दछौं । भगवानको असीम अनुकपाले गर्दा नै हामीमा चेतना प्रवाह छ । तर मस्तिष्कमा भएका यी जीवित कोषहरू मध्ये मनुष्यले अझै सम्म तीन खण्डमा एक मात्र प्रयोग गर्न सकेको छ । शायद मनुष्यको अरू धेरै भौतिक प्रगति हुन बाँकी छ । तर जब सम्म उसले भगवानको सर्वशक्ति सम्पन्नताको महत्व बुझ्न खोज्दैन उसको भौतिक प्रगतिको कुनै महत्व हुँदैन; ऊ राग, द्वेष, मोह, अहंकार तथा अन्य दुर्विकारको बन्धनमा निरन्तर परी नै राख्दछ ।

जब भगवानले अर्जुनलाई आफ्नो विश्वरूप दर्शन दिनु भयो अर्जुनलाई आफ्नो द्वन्दबाट मुक्त हुने प्रसस्त मार्ग बोध भयो । त्यस्तै हामी सब अज्ञानि मनुष्यले गीताको तात्विक अर्थ बुझ्न खोजेमा निश्चय पनि हामी आसक्तिबाट आफूलाई स्वतन्त्र राखी, भगवानको सर्वशक्ति सम्पन्नताको महत्वलाई बुझी निरन्तर निष्काम कर्म तर्फ लागी राख्न समर्थ हुन सक्ने छौं । किन भने कर्म स्वयम बन्धनको कारण होइन हाम्रा कुप्रवृत्तिहरू मात्र बन्धनका कारण हुन् ।

श्री कृष्णायनमः

ज्ञान र अज्ञान

हिन्दू धर्म दर्शनका तीन महान ग्रन्थ उपनिषद, ब्रह्म सूत्र र गीता मध्ये ब्रह्म सूत्रमा श्री बादरायणले पहिलो सूत्रमा नै 'अथातो ब्रह्मजिज्ञासा' अर्थात अब तसर्थ ब्रह्म जिज्ञासा गरौं भन्नु भएको छ। ब्रह्म उत्पति, स्थिति र लयको कारण भएको हुँदा र यो सच्चिदानन्द समेत हुँदा यसको हामी जिज्ञासा गर्न सक्दछौं।

भगवान कृष्णले गीतामा भगवत्प्राप्तिका मार्ग बताउनु भएको छ। भगवानले अर्जुनलाई विश्वरूप दर्शन दिनु भए पछि भगवानले यो रूप अनन्य भक्तले मात्र देख्न सक्दछ भनी स्पष्ट गर्नु भएकोछ र साथै भगवानले यो पनि संकेत गर्नु भएकोछ भक्ति नभएमा वेद, तप, दान र यज्ञको माध्यमले भगवानको यो रूप देख्न सकिन्न। भगवान भन्नु हुन्छः

नाहं वेदैर्न तपसा न दानेन न चेज्यया।
शक्य एवंविधो द्रष्टुं दृष्टवानसि मां यथा॥

विश्वरूपदर्शनयोगको अन्तिम श्लोकमा र त्यसपछि बाह्रौं अध्याय अर्थात् भक्तियोगमा भगवानले भगवत प्राप्तिको प्रशस्त र प्रष्ट मार्ग बताउनु भएको छ। भगवान भन्नु हुन्छः

मत्कर्मकृन्मत्परमो मद्भक्तः सङ्गवर्जितः।
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव॥

अर्थात्, हे अर्जुन, जसले मेरा निमित्त मात्र यज्ञ, दान, तप आदि संपूर्ण कर्मकर्तव्य गर्दछ तथा मलाई नै परम आश्रय ठानी मेरो प्राप्तिका निमित्त तत्पर छ, जो प्रेमपूर्वक मेरो भक्ति गर्दछ, जो आसक्ति रहित छ

एवं जो संपूर्ण भूत प्राणीहरू सित वैरभाव राख्दैन यस्तो अनन्य भक्ति राख्ने पुरुष मलाई प्राप्त गर्दछ ।

यस श्लोकमा भगवानले कसरी निष्काम कर्मलाई भक्तिको माध्यमद्वारा भगवानमा समर्पित गर्न सकिन्छ त्यसको संकेत अज्ञानी मनुष्यहरूलाई दिनु भएको छ । अर्थात्, कर्मलाई भगवानमा समर्पित गऱ्यो भने त्यो निष्काम कर्म हुन सक्दछ– तृष्णा र आसक्तिबाट उत्पन्न कर्म निष्काम कर्म हुन सक्दैन । यस्तो कर्म त संसारमा डुबेकाहरूबाट मात्र हुन्छ । त्यसै गरी सांसारिक मनुष्य पनि भगवानमा समर्पित हुन सक्यो भने उसमा अरुका विरुद्ध उत्पन्न हुने वैरभाव स्वतः अन्त भएर जान्छ ।

भगवानको उपरोक्त श्लोक सुनेपछि अर्जुनमा एउटा शंका उत्पन्न हुन्छ त्यो शंका थियो निर्गुण ब्रह्मको उपासना श्रेष्ठ हो अथवा सगुण ब्रह्मको । र यी दुई प्रकार का उपासकहरू मध्ये कसले उत्तम योग सिद्धि गरेको हुन्छ ।

अर्जुनको शंका समाधान गर्दै भगवान भन्नु हुन्छः

मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते ।
श्रद्धया परयोपेतास्ते मे युक्ततमा मताः ॥
ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते ।
सर्वत्रगमचिन्त्यं च कूटस्थमचलं ध्रुवम् ॥
संनियम्येन्द्रियग्रामं सर्वत्र समबुद्धयः ।
ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः ॥

अर्थात्, हे अर्जुन, आफ्नो मनलाई ममा एकाग्र गरेर जो निरन्तर मेरो ध्यान गरी राख्दछन् तथा ती अतिशय श्रेष्ठ श्रद्धाले युक्त पुरुषहरू जो मेरो सगुणरूप परमेश्वरको उपासना गर्दछन् ती मेरो निमित्त योगीहरूमा पनि अति उत्तम योगी लाग्दछन् । एवं जो पुरुष इन्द्रियहरूलाई राम्ररी वशमा गरेर मन र बुद्धि भन्दा पनि टाढा सर्वव्यापी, अवर्णनीय, अचल,

अपरिवर्तनीय, शाश्वत, नित्य, निराकार, अविनाशी तथा अक्षर ब्रह्मको निरन्तर एकाग्रतापूर्वक ध्यान गर्दछन् ती पुरुषहरू जो सर्व प्राणीहरूको हित गर्दा आफूमा आनन्द अनुभव गर्दछन् तिनले पनि मलाई नै प्राप्त गर्दछन् ।

निर्गुण ब्रह्म त्यो अव्यक्त विश्वात्मा हो जस निर पुग्न प्रकृतिले प्रस्तुत गरेका सर्व बाधा बन्धन हटाउन सक्नु पर्दछ । अक्षर ब्रह्म भनेको शाश्वत ब्रह्म हो जसको व्याख्या गर्न सकिन्न, यो अव्यक्त हुन्छ । यो ब्रह्म सर्वगत अर्थात् सर्वव्यापी हुन्छ ।

साथै ब्रह्म अचिन्त्य हो । कारण, हाम्रो मनले अन्य जे सुकैको चिन्ता गर्दा पनि सुख र दुखको अनुभव हुन्छ । तर ब्रह्मको उपासना रूपी विचार गर्दा यस्तो हुँदैन किन भने ब्रह्म शाश्वत र अचल हो । त्यसैले भगवान कृष्णले कसरी ब्रह्मसित युक्त हुन सकिन्छ त्यसका उपायहरू अज्ञानी मनुष्यहरूका समक्ष प्रस्तुत गर्नु भएको छ । भगवान भन्नु हुन्छः

मय्येव मन आधत्स्व मयि बुद्धि निवेशय ।
निवसिष्यसि मय्येव अत ऊर्ध्वं न संशयः ।।

अर्थात्, म परब्रह्म परमेश्वरमा मात्र आफ्नो मन र बुद्धि लगाऊ। त्यस पछि तिमी म मा नै निवास गर्ने छौ, अर्थात् मलाई नै प्राप्त गर्ने छौ, यसमा कुनै संशय छैन ।

मनुष्य ज्ञान र अज्ञान लिएर जन्मेको हुन्छ । यदि उसमा ज्ञानको विकास भयो भने उसमा दैवी प्रवृत्तिको वृद्धि हुन्छ अनि ऊ ब्रह्म अथवा ईश्वरको जिज्ञासा तर्फ लाग्दछ । तर यदि उसमा अज्ञान अथवा मूढता बढेर आयो भने उसमा आसुरी प्रवृत्तिको वृद्धि हुन्छ अनि ऊ दिनपर दिन पाप तर्फ लाग्दछ त्यसै कारणले गर्दा उसमा ईश्वरका प्रति जिज्ञासा उत्पन्न हुन सक्दैन । तर यदि हामीले कर्मलाई ईश्वरमा समर्पित गर्दै कार्य गरी राख्यौं भने अज्ञान माथि पनि विजय पाउने मार्गमा लाग्न

सक्दछौ। काम गर्नु त मनुष्यको जन्म जात स्वाभाविक प्रकृति हो। कामबाट हामी मुक्त हुन सक्दैनौं तर हामीले आफ्नो प्रत्येक कार्य भगवानमा समर्पित गरेर अगाडी बढ्दै जान भने सक्दछौं। कर्म गर्ने प्रकृयामा पनि कुन कर्म भन्दा कुन कर्म श्रेष्ठ हुन्छ त्यस सम्बन्धमा भगवान भन्नु हुन्छः

श्रेयो हि ज्ञानमभ्यासात् ज्ञानाद्ध्यानं विशिष्यते।
ध्यानात्कर्मफलत्यागस्त्यागाच्छान्तिरनन्तरम्॥

अर्थात मर्म नबुझी कन गरिएको अभ्यास भन्दा ज्ञान श्रेष्ठ हो, तथा ज्ञान भन्दा परमेश्वरको ध्यान श्रेष्ठ हो, एवं त्यसतो ध्यान भन्दा पनि सबै कर्महरूको फल त्याग अर्थात् त्यस्तो कर्म परब्रह्ममा नै समर्पित गरेर गरियो भने तत्काल परम शान्ति प्राप्त हुन्छ।

यहां अभ्यास भनेको धार्मिक विधिविधान द्वारा गरिने कार्यलाई बुझाउंछ। तर कसैले हवनादि कर्म गर्दछ र त्यस कर्मको कारणको महत्व बुझ्दैन भने त्यसको कर्मको कुनै अर्थ हुन्न। त्यसैले कुनै व्यक्तिले कुनै मन्दिरमा गई उपासना गर्दछ तर सगुण ब्रह्मको महत्व बुझ्दैन भने उसले गरेको उपासना त्यस्तो उपासना कर्म गरुनजेल मात्र सीमित हुन्छ। उपासकले भगवानको महत्ता बुझेर एवं श्रद्धा गरेर मात्र उपासना गर्नु पर्दछ।

उपनिषद र गीताका बीच अत्यधिक तादात्म्य छ। गीता ध्यान गर्दा भनिन्छः

सर्वोपनिषदो गावो दोग्धा गोपालनन्दनः।
पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत्॥

अर्थात्, सम्पूर्ण उपनिषदहरू गाई हुन् त्यस गाईको दुध दुहुने गोपाल अथवा सबै प्राणीहरूका पालक परब्रह्म परमेश्वरका सगुण रूप भगवान कृष्ण हुन, अर्जुन बाछो हुन, गीताको सर्वोत्तम अमृत त्यो दुध हो जसलाई विशुद्ध बुद्धि भएका पुरुषहरू खान्छन्।

उपनिषद र गीताका बीचको घनिष्ट सम्बन्धलाई प्रतीकात्मक रूप दिन उपरोक्त श्लोक रचिएको देखिन्छ। उपनिषद र गीता दुवैमा परब्रह्म परमेश्वरको सर्वशक्ति सम्पन्नता तथा सर्वव्यापकताको चर्चा नै विशेष छ। ईश्वरको महत्ताको उत्कृष्ट उल्लेख हामी श्वेताश्वतर उपनिषदमा पाउंछौं। यसमा छैठौं अध्यायको एघारहौं तथा बाह्रौं श्लोकमा भनिएको छ:

एको देव: सर्वभूतेषु गूढ:
सर्वव्यापी सर्वभूतान्तरात्मा।
कर्माध्यक्ष: सर्वभूताधिवास:
साक्षी चेता केवलो निर्गुणश्च ।।
एको वशी निष्क्रियाणां बहूना-
मेकं बीजं बहुधा य: करोति।
तमात्मस्थं येऽनुपश्यन्ति धीरा-
स्तेषां सुखं शाश्वतं नेतरेषाम् ।।

अर्थात्: एउटै परमेश्वर सबै प्राणीहरूको हृदय भित्र स्थित हुनु हुन्छ, उहाँ सर्वव्यापी तथा समस्त प्राणीहरूको अन्तरयामी परमात्मा हुनु हुन्छ। उहाँ नै हामी सबैको अधिष्ठाता हो, समस्त प्राणीहरूको आश्रय एवं निवासस्थान पनि उहाँ नै हो। परमेश्वरले नै हामीलाई कर्मानुसार फल दिनु हुन्छ। उहाँ नै सबैको साक्षी हो, परम चेतन स्वरूप भएको हुनाले उहाँले नै सबैलाई चेतना प्रदान गर्नु हुन्छ। परमेश्वर विशुद्ध हुनु भएको हुँदा उहाँ गुणातीत हुनु हुन्छ।

जो वास्तवमा सबै अक्रिय जीवहरूको शासक हो, जो एक प्रकृति रूप बीजलाई अनेक प्रकारले रचना गर्नु हुन्छ र त्यस्तो आफ्नो हृदयमा स्थित परमेश्वरलाई जुन धीर पुरुषहरूले निरन्तर देख्दछन्, परमेश्वर मा निरन्तर तन्मय भएर त्यस्तालाई परमानन्द प्राप्त हुन्छ।

ब्रह्मको यस्तो सर्वशक्ति सम्पन्नता र व्यापकताको उदारहण अन्य उपनिषदहरूमा पनि प्रसस्त पाइन्छ। उपनिषदको प्रभाव हिन्दूहरूमा

मात्र परेको होइन, विश्वका अन्य मानव समुदायमा पनि यसको प्रभाव परेको छ। प्रसिद्ध जर्मन दार्शनिक शापेन हॉवरले भनेका छन्, उपनिषद जस्तो कल्याणकारी र उत्कर्षमा पुऱ्याउने ग्रन्थ विश्वमा अरू कुनै छैन। यसले मेरो जीवनमा शान्ति प्रदान गऱ्यो। यसले मेरो मृत्युमा पनि शान्ति प्रदान गर्ने छ।"

भगवानको सर्वशक्ति सम्पन्नता र सर्वव्यापकता गीतामा भगवान कृष्णले अर्जुनलाई विभूतियोगमा स्पष्ट पार्नु भएको छ। भगवानले आफ्नो असीम अनुकम्पाद्वारा मनुष्यलाई जो चेतना शक्ति प्रदान गर्नु भएको छ त्यसको सबै पक्षका अधिष्ठाता पनि स्वयम भगवान नै हो। भगवान भन्नु हुन्छ:

बुद्धिर्ज्ञानमसंमोहः क्षमा सत्यं दमः शमः।
सुखं दुःखं भवोऽभावो भयं चाभयमेव च॥
अहिंसा समता तुष्टिस्तपो दानं यशोऽयशः।
भवन्ति भावा भूतानां मत्त एव पृथग्विधाः॥

अर्थात्, बुद्धि, जसले मनुष्यलाई निश्चयात्मक शक्ति प्रदान गर्दछ, तत्वज्ञान, अमूढता, क्षमा, सत्य, इन्द्रिय दमन, मनोनिग्रह, सुख, दुख, उत्पत्ति, प्रलय, भय, अभय, अहिंसा, समता, संतोष, तप, दान, कीर्ति, अपकीर्ति आदि प्राणिहरूमा उत्पन्न हुने यी नाना प्रकारका भाव मबाट उत्पन्न हुन्छन्।

बुद्धिले मनुष्यलाई प्रत्यक्ष ज्ञान, तीक्ष्णता, प्रतिभा, विवेक तथा सूक्ष्म विचार गर्ने शक्ति प्रदान गर्दछ। अमूढताले मनमा स्पष्ट विचारहरूको उदय गर्दछ। क्षमाशील व्यक्ति शत्रुहरूका प्रति पनि उदार हुन्छ, उसमा प्रतिशोधको भावना हुन्न। सत्यमा विश्वास राख्ने व्यक्तिले आफूले देखेको कुरा जानेको कुरा र अनुभव गरेको कुरालाई ढाक छोप नगरी सही रूपमा प्रस्तुत गर्दछ। दम भनेको पाँच कर्मेन्द्रियहरू माथिको नियन्त्रण

हो। समले मनुष्यमा सद्‌गुण सम्पन्नता प्रदान गर्दछ र त्यसतो मनुष्यले गीतामा 'समलोष्टाश्मकाञ्जनः' भने जस्तै सबै प्रति सम व्यवहार गर्दछ। समता भएको व्यक्तिको प्रिय र अप्रिय घटना हुँदा मन विचलित हुंदैन। तपले मनुष्यलाई कमसल प्रवृत्तिहरू माथि विजय गरी असल प्रवृत्ति तिर लग्दछ। यश र अपयशले आफूले गरेको असल र खराब कर्महरूको फल जनाउँछ।

प्रश्न उठन सक्दछ, मनुष्यका असल प्रवृत्तिका अधिष्ठाता भगवान भएको हुँदा, खराब प्रवृत्तिका अधिष्ठाता पनि भगवान कसरी हुनु भयो त? मनुष्य कर्म फल र कर्म विपाक द्वारा निरन्तर यन्त्रवत घुमी राखेको हुन्छ त्यस निम्ति उसले कर्म फल र कर्म विपाकको भोग भोग्नु नै पर्दछ। यस सम्वन्धमा गीताको दसौं अध्यायको छत्तिसौं श्लोकले स्पष्टता प्रदान गर्दछ। भगवानले यस श्लोकमा खराब प्रवृत्तिको उदाहरण दिंदै छल गर्ने हरूमा म जूवा हुँ भन्नु भएको छ।

द्यूतं छलयतामस्मि
तेजस्तेजस्विनामहम् ।
जयोऽस्मि व्यवसायोऽस्मि
सत्त्वं सत्त्ववतामहम् ।।

भगवान् भन्नु हुन्छः म छल गर्नेहरूमा जूवा हूँ, प्रभावशाली पुरुषहरूको प्रभाव हूँ, म विजय गर्नेहरूको जीत हूँ, निश्चय गर्नेहरूको निश्चय तथा सात्त्विक पुरुषहरूको सात्त्विक भाव हूँ। अर्थात्, कर्म विपाकका परेका हामीहरूलाई जुन जुन कर्म भोग्नु छ त्यसको प्रतीकका रूपमा भगवानले आफूलाई स्वयम भन्नु भएको छ।

विभूतियोग मैं ब्रह्म मात्र एक सत्य हो भन्ने कुराको उदाहरण भगवानले कुनै पनि तत्वको एक मात्र विभूति को उल्लेख गरेर स्पष्ट पार्नु भएको छ। जस्तो वायुमा भगवानले आफूलाई मरीचि, नक्षत्रहरूमा चन्द्रमा, वेदमा सामवेद, देवताहरूमा इन्द्र, इन्द्रियहरूमा मन, प्राणीहरूमा

चेतना, राक्षसहरूमा कुबेर, वसुहरूमा पावक, पर्वतहरूमा सुमेरु, जलाशयहरूमा समुद्र, महर्षिहरूमा भृगु, वृक्षहरूमा पीपल, सिद्धहरूमा कपिल, घोडाहरूमा उच्चैश्रवा, हात्तिहरूमा ऐरावत, गाईहरूमा कामधेनु, दैत्यहरूमा प्रल्हाद, पक्षीहरूमा गरुड, पशुहरूमा सिंह, छन्दहरूमा गायत्री, विद्याहरूमा अध्यात्म विद्या आदि यी सबै उल्लेख भगवानले आफ्ना विशिष्ट विभूतिहरूको चर्चा गर्न गर्नु भएको हो । तर यसले भगवानको सर्व व्यायकतालाई सीमित पार्दैन । जस्तो भगवान भन्नु हुन्छः

अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः ।
अहमादिश्च मध्यं च भूतानामन्त एव च ।।

अर्थात्, हे अर्जुन ! म सबै प्राणीहरूको हृदयमास्थित सबैको आत्मा हुँ एवं सबै प्राणीहरूको आदि, मध्य र अन्त पनि म नै हुँ ।

भगवान सबैको आत्मामा स्थित हुनुहुन्छ र, हामी सबै प्राणीहरू भगवानका स्थूल प्रकटीकरण मात्र हौं । अर्जुनले यो कुरा बुझ्न सक्छन् नै भनेर उनलाई भगवानले यस श्लोकमा गुडकेश भनी सम्बोधन गर्नु भएको हो । गुडाकेशको अर्थ हुन्छ निन्द्रा विजयी । र निन्द्रामाथी त्यसैले विजय प्राप्त गर्न सक्दछ जो इन्द्रिय विजयी हुन्छ । यस्तो इन्द्रिय विजयी भए पछि मात्र आत्मबोध हुन्छ र अनि ब्रह्मको जिज्ञासा गर्न सकिन्छ ।

श्री कृष्णायनमः

मोह र वासना

गीताले आत्मा र परब्रह्म परमपिता परमेश्वरका बीचको संवन्धको व्याख्याका साथै आत्मा र ब्रह्मको व्याख्या समेत प्रस्तुत गरेको छ । वस्तुतः गीताका सम्पूर्ण उपदेश परमपिता परमेश्वरका सगुण रूप भगवान कृष्ण स्वयम्‌बाट भएको हुँदा हामीले गीतामा ठाउँ ठाउँमा ब्रह्मलाई भगवान कृष्णले म भनी सम्बोधन गरेका पाउँछौं । गीतामा भगवान कृष्णले विभिन्न अध्याय-हरूमा आफूलाई ब्रह्मको सगुणरूप भनी 'म' भन्ने शब्दले सम्वोधन नगर्नु भएको भए र ब्रह्म र आत्माको व्याख्या नगर्नु भएको भए हामीले ब्रह्मको सर्व शक्ति सम्पन्नता र सर्व व्यापकता बुझ्न सक्ने थिएनौं । भगवान कृष्णले कसरी मनुष्यले ईश्वरको कृपाद्वारा आफ्ना संकटहरू माथि विजय पाउन सक्दछ त्यस कुरालाई विभिन्न उपमाहरू समेतद्वारा स्पष्ट पार्नु भएको छ । अठारहौं अध्यायको अनठावन्नौ श्लोकमा भगवान भन्नु हुन्छः

मच्चितः सर्वदुर्गाणि मत्प्रसादात्तरिष्यसि ।
अथ चेत्त्वमहङ्कारान्न श्रोष्यसि विनक्ष्यसि ।।

अर्थात, हे अर्जुन, तिमीले आफ्नो मन ममा निरन्तर लगाई राख्यौ भने मेरो कृपाद्वारा तिमी जन्म मृत्युका सबै संकटहरूको पारी तर्न सक्दछौ । यदि अहंकारको कारण वस मेरा वचनहरू अर्थात उपदेशहरू सुनेनौ भने तिमी नष्ट हुनेछौ अर्थात परमार्थबाट भ्रष्ट हुनेछौ ।

यद्यपि गीताको दसौं अध्याय मैं भगवान कृष्णले आफूलाई 'पाण्डवानां धनञ्जय' अर्थात पाण्डवहरूमा अर्जुन हूँ भनी भन्नु भएर अर्जुनका ईश्वरी गुणहरूका प्रति संकेत गरी सक्नु भएको थियो तापनि अर्जुनमा नैराश्य

विषादको कारणले अर्जुनले आफू भित्रको ईश्वरीय गुण बुझ्न समय लागेको हुँदा, भगवानले विभिन्न उदाहरणहरूका साथ अर्जुनलाई विषादबाट निवृत्त गरेर कर्म प्रवृत्त गराउने प्रयत्न गर्नु भयो र त्यो प्रयत्न त्यसबेला सम्म गर्नु भयो जबसम्म अर्जुनले भगवानका प्रति समर्पित हुँदै "**नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाऽच्युत । स्थितोऽस्मि गत सन्देह करिष्ये वचनं तव ।।**" भनी भनेनन् । गीताको सात शय श्लोक मध्ये अन्तिम ठीक सात श्लोक अघि अर्जुनले भगवान का उपदेशद्वारा आफ्नो मोह नष्ट भएको स्वीकार गर्दै यस श्लोकमा भनेः हे अच्युत, तपाईंको कृपा द्वारा मेरो मोह नष्ट भयो र स्मृति प्राप्त भयो । यसै निम्ति म संशय रहित भएको हुँदा अब ममा दृढता आएको छ एवं तपाईंको आज्ञा पालन गर्न म तत्पर छु ।

अर्जुनले भगवानलाई सम्बोधन गरेको यस श्लोकबाट हामी दुइ कुरा पाउँछौं । एक, अर्जुनले भगवानलाई अच्युत भनी सम्बोधन गरेर प्रतीकात्मक अर्थमा भगवान तपाई आफ्नो श्री र तेजबाट च्युत नहुनु हुने हुँदा तपाईंको उपदेश पाएर म आफ्नो कर्तव्यबाट च्युत नभई बाँच्न सकें भनी भने । साथै भगवानको कृपा नभई कुनै मनुष्यको पनि मोह नष्ट हुन सक्दैन भन्ने तत्थ्य पनि अर्जुनले सबै मनुष्यहरूलाई स्पष्ट बोध गराए । मोहले सत्य कुरा चिन्न मनुष्यका समक्ष अवरोध उपस्थित गर्दछ । मोहले गर्दा मनुष्य सांसारिक पदार्थ नै वास्तविक हो भनी विश्वास गर्दछ । त्यही मोहमा परेर अर्जुनलाई कुरुक्षेत्रको युद्धभूमिमा हृदयको दुर्वलताले व्याप्त गरेको थियो । उनी नपुंशक सरह भएका थिए । त्यसैले गीताको दोस्रो अध्यायको तेस्रो श्लोकमा अर्थात गीतामा भएको उपदेशको प्रारंभ मैं भगवानले अर्जुनलाई भन्नु पर्‍यो:

क्लैब्यं मा स्म गमः पार्थ नैतत्त्वय्युपपद्यते ।
क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परन्तप ।।

अर्थात, हे अर्जुन तिमी नपुंशकतामा नपर, यो त तिमीलाई शोभा दिदैन, किन भने तिमी त आफ्ना शत्रुहरूलाई दमन गर्ने परंतप हौ, आफ्नो

हृदयको तुच्छ दुर्वलतालाई त्यागेर युद्धका निमित्त उभिउ ।

अर्जु नलाई भगवानको उपदेशद्वारा आत्म बोध नहुन्जेल अर्जु नको मोह नष्ट हुंन सकेको थिएन । मोह नष्ट भए पछि मात्र मनुष्यले आफ्नो निर्धारित कर्म कर्तव्य परित्याग नगरी ब्रह्म ज्ञान तर्फ पनि प्रवृत्त हुन सक्दछ । यसै प्रकार, जब अर्जु नको मोह नष्ट भयो उनले भगवान कृष्णको उपदेश पनि पालन गरे एवं आफ्नो कर्म कर्तव्य पनि छाडेनन् । मोह नष्ट हुनु भन्दा अघि अर्जु नले आफ्नो कर्म कर्तव्यलाई तिलाञ्जली दिएका थिए । संजयले धृतराष्ट्रका समक्ष अर्जु नको व्याकुल मनस्थितिको विस्तृत चित्रण गर्दै गीताको पहिलो अध्यायको सैंतालिसौं श्लोकमा भनेका छन:

एवमुक्त्वाऽर्जु नः संख्ये रथोपस्थ उपाविशत् ।
विसृज्य सशरं चापं शोकसंविग्नमानसः ।।

अर्थात, रणभूमिमा यस प्रकार लड्दिन भनेर अर्जु न शोकले व्यथित चित्त हुन पुगे तथा धनुषलाई वाण सहित परित्याग गरेर रथको पछिल्लो भागमा आफू बस्ने ठाउँमा बस्न गए ।

तर भगवान कृष्णका उपदेशको कृपाले अर्जु नको व्यामोह नष्ट हुन गयो । भगवत्कृपाको महत्वका सम्बन्धमा श्री रामकृष्ण परमहंस भन्नु हुन्छः

"यदि परमात्माको कृपा प्राप्त छैन भने तिमीले जति सुकै प्रयत्न गरे पनि कुनै फल प्राप्त हुन सक्दैन । यस्तो भगवत कृपा सजिलोसित प्राप्त हुने कुरा पनि होइन । यो कृपा प्राप्त हुनु भन्दा अघि सबै अहंकार अन्त गरिनु पर्दछ । यदि कुनै पनि कर्मको कर्ता म हुँ भन्ने अहंकारले तिमीलाई व्याप्त गर्दछ भने तिमीलाई यसले ईश्वर भन्दा धेरै टाढा लग्दछ । तिम्रा अहंकारले ढाकेको हृदयभित्र बसेको ईश्वरलाई तिमी देख्न सक्दैनौ ।"

मनुष्यको संसार-वन्धनको कारण वासना नै हो । यस सम्बन्धमा श्री शंकराचाय विवेक चूडामणिमा भन्नु हुन्छः ।

वासनावृद्धितः कार्यं कार्यवृद्धया च वासना ।
वर्धते सर्वथा पुंसः संसारो न निवर्तते ।।

अर्थात, वासनाको वृद्धि भए पछि कार्य बढ्दछ र कार्य बढेपछि वासना बढदछ; यसरी मनुष्यको संसार बन्धन छुट्दैन ।

आफूले पहिले गरेका शुभाशुभ कर्महरूको आफूले थाहा नपाई मनमाथि संस्कार जसद्वारा जुन सुख र दुखको उत्पत्ति हुन्छ त्यसलाई वासना भनिन्छ ।

हामी जन्मनासाथ हाम्रो कर्मको प्रारम्भ हुन्छ । जन्मनासाथ बालकलाई भोक लाग्छ र ऊ रून्छ । आमाको दूध खोज्दछ । शिशुको प्रारम्भिक कर्म नै आफ्नो भोकको तृप्ति गर्नु हो । बुद्धि र विवेकको विकास पछि गरेको कर्म र त्यस अघि गरेका कर्ममा अन्तर के छ भने जब बुद्धिले प्रेरित कर्म गरिन्छ त्यसबेला यदि विवेकको प्रयोग सही रूपले गर्दै मनुष्यले कर्म गर्न सक्यो भने उसले कुकर्म गर्दैन । सुख, दुख, प्रिय, अप्रिय आदि द्वन्दहरूको त मनुष्यले निरन्तर प्रत्यक्षीकरण गर्नु पर्दछ । मनुष्यमाथि वासनाले व्याप्त गऱ्यो भने मनुष्यले आफ्नो अन्तरद्वन्दले गर्दा आफ्नो सुखलाई पनि दुख देख्न थाल्दछ, आफ्नो मित्रलाई पनि शत्रु देख्न थाल्दछ र आफ्नो हितलाई पनि अहित देख्न थाल्दछ । वासनाबाट निवृत्त हुने मार्गमा लागेको व्यक्ति कस्तो हुन्छ त ? यस सम्बन्धमा परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुण रूप भगवान श्री कृष्ण भन्नु हुन्छः

समदुःखसुखः स्वस्थः समलोष्टाश्मकाञ्चनः ।
तुल्यप्रियाप्रियो धीरस्तुल्यनिन्दात्मसंस्तुतिः ।।

अर्थात, हे अर्जुन, जो पुरुष निरन्तर आत्मभावमा स्थित भएर दुःख र सुखलाई समान ठान्दछ एवं माटो, पत्थर तथा सुवर्णलाई समान भावले देख्दछ, जसले प्रिय र अप्रियलाई बराबर ठान्दछ जो आफ्नो निन्दा तथा स्तुति दुवैमा समान भाव राख्दछ त्यो पुरुष धीर अथवा धैर्यवान हुन्छ । उपरोक्त श्लोकबाट के

बुझिन्छ भने जुन पुरुषले अघि भनिएका द्वन्दहरू भन्दा आफूलाई माथि उठाउन सक्यो त्यो मात्र वासना निवृत्त हुन सक्ने देखिन्छ । अर्थात वासनाको समाप्ति नभई समस्याको समाप्ति हुँदैन । भनाईको तात्पर्य के भने हामी जीवनमां जुन जुन विषयलाई समस्या भनि देख्दछौं ती समस्या वस्तुतः वासनाका नै उत्पति हुन् । कारण हामीले समस्या भनेको विषय अरू मनुष्यका निमित्त समस्या मूलक नहुन सक्छ । तसर्थ, जो द्वन्द हामी भित्र उत्पन्न हुन्छ, जुन विषयलाई हामी समस्या भनि देख्दछौं, त्यो वास्तवमा हाम्रो वासनाको नै फल हो । हामीले कैयन घर घरमा झगडा देखेका छौं, समाज समाजमा संघर्ष देखेका छौं, राष्ट्र राष्ट्रमा युद्ध देखेका छौं । यी झगडा, यी संघर्ष र यी युद्ध वासना कै फल हुन् । व्यक्ति व्यक्तिका बीचको वासनामा, समूह समूहका बीचको वासनामा र राष्ट्र राष्ट्रका बीचको वासनामा पनि अन्तर हुन्छ । कारण, हामीले जगतलाई देख्ने विभिन्न रूप वस्तुतः हाम्रो वासनाको प्रतिबिम्ब मात्र हो । त्यसैले हामीले निष्काम कर्म गरी रह्यौं भने र निष्काम कर्म पनि भगवानमा समर्पित गर्दै गरी राख्यौं भने हामीले निश्चय पनि आफ्ना वासना जन्य कुप्रवृत्तिहरू माथि विजय पाउन सक्दछौं ।

महाभारत कै युद्धको उदाहरण लिउँ । यदि दुर्योधनमा दम्भ, दर्प, अभिमान, क्रोध र अरूका प्रति कठोर वचन बोल्ने प्रकृति नभएको भए शायद महाभारतको युद्ध हुने थिएन । दम्भ, दर्प, अभिमान, क्रोध, कठोर वचन आदि यी सबै वासनाका कुप्रवृत्तिहरू हुन् । जस्तो आफ्नो वासना हुन्छ त्यस्तै वासना भएकाहरू आफ्नो वरिपरि लाग्दछन् । दुर्योधनमा दम्भ, दर्प, अभिमान, क्रोध र अरूका प्रति कठोर वचन बोल्ने कुप्रवृत्ति थियो । त्यसैले उनको संगत दुस्सासन, सकुनि जस्ता सित भयो अर्थात कुनै मनुष्यको पनि जस्तो विकृति हुन्छ, त्यस्तै विकृत प्रकृति भएकाहरू सित उसको संगत हुन्छ ।

यदि कुनै मनुष्यको असल प्रकृति छ भने उसको संगत असल प्रकृति भएकाहरू सित बढी हुन्छ । अब अर्को उदाहरण लिउँ । एउटा टेबुलमाथि

एउटा रक्सीको बोतल छ । यदि म जड्याहा छु भने त्यो बोतल देख्नासाथ मलाई रक्सी खाने तलतल लागेर आउँछ र यदि म रक्सी खान्न भने ममा रक्सीका प्रति वासना नै नहुने हुंदा मलाई त्यो रक्सीको बोतल टेबुलमाथि आफ्नो सामुन्ने देखेको र नदेखेको कुनै अर्थ हुंदैन ।

यसै निम्ति कुप्रवृत्ति मूलक वासनाको अन्त गर्न हामीले ब्रह्मको उपासना गर्नु पर्दछ । श्री शंकराचार्य विवेक–चूडामणिमा भन्नु हुन्छ,

सद्वासनास्फूर्तिविजृम्भणे सति
हृसौ विलीनाप्यहमादिवासना ।
अतिप्रकृष्टाप्यरुणप्रभायां
विलीयते साधु यथा तमिश्रा ।
तमस्तमः कार्यमनर्थजालं
न दृष्यते सात्युदिते दिनेशे ।
तथाऽद्वयानन्दरसानुभूतौ
न वास्ति बन्धो न च दुःखगन्धः ।।

अर्थात, जसरी सूर्योदयको प्रभा उत्पन्न हुनासाथ अत्यन्त घोर अँध्यारो रातको पनि सर्वनाश हुन्छ, त्यसरी नै ब्रह्म वासनाको स्फूर्ति विस्तार भए पछि अहंकार जन्य वासनाहरू समाप्त हुन्छन् । सूर्यको उदय भएपछि जसरी अंधकार र त्यसमा हुने अनर्थ समूह देखिन्न, त्यसरी नै यस्तो अद्वितीय आत्मानन्दको रस अनुभव भएपछि न त संसार बन्धन रहन्छ न त दुःखको गन्ध नै रहन्छ ।

तात्पर्य के भने कुनै पनि कुप्रवृत्ति मूलक वासना र त्यसबाट उत्पन्न हुने सम्वन्धित कुप्रवृत्तिहरूको अन्त गर्न कुनै मनुष्य आत्मा र ब्रह्मको जिज्ञासा तर्फ लाग्यो भने त्यस्ता कुप्रवृत्तिहरू समाप्त हुने बाटोमा स्वतः लाग्न जान्छन् ।

श्री कृष्णायनमः

अध्यात्म विद्या र योगशास्त्र

मनुष्य जीवनको वास्तविक मूल्य र अर्थ के हो ? यसको विषद व्याख्या परमपिता परमात्मा परब्रह्म परमेश्वरका सगुण रूप भगवान श्री कृष्णले गीतामा गर्नु भएको छ । वास्तवमा भगवानको उपदेश पक्षलाई हेर्ने हो भने उपदेश सम्वन्धी प्रत्येक श्लोकमा हाम्रो जीवन कसरी माथि उठाउने र कसरी सार्थक वनाउने त्यसको तात्विक अर्थ भगवानले स्पष्ट पार्नु भएको छ ।

गीता मानव व्यवहारको एक अद्वितीय दर्शन हो । यसका उपदेशहरूमा भगवानले विभिन्न उदाहरणद्वारा विषाद र नैराश्यका कारणहरूको विश्लेषण गरी समाधान प्रस्तुत गर्नु भएको छ । तथापि मनुष्यले आपना न्यूनताहरू माथि नियन्त्रण गर्न सकेन भने उसले यस्तो उत्कृष्ट उपदेशबाट समेत लाभ उठाउन नसक्ने देखेर नै भगवान कृष्णले अर्जुनको माध्यमद्वारा हामी सबै अज्ञानी मनुष्यहरूलाई गीताको अठार्हौं अध्यायको तृसठ्ठियौं श्लोकमा भन्नु भएको छ :

इति ते ज्ञानमाख्यातं गुह्याद्गुह्यतरं मया ।
विमृश्यैतदशेषेण यथेच्छसि तथा कुरु ।।

अर्थात्, हे अर्जुन, यसरी मैले गोपनीय भन्दा पनि गोपनीय ज्ञान तिमीलाई भनें, यस रहस्य युक्त ज्ञानको सम्पूर्णतालाई तिमीले राम्री विचार गर अनि तिमी जे जस्तो इच्छा गर्दछौ त्यस्तै प्रकारले गर ।

गीताको प्रत्येक अध्यायको अन्तमा यसलाई ब्रह्मविद्या र योगशास्त्र भनिएको छ । परब्रह्म परमात्मालाई साधारण मनुष्यले सही जिज्ञासा

समेत गर्न सक्दैनन् । तसर्थ, परब्रह्म सम्बन्धी विद्या जसमा अत्यन्त गूढतम ज्ञान लुकेको छ, त्यसलाई भगवानले अर्जुनलाई बताउनु भयो र साथै यो ज्ञान ग्रहण गर्ने अथवा नगर्ने स्वतन्त्रता अर्जुनमा नै छाडनु भयो। भगवानले गीतामा यस श्लोक भन्दा अघि मनुष्यको पतनका कारणहरूको व्याख्या गर्दै मनुष्यले आफूलाई माथि उठाउने अथवा तल खसाल्ने त्यसको नायक मनुष्यनै भएको हुँदा, भगवानको यस्तो अतुलनीय उपदेश ग्रहण गर्ने अथवा नगर्ने अथवा उपदेश मध्ये कति सम्म पालन गर्ने त्यसको संपूर्ण भार अर्जुन अथवा मनुष्यहरूमाथि नै छोडनु भएको छ। मनुष्यको सद् विवेक माथि भगवानको अत्यन्त विश्वासको उदाहरणका रूपमा पनि यस श्लोकमा भनिएको उपदेशलाई लिन सकिन्छ। साथै, भगवानले अर्जुनलाई दसौं अध्यायमा पाण्डवहरू मध्ये अर्जुन म हूँ भनी भन्नु भएको हुँदा अर्जुन पनि भगवानको अवतार जस्तो सकेत देखिने हुनाले, भगवानको यस्तो आशिर्वाद पाएको पुरुषले आफ्नो स्वतन्त्र इच्छाको प्रयोग गरी कार्य गरे हुन्छ भनी भगवानले भन्नु भएको पनि हुन सक्दछ।

ब्रह्म विद्याको ज्ञान योगशास्त्रको माध्यम द्वारा प्राप्त गरिन सकिने चर्चा गीतामा ठाउँ ठाउँमा भएको हुँदा पनि गीताको प्रत्येक अध्यायलाई योग र सम्पूर्ण गीतालाई योगशास्त्र भनी सम्बोधन गरिएको हो । त्यसैले भगवान कृष्ण जो सर्वश्रेष्ठ योगी हुनु हुन्छ उहाँलाई योगेश्वर भनी अर्चना गरिन्छ।

उपरोक्त श्लोकमाथि अझै गंभीरतापूर्वक विचार गर्दा गीता अत्यन्त उदार ग्रन्थका रूपमा प्रस्तुत भएको देखिन्छ जसका उपदेशलाई एकातिर पालन गर्न पर्ने बाध्यताबाट भगवानले मनुष्यहरूलाई मुक्त गर्नु भएको छ भने, अर्को तर्फ गीतामा भएका महान उपदेशहरूलाई गोपनीय भन्दा पनि गोपनीय ज्ञान भनी सम्बोधन गर्नु भएर यस उपदेशलाई पालन गरिनु पर्ने महत्ता र गांभीर्यको बोध पनि भगवानले हामीलाई गराउनु भएको छ।

गीतामा भएको सम्पूर्ण ज्ञान मनुष्यहरूलाई बुझ्न असंभव प्र
हुन्छ । त्यसैले भगवानलाई मनुष्यका न्यूनताहरू थाहा भएर नै
मनुष्यले यसलाई बुद्धि सापेक्ष तथा परिस्थिति सापेक्ष रूपमा मात्र बु
सक्ने हुँदा, भगवानले मनुष्यलाई उपदेशका सम्बन्धमा जे जस्तो इ
गर्दछौ यस्तै प्रकारले गर भनी भन्नु भएको हो ।

हामी मध्ये कैयन व्यक्तिले आफ्नो र आफ्नै परिवारको सम
बुझ्न सक्दैनौं, आफ्नो समाजको समस्या बुझ्न सक्दैनौं, आफ्नो राष्
समस्या बुझ्न सक्दैनौं, अन्य राष्ट्रहरूको समस्या बुझ्न सक्दैनौं अनि ह
जब यस्ता भौतिक कुरा त बुझ्न सक्दैनौं भने आध्यात्मिक कुरा क
बुझ्ने र अनि भगवानको महत्ता कसरी बुझ्ने ।

अध्यात्म विद्यालाई भगवानले विद्याहरूमा सर्वोत्तम विद्याका रु
लिनु भएको छ । भगवान भन्नु हुन्छः

सर्गाणामादिरन्तश्च मध्यं चैवाहमर्जुन ।
अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् ।।

अर्थात्, हे अर्जुन, सृष्टिहरूको आदि, अन्त र मध्य पनि म नै
म नै विद्याहरूमा अध्यात्मविद्या अर्थात् ब्रह्मविद्या हूँ एवं परस
विवाद गर्नेहरू मध्ये तत्व निर्णयका निमित्त गरिने वाद पनि म नै ह

यस श्लोकमा आदि, अन्त र मध्यको अर्थ, भगवान नै
चराचर जगतको सृष्टि, स्थिति र लयको कारक भन्ने बुझेबाट स्पष्
आउँछ । संसारका प्राणीहरूको क्षणिक अस्तित्व सृष्टिका नियन्त
संचालक रूपी विश्वात्माबाट प्राप्त जीवात्माद्वारा हुन सकेको
विश्वात्मा र जीवात्माको सम्बन्ध तथा यस दृश्य जगतको अनित्
स्पष्ट ज्ञान हामीलाई अध्यात्म अथवा ब्रह्मविद्याबाट प्राप्त हुन्छ ।
भगवानले आफूलाई विद्या मध्ये अध्यात्म विद्या हूँ भनी सम्बोध
भएको हुनु पर्दछ ।

परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुण रूप भगवान श्री कृष्णले त्यस्तो भक्त उहाँको अत्यन्त प्रिय हुन्छ जसले आफूमाथि नियन्त्रण राख्न सकेर भगवानको भक्ति गर्दछ भनी भन्नु भएको छ । गीताको भक्तियोग शीर्षक बाह्रौं अध्यायको ६ बेग्ला बेग्लै श्लोकमा भगवानको प्रिय भक्तका लक्षणहरूको व्याख्या गर्नु भएको छ। उदाहरणार्थ भगवान यस अध्यायको तेह्रौं र चौदहौं श्लोकहरूमा भन्नु हुन्छ:

अद्वेष्टा सर्वभूतानां मैत्रः करुण एव च ।
निर्ममो निरहङ्कारः समदुःखसुखः क्षमी ॥
सन्तुष्टः सततं योगी यतात्मा दृढनिश्चयः ।
मय्यर्पितमनोबुद्धिर्यो मद्भक्तः स मे प्रिय. ॥

अर्थात् जसले कुनै प्राणीका प्रति पनि द्वेषभाव राख्दैन र सबैका प्रति प्रेम र करूणा राख्दछ तथा जो ममता रहित एवं अहंकार रहित छ, जो सुख दुख दुवै स्थितिमा समान छ, जो क्षमावान छ, सदा सन्तोषी छ अर्थात् जसलाई लाभ र हानिले कुनै अन्तर पार्दैन, जसले मन र इन्द्रिय सहित शरीरलाई वशमा गरेको छ, जो म माथि दृढ निश्चय राख्दछ, जसले आफ्नो मन र बुद्धि ममा नै अर्पण गरेको छ, मेरो त्यस्तो भक्त मेरो प्रिय हुन्छ ।

उपरोक्त श्लोकहरूको तात्पर्य के देखिन्छ भने भगवानको भक्त हुन सर्व प्रथम अरूका प्रति द्वेष गर्न हुन्न, त्यसपछि सबैका प्रति मैत्री भांव राख्नु पर्दछ र सबै प्राणीका प्रति करुणा पनि हुनु पर्दछ ।

अरूका प्रतिको द्वेष आफू भित्रको द्वन्द जन्य अज्ञानको फल हो । जब अहँकारले आक्रामक रूप लिन्छ अनि अरूका प्रति द्वेष उत्पन्न हुन्छ । मनुष्यले अहँकार माथि नियन्त्रण गर्ना साथ उसमा अरूका प्रति द्वेष उत्पन्न हुन्न मनुष्यमा कुनै अर्को मनुष्यका प्रति द्वेष नभएपछि मैत्रीको भावनाको उदय हुन्छ । तर मैत्रीमा पनि मनुष्यमा प्रत्युत्तरको आशा रहने

हुँदा, मैत्री भन्दा पनि माथिल्लो गुण करुणा हो । मनुष्यमा जब सबैका प्रति करुणाको उत्पत्ति हुन्छ, अनि अरूको आफ्ना प्रतिको अपराधलाई पनि क्षमा गर्ने सामर्थ्य उसमा विकसित हुन्छ । करुणा मनुष्यको उच्चतम सद्गुण हो । करुणाको उदयका फलस्वरूप नै मनुष्यले गरेको कार्यका प्रति कसैले उसको प्रशंसा गऱ्यो भने उसमा गर्व र घमण्डको लेस मात्र पनि लक्षण देखिन्न । त्यस्तै दुःख पर्दा पनि उ विचलित हुँदैन । उसले आफ्नो प्रत्येक कार्यको फल प्रदान गर्ने भगवान नै हो भन्ने स्पष्ट धारणा लीसकेको हुन्छ । उसले यो सम्पूर्ण जगत सृष्टिकर्ताको नै हो र यसमा कुनै कुरा पनि आफ्ना निमित्त भएका देखिएतापनि आफ्नो होइन भन्ने तत्थ्यलाई स्वीकार गरीसकेको हुन्छ र त्यसैले उसमा म र मेरो भन्ने भावना अन्तः प्राय भई सकेको हुन्छ । भगवानले गीताका अठारहौं अध्यायको तृपन्नौ श्लोकमा पनि अहंकार समेत अन्य दुर्विकारहरूलाई परित्याग गर्न सक्ने मनुष्य ब्रह्म भावका निमित्त योग्य हुन सक्दछ भन्नु भएर यहाँ पनि भक्तको रूप कस्तो हुनु पर्दछ भन्ने संकेत गर्नु भएको छ । भगवान भन्नु हुन्छः

अहंकारं बलं दर्पं कामं क्रोधं परिग्रहम ।
विमुच्य निर्ममः शान्तो ब्रह्मभूयाय कल्पते ।।

अर्थात्, अहंकार, बल, घमण्ड, काम, क्रोध तथा संग्रहलाई त्यागेर ममता रहित भई शान्त अन्तः करण भएको मनुष्य ब्रह्मभाव हुने क्षमता राख्दछ ।

तात्पर्य के देखिन्छ भने दुष्ट प्रकृति भएको व्यक्ति भगवानको भक्त हुन सक्दैन, भगवत प्राप्ति गर्न सक्दैन ।

भगवानले आफ्नो प्रिय भक्तको अरू लक्षणको चर्चा गर्दै भन्नु हुन्छः

यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते च यः ।
हर्षामर्षभयोद्वेगैर्मुक्तो यः स च मे प्रियः ।।

अर्थात्, हे अर्जुन, जसद्वारा कुनै पनि जीव उद्वेगमा प्रात हुन्न, न त आफू स्वयं अरू जीवद्वारा उद्वेगमा प्राप्त हुन्छ, तथा जो हर्ष र अमर्ष अर्थात् अरूको सुख देखेर सन्ताप गर्ने स्थिति एवं भय र उद्वेग आदिबाट रहित छ त्यस्तो भक्त मलाई प्रिय हुन्छ ।

तात्पर्य के भने जो व्यक्ति भगवानको वास्तविक भक्त हुन्छ त्यस्ले कसैको पनि अहित गर्दैन, कारण उसले सबै प्राणीमा भगवानको केही न केही रूप प्रतिबिम्बित भएको पाउँछ । त्यसैले सच्चा भक्त भगवानको निरन्तर स्मरण गर्दछ ।

निरन्तर भगवत भक्तिको रूप कस्तो हुनु पर्दछ त ? यस सम्बन्धमा विष्णु पुराणमा प्रल्हादले भगवानलाई सम्बोधन गर्दै भनेको श्लोकमा स्पष्ट रूपले व्याख्या पाइन्छ । भक्त प्रल्हाद भन्छन्:

हे ईश्वर ! अज्ञानी मनुष्यहरू इन्द्रिय जन्य नाशवान, क्षणभंगुर भोग्य पदार्थहरूमा जसरी गहिरो प्रीति राख्दछन् यसरी नै मेरो प्रीति तपाइँ माथि होस् र तपाइँका प्रतिको कामना मेरो हृदयबाट कहिले पनि टाढा नहोओस् ।

क्रोध र ईर्ष्या दुवै कुनै पनि भक्तका परम शत्रु हुन् । कुनै मनुष्य क्रोध र ईर्ष्याबाट व्याप्त भइरह्यो भने कुनै पनि अवस्थामा उसको मन भगवानको भक्ति तर्फ लाग्न सक्दैन, कारण कलुषित मनमा भक्तिको उदय नै हुन सक्दैन । त्यसै गरी जब कुनै पनि मनुष्य भय र उद्वेगबाट मुक्त हुन्छ त्यसै वेला मात्र उसलाई भगवानको आशीर्वाद प्राप्त हुन सक्दछ । त्यसै निमित्त भगवान भन्नु हुन्छ:

अनपेक्षः शुचिर्दक्ष उदासीनो गतव्यथः ।
सर्वारम्भपरित्यागी यो मद्भक्तः स मे प्रियः ।।

अर्थात्, जो पुरुष आकांक्षा रहित छ, जो हृदय भित्र र बाहिर शुद्ध एवं दक्ष छ, जो पक्षपात रहित छ तथा दुःखहरूबाट मुक्ति पाई सकेको छ

जसमा कर्तापनको कुनै अभिमान छैन, त्यस्तो भक्त मेरो प्रिय हुन्छ।

तात्पर्य के भने, विषयासक्तिबाट जब मनुष्य मुक्त हुन्छ त्यस बेला मात्र आकांक्षा रहित हुन सक्छ, र अनि जब ऊ आकांक्षा रहित भयो उसको मन विशुद्ध हुन पुग्दछ। त्यसैगरी विशुद्ध मनबाट कुनै विकार उत्पन्न हुन नसक्ने हुँदा ऊ विषयासक्ति जन्य सबै दुर्विकारबाट मुक्त हुन्छ र भगवानको प्रिय भक्त हुन पुग्दछ।

श्री कृष्णायनमः

कर्मयोग र अहंकाररहित स्थिति

परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरुप भगवान श्री कृष्णले कर्म फलका प्रति आसक्त भएर कार्य गर्ने र सम्पूर्ण जगतको हितको निमित्त अनासक्त भई कार्य गर्नेलाई अज्ञानी र ज्ञानीका रूपमा छुटयाउनु भएको छ ।

भगवान भन्नु हुन्छः

सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत ।
कुर्याद्विद्वांस्तथासक्तश्चिकीर्षुर्लोकसंग्रहम् ।।

अर्थात, हे भारत अर्थात अर्जुन, कर्ममा आसक्त अज्ञानीजन जसरी कर्म गर्दछन् त्यसरी नै अनासक्त विद्वान पनि लोकहितको इच्छा गर्दै कर्म गरोस ।

तात्पर्य के भने, ज्ञानी पुरुषलाई कतृत्वको अभिमान हुन्न । उसले नै पूर्ण गरेको काम पनि मैले यसो गरें उसो गरें भन्ने अभिमान गर्दैन, त्यसैले अज्ञानी पुरुषका तुलनामा ज्ञानी पुरुषमा फलासक्ति हुँदैन । ऊ कर्मफलमा आश्रित नभई सबैको कल्याणका निमित्त काम गर्दछ । जहाँ आसक्तिको कारणले गर्दा अज्ञानीले सत र असतमा भेद गर्न सक्दैन त्यहाँ ज्ञानीले आफ्नो विवेकको प्रयोग गरी सत र असतमा भेद गर्न सक्दछ र अनि सत तर्फ प्रेरित भएर ऊ काम गर्दछ । अर्थात, ऊ सर्वशक्तिमान परमात्माका प्रति समर्पित भएर कार्य गर्दछ । त्यसै निमित्त उसमा अहंकार धेरै मात्रामा सिमित हुन पुग्दछ । अहंकारको पूर्ण समाप्ति भने गुणातीत पुरुषलाई मात्र हुन सक्दछ । तर ज्ञानी पुरुषमा सत्व गुणको मात्रा अत्यधिक हुन्छ । यसको विपरित, अज्ञानी

पुरुष फलासक्तिद्वारा व्याप्त भएर कार्य गर्ने हुँदा उसमा तामसिक प्रवृत्ति बाहुल्य हुन्छ : त्यसैले फलासक्ति तर्फ मात्र प्रवृत्ति भएको मनुष्य मैले गरेको कामबाट मलाई यति नाफा हुने भएको छ, मैले यति उपलब्धि गर्ने भएको छ, मैले त्यो शत्रुलाई पराजीत गर्दैछु, मैले त्यसलाई होच्याउँदैछु आदि तामसिक भावनाले प्रेरित भएर काम गर्दछ । अनि यस्तो फलासक्तिमा आश्रित तामसिक प्रवृत्ति भएको मनुष्यले एउटा मूल कुरा बिर्सन्छ, त्यो हो हाम्रो संपूर्ण कर्म प्रकृतिले गराई राखेको छ, हामी स्वयम कर्ता होइन । यस सम्बन्धमा भगवान भन्नु हुन्छः

प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः ।
अहंकारविमूढात्मा कर्ताहमिति मन्यते ।।

अर्थात, हे अर्जुन । संपूर्ण कर्म प्रकृतिका गुणहरूद्वारा गरिएका हुन् तापनि अहंकारले मोहित भएको मनुष्य आफू स्वयं नै कर्ता हूँ भनी मान्दछ।

यस सन्दर्भमा यहाँ श्री रामकृष्ण परहंसको एउटा सदुपदेशको उपयुक्त उद्धरण देखिन्छ ।

श्री रामकृष्ण परमहंस भन्नु हुन्छः

"तिमीले इच्छा गर अथवा नगर, तिमीसित कर्म गराएर नै छाड्ने यो प्रकृतिको धर्म हो । जब यस्तै हो भने कर्मलाई पूर्णताको साथ किन नगर्ने। कर्म अवश्य गर, तर त्यसमा आसक्त नहोउ । अनासक्त भावले गरिएको कर्म ईश्वर प्राप्तिको साधन हो । अनासक्त कर्मलाई साधन र ईश्वर प्राप्तिलाई साध्य वस्तु भन्ठान ।"

उपरोक्त श्लोकमा भगवानले भन्नु भएको छ प्रकृतिले नै मनुष्यलाई कार्य गर्न बाध्य गर्दछ । हामीमा भएको सत्व रज र तमोगुणहरू हाम्रो कार्य प्रवृत्तिका मूलक हुन् । यी गुणहरू बेग्ला बेग्लै व्यक्तिमा बेग्ला बेग्लै शक्तिका साथ मात्र कार्य गर्ने होइनन्, एउटै व्यक्ति माथि बेग्ला बेग्लै समयमा बेग्ला बेग्लै शक्तिका साथ कार्य गर्दछन् । जस्तो, जब हामी मन्दिरमा उपासना

निमित्त जान्छौं त्यस बेला हामीमा सात्विक गुण बढी हुन्छ । र जब हामी आफ्नो काममा लाग्दछौं त्यसबेला हामीमा राजसी गुण बढी हुन्छ र जब हामी आफ्नो कर्तव्य आफ्नो समक्ष देख्दा देख्दै पनि त्यस तर्फ प्रवृत्त नभई अल्छी गरी बस्दछौं, हामीमा तामसी गुणको अधिकता हुन्छ ।

अनासक्त पुरुष कर्म–बन्धनमा बांधिदैन । ऊ अनासक्त भएको कारणले जीवन मुक्त समेत हुन्छ ।

यस सम्बन्धमा योगवाशिष्टमा अत्यन्त राम्रो उद्धरण पाइन्छ ।

यो जागर्ति सुषुप्तस्थो यस्तु जाग्रन्न विद्यते ।
यस्य निर्वासनो बोधो जीवन्मुक्त स उच्यते ।
यस्यं नाहंकृतो भावो यस्य बुद्धिर्नलिप्यते ।
कुर्वतोऽकुर्वतो वापि स जीवन्मुक्त स उच्यते ।।

अर्थात, जो निर्विकार आत्मामा सुषुप्ति सरह स्थित हुँदा पनि अविद्या रूपी निद्राको निवारण भएर सदा बिउँझी राख्दछ, परन्तु जो जाग्रत पनि छैन, भोग–जगतमा सदा सुती राख्दछ, अर्थात भोग बुद्धिले जो कुनै पनि पदार्थको उपभोग गर्दैन र जसको ज्ञान वासना रहित हुन्छ, त्यसलाई जीवन्मुक्त भनिन्छ । जसमा अहंकारको भाव हुन्न, जसको बुद्धि कर्म गर्दा कर्तृत्वसित र कर्म नगर्दा अकर्तृत्वसित अभिमानले लिप्त हुँदैन, त्यसलाई जीवन्मुक्त भनिन्छ ।

तत्वज्ञानीका सम्बन्धमा भगवान कृष्णले यस्तै आसय प्रकट गर्दै भन्नु हुन्छ:

या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी ।
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ।।

अर्थात, सम्पूर्ण भूत प्राणिहरूले जसलाई रात्रि ठन्दछन्, त्यसलाई भगवत प्राप्त योगी त्यो नित्य शुद्ध बोधस्वरूप परमानन्दमा बिउँझन्छ तथा

जुन नाशवान क्षणभगुर संसारिक सुखमा सबै भूतप्राणि निउँझन्छन् तत्व ज्ञानी मुनिका निमित्त त्यो रात्रि सरह हो ।

उपरोक्त श्लोकमा संयम भन्ने शब्दबाट तात्विक अर्थ बोध गर्न सकिन्छ । अर्थात, कुनै पनि व्यक्तिले आँत्म संयम गर्न सकेन भने उसमा आत्म बोध हुन सक्दैन । यस्तो आत्म बोध भएको पुरुष मात्र राग, द्वेष, मोह अहंकार र अन्य दुर्विकार रूपी रात्रीको अन्धकार सरहमा परेका मनुष्यहरू भन्दा माथि उठ्दछ र ऊ आत्म बोधका निमित्त सदैव जाग्रत रहन्छ त्यसै गरी अन्य अज्ञानी तथा सांसारिक मनुष्यहरू प्रत्यक्षतः जाग्रत अथवा बिउँझेका देखिए तापनि उनीहरू विषयासक्तिद्वारा व्याप्त हुने हुँदा तत्वज्ञानी पुरुषले यस्तो विषय वासना जन्माउने दिवसलाई निशा अथवा रात्रि सरह देख्दछ । अर्थात्, तत्वज्ञानी पुरुष विषयासक्तिमा लिप्त हुँदैन ।

परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुण रूप भगवान श्री कृष्णले परम शान्ति प्राप्त गरी ब्रह्मी स्थितिमा पुगेका पुरुष कस्तो हुन्छ त्यसको व्याख्या गीतामा गर्नु भएको छ । भगवान भन्नु हुन्छः

विहाय कामान् यः सर्वान् पुमांश्चरति निःस्पृहः ।
निर्ममो निरहंकारः स शान्तिमधिगच्छति ।।
एषा ब्राह्मी स्थितिः पार्थ नैनां प्राप्य विमुह्यति ।
स्थित्वाऽस्यामन्तकालेऽपि ब्रह्मनिर्वाणमृच्छति ।।

अर्थात्, हे अर्जुन, जुन पुरुष समस्त कामनाहरूलाई परित्याग गरेर आफू नै कर्ता हूँ भन्ने भावनाबाट रहित भएर, एवं अहंकार रहित तथा स्पृहा-लालसा रहित भएर काम गर्दछ त्यस मनुष्यले शान्ति प्राप्त गर्दछ ।

हे पृथापुत्र अर्जुन, यो स्थिति ब्रह्म प्राप्त गरेको पुरुषको हो जसलाई प्राप्त गरेपछि ऊ पुनः मोहमा पर्दैन र यस निष्ठापूर्ण स्थितिमा जीवन व्यतीत गर्दै जीवनको अन्तिम अवस्थामा पनि उसले ब्रह्मानन्द प्राप्त गर्दछ ।

ब्राह्मी स्थिति प्राप्त गरेको पुरुष पुनः मोहमा पर्दैन भनेको अर्थ के त ! मोहले नै साँसारिक पुरुषका समक्ष सत्य चिन्ने मार्गमा अवरोध उपस्थित गर्दछ । हाम्रो अज्ञानको कारण नै मोह हो । मोहले गर्दा नै हामीलाई सांसारिक विषय वस्तुको क्षणभंगुरताका विपरीत यस्तो विषय वस्तु नै वास्तविक हो भनी हामीलाई भान हुन जान्छ र हामो विषय सुखले आफूलाई तृप्ति गर्ने तर्फ अभ्यस्त गर्दछौं अर्थात् बारंबार हामी त्यतैतिर प्रवृत्त हुन्छौं ।

जीवात्मा जबसम्म देहाभिमानको अज्ञानले आवृत रहन्छ तब सम्म ऊ ब्राह्मी स्थितिमा पुग्न सक्दैन, कारण, अज्ञान निर्मूल नभई मोह नष्ट हुंदैन, र मोह नष्ट नभई ज्ञानको प्राप्ति हुँदैन । अर्जुनले पनि गीताको अन्तिम अध्यायको ठीक सात श्लोक अघि भगवानको सद्उपदेस पाएर मोह नष्ट भएको चर्चा नै गरेका छन् ।

ब्राह्मी स्थितिमा पुग्न भन्दा अघि कुनै पनि पुरुषले पहिले शान्ति प्राप्त गर्न सक्नु पर्दछ । यस्तो शान्ति प्राप्त गर्न मनुष्यले संसार छाडी भाग्नु पर्ने आवश्यकता छैन । कारण, वनको शान्ति, शान्ति होइन, मनको शान्ति नै शान्ति हो । मनुष्य संसार मै बसेर आफ्नो बुद्धिलाई संयमित राखी तृष्णामाथि नियन्त्रण पाउन सक्दछ । जस्तो, भगवानले नै गीतामा उदाहरण दिनु भएको छः

आपूर्यमाणमचलप्रतिष्ठं समुद्रमापः प्रविशन्ति यद्वत् ।
तद्वत्कामा यं प्रविशन्ति सर्वे सशान्तिमाप्नोति न कामकामी ।।

अर्थात्, जसरी सबै तिर बाट परिपूर्ण अचल समुद्रमा विभिन्न नदीहरूको जलले त्यस समुद्रलाई चलायमान नगरी आफु त्यसैमा विलीन हुन्छन् त्यस्तै स्थिर बुद्धि पुरुषमा पनि सम्पूर्ण तृष्णाहरू सो पुरुषमा कुनै विकार उत्पन्न नगरी, विलीन हुन्छन् र त्यस्तो पुरुषले परम शान्ति प्राप्त गर्दछ, तृष्णाद्वारा व्याप्त मनुष्यले परम शान्ति प्राप्त गर्न सक्दैन ।

तात्पर्य के भने, हामीमा भएको स्वार्थ र अहंकारको मूलकारण नै तृष्णा हो । उदाहरणार्थ, यदि कुनै मनुष्यले मैले यति काम गरें तसर्थ मैले यति पुरष्कार पाउनु पर्दछ भनी भन्दछ भने, उसले आफूले तथाकथित कर्तृत्वको भाव लिएर आफू भित्र उत्पन्न गरेको अहंकारका फल स्वरूप उसले आकांक्षा गरेको पुरस्कार नै उसको तृष्णा हो । यसै निमित्त हामी देख्दछौं यसरी अहंकारले व्याप्त मनुष्यहरू तृष्णाको परिपूर्ति नभएको कारणले उत्पन्न क्रोधवस आफूलाई निर्धारित भएको कर्म कर्तव्यबाट समेत विमुख भई आफूलाई कर्तव्यच्युत पार्दछन् ।

हामीलाई कहिले काहिं भ्रम हुन्छ– के अहंकार आत्माको प्रकृति त होइन ? आत्मालाई त भगवान स्वयमले अपरिर्तनीय र अव्यय भन्नु भएको छ । तसर्थ अहंकार आत्माको प्रकृति हुन सक्दैन । अहंकार त केवल विषयासक्तिमा लागेको मनुष्यको विकृति मात्र हो । त्यसैले शंकराचार्यले विवेकचूडामणिमा अहंकारको व्याख्या गर्दै भन्नु भएकोछः

विषयाणामानुकूल्ये सुखी दुःखी विपर्यये ।
सुखं दुःखं च तद्धर्मः सदानन्दस्य नात्मनः ।।

अर्थात्, विषयको अनुकूलताले यो सुखी तथा प्रतीकूलताले दुखी हुन्छ । सुख र दुःख यसै अहंकारको धर्म हो, नित्यानन्द स्वरूप आत्माको होइन ।

आसक्तिरहित पुरुषका समक्ष जस्तो सुकै आकर्षक विषय वस्तु आए पनि त्यसले उसलाई विचलित पार्दैन । कारण, विषयवस्तु स्वयंम् तृष्णाको कारण नभई त्यस्तो विषयवस्तुले सांसारिक मनुष्यमाथि पार्ने सुःख दुःखको प्रतिकृया तृष्णाको कारण हो । तसर्थ, यदि हामी सुख दुःख आदि द्वन्दबाट मुक्त हुन सक्यौं भने हामी तृष्णा र आसक्तिबाट पनि मुक्त हुन सक्दछौं ।

त्यसैले जब भगवानले उपरोक्त श्लोकमा ब्राह्मी स्थितिको चर्चा गर्नु हुन्छ । भगवानको तात्पर्य स्पष्टतः त्यस्तो पुरुषका सम्बन्धमा हुनु पर्दछ,

जसले आत्म चिन्तनद्वारा आत्मबोध प्राप्त गरी सकेको छ। आत्मबोध प्राप्त नगरी कुनै पनि पुरुषले भगवत प्राप्ति गर्न सक्दैन । ब्राह्मी स्थिति भनेको भगवत प्राप्तिको स्थिति, सच्चिदानन्दको अनुभवको स्थिति हो ।

गीताले हामीलाई मानव व्यवहार को दर्शन बताउँछ। साथै, यस दर्शनमा लक्ष गरिएको आत्मबोध कसरी निष्काम कर्मद्वारा प्राप्त हुन सक्दछ भन्ने पनि गीतामा स्पष्टछ । यसै प्रकृयाको चरम उपलब्धि ब्राह्मी स्थिति हो भनी मान्नु पर्दछ ।

श्री कृष्णायनमः

ज्ञान र अद्वैत

कुनै पनि मनुष्यले योगको साधनद्वारा आफूले गरेको सुकृत र दुष्कृत कर्महरू यसै संसारमा कसरी छाडेर जान सक्छ त्यस सम्बन्धमा परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्रीकृष्ण भन्नु हुन्छः

बुद्धियुक्तो जहातीह उभे सुकृतदुष्कृते ।
तस्माद्योगाय युज्यस्व योगः कर्मसु कौशलम् ।।
कर्मजं बुद्धियुक्ताहि फलं त्यक्त्वा मनीषिणः ।
जन्मबन्धविनिर्मुक्ताः पदं गच्छन्त्यनामयम् ।।

अर्थात्, हे अर्जुन, जसले आफ्नो बुद्धि भगवानका साथ युक्त गरेको छ त्यस्तो पुरुषले यस द्वन्दमय संसारमा नै शुभ कर्म र अशुभ कर्म दुवैलाई परित्याग गर्दछ, तसर्थ तिमी समत्व बुद्धिरूप योगका निमित्त प्रयत्न गर, कारण समत्व बुद्धिरूप योग नै कर्म बन्धनबाट मुक्ति पाउने उपाय हो ।

जुन ज्ञानी मनुष्यहरूले आफ्नो बुद्धिलाई भगवानमा युक्त गरी सकेका हुन्छन्, उनीहरू कर्मद्वारा उत्पन्न हुने फललाई त्यागेर जन्मरूपी बन्धनबाट मुक्त हुन्छन् एवं अमृतमय परम्पद प्राप्त गर्दछन् ।

यहां योगको तात्पर्य इन्द्रिय–जन्य विषयासक्तिलाई उत्पन्न गर्ने बाह्य संसारको आकर्षणबाट मुक्त हुने प्रक्रिया हो भनी मान्नु पर्दछ । कर्मले कुशल अथवा अकुशल फलको उत्पत्ति गर्दछ । तर योगी पुरुषका निमित्त ऊ स्थितप्रज्ञ हुने हुँदा उसका समक्ष कुशल र अकुशलको द्वन्दले कुनै प्रभाव पार्न सक्दैन । त्यस्तो पुरुष अनासक्त भई स्थिर बुद्धिका साथ कार्य गर्दै रहन्छ । मनुष्य यदि स्थिर बुद्धिको छैन भने उसले हतपतमा धेरै काम बिगार्न सक्दछ अनि यसरी

ंको अकुशल फल भोग्नु पर्दछ । त्यसैले यदि मनुष्यले योगको माध्यमद्वारा त: करणको शुद्धि गर्न सक्यो भने उसमाथि कुशल र अकुशल, सुकृत र कृत, पुण्य र पापले कुनै पनि प्रभाव पार्न सक्दैन । अन्तःकरणको शुद्धिद्वारा स्तो पुरुषले योगको आश्रय लिएर भगवानसित युक्त हुने मार्गमा लागि को हुँदा द्वन्दहरूले उसलाई सद्‌मार्गबाट विचलित गर्न सक्दैनन् ।

सुकृत र दुष्कृत कार्य कसरी छुट्याउने त ? कर्ताले जस्तो सुकै भावना लिर कर्म गरेको भए तापनि यदि उसको कर्मबाट अरू कसैको हित हुन्छ त्यो सुकृत कार्य भयो र अरूको अहित हुन्छ भने त्यो दुष्कृत कार्य भयो । र्थात्, गीताको उपरोक्त श्लोकबाट हामी सामाजिक मर्यादाको नैतिकता र्धारित गर्न सक्दछौं ।

त्यस्तै, ज्ञानीजनले कर्मद्वारा उत्पन्न हुने फललाई त्यागेर उनीहरू मरूपी बन्धनबाट मुक्त हुन्छन् भन्ने उपदेशको तात्पर्य के भने हाम्रो जन्म मान्तरको कर्मको फलले गर्दा हाम्रो भौतिक शरीरले जीवात्मालाई धनमा पारी राखेको हुन्छ । तर यदि हामी कर्म फलमा आसक्त हुँदैनौ भने ी परमानन्द प्राप्त गर्न सक्दछौं र जब जीवात्मा विश्वात्मामा मिसिन हामी जन्मरूपी बन्धनबाट स्वतः मुक्त हुन्छौं ।

मनुष्य संसार रूपी अज्ञानमा कसरी पर्दछ र कर्मबाट उत्पन्न दुखरूपी कसरी भोग्दछ त्यस सम्बन्धमा श्री शंकराचार्य विवेक–चूडामणिमा तु हुन्छ:

> बीजं संसृतिभूमिजस्य तु तमो देहात्मधीरङ्कुरो
> रागः पल्लवमम्बु कर्म तु वपुः स्कन्धोऽसवः शाखकाः ।
> आग्राणीन्द्रियसंहतिश्च विषयाः पुष्पाणि दुःखं फलं
> नानाकर्मसमुद्भवं बहुविधं भोक्तात्र जीवः खगः ।।

अर्थात्, संसाररूपी वृक्षको बीज अज्ञान हो, देहात्मबुद्धि त्यसको अंकुर राग पात हुन, कर्म जल हो, शरीर स्तम्भ हो, प्राण शाखाहरू हुन्

इन्द्रियहरू उपशाखाहरू हुन्, विषय फूलहरू हुन् एवं नाना प्रकारका कर्म
उत्पन्न दुख फल हो तथा जीवरूपी पक्षी तिनको भोक्ता हो ।

तात्पर्य के भने यदि अज्ञानलाई हामीले निर्मूल गर्न सक्यौं र ह
वासनाको क्षय गर्न सक्यौं भने हामीले संसाररूपी वृक्षबाट उत्पन्न हुने
रूपी फलमा अलमलिनै पर्दैन । तसर्थ, हाम्रो दुखको मूल कारण यो अज्ञा
हो, यो अविद्या नै हो ।

तर अज्ञानलाई निर्मूल गर्ने कार्य केवल विषय वासनाबाट आफ्
टाढा राखेर मात्र हुन सक्दैन । यो त आफैंभित्र भएको परमानन्द
जीवात्माको माध्यमद्वारा विश्वात्मासित योगद्वारा युक्त हुनसक्यो भने
प्राप्त हुन सक्दछ । आत्म नियन्त्रण त आत्मबोधको पहिलो खुड्किलो
यही नै आत्मबोध होइन । किनभने आत्म नियन्त्रणको प्रक्रियामा ह
इन्द्रियहरू दमन गर्न खोज्दा खोज्दै पनि इन्द्रियहरू हामी भन्दा धेरै शक्ति
हुने हुँदा तिनले हामीलाई पूर्ण वशमा गर्न सक्दछन् । सांसारिक विषया
माथि नियन्त्रण गर्न खोज्ने मनुष्य फेरि विषयासक्तिमा चुर्लुम्म डुब्न सक्त
तसर्थ भगवान भन्नुहुन्छः

तानि सर्वाणि संयम्य युक्त आसीत मत्परः
वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ।।

अर्थात्, ती सम्पूर्ण इन्द्रियहरूलाई वशमा गरेर समाहित चित्तका
मेरो परायण भएर अर्थात् ममा सम्पूर्ण ध्यान लगाएर मनुष्य योगमा दृढत
स्थित होओस; किनभने जसका इन्द्रियहरू वशीभूत हुन्छन् तिनको मात्र
शान्त र विवेकशील भएर स्थिर हुन सक्दछ ।

यस श्लोकबाट के तात्पर्य बुझिन्छ भने जबसम्म मनुष्य भगव
एकाग्रचित्त हुँदैन, तबसम्म उसले यदि इन्द्रियहरूलाई वशमा गर्ने प्रयत्न
छ भने तापनि उसको मन भित्र लुकेको इच्छा, अभिलाषा वा चाह
उसले नियन्त्रण गर्न सक्दैन । योगको महत्व यसै ठाउंमा आएर अरू

छ। कारण, भगवानमा आफूलाई योगको माध्यमद्वारा समर्पित गरेको नुष्यले मात्र आफ्ना इन्द्रियहरूमाथि नियन्त्रण कायम गर्न सक्दछ।

परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्रीकृष्णले ताको तेस्रो अध्यायको बयालिसौं श्लोकमा इन्द्रिय, मन, बुद्धि र आत्माका म्बन्धहरू स्थिर गर्नु भएको छ। भगवान भन्नु हुन्छ।

इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः।
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः॥

अर्थात्, हे अर्जुन, शरीर भन्दा इन्द्रिय माथि हुन्छ, इन्द्रिय भन्दा माथि हुन्छ, मन भन्दा बुद्धि माथि हुन्छ, बुद्धि भन्दा धेरै नै माथि आत्मा हुन्छ।

तात्पर्य के देखिन्छ भने शरीर इन्द्रिय, मन र बुद्धिमाथि जहाँ तृष्णा व्याप्त सक्दछ, आत्मा माथि हुन सक्दैन तापनि आत्मामाथिको क्लेशको आवरण- ई हामीले हटाउन सक्नु पर्दछ। साथै, हाम्रो स्थूल शरीरमाथि तृष्णाको त प्रभाव पर्दछ त्यो भन्दा धेरै बढी प्रभाव हाम्रो देहका सूक्ष्मतर भागहरू- थि पर्दछ। त्यसको सब भन्दा बढी प्रभाव बुद्धिमाथि पर्ने देखिन्छ। हरणार्थ, कुनै पनि विक्षिप्त मनुष्य जसको बुद्धिले काम गर्न छाडेको हुन्छ, लाई, खान, सुत्न र अन्य नित्य कर्म गर्न मनले निर्देशित गर्दछ तर उसको द्धिले काम नगर्ने हुँदा उसमाथि तृष्णाको त्यस्तो प्रभाव पर्दैन जस्तो प्रभाव द्धिको प्रयोग गरी बाँच्नेहरू माथि पर्दछ। वास्तवमा भगवान कृष्ण यस कमा एक अत्यन्त श्रेष्ठ मनोवैज्ञानिकका रूपमा देखिनु हुन्छ र भगवानद्वारा ष्यका सम्बन्धमा भएको मनोवैज्ञानिक विश्लेषण अरू विषद रूपमा हामीले त्रय विभाग योग र दैवासुर सम्पद विभागयोगमा पाउँछौ। त्यसैले, गीता रणाको प्रवचन मालाको पहिलो प्रवचन मैं भगवान कृष्णको यस अकिंचन ले गीता उत्कृष्ट दर्शन, उच्चतम मनोविज्ञान तथा अतुलनीय काव्यको णी भएको अत्यन्त श्रेष्ठ ग्रन्थका रूपमा मनुष्यलाई प्राप्त छ भनी सम्बोधन को थियो।

हाम्रो शरीर भिन्न जुन तत्व बुद्धि भन्दा पनि धेरै माथि आत्म रूपमा छ वस्तुत: त्यसैले हामीलाई संचालन गरी राखेको छ। तर हामी त्यसबेलासम्म आत्मबोध हुन्न जबसम्म हामीले तृष्णा अन्त गर्न सक्दैनौं यस सम्बन्धमा भगवान हुन्छ।

एवं बुध्देः परं बुद्ध्वा संस्तभ्यात्मानमात्मना ।
जहि शत्रु महाबाहो कामरूपं दुरासदं ।।

अर्थात्. यसरी बुद्धि भन्दा पनि अत्यन्त माथि सूक्ष्म तर सब प्रकारले बलवान् र श्रेष्ठ आत्मालाई चिन्हेर मनलाई वशमा गरी, हे अर्जुन, तृष्णारूपी शत्रुलाई तिमी मार।

तत्पर्य के भने, जुन बेला हामीले शरीर, इन्द्रिय, मन र बुद्धि उत्पन्न हुने माया र मोह माथि आतम बोधको माध्यमद्वारा विजय प्राप्त अनि हामीलाई ब्रह्म र आत्माका बीच अद्वैत बुझ्न सजिलो हुन्छ सम्बन्धमा अपरोक्षानुभूतिबाट श्री शंकराचार्यको एक उद्धरण अत्यन्त देखिन्छ। श्री शंकराचार्य भन्नु हुन्छः

यस्मिन् सर्वाणि भूतानि ह्यात्मत्वेन विजानतः ।
नवै तस्य भवेन्मोहो न त शोकोऽद्वितीयतः ।।

अर्थात्, द्वैतताको अन्त भएपछि जब मनुष्यले सबै प्राणि आफ्नै आत्मा सरह देख्न थाल्दछ, त्यस अवस्थामा न त मोहको उत्पत्ति न त दुःखको नै उत्पत्ति हुन्छ। अर्थात्, त्यस अवस्थामा मनुष्य मोह दुवैबाट मुक्त हुन्छ। यसलाई अनुभूति युक्त सर्वोच्च दार्शनिक सत्य भने

मोह र दुःख मायाजन्य कारण हुन्। मायाका सम्बन्धमा श्री र परमहंस भन्नु हुन्छ।

"माया के हो ? यो त्यो तृष्णा नै हो जसले मनुष्यको आध्या विकासको मार्गमा अवरोध उत्पन्न गर्दछ। जसरी घरमा पसेको चोर साथ दगुरेर भाग्दछ, त्यसरी नै जब तिमीले मायाको प्रकृति थाहा पा

त्यो तिमीबाट भाग्दछ ।

श्री रामकृष्ण परमहंसले सबैले बुझ्ने किसिमको मायाको यसरी अत्यन्त सरल व्याख्या गर्नु भएको छ ।

तृष्णा साधारण अज्ञानी मनुष्यहरूको शत्रु मात्र होइन, यसले ज्ञानि मनुष्यहरूको ज्ञानलाई पनि ढाकेको हुन्छ । यस सम्बन्धमा भगवान भन्नु हुन्छ:

आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्यवैरिणा ।
कामरूपेण कौन्तेय दुष्पूरेणानलेन च ।।

अर्थात्, हे कुन्तिपुत्र अर्जुन, यस्तो कहिले पनि तृप्त नहुने तृष्णा ज्ञानिहरूको स्थाई शत्रु हो जसले उनीहरूको ज्ञानलाई समेत ढाकेर राखेको हुन्छ ।

तात्पर्य के भने, जसले यस्तो तृष्णारूपी शत्रुलाई मार्न सक्यो त्यसले मात्र ज्ञान प्राप्त गर्न सक्दछ । ज्ञान त मनुष्यमा आफैभित्र लुकेको छ । यसमाथि भएका तृष्णा र क्लेशका आवरणहरू हटाउन सक्नु अथवा नसक्नु हामीमा नै निर्भर गर्दछ । जस्तो एक अत्तन्त उपयुक्त उदाहरण दिंदै श्री रामकृष्ण परमहंस भन्नु हुन्छ:

जसरी एउटा कालो बादलको टुक्राले सूर्यलाई पनि ढाकेको भान हामीमा पर्दछ त्यसरी नै हाम्रो तृष्णारूपी मायाले ईश्वरलाई ढाकेको हुन्छ । जसरी बादल हट्ना साथ सूर्य देखिन्छ, त्यसरी नै हाम्रो तृष्णा हट्नासाथ हाम्रा समक्ष ईश्वर प्रकट हुनु हुन्छ ।

यसको तात्पर्य के देखिन्छ भने हामी तृष्णाबाट मुक्त हुना साथ ईश्वर स्वयं प्रकट हुने त होइन, हामी भित्र भएको दैवी प्रकृति प्रकट भएर आउँछ र अनि हामीले आफ्नै आसुरी प्रकृति माथि विजय पाउँछौं । मनुष्यको आसुरी र दैवी प्रकृतिका बीचको परस्परिक संघर्षहरू, तिनका कारणहरू र आसुरी प्रकृति माथि विजय पाउने उपायहरू नै भगवान कृष्णका मूल उपदेशका रूपमा गीतामा मनुष्यलाई प्राप्त छ ।

श्रीकृष्णाय नमः

चित्तको आलोक र गुणातीत स्थिति

परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्रीकृष्णले गीताको पाँचौं अध्यायको बाइसौं श्लोकमा दुख र त्यसको कारणको चर्चा गर्नु भएको छ । भगवान भन्नु हुन्छः

ये हि संस्पर्शजा भोगा दुःखयोनय एव ते ।
आद्यन्तवन्तः कौन्तेय न तेषु रमते बुधः ।।

अर्थात्, जो इन्द्रिय एवं वाह्य विषयहरूको संपर्कबाट उत्पन्न हुने भोग हुन् ती यद्यपि विषयी पुरूषका निमित्त सुख रूपमा प्रतीत हुन्छन्, तर ती वास्तवमा दुःखका कारण हुन्, एवं तिनको आदि र अन्त दुवै हुने हुँदा, हे कौन्तेय अर्थात् कुन्तिपुत्र अर्जुन, बुद्धिमान पुरुष तिनमा आनन्दित हुँदैनन् ।

तात्पर्य के भने, मनुष्यको इन्द्रिय र वाह्य विषयका बीच संपर्क स्थापित भएपछि मात्र मनुष्यलाई सुखको प्रतीति अथवा दुखको अनुभव हुन्छ। जस्तो अन्धो मनुष्यले रूपको प्रतीति गर्न नसक्ने हुँदा रूप सम्बन्धी उसको मानस पटलमा पर्ने राम्रो अथवा नराम्रो प्रतिबिम्बले कुनै प्रभाव पार्न सक्दैन कारण उसमा त्यस्तो प्रतिबिम्ब पर्ने माध्यम नै हुंदैन । त्यस्तै अन्य शिथिल वा पूर्णतः काम नगर्ने इन्द्रिय र त्यस्ता इन्द्रियजन्य विषयासक्तिका सम्बन्धमा पनि त्यस्तै निष्कर्ष झिक्न सकिन्छ । तर सक्रिय इन्द्रियहरूले पनि वाह्य वस्तुसित स्थापित गरेको सम्बन्ध क्षणिक हुन्छ, क्षण क्षणमा बदलिन सक्छ। हिजो जसलाई हामी मित्र भन्ठान्थ्यौं ती आज मित्र नहुन सक्छन्। त्यस्तै हिजो जुन वस्तु हामीलाई प्रिय लाग्दथ्यो त्यही वस्तु आज अप्रिय लाग्न सक्दछ। त्यसैले भगवानले उपरोक्त श्लोकमा विषयसित संपर्कद्वारा

उत्पन्न हुने भोगलाई आदि र अन्त्य भएको भनी भन्नु भएको छ। जसको आदि र अन्त्य हुन्छ त्यो अनित्य हुन्छ, त्यो क्षणिक हुन्छ। अनित्य विषयले प्रारम्भमा सुखको अनुभूति दिएको भान परेता पनि जब हामीलाई सुख अन्त भएको अनुभव हुन्छ अनि स्वभावतः दुःखको प्रारम्भ भएको स्पष्ट छाप पर्दछ। यसरी, इन्द्रियको विषयसितको संपर्कबाट हुने प्रतिक्रियाको अनित्यता नै हाम्रो दुःखको कारण हो।

त्यसैले भगवानले बुद्धिमान पुरूषहरू इन्द्रियजन्य विषयासक्तिबाट उत्पन्न सुखको प्रतीतिका प्रति आनन्दित हुँदैनन् भनी भन्नु भएको बुझिन्छ। कारण, बुद्धिमान पुरुष अनित्यता माथि विश्वास गर्दैनन् उनीहरू आत्मज्ञान तथा ब्रह्मज्ञान जस्ता नित्य विषयतर्फ लाग्दछन्। जसले यसरी नित्यताको ज्ञान प्राप्त गर्न सकेको छ त्यस्तो पुरुष मात्र सुखी हुन्छ भनी भगवानले भन्नु भएको छ। भगवान भन्नु हुन्छः

शक्नोन्तीहैव यः सोढुं प्राक्सरीरविमोक्षणात्।
कामक्रोधोभ्दवं वेगं स युक्तः स सुखी नरः॥

अर्थात्, जो मनुष्य शरीर नाश हुन भन्दा पहिले नै काम र क्रोधबाट उत्पन्न बेगलाई सहन गर्न समर्थ छ, त्यो मनुष्य यसै लोकमा योगी हो त्यही नै सुखी हो।

यसबाट के बुझिन्छ भने कुनै पनि मनुष्यको अनित्य विषयासक्तिको अतृप्तिको कारणले गर्दा त्यस मनुष्यमा काम र क्रोधको उत्पत्ति हुन्छ। तर जुन मनुष्यले आफ्नै जीवन कालमा काम र क्रोध माथि सदाका निमित्त विजय पाउन पक्यो त्यो पुरुष आफ्नो शरीर नाश हुनु भन्दा अघि नै योगी भई सकेको हुन्छ अर्थात् ईश्वरसित युक्त भईसकेको हुन्छ अथवा तादात्म्य स्थापित गरीसकेको हुन्छ र त्यस्तो पुरुष नै सुखी हुन्छ। यस श्लोकमा भगवानले दुःखी र सुखीको स्पष्ट चर्चा गर्नु भएको देखिन्छ।

भगवानले गीताको दोस्रो अध्यायमा तृष्णा र क्रोधको सम्बन्ध व्याख्या गर्नु भएको छ। यस श्लोकमा पुन: तृष्णा र क्रोधमाथि वि पाउने पुरुष सुखी हुन्छ भनी भगवानले भन्नुभएर मनुष्यको आध्यात्मि विकासमा तथा ईश्वरसित तादात्म्य स्थापित गर्ने प्रक्रियामा तृष्णा र क्रो दुवै मनुष्यका महान शत्रु हुन् भनी स्पष्ट संकेत गर्नु भएको देखिन्छ।

तृष्णा र क्रोधमाथि विजय पाउन सक्ने कसरी त ? यी विषय मनुष्यको आन्तरिक द्वन्दवाट उत्पन्न हुन्छन्। तर जसले आ अन्त: करणवाट सुख प्राप्त गर्न सक्दछ त्यो पुरुष ब्रह्म निर्वाण प्राप्त सक्दछ। तर तृष्णा र क्रोध रहुन्जेल कुनै मनुष्य पनि ब्रह्मसित एकीभाव सक्दैन। कारण, तृष्णा र क्रोधले मानसिक असन्तुलनको सृजना गर्दछ र य असन्तुलनको फलवाट जोगिन त्यो असन्तुलनको कारक जुन मनुष्य हो असफल हुन्छ। तसर्थ, भगवान भन्नु हुन्छः

योऽन्तः सुखो ऽन्तरारामस्तथान्तर्ज्योतिरेव यः ।
स योगी ब्रह्मनिर्वाणं ब्रह्मभूतोऽधिगच्छति ।।

अर्थात्, जुन पुरुषलाई आन्तरिक आनन्द प्राप्त भएको छ, जस हृदयमा शान्ति छ, यसलाई निश्चितरूपमा अन्तर ज्ञान प्राप्त छ त्य ब्रह्मरुप भएको योगीले ब्रह्म निर्वाण प्राप्त गर्दछ।

तात्पर्य के भने, आफ्नै अन्तर हृदयमा शान्ति लुकेको भएता अज्ञानी मनुष्यले सांसारिक विषय वस्तुमा शान्ति खोज्ने प्रयत्न गर्द आफू भित्रकै शान्ति खोज्नु पर्दछ भन्ने थाहा पाउन्न। आफ्नै आत्मा शान्ति हुन्छ र त्यसलाई आफैले खोज्नु पर्दछ। यसै निमित्त आत्मा आनन्द भनी सम्बोधन गरिन्छ।

मनुष्यलाई भगवानको असीम अनुकम्पाद्वारा जो चित्तको आ प्राप्त छ त्यसैको माध्यमद्वारा उसले सांसारिक पदार्थ देख्दछ र उसले त्यसै आलोकको माध्यमद्वारा आत्माको आनन्द अनुभव गर्न अभ्य गऱ्यो भने उसले निश्चय पनि आन्तरिक शान्ति प्राप्त गर्न सक्दछ

आन्तरिक शान्ति प्राप्त गर्नु पनि आत्मबोध नै हो र जसले आफ्नो आन्तरिक आलोकद्वारा आत्मबोध प्राप्त गरी सकेको हुन्छ उसलाई सांसारिक विषयवस्तु तृण समान लाग्दछ। श्री रामकृष्ण परमहंसले बडो सरल भाषमा भन्नु भएको छ–'मनुष्य, इन्द्रियजन्य विषयासक्तिबाट जति जति टाढा जान्छ उति उति उसलाई ज्ञान प्राप्त हुँदै जान्छ।

गीतामा भगवान कृष्णले जुन जुन श्लोकमा धर्म भन्ने शब्दको चर्चा गर्नु भएको छ त्यो धर्म शब्द, कर्म र कर्तव्यको तात्पर्यमा लिइएको हो भन्ने कुरा श्री शंकराचार्यको गीता भाष्य जसलाई शांकर भाष्य भनिन्छ त्यसमा पनि पाइन्छ। श्री शंकराचार्य भन्नु हुन्छ–"यद्यपि अर्जुन स्वयं पहिले क्षात्रधर्म रूपले युद्धमा प्रवृत्त भएका थिए तर शोक-मोहद्वारा विवेक विज्ञान हराएर गए सरह भएपछि उनी युद्ध गर्दिन भन्दै भिक्षाद्वारा जीवन निर्वाह गर्ने जस्ता अरूहरूको धर्मको आचरण तर्फ प्रवृत्त हुन्छन्।"

श्री शंकराचार्य अगाडि भन्नु हुन्छ–"यसै प्रकार जसको चित्त शोक, मोह आदि दोषले घेरिएको छ, यस्ता सबै प्राणीहरूद्वारा स्वधर्मको त्याग तथा निषिद्ध धर्मको सेवन स्वाभाविकै हुन्छ।"

श्री शंकराचार्यका उपरोक्त व्याख्यानुसार पनि कर्म र कर्तव्य नै धर्मको पर्याय भएको स्पष्ट देखिन्छ। यस सन्दर्भमा हेर्दा भगवानले सृष्टि गर्नु भएको चार वर्ण छुट्याउने आधार कर्म र गुणको प्रवृत्ति मात्र हुन सक्दछ। भगवान भन्नु हुन्छ:

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः।
तस्य कर्तारमपि मां विद्धयकर्तारमव्ययम्॥

अर्थात्, हे अर्जुन, गुण र कर्मको विभागको आधारमा चार वर्ण म द्वारा नै रचिएका हुन्। म उनीहरूको कर्ता भएता पनि म अविनाशी भएको हुँदा अकर्ता पनि मै हूँ भनी तिमी बुझ।

अब यहाँ गुण र कर्मको विभागको तात्पर्य के देखिन्छ भने कुनै पनि मनुष्य जन्मदा उसले आफ्नो आमा बाबु छान्न पाउन्न । उ आफ्नो कर्मको अनुसार जन्मन्छ । त्यस्तै उसले कर्मको अनुसार चार वर्ण मध्ये एक वर्णको विशिष्ट क्षमता लिएर जन्मेको हुन्छ । उदाहरणार्थ, कुनै ब्राह्मणका चार छोरा छन् भने ती सबैमा ब्राह्मणत्वको विशिष्टता नआउन सक्छ । कोही ती मध्ये पाशविक हत्यारा पनि हुन सक्दछ । त्यस्तालाई भगवानले गीताको अठारहौं अध्यायमा गर्नु भएको ब्राह्मण, क्षेत्री, वैश्य र शूद्रको व्याख्या मध्ये ब्राह्मण पुत्र भए तापनि ब्राह्मणको विशिष्टता भित्र राख्न मिल्दैन । पुनः भगवानले गुणत्रयविभागयोगमा मनुष्य समुदायलाई चार वर्णबाट घटाएर तीन गुणहरू सत्व, रज, तम भित्र विभाजित गर्नुभएको छ । त्यो विभाजनलाई पनि गीताको सोरहौं अध्याय दैवासुरसम्पद्विभागयोगमा मनुष्य समुदायलाई दैवी र आसुरी प्रवृत्ति भित्र केवल दुई विभागमा पार्नु भएको छ ।

मनुष्य सत्व, रज, तम तीनै गुण भन्दा माथि पनि उठ्न सक्दछ अनि यस्तो गुणतीत पुरुषलाई अन्य मनुष्यहरूले भगवानको सगुण रूपमा अर्चना गर्दछन् । यस्तो गुणातीत पुरुषलाई अन्य मनुष्यहरूले जातिको बन्धनमा परेको पनि देख्दैनन् । हिन्दू धर्ममा कट्टर भन्दा कट्टर ब्राह्मणहरूले पनि दुई क्षत्रीयहरू, राम र कृष्णलाई भगवानको सगुणरूपमा उपासना अर्चना र आराधना गरेको हामी पाउँछौं । राम र कृष्ण पछि हेर्ने हो भने हिन्दूहरूले भगवान विष्णुको नवम अवतारका रूपमा स्वीकार गरि भएका भगवान बुद्ध जो क्षत्रीय हुनुहुन्थ्यो उहांका सर्वप्रसिद्ध शिष्यहरू सारीपुत्र र महामोगद्‌ल्यायन दुवै ब्राह्मण थिए ।

तसर्थ, मनुष्य चार वर्णमा विभाजित भएको मात्र नभई, तीन गुण र दुई प्रवृत्तिहरूमा विभाजित भएको समेत भगवान कृष्णले स्पष्ट गर्नु भएको छ र यदि मनुष्य गुणातीत भयो भने ऊ परब्रह्म परमेश्वरको सगुणरूप समेत हुन सक्ने कुरा हामीले गीताको अध्ययनबाट थाहा पाउँ

सक्दछौं । त्यसैले जब भगवानले उपरोक्त श्लोकमा गुण र कर्मको विभागको आधारमा चार वर्ण म द्वारा नै रचिएका हुन भन्नु हुँदै उनीहरूको कर्ता भएतापनि म अविनाशी भएको हुँदा अकर्ता पनि म नै हुँ तिमी बुझ भनी अर्जुनलाह भन्नु हुन्छ, त्यसको तात्पर्य भगवान गुणातीत भएको हुँदा कर्ता र अकर्ता भगवान हुने कुरा स्पष्ट बोध भएर आउँछ। गीतालाई जति जति गहिरिएर हेर्‍यो उति उति तात्विक अर्थ बुझिँदै आइन्छ ।

अब चार वर्णको सृष्टि गुण र कर्मको विभागद्वारा भगवानबाट भएको उपरोक्त श्लोकको सन्दर्भमा अर्जुनले भगवान कृष्णलाई सम्बोधन गरेको यो श्लोक हेरौं: अर्जुनले जब महाभारतको युद्धमा दुवै सेनाको वीच भगवानद्वारा रथ उभ्याइए पछि सबै गुरूजन र निकटतम सम्बन्धीहरूको हत्या आफैले गर्नु पर्ने संभवना देखे अर्जुनमा नैराश्य र विषाद उत्पन्न हुन्छ। अर्जुन भगवानलाई सम्बोधन गर्दै भन्दछन्:

गुरूनहत्वा हि महानुभावान्
श्रेयो भोक्तुं भैक्ष्यमपीह लोके ।
हत्वार्थकामांस्तु गुरूनिहैव
भुञ्जीय भोगान्रुधिरप्रदिग्धान् ।

अर्थात, हे भगवान म आफ्ना महानुभाव गुरूजनहरूलाई नमारेर बरू यस लोकम भिक्षाको अन्न खानु कल्याणकारक ठान्दछु, किनकि गुरूजनहरूको हत्या गरेपछि यस लोकमा उहाँहरूकै रगतले मुछिएको अर्थ र कामरूप भोग नै त मैले भोग्ने हूं ।

उपरोक्त श्लोकमा अर्जुनले स्पष्टत: क्षत्रीयहरूलाई निर्धारित कर्म जो युद्ध गर्ने पनि हो त्यसैलाई परित्याग गरी अरूहरूको कर्म कर्तव्य अर्थात् भिक्षाटन गर्ने प्रवृत्ति देखाउन खोज्नु कर्तव्य च्युत हुन खोजेको स्पष्ट देखिन्छ। गीताको मूल उपदेश कर्म, भक्ति ज्ञान मध्ये कर्ममा निष्काम रूपले निर्धारित कर्म

कर्तव्य गर्नु हो । अनि मात्र देश र समाज तथा व्यक्ति समेतको विकास हुन्छ । जस्तो, आजको युगको उदाहरण लिउँ । यदि डाक्टरले आफ्नो निर्धारित कर्म कर्तव्य छाडी इन्जीनियरको कर्म कर्तव्य गर्न खोज्यो भने त्यस्तो समाजमा विश्रृंखलतावाहेक विकास हुन सक्दैन । वर्ण व्यवस्थालाई पनि हामीले निर्धारित कर्म कर्तव्य भित्र मनुष्य समुदायको विभाजित सामूहिकरण हो भनी बुझ्यौं भने हामीलाई भगवान कृष्णको अलौकिक उपदेश बुझ्न गहारो हुने छैन ।

श्री कृष्णायनमः

क्षेत्र, क्षेत्रज्ञ र तीन गुणहरू

परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवानका श्री कृष्णले अर्जुनलाई विश्वरूप दर्शन दिनुभएपछि भगवानका भक्तहरूको विशेष लक्षणहरुको चर्चा गर्नु भयो । तर पनि अर्जुनको मोह नष्ट हुन नसकेको देख्नु भएर अरू विभिन्न उदाहरणद्वारा अर्जुनको मोह नष्ट गर्ने क्रममा मनुष्यको शरीरलाई क्षेत्र र यसको ज्ञातालाई क्षेत्रज्ञको संज्ञा दिनु हुँदै अर्जुनलाई भन्नुभयो :

इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते ।

एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ।।

अर्थात, हे अर्जुन, यो शरीर भनेको क्षेत्र हो भनी भनिन्छ एवं यसको जो ज्ञाता छ त्यसलाई तत्ववेत्ता ज्ञानीहरू क्षेत्रज्ञ भनी भन्दछन् ।

यस श्लोकमा शरीरलाई क्षेत्र भनी सम्बोधन गरेको विषयको दुइ तात्पर्य बोध गर्न सकिन्छ । पहिलो हो शरीर नै आत्माको कर्म क्षेत्र हो तथा यसै शरीरको अंश इन्द्रियहरूलाई विषयासक्ति तर्फ कुप्रवृत्त हुनबाट बचाउन सकियो भने आत्मबोधको प्रक्रयामा मनुष्य लाग्न सक्दछ । दोस्रो तात्पर्य, यो शरीरलाई खेतको उपमाका रूपमा लिन सकिन्छ । कुनै पनि खेतमा विषको बिउ रोपेर हामी आँप अथवा अंगुर जस्तो मीठो फल प्राप्त होस भन्ने आशा गर्न सक्दैनौं । विषको बिउबाट विष कै वृक्ष उत्पन्न हुन्छ एवं विष कै फल प्राप्त हुन्छ । त्यस्तै हामीले यदि आफ्नो शरीरमा निरन्तर कुप्रवृत्तिलाई वास गराई राख्यौं भने हामीले कुप्रवृत्तिमूलक कार्यहरू बढी गर्दै जान्छौं । हामीमा वस्तुतः कुप्रवृत्ति गर्ने आदत बढ्दै जान्छ ।

यसै श्लोकमा क्षेत्रज्ञ भनेको आत्मालाई तात्पर्य रूपमा बुझ्नु पर्दछ ।

जस्तो खेत भएपछि त्यस खेतको स्वामी नभएमा त्यसमा खेती हुन सक्दैन, त्यस्तै शरीर रूपी खेतको पनि स्वामी हुन्छ जसलाई आत्मा भनिन्छ। जसरी खेत स्वयम्ले खेती गर्न सक्दैन, त्यसमा खेती गर्ने, बिउ रोपने, पानी पटाउने र झारपात उखेल्ने काम खेतको स्वामीबाट हुन्छ, त्यस्तै मनुष्यको स्थिति मध्ये क्षणिक व्यक्तको स्थितिमा जन्म, स्थिति, वृद्धि देखि लिएर क्षय र विनाससम्म शरीरलाई संचालन गर्ने तथा त्यो संचालनको विषय थाहा पाउने क्षेत्रज्ञ आत्मा नै हो जसको कहिले पनि नाश हुँदैन। आत्मा अविनाशी भएको चर्चा गर्दै भगवान भन्नु हुन्छ :

अच्छेद्योऽयमदाह्योऽयं अक्लेद्योऽशोष्य एव च ।
नित्यः सर्वगतः स्थाणुः अचलोऽयं सनातनः ।।

अर्थात, हे अर्जुन, यो आत्मालाई काटन सकिन्न, यसलाई जलाउन सकिन्न, यसलाई भिजाउन सकिन्न, यसलाई सुकाउन सकिन्न, यो आत्मा निःसन्देह पनि नित्य, सर्वव्यापक, अचल, स्थिर एवं सनातन छ।

आत्मालाई भगवानले नित्य, सर्वव्यापक, अचल, स्थिर एवं सनातन किन भन्नु भएको त ? यसको उत्तर भन्दा अघि हामीले व्यक्त र अव्यक्त बुझ्ने प्रयत्न गर्नु पर्दछ। व्यक्त वस्तु मनुष्यको इन्द्रियद्वारा बोधगम्य हुन सक्दछ। अव्यक्त वस्तु अथवा विषय, इन्द्रियद्वारा बोधगम्य हुन सक्दैन। आत्मालाई शरीररूपी क्षेत्रका इन्द्रियहरूले थाहा पाउन सक्दैनन्। यो कुनै निश्चित ठाउँमा मात्र नहुने र सर्वव्यापक भएको हुँदा, मनुष्यको इन्द्रियलाई बोधगम्य हुँदैन। त्यसै गरी, उदाहरणार्थ, स्थान परिवर्तन गर्न सक्ने वस्तुमा मात्र गति हुन्छ। तर, आत्मा सर्वव्यापक भएको हुनाले यसमा गति हुन सक्दैन र यो स्थिर तथा अचल हुन्छ। त्यसै गरी हामीले आत्मालाई समयको माप भित्र पार्न सक्दैनौं र यसै कारण यो नित्य हुन्छ। वास्तवमा, ब्रह्म र आत्माको अद्वैत हुने हुँदा नै ब्रह्मको प्रकृति र आत्माको प्रकृतिमा द्वैतता हुन सक्दैन।

शरीररूपी क्षेत्रको तत्त्व जान्नेलाई क्षेत्रज्ञ भनिएको व्याख्यालाई श्री शंकराचार्यले अरू व्यापक अर्थमा लिनु हुन्छ र "क्षेत्रज्ञंमां परमेश्वरम्" भनी भन्नुहुन्छ। अर्थात, क्षेत्रज्ञ त परमेश्वर नै हो। श्री शंकराचार्य अगाडी भन्नु हुन्छ: यद्यपि क्षेत्रज्ञ सबै सीमाहरूबाट रहित छ तापनि, ऊ सर्वव्यापक भएको हुँदा यसको परिभाषा कुनै प्रकारको श्रेणीका रूपमा गर्न सकिन्न।

क्षेत्र र क्षेत्रज्ञको ज्ञानलाई त्यसैले भगवान सच्चा ज्ञान हो भनी भन्नु हुन्छ।

क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत।
क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं य-तज्ज्ञानं मतं मम ॥

अर्थात, हे भारत अर्थात अर्जुन, तिमीले सबै क्षेत्रहरूमा मलाई नै क्षेत्रज्ञ ठान। क्षेत्र र क्षेत्रज्ञको ज्ञानलाई म सच्चा ज्ञान भन्ठान्दछु।

तात्पर्य के भने, क्षेत्रज्ञ नै परमात्मा हो, यही नै ब्रह्म चेतना हो। यसको अस्तित्त्व विना न त प्रकृतिको अस्तित्त्व बुझ्न सकिन्छ त त जिवात्मा नै। सम्पूर्ण जगत परमात्माको विवर्त हुन पनि परमात्माकै प्रतापमा आधारित हुनु पर्दछ। तसर्थ, प्रकृति र पुरुषको ज्ञान नै सर्वोच्च ज्ञान हुन सक्दछ।

क्षेत्रज्ञ अर्थात परमात्मा सम्बन्धी ज्ञानले मनुष्य जन्म–मरणका बन्धनबाट मुक्त हुन सक्दछ। यस सम्बन्धमा श्वताश्वतर उपानषदमा भानएका छ :

स विश्वकृद् विश्वविदात्म योनि–
र्ज्ञ. कालकालो गुणी सर्वविद् यः ।
प्रधान क्षेत्रज्ञ पतिर्गुणेशः
संसार मोक्ष स्थिति बन्ध हेतुः ॥

अर्थात, ऊ ज्ञानस्वरूप परमात्मा, सर्वस्रष्टा, सर्वज्ञ, स्वयम् नै आफ्नो प्राकट्यको हेतु, कालका पनि महाकाल, सम्पूर्ण दिव्यगुणले सम्पन्न हुनुहुन्छ। उहाँ नै प्रकृति तथा जीवात्माको स्वामी हो, समस्त गुणहरूको शासक हो एवं जन्म–मृत्यु रूपी संसारमा बाँधने, स्थित राख्ने र मुक्त गर्ने पनि उहाँ नै हो।

तात्पर्य के भने, परमात्मालाई अरूले प्रकट गर्न नसक्ने हुँदा, उहाँको प्रकट हुने कारण परमात्मा स्वयम् हो । परमात्मा नै सम्पूर्ण जगतका स्वामी हुनु हुने हुँदा, उहाँको कृपा प्राप्त नभई कसैले पनि मोक्ष प्राप्त गर्न सक्दैन । यस्ता सर्वत्र परिपूर्ण परमेश्वरबाट रक्षा हुनजेल मात्र, जगतको अस्तित्त्व रहन सक्दछ र यसै कारणले क्षेत्ररूपी शरीरको अस्तित्त्व क्षेत्रज्ञ रूपी परमात्माको आसिर्वादमा मात्र भर पर्दछ ।

गीताले मूलतः जीवात्मा, परमात्मा तथा जीवात्मा र परमात्माका बीचको तादात्म्यको विस्तृत व्याख्या गरेको छ । भगवान श्रीकृष्णले बांरबार मनुष्यले कसरी सदगुणको माध्यमद्वारा जीवात्मा र परमात्माका बीच तदाकार स्थापित गर्न सक्दछ भनी चर्चा गर्नु भएको छ र भन्नु भएको छ, जसले यसतो सद्गुणको मार्ग लिएन त्यसले आफ्नो विनास आफै गर्दछ । भगवानले आफ्नो उपदेशको माध्यमद्वारा हामीलाई आफ्नै हातले आफ्नो विनाशबाट कसरी आफूलाई बचाउन सकिन्छ त्यसका उपायहरू बताउनु भएको छ ।

यसै क्रममा भगवानले जीवात्मालाई शरीरको बन्धनमा राख्ने प्रकृतिका तीन गुणहरूको ज्ञान हुने स्थितिलाई उत्तम ज्ञान हो भन्ने संज्ञा दिंदै भन्नु हुन्छः

परं भूयः प्रवक्ष्यामि ज्ञानानां ज्ञानमुत्तमम् ।
यज्ज्ञात्वा मुनयः सर्वे परां सिद्धिमितो गताः ।।
इदं ज्ञानमुपाश्रित्य मम साधर्म्यमागताः ।
सर्गेऽपि नोपजायन्ते प्रलये न व्यथन्ति च ।।

अर्थात, हे अर्जुन, अब म तिमीलाई ज्ञानमा पनि उत्तम ज्ञान बताउंछु जसलाई जानेर नै सबै मुनिहरू यस संसारबाट मुक्त भएर परमसिद्धि प्राप्त गर्न सकेका छन् ।

यस ज्ञानको आश्रयद्वारा मेरो स्वरूपलाई प्राप्त गरेका पुरुष सृष्टिको प्रारम्भमा पुन जन्मदैनन् न त प्रलयकालमा व्याकुल नै हुन्छन् ।

तात्पर्य के देखिन्छ भने यस्ता ज्ञानी पुरुषहरूले भगवान बाहेक अ

केही होइन भन्ने वास्तविक तथ्यलाई बुझेर आफ्नो जीवनको आचरण त्यसै अनुकूल बनाउँछन् । भगवानले गीतामा वारंबार मनुष्यलाई आचरणको परिशुद्धि गर्नुपर्ने आवश्यकता माथि जोड दिनु भएको छ । वास्तवमा आचरणको परिशुद्धि नै आत्मबोध र ब्रह्मज्ञानको दिशा तर्फको पहिलो खुडकिलो हो । अर्थात, जसको आचरण शुद्ध छैन त्यसले ज्ञान प्राप्त गर्न सक्दैन । त्यसैले गीतामा धर्मलाई निर्धारित कर्म कर्तव्यको पर्यायका रूपमा प्रयोग गरिएको छ । कुनै मनुष्यले पनि आफूलाई विषयासक्ति भन्दा माथि उठाउन नसके ऊ ज्ञान प्रवृत्त हुन सक्दैन र त्यस्तै उसले आफ्नो आचरणको परिशुद्धि नगरी ऊ विषयासक्ति भन्दा स्वतन्त्र हुन सक्दैन । मनुष्य प्रकृतिका गुणहरू भन्दा स्वतन्त्र हुन सक्यो भने मात्र ऊ गुणतीत हुन पुग्दछ अनि जीवात्मा शरीरको बन्धनबाट मुक्त हुन्छ एवं ब्रह्मसित तादात्म्य स्थापित गर्न पुग्दछ ।

यसरी जीवात्मालाई शरीरको बन्धन भित्र राखी छाडने गुणहरू कस्ता हुन्छन् त ? यस सम्बन्धमा भगवान भन्नु हुन्छ :

सत्त्वं रजस्तम इति गुणाः प्रकृतिसंभवाः ।
निबध्नन्ति महाबाहो देहे देहिनमव्ययम् ।।

तत्र सत्त्वं निर्मलत्वात्प्रकाशकमनामयम् ।
सुखसङ्गेन बध्नाति ज्ञानसङ्गेन चानघ ।।

रजो रागात्मकं विद्धि तृष्णासङ्गसमुद्भवम् ।
तन्निबध्नाति कौन्तेय कर्मसङ्गेन देहिनम् ।।

तमस्त्वज्ञानजं विद्धि मोहनं सर्वदेहिनाम् ।
प्रमादालस्यनिद्राभिस्तान्निबध्नाति भारत ।।

अर्थात, हे महावाहु अर्जुन, सत्त्वगुण, रजोगुण र तमोगुण, यी तीनै गुण प्रकृतिबाट उत्पन्न भएका हुन् र यी तीनै गुणले अविनाशी जीवात्मालाई शरीर बन्धनमा बाँधदछन् ।

हे निष्पाप अर्जुन, ती तीन गुणहरू मध्ये सत्त्वगुण निर्विकार भएको

हुँदा प्रकाशको कारण हो तापनि, सत्त्वगुणले आनन्द र ज्ञानका प्रतिको आसक्तिले गर्दा मनुष्यलाई ज्ञानको अभिमानले बन्धनमा पार्दछ ।

हे कुन्तिपुत्र अर्जुन, रागरूपी रजोगुणको उत्पत्ति कामना र आसक्तिबाट हुन्छ र त्यसैले जिवात्मालाई यसले कर्म एवं तिनको फलको आसक्तिले बन्धनमा पार्दछ ।

हे भारत अर्थात अर्जुन, सबै देहाभिमानीहरूलाई मोहमा पार्ने तमोगुणको उत्पत्ति अज्ञानबाट हुन्छ र यसले जीवात्मालाई प्रमाद, आलस्य तथा निद्राको बन्धनमा बाँधदछ ।

प्रश्न उठन सक्दछ, असङ्ग, निष्क्रय र निराकार आत्मा शरीरको बन्धनमा कसरी पर्न सक्दछ त ? जब सम्म हामी कर्मफलबाट मुक्त हुने उपाय तर्फ लाग्दैनौं, हामीलाई जीवात्मा बन्धन भित्र रहेको प्रतीति हुन्छ। कर्मफलका प्रतिको आसक्ति नै हाम्रो अज्ञानको कारण हो । अज्ञान जनित आत्मबन्धनका सम्बन्धमा श्री शंकराचार्य विवेक चूडामणिमा भन्नु हुन्छ :

अज्ञानमूलोऽयमनात्मबन्धो
नैसर्गिकोऽनादिरनन्त ईरितः ।
जन्माप्ययव्याधिजरादिदुःख–
प्रवाहपातं जनयत्यमुष्य ।।

अर्थात, यो अज्ञान जनित आत्मबन्धनलाई स्वाभाविक तथा अनादि र अनन्त भनिएको छ । यसैले नै जीवको जन्म, मरण, व्याधि तथा वृद्धावस्था आदि दुखहरूको प्रवाह उत्पन्न गर्दछ ।

भगवान श्रीकृष्णले जुन सत्त्व, रज तथा तम यी तीन गुणहरूको चर्चा गर्नु भएको छ तिनका सम्बन्धमा गंभीरतापूर्वक विचार गर्‍यो भने थाहा हुन्छ, यो अनित्य शरीरको ढाँचा भित्र जीवात्मा रहुनजेल मात्र गुणहरूको प्रभावमा जीवात्मा भए जस्तो भान हुन्छ । जीवात्मा त अपरिवर्तनीय र शाश्वत हो । त्यसैले जब मनुष्य ती तीनै गुण भन्दा माथि उठेर गुणतीत हुन्छ, त्यस्ता पुरुष-

को जीवात्मालाई गुणहरूले बन्धनमा पार्न सक्दैनन् । अर्थात उसमाथि प्रभाव पार्न नसक्ने हुँदा उ फलासक्तिबाट पूर्णरूपले मुक्त हुन्छ ।

यी तीनै गुणहरू मध्ये सत्त्व गुण सर्वश्रेष्ठ हो । यसले सुख र ज्ञानको उत्पत्ति गर्दछ तर, मनुष्यलाई सत्त्व गुणले उत्पन्न गर्ने सुख र ज्ञान पनि बन्धनको कारण हुन पुग्दछ जब मनुष्य म सुखी छु, म ज्ञानी छु भन्ने अभिमान-मा पर्दछ ।

जहाँ सम्म रजोगुणको प्रश्न छ त्यो तृष्णाको मूल कारण भएको हुनाले जीवात्माको बन्धनको कारण स्वाभाविक रूपले नै हुने भयो ।

तीनै गुणहरू मध्ये सबै भन्दा तल्लो श्रेणीको बन्धन कारक गुण, तमो-गुण हो– कारण यसले मूलतः प्रमाद अर्थात असावधानी र भारी भूलहरू एवं आलस्य अर्थात शिथिलता तथा स्फूर्तिको अभाव ल्याउँछ । मनुष्य प्रमादी र आलसी भयो भने उसमा बढी निदाउने आदत हुन्छ जसले गर्दा बुद्धिको चाहिने जति प्रयोग हुन सक्दैन । त्यसैले तमोगुणी मनुष्य स्वभावतः उन्नति भन्दा टाढा हुन्छ । उसले आफ्नो अस्तित्त्व समेत बुझ्न नसक्ने हुँदा, भगवानको महत्ता पनि बुझ्न सक्दैन ।

श्रीकृष्णायनमः

स्वयम् प्रकाश आत्मा र त्यसको नित्यानन्दस्वरूप

दिउसोको उज्यालो पछि रात्रीको अंधकार आउने कुरा पूर्ण निश्चित हुने हुँदा, यसका प्रति जसरी कसैले पनि शोक गर्दैन, त्यस्तै जीवन पछि मृत्यु निश्चित भएको हुँदा, यसका प्रति पनि कसैले शोक गर्नु हुन्न । अर्जुनले जब युद्ध क्षेत्रमा आफ्ना स्वजनहरूको हत्या हुने कारणले गर्दा उनीहरूको संभावित मृत्युमाथि चिन्ता गर्न थाले तब परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्रीकृष्णले अर्जुनको चिन्ता हटाउने क्रममा अर्जुनलाई संझाउँदै भन्नुभयो :

"गतासूनगतासूंश्च नानुशोचन्ति पण्डिताः" ।

अर्थात, ज्ञानी पुरुषहरू न त मृतका निमित्त न त जीवितका निमित्त नै शोक गर्दछन् ।

आत्मा अविनाशी हो, त्यसैले उसको मृत्यु हुन्न । शरीरको विनाश जसलाई हामी मृत्युको संज्ञा दिन्छौं, त्यस स्थितिमा शरीर पुग्दा आत्मामा कुनै अन्तर आउँदैन । त्यसैले भगवान भन्नु हुन्छ :

देहिनोऽस्मिन्यथा देहे कौमारं यौवनं जरा ।
तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुह्यति ।।

अर्थात, जसरी यस देहमा जीवात्मा कुमार, युवा र वृद्धावस्थामा रहन्छ, त्यसरी नै ऊ अन्य शरीर प्राप्त गर्दछ, यस विषयमा धीर पुरुषहरू मोहित हुन्नन् ।

तात्पर्य के भने कुमार अवस्था, युवावस्था अथवा वृद्धावस्थामा देखिने परिवर्तनहरू शरीरको परिवर्तन मात्र हो, आत्माको होइन। त्यसैले यो सत्यलाई स्वीकार गर्ने पुरुष कुनै परिस्थितिमा पनि विचलित हुन्न–मृत्यु रूपी परिस्थिति समेतमा। आत्माको नित्यताको व्याख्या गर्दै भगवान भन्नु हुन्छः

न त्वेवाहं जातु नासं न त्वं नेमे जनाधिपाः।
न चैव नभविष्यामः सर्वे वयमतः परम्॥

अर्थात, हे अर्जुन, कुनै पनि कालमा म नभएको अथवा तिमी नभएको अथवा यी राजाहरू नभएको होइन एवं यसपछि पनि हामी सबै नरहने होइन।

तात्पर्य के भने, हाम्रो स्थूल शरीर त संसार रूपी रंगमंचमा नाटकको पात्र सरह हो। आत्मा सर्वव्यापी भएको हुँदा एक शरीरबाट अर्को शरीरमा प्रवेश गर्दछ र यसैले आत्माको नाश हुने प्रश्न नै उठ्दैन। कारण, आत्मा र ब्रह्ममा अद्वैत भएको हुँदा आत्मा त सच्चिदानन्द नै हो। तथापि, माया अथवा अविद्याको कारणले गर्दा यो उपाधिहरूमा लिप्त हुन्छ। यी उपाधिहरू हुन्, प्राण, मन, इन्द्रियहरू, स्थूल शरीर र स्थूल जगत।

कर्मेन्द्रिय र ज्ञानेन्द्रियहरूको समवेदना मनले ग्रहण गर्दछ। र समवेदना उत्पन्न गर्ने विषय यो दृष्य जगत नै हो। उपनिषदहरूको व्याख्या अनुसार आत्मालाई वेष्टित गर्ने पाँच आवरणहरू छन्, जसलाई कोश भनिन्छ। यी पाँच कोषहरूका बेग्ला बेग्लै अर्थ छन्:

पहिलो हो, अन्तमय कोश जसद्वारा स्थूल शरीरको बोध हुन्छ।
दोस्रो हो, प्राणमय कोश, शरीरमा गति उत्पन्न गर्ने श्वास–प्रश्वासलाई जसले बोध गराउँछ।
तेस्रो हो, मनोमय कोश, जसले मनुष्यको संकल्प विकल्प निर्धारित गर्दछ।
चौथो हो, विज्ञानमय कोश। यसका सम्बन्धमा श्री शंकराचार्य विवेक चूडामणिमा भन्नु हुन्छः

बुद्धिर्बुद्धीन्द्रियैः सार्धं सवृत्तिः कर्तुलक्षणः ।
विज्ञानमयकोशः स्यात्पुंसः संसारकारणम् ।।

अर्थात, ज्ञानेन्द्रियहरूकासाथ वृत्तियुक्त बुद्धि नै कर्तापनको स्वभ
भएको कोष हो, जो मनुष्यको जन्म मरण रूपी संसारको कारण हो ।

पाँचौ हो, आनन्दमय कोश, जसले दुखबाट मुक्ति प्रदान गर्दछ
श्री शंकराचार्यका अनुसार, आत्मा, यी पाँचै कोश भन्दा पृथक, स्वयम् प्रका
निर्विकार, निर्मल र नित्यानन्द स्वरूप हुन्छ ।

आत्मा सत हो त्यसैले चैतन्य हो अर्थात ब्रह्म हो । प्रज्ञालाई
भनिएको कारण पनि त्यही हुनु पर्दछ । भगवान कृष्णले सत् र असत
व्याख्या गर्दै भन्नु हुन्छः

नासतो विद्यते भावो नाभावो विद्यते सतः ।
उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्वदर्शिभिः ।।

अर्थात, असत वस्तुको त कुनै अस्तित्व नै छैन र सत वस्तुको अ
छैन । यस विषयको ज्ञान तत्वज्ञानी पुरुषहरूलाई थाहा छ ।

तात्पर्य के भने, वस्तुको वास्तविकतालाई बुझ्नसक्ने व्यक्ति तत्व
ज्ञानी हुन्छ । सत र असतमा भेद गर्न नसक्ने पुरुष ज्ञानी हुन सक्दैन ।

जो पुरुष ज्ञानी छ त्यसलाई स्थूल शरीर र त्यससित सम्ब
द्वन्दहरू अनित्य हुन् भन्ने थाहा हुन्छ । तर जो मनुष्य ज्ञानी छैन त्यसले
असत विषयमा पनि सत् देख्दछ । स्थूल शरीर त जन्म भन्दा अघि र मृत्यु
पछि दुइ अव्यक्तको स्थिति मध्ये क्षणिक व्यक्त मात्र हो । जो क्षणिक हुन्छ, त्य
हुन सक्दैन । जसले यो अनित्यतालाई बुझ्न सक्यो त्यो पुरुष नै वास्
तत्वदर्शी हुन्छ । एवं यस्ता तत्वदर्शीको ज्ञानले मात्र नित्य विषय
सत् के हो; त्यसका प्रति विवेक प्रयोग गर्न सक्दछ । असत क्षणिक
हुँदा त्यसको नाश हुन्छ । यस सम्बन्धमा भगवान भन्नु हुन्छः

अविनाशि तु तद्विद्धि येन सर्वमिदं ततम् ।
विनाशमव्ययस्यास्य न कश्चित्कर्तुमर्हति ।।

अर्थात, हे अर्जुन, तिमीले नाशरहित त्यसलाई जान जसद्वारा यो संपूर्ण जगत व्याप्त छ, किन भने यसतो अविनाशीको विनाश गर्न कोही पनि समर्थ छैन ।

. तात्पर्य के भने, जस्तो कुनै कालो बादलको टुक्राले सूर्यको नाश हुने होइन, त्यस्तै हाम्रो अविद्याले ब्रह्म र आत्माको नाश हुने होइन । जस्तो सूर्यलाई ढाक्ने बादलको टुक्रा हट्नासाथ सूर्य आफ्नो प्रखर तेजका साथ पुन: देखिन्छ, त्यस्तै अज्ञान र अविद्या हटेर सतको ज्ञान हुनासाथ ब्रह्म र आत्माको ज्ञान हुन सक्छ ।

श्रीकृष्णाय नम:

भगवानका विभिन्न नामहरू र तिनको महत्व

परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणारूप भगवान श्रीकृष्ण-लाई गीतामा चालीस विभिन्न नामहरूले संबोधन गरिएको छ। यी नामहरू मध्ये कृष्ण भनी सम्वोधन गरिएको नउ पल्ट आउँछ। त्यस पछि क्रमैले जनार्दन ६ पल्ट, केशव र मधुसूदन—चार चार पल्ट, अच्युत, जगन्निवास, देवेश, पुरूषोत्तम र महाबाहो तीन तीन पल्ट, देव, प्रभो, भगवान, महात्मन, वार्ष्णेय, विष्णु र हृषीकेश दुइ दुइ पल्ट तथा अनन्त, अनन्तरूप, अनन्तवीर्य, अप्रतिभ प्रभाव, अरिसूदन, कमल पत्राक्ष, केशिनिषूदन, गोविन्द, जगतपते, देववर, परमेश्वर, भूतभावन, भूतेश, माधव, यादव, योगिन्, योगेश्वर, विश्वमूर्ते, विश्वरूप, विश्वेश्वर, सखे, सर्व र सहस्रबाहो भनी एक एक पल्ट सम्बोधन गरिएको छ। भगवानलाई सम्वोधन गरिएका यी विभिन्न नामहरूको अर्थवाट भगवानको सर्व व्यापकता र सर्व शक्ति सम्पन्नताको स्पष्ट बोध भएर आउँछ। यी सम्बोधनहरूको अर्थ यस प्रकार छः आफ्नो श्री एवं तेजवाट च्युत नहुने एवं आफ्नो महिमामा नित्य स्थित, सीमारहित, अनन्तरूप भएका, अनन्त सामर्थ्य भएका, अतुलनीय प्रभाव भएका, शत्रुहरूमा संहार कर्ता, कमल पत्र समान नेत्र भएका, श्याम सुन्दर, केशि दैत्यका संहारक, संपूर्ण प्राणीहरूको मनको कुरा थाहा पाउने, समस्त संसारका स्वामी, देवताहरूमा सर्वश्रेष्ठ, देवताहरूका प्रभु, सर्वोपरि सर्वैश्वर्यमान स्वामी, समस्त पुरुषहरूमा श्रेष्ठ, सर्वसमर्थ, सम्पूर्ण ऐश्वर्य, धर्म, यश, श्री, ज्ञान तथा वैराग्य

रूप छ दिव्य लक्षगहरूले सदैव सम्पन्न, सम्पूर्ण प्राणीहरूका स्वामी, मधुनामक दैत्यका संहार कर्ता, महान आत्मा, विशाल भुजाहरू भएका, लक्ष्मीपति, यदुवंशमा अवतार लिनु भएका, संपूर्ण योगहरूद्वारा सदा स्वाभाविक रूपले सम्पन्न, सबै योगहरूका स्वामी, वृष्णि वंशमा अवतार लिनु भएका, विराट स्वरूप, समस्त संसारका स्वामी, सर्वव्यापक, सर्वरूप, इन्द्रियहरूका स्वामी अर्थात् अन्तरयामी प्रभु । प्रतीकात्मक रूपमा भगवानका यी सबै नामको व्यापकता हामीले बुझ्यौं भने निश्चय पनि हामीलाई भगवान कृष्णको महत्ता बुझ्न गहारो हुने छैन ।

गीता जस्तो प्रेरणादायी स्वर्ग सदृश उपदेश भगवान कृष्णले दिनु भएकोले नै र यस्तो महान उपदेश कुनै अलौकिक पुरुषले मात्र दिन सक्ने हुँदा तथा भगवान कृष्णको जीवनका अन्य दिव्य चरित्रहरूको उदाहरण भएकोले नै भगवान कृष्णलाई ईश्वरका अवतारका रूपमा मानियो ।

यस भन्दा अघि अर्चना क्रममा अच्युत, माधव, गोविन्द आदि नामले सम्बोधन गरिएको विषयलाई लिएर ती नामहरूको प्रतीकात्मक अर्थको चर्चा गरिएको थियो । अब भगवानलाई सम्बोधन गरिएका केही अन्य नामहरूको प्रतीकात्मक अर्थ हेर्ने प्रयत्न गरौं ।

उदाहरणार्थ, भगवान कृष्णलाई अनन्त भनी सम्बोधन गरिएको शब्दलाई हेरौं । अनन्तको अर्थ हुन्छ अन्त रहित । अव्यक्त प्रकृतिलाई पनि अनन्त भनिन्छ । भगवान स्वयम अव्यक्त हुनु भएकोले उहाँलाई यसरी अनन्त भनी सम्बोधन गरिएको हुनु पर्दछ । साथै, भगवान काल सापेक्ष पनि नहुनु भएको तथा कारण सापेक्ष पनि नहुनु भएकोले समेत भगवानलाई अनन्त भनी सम्बोधन गरिएको हो । त्यसैले भगवान कृष्णलाई महाभारतमा पनि मानवीय नायकको रूपका साथै भगवान विष्णुको पूर्णावतारका रूपमा लिइएको हो भन्ने स्पष्ट भएर आउँछ । भागवत धर्ममा त उहाँ पूर्णावतारका

रूपमा लिइनु भएको मात्र नभई उपास्य देवका रूपमा पनि लिइनु भएको छ। ज्ञान, कर्म र भक्तिको समन्वय नै भागवत धर्म हो भनी भनिन्छ, जुन विचारका प्रवर्तक भगवान कृष्ण स्वयम् हुनुहुन्थ्यो।

अब, भगवानको अर्को सम्बोधन गरिएको शब्द केशव लिउँ। भागवत पुराणमा केशव नै परब्रह्मको शक्ति भनिएको छ। त्यस्तै विश्वको प्रकाशमय तथा कल्याणकारी शक्तिहरूको प्रतीक "देव" हो। यो नै विश्वको मूल तत्व हो। यस तत्त्वलाई विभिन्न नामले सम्बोधन गरिन्छ। त्यसैले भनिन्छः "एको देवः केशवो वा शिवो वा"।

भगवानलाई पुरुषोत्तम भनिएको छ। पुरुषका तीन रूप मानिन्छ। क्षर पुरुष, अक्षर पुरुष र पुरुषोत्तम। पुरुषोत्तम नै विश्वको मूल एवं परमत्त्व हो। तथा यस्तो परमतत्त्व निश्चय पनि भगवान बाहेक अरू कोही हुन सक्दैन।

भगवानलाई विष्णु भनी सम्बोधन गरिएको छ। भगवान विष्णुका सहस्रनाम छन्। यी नामहरूको महत्वको व्याख्या श्री शंकराचार्यले गर्नु भएको छ। विष्णुको प्रसिद्ध नाम 'हरि' हो, जसको अर्थ हुन्छ दुख, दारिद्र्य, पाप आदि हरण गर्ने। यसरी हामी देख्दछौं, भगवान कृष्णलाई गीतामा विभिन्न नामले जसरी सम्बोधन गरिएका छन्, ती सबै नामका प्रतीकात्मक अर्थ छन् एवं सबै नामको समग्रताले भगवानको सर्व व्यापकता र सर्व शक्तिसम्पन्नताको बोध गराउँछ।

भगवानलाई योगेश्वर भनी सम्बोधन गरिएको उल्लेख गीताको अन्तिम श्लोकमा आउँछ। यसमा संजयले धृतराष्ट्रलाई भन्दछन्।

यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः।
तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम।।

अर्थात्, जहाँ योगेश्वर श्रीकृष्ण भगवान हुनुहुन्छ तथा जहाँ धनुषधारी अर्जुन छन्, त्यहाँ विजय, विभूति यथा अचल नीति हुन्छ भन्ने

मेरो मत छ। यो श्लोक, अर्जुनले अफ्नो मोह नष्ट भयो र अब भगवानले उपदेश दिनु भए अनुसार कर्म कर्तव्य गर्नेछु भने पछि आएको हो। तसर्थ, मोह माथि विजय प्राप्त गरेको मनुष्यलाई यदि भगवानको आसिर्वाद प्राप्तछ भने उसले गरेको कार्यले निश्चय पनि समृद्धि र विजय ल्याउनेछ भनी प्रतीकात्मक अर्थमा सम्पूर्ण मानव समुदायलाई संजयले बताएका हुन्। भगवान गोगेश्वर हुनु भएको हुँदा, मनुष्यमा हुने चारै पुरुषार्थहरू, धर्म, अर्थ, काम तथा मोक्ष सबै भगवानको कृपाले मात्र हुन्छन्। वास्तवमा योगको अन्तिम लक्ष नै भगवानसित युक्त हुनु अथवा मोक्ष हो।

श्रीकृष्णायनमः

शरीरका विकारहरू र आश्चर्यकारी आत्मतत्त्व

परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्रीकृष्णले गीताको तेह्रौं अध्यायको पांचौं र छैठौं श्लोकमा शरीररूपी क्षेत्रका एग्यारह इन्द्रियहरू, पाँच महाभूतहरू, तथा इच्छा, द्वेष, सुख, दुख आदि शरीरका प्रधान विकारहरूको चर्चा गर्नु भएको छ। भगवान भन्नु हुन्छः

महाभूतान्यहंकारो बुद्धिरव्यक्तमेव च ।
इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रियगोचराः ॥
इच्छा द्वेषः सुखं दुखं संघातश्चेतना धृतिः ।
एतत्क्षेत्रं समासेन सविकारमुदाहृतम् ॥

अर्थात्, हे अर्जुन, पाँच महाभूत अर्थात् आकाश, वायु, अग्नि, जल र पृथ्वीका सूक्ष्म भाव, अहंकार, बुद्धि तथा त्रिगुणमयी माया, दस इन्द्रियहरू र एक मन, तथा इन्द्रियहरूका पांच विषयहरू-शब्द, स्पर्श, रूप, रस र गन्ध, शरीरका विकारहरू, इच्छा, द्वेष, सुख र दुख तथा संघात, चेतना र धृति आदि सहित यो क्षेत्ररूपी जुन शरीर हो त्यसका विषयमा सक्षेपमा भानएको हो।

हामीले उपरोक्त दुवै श्लोकको तात्त्विक अर्थ बुझ्न भन्दा अघि पंच तत्त्वका स्थूल तत्त्व तथा सूक्ष्म तत्त्वहरू बुझ्नु पर्दछ। पांच महाभूत हुन्, आकाश, वायु, तेज, जल र पृथ्वी। र यिनका सूक्ष्म तत्त्व जसलाई तन्मामात्रा भनिन्छ ती हुन् शब्द, स्पर्श, रूप, रस र गन्ध। अहंकार

चित्तको विकार हो । जब विशुद्ध चेतना आफूलाई भौतिक चेतनाका रूपमा संज्ञन थाल्छ त्यस बेला अहंकारको उत्पत्ति हुन्छ ।

त्यस्तै अव्यक्त भनेको मूल प्रकृति हो जसबाट बुद्धिको उत्पत्ति हुन्छ । प्रकृतिको विकासको पहिलो चरणमा बुद्धि, अहंकार र मन यी तीन तत्त्व भएको मानिन्छ । बुद्धि स्वयम आध्यात्मिक चैतन्यको कारण मानिन्न तर यसमा धर्म, ज्ञान, वैराग्य र ऐश्वर्य जस्ता मौलिक गुण निहित भएको अनुमान गरिन्छ । जब बुद्धिले विपरीत रूप लिन्छ, बुद्धिका गुणहरू उल्टो हुन जान्छन् र अधर्म, अज्ञान, आसक्ति तथा ैन्य रूपी अवगुणमा परिणित हुन्छन् ।

पंचभूतबाट इन्द्रियहरूको उत्पत्ति हुन्छ । गन्ध, रस, रूप, स्पर्श र ाब्द यी इन्द्रियहरूका गुण हुन् । उदाहरणार्थ, घ्राणेन्द्रियले गन्धलाई ाहण गर्दछ, जसको उत्पत्ति पृथ्वीबाट हुन्छ । रसना पानीले बन्दछ, किन ाने पानीको गुण नै रस हो । त्यस्तै तेजको गुण रूप, वायुको गुण स्पर्श र आकाशको गुण शब्द हो ।

पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रियका अतिरिक्त भगवानले मनको पनि र्चा गर्नु भएको छ । हामी विषयहरूका सम्बन्धमा जुन विचार गर्दछौं थवा शंका उपशंका गर्दछौं ती सबैको उत्पत्तिको कारण मन नै हो ।

भगवानले उल्लेख गर्नु भएको इच्छा, द्वेष, सुख, दुख संघात, ेतना र धृति के हुन् त ?

यदि हाम्रो कुनै इन्द्रियलाई कुनै विषय प्रिय लाग्दछ, र त्यस विषयको प्राप्ति अथवा पुनः प्राप्तिको आकांक्षा हाम्रो मनमा उदय ुन्छ त्यही स्थितिलाई इच्छा भनिन्छ । त्यस्तै जो विषय हामीलाई अप्रिय ाग्दछ, हामी त्यसलाई प्राप्त गर्न न चाहने मात्र होइन, त्यस सित ंपर्कमा समेत हामी आउन न चाहने मात्र स्थिति हो त्यही स्थिति र्ष्याको द्योतक हो ।

सुख भनेको मनको त्यो स्थिति हो जहाँ प्रिय वस्तुको प्राप्ति पछि सन्तुष्टिको अनुभव हुन्छ र हामीलाई सात्त्विक गुण तर्फ प्रवृ गर्दछ। दुख त्यो मानसिक स्थिति हो जो अप्रियजन्य संपर्कबाट उत्प हुन्छ। सुख र दुख मनुष्यलाई चक्र घुमे सरह बारंबार आई राख्दछ गरुड पुराणमा पनि भनिएको छः

सुखस्यानन्तरं दुःखं दुःखस्यानन्तरं सुखम् ।
सुखं दुःखं मनुष्याणां चक्रवत्परिवर्तते ॥

यसको कारण के त ? किन भने हाम्रो इन्द्रियले निरन्तर ए पछि अर्को प्रिय वा अप्रिय विषय वस्तुको प्रत्यक्षीकरण गर्दछ । फ स्वरूप हामीलाई सुख दुखमा निरन्तर परिणित भएको तथा दुख सुख निरन्तर परिणित भएको स्वाभाविक रूपले लाग्दछ।

उपरोक्त श्लोकमा संघात भनेको विभिन्न भागहरू मिलाई ए पूर्ण रूप दिनु हो। उदाहरणार्थ, शरीरका विभिन्न भाग छन्। यी स भाग मिलेर नै शरीर हुन्छ।

चेतना भनिएको मनुष्यको त्यो बुद्धिरूपी क्षमता हो ज व्याख्याको प्रकटी करण गर्दछ। कुनै पनि मनुष्यमा चेतनाको उत्कृष्ट छ भने ऊ आत्मबोध प्रवृत्त हुन सक्दछ। त्यस्तै धृति त्यो शक्ति जसले शरीर र इन्द्रियहरूलाई सामर्थ्य युक्त राख्दछ।

सारांशमा भन्ने हो भने हामी जो राग द्वेष भन्दछौं ती सुख दुख नै उत्पत्ति हुन्। अथवा, सुख दुख नै राग द्वेषका उत्पत्ति हुन्। र सबैको मूल कारण इच्छा अथवा तृष्णाको तृप्तिको प्रयत्न हो। यही संसार बन्धनको कारण पनि हो।

संघात, चेतना र धृतिको व्याख्या गर्दै श्री शंकराचार्य गीता शांकर भाष्यमा भन्नु हुन्छ:

"शरीर र इन्द्रियहरूको समूहलाई संघात भनिन्छ। यसमा प्रका

एको जो अन्तःकरणको वृत्ति छ, जसतो आगोले प्रज्वलित फलामको कामा आगोको आभास भए जस्तै आत्म चैतन्य आभास रूपमा व्याप्त । व्याकुल शरीर र इन्द्रियहरू जसले धारणा गर्दछ त्यो धृति हो ।"

तर हाम्रो शरीरको मूल तत्त्व आत्मा हो जसलाई हामी नष्ट र्न सक्दैनौं । जस्तो हामी भन्दछौं हामीले माटोको घडा फोयौं तर टोको घडाको जो मूल तत्त्व माटो हो त्यसलाई हामी फोर्न सक्दैनौं ।

जब हामो पदार्थ नाश भए सरह ठान्दछौं त्यो पदार्थ उर्जामा रिणित भएको कुरा हामी विज्ञानको माध्यमद्वारा मात्र बुझ्न सक्दछौं । ार्थ कुन आधारमा उर्जामा परिणित हुन्छ त्यसको वैज्ञानिक समीकरण हिलो पल्ट विश्वका सर्व प्रसिद्ध वैज्ञानिक अलबर्ट आइनस्टाइनले स्थिर । उनले भने पदार्थको तौललाई प्रकाशको गति गुणन प्रकाशको गतिले ा गन्यो भने पदार्थ उर्जामा परिणित भएको अंक प्राप्त हुन्छ ।

विज्ञानद्वारा अनुसन्धान भएका यस्ता ज्ञानहरू पनि मनुष्यलाई वरद्वारा अग्रिम रूपले नै प्राप्त भइ रहेको हुन्छ । केवल, मनुष्यको तन प्रवाहमा कुनै एक मनुष्य निमित्त रूपमा प्रकट हुन्छ र उसको यमद्वारा त्यो वैज्ञानिक सिद्धान्त स्थिर गरिएको लाग्दछ । भगवानको टमा प्रत्येक पदार्थको सृष्टि भइ सकेको जस्तै चिन्तन प्रकृयाको पनि ट भइ सकेको हुन्छ ।

आत्मा अविनाशी भएको हुँदा अविनाशी आकाससित यसको उपमा सकिन्छ । जस्तो आकासमा उडी रहेका बादल बिलाएर गएको वा नष्ट भएको भान हामीलाई हुन्छ तर आकास त यथावत नै छ, त्यस्तै शरीर नष्ट भएको भान हामीलाई भए पनि अविनाशी मा यथावत रहन्छ । आत्मा न त नष्ट हुन्छ न त नष्ट गर्न नै न्छ । यस सम्बन्धमा भगवान भन्नु हुन्छ ।

य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम् ।
उभौ तो न बिजानीतो नायं हन्ति न हन्यते ।।

अर्थात, हे अर्जुन, जसले यस आत्मालाई मार्ने भन्ठान्दछ अथव
जसले यसलाई मारियो भन्ठान्दछ, ती दुवै नै यो आत्मालाई जान्दैन
कारण यो आत्मा नत मार्दछ नत मारिन्छ।

तात्पर्य के भने, अविनाशी आत्मा पनि पूर्व जन्मको कर्म
कारणले शरीरको बन्धनमा परेको हुँदा, आत्मा स्वयम् अपरिवर्तनीय
अविनाशी हुँदा हुँदै पनि यसको सम्बन्ध परिवर्तनीय र नाशवान शरी
सित हुन्छ। त्यसो भए त्यो कुन प्रारंभिक कर्म हो जसको कारणले ग
आत्मा शरीरको बन्धनमा पर्दछ। कर्म स्वयम्लाई अनादि मानिन्छ
अर्थात्, कर्मको प्रारम्भलाई स्थिर गर्न सकिन्न। तर वेदान्तीहरूले
बन्धनको कारण मूलतः तृष्णालाई नै मानेका छन्। तसर्थ, जब तृष्णा
अन्त हुन्छ, हाम्रो आत्मा पनि शरीरको बन्धनबाट मुक्त हुन्छ। बु
धर्ममा पनि निर्वाण भनेको तृष्णाक्षयको स्थितिलाई नै मानिएको छ।

मनुष्यको मृत्युका साथ आत्माको मृत्यु हुँदैन। तसर्थ, शरीर
मृत्युका साथ आत्माको मृत्यु हुँदैन। यसर्थ, शरीरको मृत्यु हुँदा
शोक गर्नु हुन्न, कारण, शरीरको जो मूल तत्त्व आत्मा हो त्यो
जस्ताको तस्तै रहन्छ। यस सम्बन्धमा भगवान भन्नु हुन्छः

अव्यक्तोऽयमचिन्त्योऽयं अविकार्योऽयमुच्यते।
तस्मादेवं विदित्वैनं नानुशोचितुमर्हसि॥

अर्थात्, हे अर्जुन यो आत्मा अव्यक्त हो, यो आत्मा अचिन्त्य
यो आत्मा विकाररहित हो भनी भनिन्छ, तसर्थ आत्माको य
रूपलाई थाहा पाएर तिमीले शोक गर्नु उचित छैन।

यो आत्मालाई अव्यक्त किन भनिएको त ? व्यक्त वस्तु त
हो जसलाई हाम्रा इन्द्रियहरूले थाहा पाउन सक्दछन्। तर आत्मा
हाम्रा इन्द्रियहरूले थाहा नपाउने हुँदा यसलाई अव्यक्त भनिएको
जसलाई इन्द्रियहरूको माध्यमद्वारा थाहा पाउन सकिन्न, त्यो वस्तु

नै हो भनी यकीन गर्न पनि सकिन्न । र यसरी ठहर गर्न नसकिने भएकोले नै आत्मालाई अचिन्त्य भनिएको हो । तसर्थ, जो अव्यक्त हुन्छ, जो अचिन्त्य हुन्छ, त्यो स्वभातः नै अपरिवर्तनीय हुन्छ । कारण, परिवर्तन हुने वस्तु त इन्द्रियको निम्ति बोधगम्य हुनु पर्दछ, अन्यथा त्यसतो परिवर्तन थाहा पाउने आधार नै हुँदैन । अर्थात, वस्तुको रूपको परिवर्तन भएको हामी देखेर थाहा पाउँछौं, आत्मा हाम्रो दृष्य इन्द्रियको परिधि भित्र आउन सक्दैन । निश्चय पनि, जस्तो गीतामा अन्यत्र भनिएको छ, आत्मबोध भएको ज्ञानीलाई आत्मज्ञान हुन सक्दछ तर त्यो इन्द्रियको माध्यमद्वारा होइन, इन्द्रियद्वारा उत्पन्न हुने राग, द्वेष, मोह, अहंकार, अन्य दुर्विकारहरूको नियन्त्रण र तिनमाथि विजय प्राप्त गरे पछि मात्र हुन सक्ने हो ।

आत्मा, अव्यक्त, अचिन्त्य तथा अपरिवर्तनीय भएको हुनाले नै केही मनुष्यहरू आत्माका प्रति आश्चर्य मान्दछन् । भगवान भन्नु हुन्छ

आश्चर्यवत्पश्यति कश्चिदेनं
माश्चर्यवद्वदति तथैव चान्यः ।
आश्चर्यवच्चैनमन्यः श्रृणोति
श्रुत्वाप्येनं वेद चैव कश्चित् ।।

अर्थात, हे अर्जुन, यो आत्मा अत्यन्त गहन भएको हुनाले, कसैले आत्मालाई आश्चर्यका रूपमा देखदछ, कसैले आत्मालाई आश्चर्यका रूपमा सुन्दछ र कसैले आत्मालाई सुनेर पनि थाहा पाउन्न ।

तात्पर्य के भने, मनुष्यले आत्मालाई आफ्नो सीमित र साधारण ज्ञानद्वारा बुझ्न नसक्ने हुँदा, आत्मालाई आश्चर्यवत हेर्ने नै भयो । उपरोक्त श्लोकको अर्थ अर्को दृष्टिले हेर्ने हो भने, जसले आत्मबोध प्राप्त गरी सकेको हुन्छ त्यस्तो पुरुषले पनि आत्माको वैशिष्टय बोध गर्दा, त्यस वैशिष्टयका प्रति आश्चर्य चकित हुनु स्वाभाविकै भयो । र यसरी आत्मबोध प्राप्त गरेका पुरुषले आश्चर्यकारी आत्मतत्वको व्याख्या

गर्दा, त्यसतो व्याख्या सुन्ने मनुष्यहरू पनि आश्चर्यमा निश्चय पनि पर्न जान्छन् । आत्मबोध भनेको आध्यात्मिक अनुभवबाट प्राप्त हुने कुरा हो । आध्यात्मिक अनुभवलाई मानवीय भाषामा व्यक्त गर्नु अत्यन्त कठिन हुन्छ । तसर्थ, आत्मबोध प्रात्य गरेको पुरुषले पनि आत्माको व्याख्या गर्दा आश्चर्यवत भएर व्याख्या गर्दछ ।

श्री कृष्णायनमः

भगवानद्वारा कपिलसित तुलना र सांख्य दर्शन

परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्री कृष्णले गीताको दोस्रो अध्यायलाई सांख्य योग भनी सम्बोधन गर्नु भएको छ। साथै, सांख्य दर्शनका प्रवर्तक कपिल मुनि स्वयम् आफू नै भएको उल्लेख दसौं अध्यायको छब्बिसौं श्लोकमा गर्नु भएको छ। भगवान भन्नु हुन्छः

अश्वत्थः सर्ववृक्षाणां देवर्षीणां च नारदः।
गन्धर्वाणां चित्ररथः सिद्धानां कपिलो मुनिः ।।

अर्थात, हे अर्जुन, म सबै वृक्षहरूमा पीपल वृक्ष हूँ तथा देव ऋषिहरूमा म नारद मुनि हूँ, गन्धर्वहरूमा म चित्ररथ हूँ एवं सिद्धहरूमा कपिल मुनि हूँ।

सांख्य दर्शनका प्रवर्तक कपिल मुनिलाई भगवानले यति माथि किन उठाउनु भएको त ? एवं सांख्य दर्शन छोटकरीमा के हो यसको चर्चा सान्दर्भिक देखिन्छ।

संपूर्ण गीतामा मनुष्यलाई कर्म, ज्ञान तथा भक्ति तर्फ प्रवृत्त गर्ने उपदेशहरूका अतिरिक्त भगवान कृष्णले तत्कालीन दार्शनिक विचारधारामा समन्वय स्थापित गर्ने प्रयत्न गर्नु भएको छ। त्यसैले भगवान कृष्णले कपिल मुनिलाई आफू समान हुन भनी उल्लेख गर्नु भएको स्पष्ट देखिन्छ। जहां सम्म विभिन्न दार्शनिक विचार धारामा समन्वय लाइएको प्रश्न छ,

भगवान कृष्णले गीताको दोस्रो अध्यायलाई सांख्ययोग भन्नु भए तापनि यसमा पनि हामी समन्वय पाउँछौं । जस्तो, यस अध्यायको अठतीस श्लोक सम्म ज्ञान योगको चर्चा छ र उनन्चालीस श्लोक देखि निष्काम कर्म योगको उल्लेख छ । भगवान भन्नु हुन्छ:

एषा तेऽभिहिता सांख्ये बुद्धिर्योगे त्विमां शृणु ।
बुद्धया युक्तो यया पार्थ कर्मबन्धं प्रहास्यसि ।।

अर्थात, हे पार्थ, यो बुद्धि तिमीलाई ज्ञान योगका विषयमा भनिएको हो र अब यसैलाई निष्काम कर्मयोगका विषयमा सुन, जुन बुद्धियुक्त भए पछि तिमीले कर्मबन्धनलाई राम्रै सित नाश गर्न सक्ने छौ ।

यहाँ निष्काम कर्म भनेको के त ? तथा ज्ञान योग अथवा सांख्य योग भनेको के त ? मनुष्यको मन, इन्द्रिय तथा शरीरद्वारा हुने संपूर्ण कार्यहरूमा जहाँ कर्तापनको अभिमान हुन्न, साथै यी कार्यहरू भगवान मै समर्पित भएर गरिन्छ त्यसलाई ज्ञानयोग अथवा सांख्ययोग भनिन्छ । त्यस्तै कुनै पनि मनुष्यले कर्म फल र आसक्तिलाई त्यागेर भगवानमा नै समर्पित भएर कार्य गर्दछ त्यसलाई निष्काम कर्म भनिन्छ ।

कपिल मुनिद्वारा प्रतिपादित सांख्य दर्शनले तीन प्रकारका तत्त्व-हरूलाई स्थिर गरेको छ–पहिलो हो व्यक्त, दोस्रो हो अव्यक्त र तेस्रो हो चेतन । कपिलका अनुसार यो जगत पुरुष र प्रकृतिको संयोगको परिणाम हो । जो चेतन तत्त्व भनिन्छ त्यही नै पुरुष हो । प्रकृति भनेको व्यक्त हो । सांख्य दर्शनले कार्य र कारणलाई अभिन्न मान्दछ । बौद्ध दर्शनले हेतु–प्रत्ययलाई अभिन्न माने जस्तै । सांख्यका अनुसार कारणले नै कार्यको उत्पत्ति हुन्छ । अर्थात, व्यक्त हुने कार्य, व्यक्त हुनु भन्दा अघि कारणमा अव्यक्त रहन्छ । सांख्य दर्शनले प्रकृति र पुरुषका बीचको सम्ब-न्धलाई सूक्ष्मरूपले विवेचना गरेकोछ । वास्तवमा प्रकृति र पुरुषको सम्बन्ध र त्यस सम्बन्धको ज्ञान नै सांख्य दर्शनको आधार हो । यस सत्यको बोध गर्नु नै यस दर्शनको चरम साधन हो । सांख्य दर्शनमा सत्त्व,

रज र तमोगुणको पनि महत्वपूर्ण चर्चा छ। सांख्य दर्शनले पदार्थको निर्माण तथा पदार्थको परिणामका कारणहरू यिनै गुणलाई निर्धारित गरेको छ।

सांख्ययोगको उपदेशको प्रारंभ भगवानले अर्जुनको त्यो विषाद र नैराश्य हटाउन गर्नु भयो, जुन विषादमा उनी आफ्ना गुरुजन एवं स्वजनहरूको हत्या गर्नुं पर्ने संभावनाको कारणले गर्दा पर्न गएका थिए। मनुष्य दुइ अव्यक्त स्थिति मध्ये एक क्षणिक व्यक्तको स्थितिमा मात्र हुन्छ। त्यसै कुरालाई अर्को पक्षबाट संझाउंदै भगवान अर्जुनलाई भन्नु हुन्छ:

अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे।
गतासूनगतासूंश्च नानुशोचन्ति पण्डिताः ॥

अर्थात, हे अर्जुन, तिमी शोक नगर्नेहरूका निमित्त शोक गर्दै छौ, साथै पण्डितहरू जस्तै कुरा गर्दछौ। तर पण्डितहरू नत प्राण गएकाहरू प्रति नत प्राण नगएकाहरू प्रति नै शोक गर्दछन्।

भगवानले भन्नु भएको यो श्लोक गीताको पहिलो अध्यायको पैंतीसौं देखि छियालीसौं श्लोकसम्म अर्जुन युद्ध नगर्नु हुने कारणको व्याख्या गरेको तर्फ संकेत गरेको देखिन्छ। अर्जुनलाई भगवानले भन्नु भयोः तिमी कुरा त पण्डित अर्थात विद्वान एवं शास्त्रज्ञ जस्तो गर्दछौ तर वास्तवमा पण्डित त त्यो हो जसलाई जगतको नियम थाहा हुन्छ। त्यस्तो विद्वानले संसारमा बाँचेका अथवा मरेका दुवै प्रति शोक गर्दैनन्। कारण, जन्मनु, बाँचनु र मरनु त सृष्टिको क्रम हो, यो कुनै शोक गर्ने विषय होइन। त्यसका अतिरिक्त, यो दृष्य शरीरमा त शरीरको बन्धनमा परेको जीवात्मा रहन्छ जो कहिले मारिन सक्दैन। यस्तो सत्य तत्थ्य हुँदा हुँदै अर्जुनले शोक गर्नु भनेको मोहमा पर्नुं बाहेक अरू केही थिएन। त्यसैले भगवानले सांख्य योगको माध्यद्वारा विभिन्न उपदेशात्मक उपमाहरू दिनु भएर अर्जुनको विषाद र नैराश्य हटाउने प्रयत्न गर्नु भएको देखिन्छ।

श्री कृष्णायनमः

समत्त्व भाव र भक्तियुक्त स्थिति

परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्री कृष्णका पवित्र चरण कमलमा प्रवचन रूपी अर्चनाका केही सुमन य अकिंचनले चढाउने प्रयत्नको क्रममा विभिन्न प्रवचनहरूमा राग, द्वे मोह, अहंकार, देहाभिमान, आत्मा, ब्रह्म, अद्वैत बराबर दोहरिए अनुभव श्रोताहरूलाई हुनु स्वाभाविकै हो । भगवान कृष्ण स्वयम् अर्जुनको मोह नष्ट गर्ने क्रममा विभिन्न उपमा र उदाहरणको माध्यमद्वा अर्जुनको विषाद, नैराश्य र मोहका कारणहरूको व्याख्या र तिनक समाधानका उपायहरू विभिन्न अध्यायहरूमा प्रस्तुत गर्नुभएको छ । गीताक सात सय श्लोक मध्ये पनचान्नब्बे श्लोकहरूमा कुनै न कुनै श्लोकांश दु तीन वा चार पल्ट समेत दोहरिएका छन् । उदाहरणार्थ, गीताका दु बेग्ला बेग्लै अध्यायका दुइ बेग्ला बेग्लै श्लोकमा पहिलो पाउ र दो पाउको पहिलो शब्द समेत दोहरिएको छ । यी दुइ श्लोक हुन् न अध्याययको चौंतीसौं श्लोक र अठारहौं अध्यायको पैंसठ्ठिवौं श्लोक नवौं अध्यायको चौंतीसौं श्लोकमा भगवान भन्नु हुन्छ:

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः ।।

यसै गरी अठारहौं अध्यायको पैसठ्ठिवौं श्लाकमा भगवान भन्नु हुन्

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ।।

यी दुवै श्लोकमा हामीले

"मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि" शब्दहरू दोहरिएको पाउँछौं ।।

पहिलो श्लोकको अर्थ हुन्छ: आफ्नो मन ममा नै स्थिर गर; मेरो भक्त बन; मलाई श्रद्धा–भक्तिसाथ नमस्कार गर। यसरी मेरो शरणमा तिमी आएर ममा एकीभाव भएपछि मलाई नै प्राप्त गर्ने छौ ।"

दोस्रो श्लोकको अर्थ हुन्छ: "आफ्नो मन ममा नै स्थिर गर; मेरो भक्त बन; मलाई श्रद्धा–भक्तिसाथ नमस्कार गर । यसरी तिमीले मलाई प्राप्त गर्ने छौ भनी मैले सत्य प्रतिज्ञा गर्दछु, किन भने तिमी मेरो अत्यन्त प्रिय हौ ।

उपरोक्त दुवै श्लोकको गहिरिएर अर्थ हेर्‍यौं भने हामी तात्त्विक सन्देश पाउन सक्दछौं । यदि हामीले आफूलाई भगवानमा समर्पित गर्न सक्यौं भने हाम्रो जीवनको उपलब्धि यो भन्दा बढी हुन सक्दैन । भगवानको सेवा गरेर यो फल पाउँला, ऊ फल पाउँला भनी आशा राख्नेहरू भगवानका सच्चा भक्त हुन सक्दैनन् । भगवानका सच्चा भक्त त ती हुन्छन् जो भगवत भक्तिलाई नै सर्वोपरि ठान्दछन् । भक्तिको माध्यमद्वारा जीवात्माले परमात्मासित तादात्म्य स्थापित गर्न सक्दछ । भगवानका प्रति अनन्य भक्ति राख्ने भगवानको अत्यन्त प्रिय हुन्छ । यसको स्पष्ट संकेत भगवानले अर्जुनलाई दिनु भएको छ । जब कुनै व्यक्तिले भगवानलाई नै सर्वोपरि ठान्दछ त्यस वेला मात्र उसको भक्तिले भगवानको आसिर्वाद प्राप्त गर्न सक्दछ ।

भगवानले अर्जुनलाई 'ममा एकीभाव भए पछि मलाई नै प्राप्त गर्ने छौ' भनी भन्नु भएको उपदेशलाई अर्को व्याख्याबाट हेर्ने हो भने यस उपदेशमा पनि हामी जीवात्मा र परमात्माको अद्वैतको सिद्धान्त पाउँछौं । उदाहरणार्थ, हामी एउटा प्रचलित वेदान्ती उपमालाई लिउँ । हामी माटोको घडा भिन्न आकास देख्द छौं । भ्रमवस हामीलाई लाग्दछ,

त्यो आकास घडा बाहिर देखिने विस्तृत आकास भन्दा भिन्न छ। तर जब माटोको घडा फुट्दछ अनि हामी घडा भित्रको आकासलाई देख्दैनौं। त्यो सर्वव्यापी आकासमा विलीन हुन्छ । त्यस्तै हामी सबै प्राणीहरू भगवानमा एकीभाव भए पछि हामी सबै विलीन हुन पुग्दछौं।

तर भगवानमा एकीभाव हुनु भन्दा अघि हामीले सबैमा भगवान प्रतिबिम्बित भएको देख्न सक्नु पर्दछ । त्यसरी भगवानको प्रतिविम्ब सबैमा देख्न सक्ने व्यक्तिमा मित्र र शत्रु; धर्मात्मा र पापात्मा आदि सबैका प्रति समान भाव उत्पन्न भएर आउँछ । भगवान भन्नु हुन्छ।

सुहृन्मित्रार्युदासीन मध्यस्थद्वेष्यबन्धुषु ।
साधुष्वपि च पापेषु समबुद्धिर्विशिष्यते ।।

अर्थात, हे अर्जुन, जो पुरुष आफ्नो स्वार्थ रहित हित गर्ने व्यक्तिहरू, मित्र, शत्रु, पक्षपात नगर्नेहरू, दुवै पक्षको हित चिताउनेहरू, धर्मात्माहरू, एवं पापीहरूका प्रति समेत समान भाव राख्दछ, त्यो अति श्रेष्ठ पुरुष हो । तात्पर्य के भने, सर्व श्रेष्ठ पुरुषको स्थिति जो वास्तवमा भगवानसित युक्त भए पछि मात्र प्राप्त हुन सक्दछ त्यो पुरुष सबै आकर्षक वस्तु, सुन, चाँदी आदि जस्तो तथा मनुष्यलाई आकर्षित नगर्ने वस्तु दुवैका प्रति निरपेक्ष रहने मात्र नभई सबैका प्रति समान भाव राख्ने हुन्छ। सबैका प्रति समान भाव राख्ने पुरुष भनेको अर्थ हामीले लगाउँदा पुण्यात्मा र पापात्मा दुवैका प्रति समान भाव राख्ने भनी बुझ्दछौं । उपरोक्त सन्दर्भमा, सर्व श्रेष्ठ पुरुषले पापात्माद्वारा हुने पाप कृत्यका प्रति अथवा पुण्यात्माद्वारा हुने पुण्य कर्मका प्रति बेग्ला बेग्लै दृष्टिकोण अवश्य राख्दछ। पुण्य कर्मको ऊ श्रद्धा गर्दछ। तर पापात्मालाई पाप कृत्यबाट टाढा लग्न अथवा पापीलाई माथि उठाई पुण्यात्मा हुन प्रवृत्त गर्न सबैका प्रति समान भाव राख्ने पुरुष सदैव तत्पर रहन्छ ।

यस्तो सर्वश्रेष्ठ भनी सम्बोधन गरिएको पुरुषले सबैका प्रति समान भाव राख्नु पर्ने अर्थ के त ? जस्तो कुनै पनि नाटकमा असल चरित्रको अभिनय गर्ने अथवा खराब चरित्रको अभिनय गर्ने दुवैका प्रति निर्देशकले समान व्यवहार गर्दछ; त्यस्तै भगवानसित तादात्म्य स्थापित गरेको श्रेष्ठ पुरुषले यो संपूर्ण श्रृष्टि एक रंगमंच सरह हो र यहाँ पुण्यात्मा अथवा पापात्मा बेग्ला बेग्लै निर्देशित अभिनय गर्न आएका हुन् भनी बुझेको हुन्छ । यी अभिनयका पात्र मध्ये खराब चरित्रको अभिनय गर्नेलाई न त तिरष्कारको आवश्यकता छ न त असल चरित्रको अभिनय गर्नेलाई अति प्रशंसा गर्ने नै । कारण, सबै किसिमको चरित्रको अभिनय गर्ने बेग्ला बेग्लै पात्रहरूको समूहद्वारा प्रदर्शन नगरिएमा नाटकीय प्रभाव रंगमंचमा प्रस्तुत हुनै सक्दैन । त्यस्तै संसार रूपी रंगमंचमा हामी सबैका निर्देशक परमात्माले निर्धारित गरेको अभिनयको अंश हामी प्रत्येकले पूरा गर्नै पर्दछ ।

प्रश्न उठन सक्दछ, यस सृष्टिको प्रारंभ कसरी भयो ? यसको उदेश्यको निर्धारण कसले गर्छ तथा यसको संचालक को हो ? सृष्टिमा मनुष्यको स्थान कुन हो ? उसको कर्मको निर्धारण कसरी हुन्छ ? मनुष्य, जन्म भन्दा अघि र मृत्यु भन्दा पछिको दुई अव्यक्तको स्थिति मध्ये क्षणिक व्यक्तको स्थितिमा प्राप्त हुने कारण के हो ? सृष्टिका अन्य अंश सित यसको के सम्बन्ध हुन्छ ? क्षणिक व्यक्तको स्थितिमा यसलाई बचाई राख्ने को हो ? एवं सृष्टिको संचालकसित मनुष्यको सम्बन्ध कस्तो छ ? यस्ता प्रश्नहरूको उत्तरको खोजी प्राचीन ऋषिहरूले गरे एवं ती उत्तरहरू ग्रन्थका रूपमा विभिन्न उपनिषदमा देखा परे । गीतामा पनि उपरोक्त प्रश्नहरूको उत्तरको खोजी मात्र नभई भगवान श्रीकृष्णले आफ्नो उपदेशको माध्यमद्वारा अर्जुनको विषाद र नैराश्य समाधान गर्ने क्रममा उत्तरहरू समेत प्रस्तुत गर्नु भएकोले गीतालाई पनि उपनिषद भनिन्छ । साथै गीतामा विश्वात्मा र जीवात्माको चर्चा पनि छ । कारण,

विश्वको संचालक र जीवको नियन्तामा अन्तर छैन। जसरी विश्वात्मा सृष्टिको बन्धनमा हुन्छ, त्यसै गरी जीवात्मा शरीरको बन्धनमा हुन्छ। यहां सृष्टिको बन्धनको तात्पर्य, विश्वात्माद्वारा निर्धारित त्यस नियम बद्धतालाई संझनु पर्दछ जसद्वारा संपूर्ण सृष्टिको संरचना एवं संचालन हुन्छ। जस्तो सूर्यको उदय अस्तलाई लिउँ। याम अनुसार सूर्यको उदय अस्त निर्धारित समयमा हुन्छ। साथै, यसै नियमबद्ध क्रममा सृष्टिको संचालन हुने हुँदा खगोल शास्त्रीहरूले हजारौं वर्ष पछि आउने ग्रहणको ठीक ठीक समय अग्रिम रूपले गणना गर्न सक्दछन्।

उपनिषद र गीताको ईश्वरको कल्पनामा निर्गुण र सगुण रूपको अन्तर मात्र देखिन्छ। गीतामा भगवान श्रीकृष्ण, परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुण रूपमा हुनु हुन्छ। भगवान कृष्ण स्वयम् परमात्मा भएकोले गीतामा आत्मा र शरीरको नित्यता र अनित्यताका बीच अन्तरको स्पष्ट व्याख्या भएको हामी पाउँछौं। साथै, गीतामा ईश्वरको सर्वव्यापकताको उल्लेख हामीले ठाउँ ठाउँमा पाउँछौं। उदाहरणार्थ, भगवान भन्नु हुन्छ:

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति।
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति॥

अर्थात, जसले मलाई सर्वत्र देख्दछ एवं सबैमा मलाई नै देख्दछ, उसका निमित्त न म अदृष्य हुन्छु न ऊ मेरा निमित्त अदृश्य हुन्छ।

तात्पर्य के भने, भगवानका साथ एकीभाव भएको व्यक्ति सबै प्राणीमा भगवानको प्रतिबिम्ब देख्दछ। परमात्मा र संपूर्ण जगत, समुद्र र समुद्रको लहर जस्तै अभिन्न हो। जस्तो, समुद्र नभए समुद्रको लहर हुँदैन त्यरतै परमात्मा नभए जगत नै हुँदैन, कारण जगत त परमात्मा कै सृष्टि हो।

भगवान सर्वव्यापक भएको ज्ञान पूर्ण भगवत भक्तिबाट प्राप्त हुन सक्दछ। भगवान भन्नु हुन्छ:

भक्त्या मामभिजानाति यावान्यश्चास्मि तत्त्वतः ।
ततो मां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम् ।।

अर्थात, पराभक्तिद्वारा उसले मलाई म के र को हूँ भनी सत्यरूपमा जान्दछ तथा यसरी मलाई तत्त्वरूपमा चिने पछि ममा नै प्रवेश गर्दछ ।

तात्पर्य के भने, साधकले जगतका सबै कुरा परमात्माबाटै उत्पन्न हुने तथ्य कुरा थाहा पाए पछि ऊ आफ्नो उत्पत्ति पनि भगवानबाटै भएको हो भनी थाहा पाउँछ । यो ज्ञान हुनासाथ उसले आफूलाई संपूर्ण रूपले भगवानमा समर्पित गर्दछ । यस्तो भक्तलाई भगवानले निश्चय पनि आफ्नै रूप भित्र स्वीकार गर्नु हुन्छ । भगवान प्रति पूर्ण समर्पण नै हाम्रो मोक्षको मूल आधार हुन सक्दछ ।

भगवानको अनन्य भक्तिको माध्यमद्वारा मनुष्यले भगवानको विश्वरूप दर्शन पाउने मात्र होइन, त्यस विश्वरूपसित भक्त एकीभाव हुन सक्दछ भनी भगवान स्वयम्ले स्पष्ट गर्नु भएको छ । भगवान भन्नु हुन्छः

भक्त्या त्वनन्यया शक्य अहमेवंविधोऽर्जुन ।
ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टुं च परंतप ।।

अर्थात, हे परंतप अर्जुन, अनन्य भक्तिको माध्यमद्वारा मलाई भक्तले यस विश्वरूपमा वास्तविकतासाथ चिन्न सक्दछ र यसमा प्रवेश पनि गर्न सक्दछ ।

तात्पर्य के भने, अनन्य भक्तिको विकास भए पछि भक्तलाई आध्यात्मिक दृष्टि प्राप्त हुन्छ जो भौतिक आँखाबाट फरक हुन्छ । यही आध्यात्मिक दृष्टिको माध्यमद्वारा भक्तले भगवानको आभा देख्न सक्दछ ।

भगवानमा एकीभाव हुन सक्ने भक्त कस्तो हुन्छ त्यसको व्याख्या गर्दै भगवान भन्नु हुन्छः

मत्कर्मकृन्मत्परमो मद्भक्त सङ्गवर्जितः ।
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ।।

अर्थात, जसले मेरा निमित्त नै कार्य गर्दछ, जसले मलाई नै सर्वोच्च ठान्दछ, जो मेरो भक्त छ, जो आसक्तिबाट राहित छ, जो कसैसित वैर गर्दैन, हे पाण्डव ऊ ममा एकीभाव हुन्छ।

तात्पर्य के भने, जसले आफ्ना निमित्त कार्य गर्दछ त्यो सांसारिक व्यक्ति हुन्छ तर जसले भगवानका निमित्त कार्य गर्दछ ऊ नै भक्त हुन्छ। जसरी सांसारिक पुरुष पैसा र प्रसिद्धिको माध्यमद्वारा शक्ति हात पार्ने प्रयत्न गर्दछ, सच्चा भक्त भगवानको शरणमा जाने मात्र प्रयत्न गर्दछ। यस्तो भक्तले सबैमा भगवान प्रतिबिम्बित भएको देख्ने हुँदा कसैसित वैर गर्दैन।

श्रीकृष्णायनमः

क्लेशका कारण र देहाभिमान

परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्रीकृष्णले गीतामा अशान्त मनुष्यलाई कुनै प्रकारले पनि सुख हुन सक्दैन भन्नु हुँदै, मनुष्य कसरी शान्त रहन सक्दछ त्यसका उपायहरू बनाउनु भएको छ । भगवान भन्नु हुन्छ:

नास्ति बुद्धिरयुक्तस्य न चायुक्तस्य भावना ।
न चाभावयतः शान्तिरशान्तस्य कुतः सुखम् ।।

अर्थात, जो मनुष्य निष्काम योगले युक्त छैन, उसको बुद्धि हुँदैन, तथा जो युक्त छैन, त्यसलाई आत्माको स्वरूपको चिन्तन हुँदैन, अथवा आस्तिक भाव हुँदैन तथा जसमा आस्तिक भाव हुँदैन त्यसलाई शान्ति प्राप्त हुन सक्दैन एवं यस्तो अशान्त मनुष्यलाई सुख कसरी प्राप्त हुन सक्दछ ?

तात्पर्य के भने, जुन मनुष्यलाई भगवानसित तादात्म्य स्थापना गर्ने कुनै भावना नै छैन, त्यस्ताले भगवानको ध्यान गर्न सक्दैन । यस्तो मनुष्यलाई क्लेशले व्याप्त गरेको हुन्छ ।

क्लेश के हो त ? महर्षि पतञ्जलीले योग सूत्रमा व्याख्या गर्नु भए अनुसार क्लेश भनेको अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश हुन् । अर्थात, अज्ञान, अहंकार, आसक्ति, ईर्ष्या र सांसारिक विषय वासना तथा शारीरिक आमोद प्रमोदमा व्यस्त रहेर जीवनसित टाँसिएर बस्न खोज्ने स्थितिहरू क्लेशकारक हुन् ।

क्लेशबाट मुक्त हुन मनुष्यले आफूमा मैत्री, करुणा, मुदिता र उपेक्षा जाग्रत गर्नु पर्दछ । मैत्रीले सन्तोषको उत्पत्ति गर्छ भने, करुणाले

हृदय भित्र दयाको । त्यस्तै मुदिता भनेको अरूको कार्यको प्रति सानन्द प्रशंसा गर्ने प्रवृत्तिलाई जनाउँछ भने उपेक्षा भनेको थाहा पाएर पनि अरूको कार्यलाई तिरस्कार अथवा निन्दा नगर्ने प्रवृत्तिलाई जनाउँछ । यदि हामीमा मैत्री, करुणा, मुदिता एवं उपेक्षा गुणहरू छन् भने हाम्रो मनमा शान्तिको उदय हुन सक्दछ अन्यथा ठीक त्यसको विपरीत हाम्रो प्रवृत्ति भएर जान्छ । यस्तो विपरीत प्रवृत्ति भएको मनुष्यले स्वर्गको शान्तिलाई नर्कको अशान्तिमा परिणित गर्दछ । उसले आफ्नो अशान्तिको कारणले गर्दा दाजू-भाई, नाता–कुटुम्ब, छर–छिमेकी सबैलाई अशान्त पारी दिन्छ । उसले अरूको प्रेम र स्नेह पाउन छोडदछ र अनि उसको अशान्ति झन झन बढेर आउँछ। त्यसैले उपरोक्त श्लोकमा भगवानले जुन भावना शब्दको चर्चा गर्नु भयो त्यसको अर्थ आस्तिक भाव हो । कारण, आस्तिक व्यक्तिले मात्र भगवत भक्तिको माध्यम एवं निरन्तर साधनाद्वारा स्थाई सुख प्राप्त गर्न सक्दछ। यस्तो व्यक्तिमाथि सांसारिक अनित्य घटना अथवा परिस्थितिहरूले दुखको प्रतिक्रिया उत्पन्न गर्न सक्दैनन् । यसैले हाम्रो सदै अस्थिरताको कारण, सबै अशान्तिको कारण, सबै दुखको कारण हाम्रो मनमाथि इन्द्रियको विजयले उत्पत्ति गर्दछ । तसर्थ, भगवान भन्नु हुन्छ:

इन्द्रियाणां हि चरतां यन्मनोऽनुविधीयते ।
तदस्य हरति प्रज्ञां वायुर्नावमिवाम्भसि ।।

अर्थात, जसरी जलमा नाउलाई वायुले हरण गर्द छ, त्यसरी नै विषय ग्रहण गर्न र भोगमा जाने इन्द्रियका पछि पछि मन हिंडेको छ भने त्यस्तो आस्तिक भाव नभएको व्यक्तिको बुद्धिलाई इन्द्रिय पछि पछि लाग्ने मनले हरण गर्दछ ।

तात्पर्य के भने, जसरी वायुको वेगले जलमा नाउलाई यताबाट उता र उताबाट यता लग्दछ, त्यस्तै इन्द्रियहरू विषयहरूका प्रति स्वाभाविक रूपले आकर्षित हुन्छन् । तथा जुन मनमाथि इन्द्रियहरूले विजय प्राप्त गरी

सकेका हुन्छन्, त्यसतो मन ईश्वरसित तादात्म्य स्थापित गर्ने मार्गमा लाग्न प्रवृत्त भएको पाइन्छ ।

यसका विपरीत जसले आफ्ना इन्द्रियहरू वशमा गरी सकेको हुन्छ त्यसको बुद्धि मात्र स्थिर हुन्छ । यस सम्बन्धमा भगवाने भन्नु हुन्छः

तस्माद्यस्य महाबाहो निगृहितानि सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ।।

अर्थात, हे महाबाहो अर्जुन, तसर्थ जसका इन्द्रियहरू सर्व प्रकारले विषयहरूबाट हटी सकेका हुन्छन्, त्यस्ताको बुद्धि मात्र आत्मशान्ति तथा आत्मज्ञानमा स्थिर हुन्छ ।

तात्पर्य के भने, प्रत्येक मनुष्यको इन्द्रिय विषयका प्रतिबाट एकदम मुक्त भइ सकेको हुन्न, कारण, मनुष्यले धर्म गर्ने अथवा पाप गर्ने कार्य पनि इन्द्रिय कै माध्यमद्वारा हुन्छ, तर इन्द्रिय जन्य आसक्तिबाट मुक्त हुनु भनेको आत्मज्ञानमा स्थिर हुनु हो ; चैतन्यको माध्यमद्वारा मात्र हामीमा अनुभूति हुन्छ । जस्तो श्री शंकराचार्यले अपरोक्षानुभूतिमा भन्नु भएको छः

अदृश्यं भावरूपञ्च सर्वमेव चिदात्मकम् ।
सावधानतया नित्यं स्वात्मानं भावयेद्बुधः ।।

अर्थात, बुद्धिमान पुरुषले यो दृष्य, अदृष्य तथा अन्य सबै कुरा आफ्नै आत्मा हो तथा जो स्वयम् चैतन्य हो भन्ने कुरा सदैव एवं बडो सावधानी साथ विचार गर्नु पर्दछ ।

तसर्थ, म र मेरो भन्ने अभिमान माथि विजय पाउने मार्ग कुन हो त ? तर, आफ्नो अन्त: करणको शुद्धि नहुनजेल मनुष्य यस मार्गमा लाग्न सक्दैन । अन्त:करणको शुद्धि गर्ने मार्ग प्राप्त गर्ने उपाय के त ? के यो हाम्रो जीवन काल मै संभव छ ? यसका निमित्त हामीले कस्तो प्रकारको आत्म संयम् गर्नु पर्दछ ? यो मार्ग पाउने सारांश भगवान कृष्णले

गीताको दोस्रो अध्यायको एकावन्नौ तथा बावन्नौ श्लोकहरूमा गर्नु भएको छ
भगवान भन्नु हुन्छः

> कर्मजं बुद्धियुक्ताहि फलं त्यक्त्वा मनीषिणः ।
> जन्मबन्धविनिर्मुक्ताः पदं गच्छन्त्यनामयम् ।।
> यदा ते मोहकलिलं बुद्धिर्व्यतितरिष्यति ।
> तदा गन्तासि निर्वेदं श्रोतव्यस्य श्रुतस्य च ।।

अर्थात, हे अर्जुन, जुन ज्ञानी मनुष्यहरूले आफ्नो बुद्धिलाई भगवानसि युक्त गरेका छन्, तिनले कर्मबाट उत्पन्न हुने फलासक्तिलाई त्यागेर, ज रूपी बन्धनबाट मुक्त हुन्छन् र यसरी अमृतमय परमपद प्राप्त गर्दछन् हे अर्जुन, जब तिम्रो बुद्धिले मोह रूपी धाप अर्थात जंजाल पूर्ण रूप पारी तर्नेछ, त्यस बेला तिमी सुनी सकेको अथवा सुन्न बाँकी दुवै कुरा प्रति निरपेक्ष हुने छौ ।

तात्पर्य के भने, जब हामीले आफ्नो बुद्धिलाई भगवानसित यु गर्दछौ, त्यो स्थितिमा पुगेपछि गरिएको सबै कर्म भगवानको सत्प्रेरणाद्वा मात्र हुने हुँदा हामी फलासक्तिमा भर पर्दैनौं । फलासक्तिमा त त्यही मनु भर पर्दछ जसले तृष्णाको परित्याग गरी सकेको हुन्न । तथा तृष्णा परित्याग त्यसै व्यक्तिबाट हुन्छ जसले 'म र मेरो' भन्ने अहंकार मा विजय प्राप्त गरी सकेको हुन्छ ।

उपरोक्त श्लोकमा भगवानले यस्तो व्यक्तिलाई 'अनामयम् प गच्छन्ति' भन्नु भएको तात्पर्य के देखिन्छ भने, भगवानसित आफ्नो बुद्धि युक्त गर्न सक्ने समर्थ व्यक्ति त्यस अमृतमय परमपदलाई प्राप्त गर्दछ ज दुखको लेश मात्र हुँदैन, कारण दुखको जरो त तृष्णा नै हो एवं फलास नभएको व्यक्तिले तृष्णामाथि विजय प्राप्त गरी सकेको हुँदा, त्यसले त स्थितिमा स्वभावतः दुखको प्रत्यक्षीकरण गर्नु नै पर्दैन ।

भगवानले गीतामा सुकृत र दुष्कृत कार्यहरूको चर्चा पनि गर्नु भएकोछ। यस सन्दर्भमा हेर्दा कुनै पनि मनुष्यले निरन्तर असल कार्यको साधनाद्वारा मात्र आफ्नो बुद्धिलाई भगवानसित युक्त गर्न सक्दछ। कारण, दुष्कृत कर्म गर्ने मनुष्य त निरन्तर संसार बन्धनमा परी राख्दछ र उसले आफ्नो बुद्धिलाई भगवानसित युक्त गर्ने संभावना नै हुँदैन। अर्को दृष्टिबाट यसको अर्थ हेर्ने हो भने, देहाभिमानको बन्धनमा परेको जीवात्माले विश्वात्मासित तादात्म्य स्थापित गर्न, देहाभिमानको जीवात्मा बन्धनकारक जो अहंकार हो त्यसलाई नै अंत गर्नु पर्दछ। यसका निमित्त हामीले आफ्नो मोह नष्ट गर्न सक्नु पर्दछ, जसको प्रशस्त मार्ग गीतामा भगवानले हामी जस्ता अज्ञानी मनुष्यहरूलाई देखाउनु भएको छ। गीताको कर्म योगमा भगवानले दिनु भएको उपदेश हामीले पालन गर्दै निष्काम कर्म गर्दै गयौं भने हामी भगवानसित युक्त हुन सक्दछौं। त्यसैले भगवानले पनि "योगः कर्मसु कौशलम्" भन्नु भएको हुनु पर्दछ। अर्थात, समत्त्व बुद्धिरूप योग नै कर्मको कौशल हो। यहाँ कौशलको तात्पर्य कर्म बन्धनको मुक्ति उपायलाई मान्नु पर्दछ।

हाम्रो संसार राग द्वेषले भरिएको छ। यस्तो संसारमा मनुष्य स्वयम् क्षणिक रूपमा आउँछ। तर त्यस क्षणिक अवस्थामा पनि यो संसार स्वप्नवत भएको हुँदा, यो असत्य हो, यो अनित्य हो भन्ने कुरा मनुष्यलाई लाग्दैन। श्री शंकरार्यले 'आत्मबोध' मा भन्नु हुन्छः

संसारः स्वप्नतुल्यो हि रागद्वेषादि सङ्कुलः।
स्वप्नकाले सत्यवद् भाति प्रबोधेऽसत्यवद् भवेत् ॥

अर्थात, राग द्वेष आदिले भरिएको यो संसार स्वप्न समान हो। जसरी, स्वप्नावस्थामा स्वप्नमा देखिएका कुराहरू सत्य प्रतीत भए, जस्तै, बिउँझना साथ हामीलाई असत्य लाग्दछन्, त्यसरी नै, यो संसार पनि असत्य हो।

तात्पर्य के भने, जब हामीलाई संसार असत्य हो, अनित्य हो भन्ने ज्ञान भएर आउँछ, हामी भगवानद्वारा निर्धारित कर्म कर्तव्य फलासक्ति नराखी गर्दै जान्छौं र अनि मुक्त कार्य गर्दै आफ्नो बुद्धिलाई भगवानसित युक्त गर्न पुग्दछौं ।

श्रीकृष्णायनमः

नैतिक लक्ष्य र निष्ठा मार्ग

परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुण रूप भगवान श्री कृष्णले ज्ञानयोग तथा निष्कामकर्मयोग दुवैको लक्ष प्राप्ति स्थान एउटै हो भनी भन्नु भएको छ।

यत्सांख्यैः प्राप्यते स्थानं तद्योगैरपि गम्यते।
एकं सांख्यं च योगं च यः पश्यति स पश्यति ।।

अर्थात, ज्ञानयोगीहरूले जुन परम धाम प्राप्त गर्दछन्, निष्काम कर्मयोगीहरूले पनि त्यही नै प्राप्त गर्दछन्। जसले फलरूपमा ज्ञानयोग र निष्कामकर्मयोगलाई एउटै देख्दछ, त्यसैले यथार्थ देख्दछ।

तात्पर्य के भने, सांख्य र योग दुवैको नैतिक तथा आध्यात्मिक लक्ष एउटै हो भनी जसले अनुभव गर्न सक्दछ त्यसले मात्र योग निष्ठाको उपलब्धिमा समानता देख्न सक्दछ।

वास्तवमा, ज्ञानयोग र कर्मयोग दुवै मनुष्यको ईश्वर प्राप्तिको मार्गमा लाग्ने प्रवृत्ति अनुसार भगवानले मनुष्यलाई प्रदान गर्नु भएको हो। भगवान स्वयम् भन्नु हुन्छ:

लोकेस्मिन्द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ।
ज्ञानयोगेन साङ्ख्यानां कर्मयोगेन योगिनाम् ।।

अर्थात, हे निष्पाप अर्जुन, यस लोकमा मैले पहिले नै दुइ प्रकारका निष्ठाहरूका विषयमा भनेको छु। यो निष्ठा, ज्ञानीहरूका निमित्त ज्ञान योगद्वारा एवं योगीहरूका निमित्त निष्कामकर्मयोगद्वारा प्राप्त हुन्छ।

तात्पर्य के भने, साधनाको पराकाष्ठाको स्थिति जसलाई निष्ठा भनिन्छ त्यो ज्ञान अथवा योग दुइ मध्ये कुनै मार्गबाट पनि प्राप्त गर्न सकिन्छ। चिन्तनको प्रकृयाद्वारा ज्ञानयोगको निष्ठामा पुग्न सकिन्छ, त्यस्तै निष्कामकर्मयोगको प्रकृयाद्वारा योगको निष्ठा प्राप्त गर्न सकिन्छ। अर्को अर्थबाट बुझ्ने प्रयत्न गरिने हो भने यहाँ चिन्तन र कर्म दुवैका बीच सामञ्जस्यको स्पष्ट व्याख्या गरिएको पाइन्छ। कारण, कर्मको प्रारंभ विचारको उत्पत्ति नभई हुन सक्दैन। अर्थात, जब सम्म मनुष्यमा कर्म गरूँ भन्ने बुद्धि जाग्दैन तब सम्म ऊ कर्म गर्दैन। त्यसैले बुद्धि र कर्मको अन्योन्याश्रित सम्बन्ध छ। त्यसै गरी हामीले ज्ञान र कर्मलाई सिद्धान्त र व्यवहारका रूपमा पनि लिन सक्दछौं। यदि विचारले उत्पन्न गरेको सिद्धान्तलाई व्यवहारमा परिणित गरिएन भने त्यो सिद्धान्त, सिद्धान्त नै रहन्छ। भगवान कृष्णको उपदेश, जसको उत्पत्तिको आधार ज्ञान हो, त्यसले पनि अर्जुनलाई कर्म प्रवृत्त हुने प्रेरणा नै दिएको छ। भगवान भन्नु हुन्छः

सन्यासस्तु महाबाहो दुखमाप्तुमयोगतः।

योगयुक्तो मुनिर्ब्रह्म नचिरेणाधिगच्छति ।।

अर्थात, हे महावाहो अर्जुन, निष्कामकर्मयोग विना सन्यास प्राप्त हुनु कठिन छ एवं जो ध्यानी मुनि हो ऊ पनि निष्काम कर्मको माध्यमद्वारा आफूलाई पवित्र पार्न सक्दछ तथा त्यस मार्गद्वारा परब्रह्म परमात्मालाई शिघ्र प्राप्त गर्न सक्दछ।

तात्पर्य के देखिन्छ भने, निष्काम कर्म नगरी सन्यास प्राप्त गर्न सकिन्छ भन्ने कल्पना गर्नु वृथा हो। निष्काम कर्मले अरूका प्रति स्वार्थ रहित सेवा प्रदान गर्ने प्रेरणा प्रदान गर्दछ। जसले आफ्नो जीवनमा व्यावहारिक रूप दिन सक्यो उसले मात्र सन्यासको साधना गर्न सक्ने संभव देखिन्छ। अन्यथा, घरवाट भागेर सन्यासी भएँ भन्नेलाई वास्तविक अर्थमा सन्यासी भन्न मिल्ने देखिन्न। जसलाई आफ्नै कर्तव्यको ज्ञान छैन उसले अरूलाई ज्ञान कताबाट प्रदान गर्न सक्दछ। त्यसैले भगवान भन्नु हुन्छः

योगयुक्तो विशुद्धात्मा विजितात्मा जितेन्द्रियः ।
सर्वभूतात्मभूतात्मा कुर्वन्नपि न लिप्यते ।।

अर्थात, जसले आफ्नो शरीरलाई वशमा गरेको छ र इन्द्रियहरू माथि विजय प्राप्त गरेको छ, जसको अन्तः करण विशुद्ध छ, जसले आफ्नो आत्मालाई सम्पूर्ण भूतप्राणीको आत्मामा देख्वछ, त्यस्तो निष्काम कर्म योगी कर्म गर्दा गर्दै पनि लिप्त हुँदैन ।

तात्पर्य के भने, जसले अरूको हितलाई आफ्नो हित सरह देख्दछ, त्यसले मात्र निष्काम कर्म गर्न सक्दछ एवं त्यस्तो अरूको हित गर्नेले आफ्नो इन्द्रिय माथि विजय प्राप्त गर्न सक्दछ । विषयासक्तिमा डुबेको व्यक्तिले इन्द्रिय माथि विजय पाउन सक्दैन, कारण, आफ्नो मात्रै हितका निमित्त काम गर्ने व्यक्ति इन्द्रियहरूको नियन्त्रणमा हुन्छ ।

इन्द्रिय माथि विजय प्राप्त गरेको एवं ब्रह्मसित तादात्म्य स्थापित गर्न सक्ने पुरुषका लक्षणहरूको चर्चा गर्दै भगवान भन्नु हुन्छः

निर्मानमोहा जितसङ्गदोषा
अध्यात्मनित्या विनिवृत्तकामाः ।
द्वन्द्वैर्विमुक्ताः सुखदुःखसंज्ञै-
र्गच्छन्त्यमूढाः पदमव्ययं तत् ।।

अर्थात, जसको मान र मोह दुवै नष्ट भइ सकेको हुन्छ तथा जसले आसक्ति रूपी दोषलाई जिती सकेको हुन्छ, जसको निरन्तर स्थिति परमात्माको स्वरूपमा भइ सकेको हुन्छ, जो सुख दुख रूपी द्वन्दहरूबाट मुक्त भइ सकेका हुन्छन्, त्यसता ज्ञानी जन परमपद प्राप्त गर्दछन् ।

तात्पर्य के भने, हामी प्रायःस आफूमा नभएको महत्वलाई महत्वको रूप दिएर व्यर्थको गर्व गर्दछौं । तर जो यस प्रकारको मोहबाट व्याप्त हुँदैन, त्यो मात्र अनासक्त भएर कार्य गर्न सक्दछ । तर अनासक्त स्थितिमा पुन तृष्णाबाट स्वतन्त्र हुनु पर्दछ–जो कुरा भगवानले उपरोक्त श्लोकमा

'विनिवृत्तकामाः' भन्नेबाट बुझाउनु भएको छ । जो यस स्थितिमा पुगेको हुन्छ ऊ मात्र अप्रियको संयोग र प्रियको वियोगबाट पर्ने प्रभाव भन्दा मुक्त हुन्छ ।

यस बाहेक, उपरोक्त श्लोकमा द्वन्दबाट मुक्त पुरुषको चर्चा छ। सुख–दुख, मान–अपमान आदि यी सबै द्वन्द हुन् । अर्थात, द्वन्द ती हुन् जसले मनमा विपरीत प्रभाव पार्दछन् । परम पद प्राप्त गर्ने क्षमता भएको पुरुष यस्ता द्वन्दहरूबाट मुक्त हुन्छ । उसमाथि सुख–दुख, मान–अपमान आदिबाट विपरीत प्रभाव पर्दैन । यस्तो व्यक्तिले भगवानको महत्तालाई बुझेको हुन्छ एवं उसले भगवानद्वारा मनुष्यहरूका निमित्त निर्धारित नियम-हरूलाई अत्यन्त विनम्रता एवं भक्तिपूर्वक पालन गर्दछ । त्यसैले गीतामा स्वयम् भगवानले अर्जुनलाई निष्काम कर्मको महत्व बुझाउनु भएको हो। निष्काम कर्मको अर्थ भगवानद्वारा निर्धारित नियम भित्र काम गर्नु पनि हो ।

भगवानद्वारा निर्धारित नियम भित्र काम गर्नु भनेको भगवानलाई प्राप्त गर्ने प्रकृया हो । राग, भय र क्रोधबाट मुक्त भएको व्यक्तिले भगवान कै शरणमा पर्‍यो भने भगवान प्राप्त गर्न सक्दछ । गीताको चौथो अध्यायको दशौं श्लोकमा भगवान भन्नु हुन्छ:

वीतरागभयक्रोधा मन्मया मामुपाश्रिता. ।
बहवो ज्ञानतपसा पूना मभ्दावमागताः ।।

अर्थात, राग, भय र क्रोधले रहित व्यक्तिहरू, अनन्य भावले ममा नै स्थित रहने, मलाई नै आफ्नो आश्रय मान्ने धेरै मनुष्यहरू ज्ञान रूपी तपले पवित्र भएर मेरो भाव प्राप्त गरी सकेका छन् ।

तात्पर्य के भने, ज्ञानलाई प्रकट गर्ने आत्म चैतन्यको माध्यमद्वारा हामीले आफूलाई राग, भय र क्रोधबाट मुक्त गरी भगवानमा समर्पित गर्न सक्यौं भने, हामी आस्तिक रूपले भगवान प्राप्त गर्न सक्छौं । राग, भय र क्रोध मनुष्यका यी तीनै प्रवृत्तिहरूले मनुष्यलाई भगवान भन्दा धेरै टाढा

लग्दछ। हामीले प्रेम र भक्तिको माध्यमद्वारा भगवानमा आफूलाई समर्पित गर्न सक्यौं भने मात्र, भगवान प्राप्त गर्न सक्दछौं। राग, भय र क्रोध यी माया रूपी अविद्या हुन्। श्री रामकृष्ण परमहंस भन्नु हुन्छ, माया रूपी अविद्याले हामीलाई ईश्वरबाट विमुख पार्दछ।

प्रश्न उठन सक्दछ, राग भय र क्रोध त मनुष्यबाट हटन अत्यन्त कठिन छ। निश्चय पनि, राग, भय र क्रोध नै मनुष्यको व्यक्तिगत एवं सामुहिक पतनको कारण हो। यस्ता दुर्विकारहरूमाथि विजय, ज्ञान रूपी तपको माध्यमद्वारा पाउन सकिने स्पष्ट उल्लेख भगवानले उपरोक्त श्लोकमा गर्नु भएको छ। ज्ञान रूपी तपले मनुष्यका क्लेशहरूलाई पवित्र गर्दछ। ज्ञान रूपी तपमा लाग्नु भन्दा अघि मनुष्यले आत्म नियन्त्रणको प्रक्रियामा लाग्नु पर्दछ। अनि मात्र, ज्ञान रूपी तपको माध्यमद्वारा उपरोक्त श्लोकमा भगवानले 'मदभाव' भन्नु भएको स्थितिमा अर्थात भगवानसितको एकीभावको स्थितिमा मनुष्य पुग्न सक्दछ। मनुष्यलाई कर्म बन्धनबाट मुक्ति पाउने यो अत्यन्त स्पष्ट मार्ग भगवानले हामी अज्ञानी मनुष्यहरूलाई बताउनु भएको छ।

श्रीकृष्णायनमः

श्रद्धा र ज्ञान

कर्म, पाप प्रवृत्ति मूलक तथा पुण्य प्रवृत्ति मूलक दुवै हुन सक्दछ। अज्ञानले व्याप्त कर्म गरियो भने त्यसको प्रतिफल निश्चय पनि पाप हुन्छ तर यदि ज्ञान संग्रह युक्त कर्म गरिएको छ भने त्यो पुण्य कारक हुन्छ। यदि हामीले पाप रूपी नदी तर्नु छ र त्यसका निमित्त हामीसित ज्ञान रूपी डुंगा छ भने, हामी सजिलैसित पुण्यको अर्को किनारमा पुग्न सक्दछौं। यस सम्बन्धमा परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुण रूप भगवान श्रीकृष्ण भन्नु हुन्छः

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः।
सर्वं ज्ञानप्लवेनैव वृजिनं संतरिष्यसि ।।

अर्थात, हे् अर्जुन, यदि तिमी सबै पापीहरू भन्दा बढी पाप गर्ने हौ भने ता पनि ज्ञान रूपी डुंगाद्वारा निःसन्देह संपूर्ण पाप तर्न सक्ने छौ।

तात्पर्य के भने, मनुष्यमा जो जन्मजात अपूर्णता हुन्छ, त्यसलाई परिशुद्ध ज्ञान मार्गले मात्र गर्न सक्दछ। कारण, मनुष्यमा अपूर्णता रहुनजेल उसले पाप कर्म गर्न छाडदैन। तर पूर्णता तर्फ अग्रसर हुने कसरी त ? जब मनुष्यले अधिभौतिक शरीर, आधिदैविक मन र आध्यात्मिक बुद्धिमा सामञ्जस्य ल्याउँछ, त्यस बेला उसमा पूर्णता आउन संभव हुन्छ। अनि उसमा ज्ञान उत्पन्न भएर उसले ब्रह्मको सत्ता अगम, अगोचर, निर्गुण, अचिन्त्य र अनिर्वचनीय हो भनी बुझ्न थाल्दछ। मनुष्य यस स्थितिमा पुगे पछि ज्ञान र भक्तिमा विभेद देखिन्न। कारण उसले ज्ञानको माध्यमद्वारा ईस्वरको संपूर्ण सत्ता स्वीकार गरेको हुँदा, त्यस सत्ताका प्रति ऊ

समर्पित हुन्छ। अनि ऊ पूर्ण भक्तका रूपमा देखिन थाल्दछ । मनुष्यमा ज्ञानको उदय होस अथवा भक्तिको उदय होस, त्यो दुवै भगवत कृपा बाहेक हुन सक्दैन । निष्ठावान सच्चा भक्त र ज्ञानीमा अन्तर गर्न खोज्नु अज्ञानको प्रदर्शन बाहेक अरू केही होइन ।

हामी सबै अज्ञानी मनुष्यहरू पाप रूपी विशाल र विस्तृत महासागरको वल्लो किनानमा छौं। जब सम्म हामीमा ज्ञानको उदय हुँदैन, हामी निश्चय पनि यो पापको महासागर तर्न समर्थ हुन्नौं । हामीले आफ्नो पापलाई वल्लो किनारमा छाडन सक्यौं भने मात्र हामी कर्मबाट मुक्त हुन सक्दछौं । ज्ञान रूपी डुंगाको सहायताले जब हामी पाप रूपी महासागर तर्न समर्थ हुन्छौं अनि मात्र हामीमा आत्मानुभूति अथवा ईश्वरानुभूति हुन सक्दछ । हामीमा परम ज्ञानी त्यसलाई भन्न सक्दछौं जसले पापको महासागर सफलता पूर्वक तर्न सकेको होस । पापबाट मुक्त नभई पूर्ण ज्ञान असंभव छ, त्यस्तै ज्ञानको आश्रय नली पापवाट मुक्त हुने मार्ग देख्न सक्नु पनि असंभव छ ।

पापको प्रारंभ दुष्कर्मबाट हुन्छ । यही दुष्कर्म रूपी प्रवृत्ति हो जसले जीवात्मालाई देहाभिमानको बन्धन भित्र राख्दछ । एवं दुष्कर्मको उत्पत्तिको कारण हाम्रो अनियन्त्रित जीवन यापन प्रक्रया नै हो । ज्ञानको माध्यमद्वारा हामी यस दुष्कर्म प्रवृत्ति माथि विजय पाउन सक्दछौं र वास्तवमा भगवानले भन्नु भए जस्तै ज्ञानाग्निको माध्यमद्वारा दुष्कर्मलाई खरानी पार्न सक्दछौं । भगवान भन्नु हुन्छ:

यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन ।
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा ।।

अर्थात, हे अर्जुन, जसरी प्रज्वलित अग्निले इन्धनलाई भस्म गर्दछ, त्यसरी नै ज्ञान रूपी अग्निले संपूर्ण कर्महरूलाई भस्म समान पारी दिन्छ ।

यहाँ प्रश्न उठन सक्दछ के पूर्व जन्ममा संग्रहित कर्म पनि यस जन्मको ज्ञानाग्निले भस्म हुन सक्दछ । यो निश्चय पनि संभव छ यदि

साधकले यो संपूर्ण सत्ता ब्रह्ममा मात्र आश्रित छ र हामी सबै ब्रह्मका प्रतिबिम्ब मात्र हौं भनी अनुभव गऱ्यो भने। यदि यस्तो स्थितिमा पुग्न सकियो भने, पूर्व जन्ममा संग्रहित कर्म-जन्य अज्ञान, साधकको ज्ञानाग्निद्वारा भस्म हुन जान्छ। जब अज्ञान भस्म हुन्छ, पूर्व जन्मको संग्रहित कर्म फल पनि स्वतः समाप्त हुन्छ, कारण, अज्ञानको समाप्ति भए पछि मनुष्य दुष्कर्म प्रवृत्त हुने संभावना रहँदैन। तसर्थ, भगवान भन्नु हुन्छ:

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते।
तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति॥

अर्थात, हे अर्जुन, यस संसारमा ज्ञान समान पवित्र गर्ने अरू केही कुरा पनि छैन, यस ज्ञानलाई धेरै कालदेखि योगद्वारा अन्तः करणलाई पवित्र शुद्ध गरेको पुरुषले आत्मामा अनुभव गर्दछ।

तात्पर्य के भने, योगद्वारा अर्थात भगवानसित युक्त हुने प्रक्रियाद्वारा अन्तः करणलाई शुद्ध परेको पुरुषले जन्म मृत्यु सम्बन्धि चक्रद्वारा उत्पन्न मोह नष्ट गर्न समर्थ हुन्छ। अन्तः करण शुद्ध नभई आत्मबोध हुन सक्दैन र आत्मबोध नभई मोह पूर्णरूपले नष्ट हुँदैन।

अन्तः करण शुद्ध पार्नुका साथै ज्ञान प्राप्तिका निमित्त साधकमा श्रद्धा जागृत हुनु पर्दछ। भगवान भन्नु हुन्छ:

श्रद्धावाँल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः।
ज्ञानं लब्ध्वा परां शान्तिमचिरेणाधिगच्छति॥

अर्थात हे अर्जुन, इन्द्रिय माथि विजय प्राप्त गरेको, भक्त तथा श्रद्धावान मनुष्यले ज्ञान प्राप्त गर्दछ। र यसरी ज्ञान प्राप्त गर्ने मनुष्य तत्कालै पूर्ण शान्तिमा पुग्दछ।

तात्पर्य के भने, श्रद्धाको ज्योतिले ज्ञान मार्गलाई प्रकाशित गर्दछ साथै इन्द्रियहरू माथि विजय प्राप्त नगरी ब्रह्म ज्ञानको मार्गमा लाग्न सकिन्न। अनि त्यस्तो पुरुषमा आन्तरिक शान्तिको उदय हुन्छ। आन्तरिक

शान्ति भए पछि मात्र उसमा सत चित् आनन्दको महत्ता बुझ्ने क्षमता जाग्रत हुन्छ र अन्ततोगत्वा ऊ पूर्ण शान्तिमा पुग्दछ।

यस जगतको सम्पूर्ण उत्पत्तिको कारण भगवान नै भएको हुँदा यो कुराको बोध हुने पुरुष ज्ञानी हो भन्दै भगवान भन्नु हुन्छः

अहं सर्वस्य प्रभवो मत्तः सर्वं प्रवर्तते।
इति मत्वा भजन्ते मां बुधाभाव समन्विता॥

अर्थात, हे अर्जुन, म नै संपूर्ण जगतको उत्पत्तिको कारण हूँ। जगतमा जो सब चेष्टा देखिन्छन् ती सबै मैले गर्दा नै हुने हुन्। यसरी यस तत्वलाई बुझेर श्रद्धा एवं भक्तिले युक्त बुद्धिमान भक्तजन म परमेश्वरको निरन्तर आराधना गर्दछन्।

तात्पर्य के भने, जस्तो एउटा किसानले आपनो खेतको महत्व बुझेको हुन्छ एवं खेतका प्रति ऊ आसक्त हुन्छ, कारण, किसानलाई थाहा छ, कुनै पनि वर्ष जति राम्रो खेती भयो, उसको भरण पोषण पनि त्यस वर्ष त्यति नै राम्रो हुने गर्छ। त्यसै गरी, बुद्धिमान पुरुष पनि भगवानका प्रति आसक्त हुन्छ, कारण उसलाई थाहा छ ऊ भगवानको जति नजीक हुन्छ, त्यति नै उसको ज्ञानको विकास हुँदै जान्छ। त्यसतो पुरुष भाव विभोर भएर भगवानको आराधना गर्दछ। त्यसरी भगवानको अर्चना गर्नेहरू भगवान मै निरन्तर रमण गर्दछन् भन्दै भगवान भन्नु हुन्छ

मत्चित्ता मग्दतप्राणा बोधयन्तः परस्परम्।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च॥

अर्थात, हे अर्जुन, निरन्तर म मा नै मन लगाउनेहरू म मा नै जीवन अर्पण गर्नेहरू, सदा मेरो भक्तिको चर्चा गर्दै मेरो प्रभाव थाहा पाउँछन् र गुण तथा प्रभाव सहित मेरो चर्चा गर्दै उनीहरू सन्तुष्ट हुन्छन् र म मा नै रमण गर्दछन्।

तापर्य के भने, भगवानको सच्चा भक्त भगवत भक्तिमा सदैव डुबेको

हुन्छ । उसले अरूहरूसित भेटदा पनि भगवत चर्चा नै गर्दछ । तर भगवान एक मात्र हुनु भए तापनि भक्तको भक्तिको क्षमता भिन्दा भिन्दै हुनु मनुष्यको स्वाभाविकता मित्र आउँछ । जस्तो सूर्य एउटै भए तापनि विभिन्न आकारको घडाको जलमा सूर्यको आकार बेग्ला बेग्लै परेको देखिन्छ, त्यस्तै भक्तको हृदयको पवित्रता जति बढी निर्मल हुन्छ, त्यति नै बढी रूपमा भगवान उसको हृदयमा प्रतिबिम्बित हुनु हुन्छ । भक्तिको प्रेरक प्रभाव हामी भक्तहरू भेला भएको स्थलमा देख्न सक्दछौं । जस्तो, सांसारिक कार्य गर्दा भक्तहरूमा जति सुकै वैचारिक भिन्नता देखिए तापनि भक्तिको कार्यमा उनीहरूको तादात्म्य अवर्णनीय हुन्छ । सो कुरा अनुभव गरेर मात्र थाहा पाउन सकिन्छ । भगवानको निरन्तर आराधना गर्नेलाई भगवानको विशेष आसिर्वाद प्राप्त हुन्छ । यस सम्बन्धमा भगवान भन्नु हुन्छ:

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम् ।
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ।।

अर्थात, ती निरन्तर मेरो ध्यानमा लागेका मेरो भजन गर्ने भक्तहरूलाई म तत्वज्ञान रूपी योग दिन्छु जसद्वारा उनीहरू मलाई प्राप्त गर्न सक्दछन् ।

तात्पर्य के भने, भगवानले तत्वज्ञान रूपी योग दिन्छु भन्नु भएको अर्थ योगको माध्यमद्वारा हामी भगवानको बढी ध्यान गर्न सक्ने कुराबाट स्पष्ट देखिन्छ । भक्तिमा योगको सम्मिश्रण हुना साथ साधकलाई भगवानको सर्वशक्ति सम्पन्नता एवं सर्व व्यापकता थाहा पाउन धेरै सजिलो हुन्छ । भगवानमा अगाध भक्ति भए पछि कर्तापनको अहंकार अन्त हुन थाल्दछ र अनि तत्वज्ञान बढेर आउँछ । भगवान भन्नु हुन्छः

सर्वकर्माण्यपि सदा कुर्वाणो मद्व्यपाश्रयः ।
मत्प्रसादादवाप्नोति शाश्वतं पदमव्ययम् ।।

अर्थात, हे अर्जुन मेरो आश्रयमा आएको निष्काम कर्मयोगी संपूर्ण

कर्महरू सदैव गरी रहँदा पनि मेरो कृपाले शाश्वत अविनाशी परमपद् प्राप्त गर्दछ ।

तात्पर्य के भने, कर्म त सृष्टिको नियम हो । यसलाई प्रकृतिको बाध्यताद्वारा हामीले गर्नै पर्दछ । तर यदि कर्मका प्रति हाम्रो विचार विशुद्ध छ भने यदि हामीले भगवानका प्रति समर्पित भएर कर्म गर्दछौं भने त्यसतो कर्म हाम्रो बन्धनको कारक हुन सक्दैन, कारण न त त्यसतो कर्ममा फलासक्ति गाँसिएको हुन्छ, न त अहंकार नै ।

श्रीकृष्णायनम:

चैतन्य र जगत

यस जगतका प्रणेता र प्रणिधान, स्रष्टा र संरक्षक दुवै ईश्वर नै हो। सृष्टिका संपूर्ण कुराहरू ईश्वरमा नै निर्भर गर्दछ। यसको संकेत, परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्रीकृष्णले गीताको नवौं अध्यांयको अठारहौं श्लोकमा पनि दिनु भएको छ। भगवान भन्नु हुन्छः

> गतिर्भर्ता प्रभुः साक्षी निवासः शरणं सुहृत्।
> प्रभवः प्रलयः स्थानं निधानम् बीजमव्ययम्।।

अर्थात, हे अर्जुन, म नै लक्ष हूँ, सबैको भरण पोषण गर्ने पनि म नै हूँ, सबैको स्वामी, सबैको शुभाशुभ हेर्ने साक्षी, सबैको वासस्थान, सबैको शरण स्थल, सबैका प्रति हित गर्ने, सबैको उत्पत्ति र लयको कारक सबैको निधान, तथा सबैको अविनाशी कारण अर्थात बीज पनि म नै हूँ।

तात्पर्य के भने, सबै मनुष्यमा सत् चित आनन्दको लक्ष हुन्छ। भगवानले आफूलाई सबैको लक्ष भन्नु भएर आफूलाई सत् चित् आनन्दको पर्यायका रूपमा प्रस्तुत गर्नु भएको छ। त्यस्तै, ईश्वरको आसिर्वाद, प्रसाद अथवा कृपा नपाई कुनै मनुष्य पनि विवेक युक्त भई बाँच्न नसक्ने हुँदा सबैको भरण पोषण कर्ता पनि भगवान नै हुनु भयो। जगतका संपूर्ण जड र चेतन पदार्थ भगवान बाटै प्रतिबिम्बित हुने हुँदा उहाँ सबैको स्वामी हुनु भयो। जंगतको उत्पत्ति, स्थिति र लय भगवान कै निर्देशनमा हुने हुँदा, उहाँ सबको साक्षी हुनु भयो। हाम्रो चैतन्यको श्रोत पनि भगवान

नै हुनु भयो जस्तो, समुद्रको तरङ्ग समुद्र नभई हुन सक्दैन, त्यस्तै जगतको उत्पत्ति, स्थिति र लय भगवान नभई हुन नसक्ने हुँदा, भगवान नै जड चेतन सबै पदार्थको अविनाशी कारण हुनु भयो। अब उपरोक्त श्लोकमा भगवानले आफूलाई लक्ष भन्नु भएको कुराको अर्थ अरू व्यापक दृष्टिबाट हेरौं। हामी आफ्नो कर्म बन्धनबाट मुक्ति पाउन मोक्षको आकांक्षा गर्दछौं। यही नै हाम्रो परम पुरुषार्थ हो। जब जीवात्मा देहाभिमानको बन्धनबाट मुक्त हुन्छ, तब मात्र ऊ परमात्मा प्राप्त हुन्छ। तसर्थ, यस्तो आत्मानुभूतिले नै मनुष्यलाई ईश्वरानुभूति तर्फ लग्दछ। त्यसैले भगवानले आफू सबैको लक्ष भनी भन्नु भएको हुनु पर्दछ। कारण भगवत प्राप्तिको लक्ष राखे पछि मात्र हामी राग, द्वेष, मोह, अहंकार तथा अन्य दुर्विकारबाट मुक्त हुन सक्दछौं।

हामी मध्ये कोही भन्दछौं, ईश्वर नदेखिने हुनाले ईश्वर कहाँ छ र? यो प्रश्न त्यस्तै अज्ञानको फल हो जसतो पृथ्वी भित्र लुकेर रहेका रत्नहरू कसरी त्यहाँ छन् भनी अज्ञान वस प्रश्न गर्नु। जसरी, पृथ्वी भित्र लुकेर रहेको रत्न झिक्न पहिले पृथ्वी खन्न पर्छ, रत्न भएको ढुंगाबाट रत्न छुटयाउनु पर्दछ, र अनि त्यसलाई कैयन प्रक्रयाको माध्यमद्वारा अन्तमा पालीस लगाई त्यसमा चमक दिए पछि त्यसले रत्नको वास्तविक रूपमा आफूलाई प्रकट गर्दछ, त्यस्तै मनुष्यले साधनाको विभिन्न प्रक्रयाद्वारा मात्र ईश्वरको आभा अथवा प्रकाश देख्न सक्दछ। मनुष्यले भगवानका प्रति जति जति अज्ञानको वृद्धि गऱ्यो ऊ भगवान भन्दा उति उति टाढा हुँदै जान्छ।

भगवानले उपरोक्त श्लोकमा आफूलाई अविनाशी बीज भनी सम्वोधन गर्नु भएको विषयलाई तात्त्विक अर्थमा हेर्न खोज्यौं भने हामीले थाहा पाउँछौं, जस्तो कुनै विरुवाको उत्पत्ति बीज रोपे पछि मात्र हुन्छ, त्यस्तै हामीले यसो हेर्दा बीज नष्ट भए पछि मात्र त्यो विरुवा र त्यसमा लागेको फल उत्पन्न भए जस्तो लाग्दछ। तर फलमा पुनः बीज हामी पाउँछौं जो

गाडे पछि फेरी बिरुवा र फलको क्रम जारी रहन्छ । यदि सबै बीजमा भगवानले आफ्नो अविनाशी तत्त्व प्रदान नगर्नु भएको भए हामीले यो सृष्टिको क्रम निरन्तर रूपले चलेको पाउने नै थिएनौं । हामी बीजबाट बिरुवा, बिरुवाबाट फल र फलबाट बीज उत्पन्न भएको देख्दछौं । अर्थात, बीजको बिरुवा हुनु भन्दा अघि जुन प्राथमिक रूप थियो, हामी फलबाट त्यही प्राथमिक रूपको बीज पाउँछौं । त्यस्तै हामी सबै प्राणीहरू मोक्ष प्राप्त नगरूनजेल, उत्पत्ति, स्थिति, लय र पुनर उत्पत्ति, स्थिति र लयको क्रममा विचरण गरी राख्दछौं ।

ज्ञान र अज्ञानको दोसांधमा हामी हुनजेल हामीलाई उपरोक्त कुराको बोध हुन सक्दैन । भगवानले ज्ञान र अज्ञानको व्याख्या गर्दै भन्नु भएको छ:

अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम् ।
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा ।।

अर्थात, अध्यात्म ज्ञानमा नित्य स्थित रहेर तत्त्व ज्ञानको अर्थरूप परमात्मालाई सर्वत्र देख्नु नै ज्ञान हो, एवं जो यसको विपरीत कुरा हो त्यसलाई अज्ञान हो भनी भनिन्छ ।

यसमा हामीले सब भन्दा पहिले अध्यात्म के हो भन्ने कुरा छोटकरीमा बुझ्ने प्रयत्न गरौं । हामीले देख्ने दृष्य जगत क्षर अथवा नश्वर हो । जो यस्तो क्षर अथवा नश्वर स्थिति भन्दा माथि हुन्छ त्यसलाई अध्यात्म भनिन्छ ।

पश्चिमका विद्वान मध्ये एक अत्यन्त प्रसिद्ध विद्वान इमर्सनले पनि अध्यात्मलाई अधीश्वर आत्मा भनी भनेका छन् ।

ईश्वर सर्वव्यापक हुँदा हुँदै पनि हामी ईश्वरलाई किन देख्दैनौ त ? यस सम्बन्धमा श्री रामकृष्ण परमहंसले बडो स्पस्ट व्याख्या गर्नु भएको छ । श्री रामकृष्ण परमहंस भन्नु हुन्छः "मायाले ईश्वरको व्यापकतालाई

ढाकेको हुन्छ। हामीले माया हटाउन सके पछि मात्र ईश्वर देख्दछौं।"

ईश्वरको सत्ताका शक्तिहरूमा हामी आध्यात्मिक, आधिदैविक र आधिभौतिक शक्तिहरू पाउँछौं। मनुष्यमा ईश्वर प्रतिबिम्बित हुने हुँदा, आध्यात्मिक, आधिदैविक र आधिभौतिक शक्तिहरूको सामञ्जस्य मनुष्यमा भए पछि मात्र उसमा पूर्णता आउँछ र अनि उसमा ज्ञानको उदय हुन्छ। अर्को शब्दमा भन्ने हो भने मनुष्यमा ज्ञानको उदय नभई उसमा पूर्णता आउन्न।

आधिभौतिक, आधिदैविक एवं आध्यात्मिक शुद्धि मनुष्यले कसरी प्राप्त गर्ने त? आधिभौतिक शुद्धिको मार्ग कर्म हो, आधिदैविकको उपासना एवं आध्यात्मिकको ज्ञान हो।

गीताको आठौं अध्यायको प्रारम्भमा अर्जुनले भगवानसित ब्रह्म के हो, कर्म के हो, अधिभूत, अधिदैव र अधियज्ञ के हुन् भनी प्रश्न गरेको उत्तरमा भगवानले भन्नु भएको छः

अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते।
भूतभावोद्भवकरो विसर्गः कर्मसंज्ञितः॥
अधिभूतं क्षरो भावः पुरुषश्चाधिदैवतम्।
अधियज्ञोऽहमेवात्र देहे देहभृतां वर॥

अर्थात, हे अर्जुन, परम अक्षर अर्थात कहिले पनि नाश नहुने परमात्मा नै ब्रह्म हो, स्वभाव अध्यात्म हो, तथा स्थावर जंगम प्राणिहरूको उत्पत्ति एवं वृद्धि कारक यज्ञ र दान रूप त्यागलाई कर्म भनिन्छ।

उत्पत्ति र विनाशको प्रकृति भएका सबै पदार्थ अधिभूत हुन्, तथा हिरण्यमय पुरुष अधिदैव हो एवं हे देहधारीहरू मध्ये श्रेष्ठ अर्जुन, शरीरमा म जो परब्रह्म रूपमा छु त्यही नै अधियज्ञ हूँ।

तात्पर्य के भने, क्षर वस्तु, नाशवान वस्तु परिवर्तन शील हुन्छ। ब्रह्म परिवर्तनशील नहुने हुँदा ऊ अक्षर भयो। त्यसैले ऊ अविनाशी हुन्छ।

ब्रह्मलाई भगवानले उपरोक्त श्लोकमा परम किन भन्नु भयो त ? किन भने ब्रह्मलाई कुनै पनि इन्द्रियले ग्रहण गर्न नसक्ने हुँदा ऊ परम भयो। दृष्य जगतमा देखिने परिवर्तनले ब्रह्म माथि कुनै पनि प्रभाव पार्न सक्दैन। ब्रह्म नै सृष्टिको मूल कारक भएको हुँदा ऊ अक्षर भयो।

भगवानले उपरोक्त श्लोकमा स्वभावलाई अध्यात्म भन्नु भएको छ। ब्रह्म रूपी विश्वात्माको स्वभाव के हो त ? यो स्वभाव निश्चय पनि जीवात्माका रूपमा प्राणिहरूको शरीर भित्र निवास गर्ने हो–देह त्याग नगरूनजेल सम्म। त्यसै निमित्त ब्रह्मको स्वभावलाई अध्यात्म भनिएको हुनु पर्दछ।

संपूर्ण सृष्टि कर्मको प्रक्रया समेतद्वारा संचालित हुन्छ। र कर्म गर्दा त्याग स्वाभाविक रूपले आउँछ। कारण, केही कुराको त्याग भए पछि मात्र अर्को कर्मको प्रक्रया प्रारंभ भएको हामीलाई लाग्दछ। त्यसैले भगवानले उपरोक्त श्लोकमा कर्म र त्यागको सम्बन्ध निर्धारित गर्नु भएको हुनु पर्दछ। साथै कर्मको उत्पत्ति र प्रक्रया भगवानको निर्देशनमा हुने हुँदा भगवानले स्वयम् आफूलाई अधियज्ञ भन्नु भएको छ।

श्रीकृष्णायनमः

आसक्ति दोष र अज्ञानको उत्पत्ति

परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्रीकृष्णले परमात्माको जुन रूप जीवात्मा हो त्यसलाई कुन प्रकारका मनुष्यले बुझ्न सक्दछन् त्यसको व्याख्या गीताको पन्द्रहौं अध्यायको एग्यारहौं श्लोकमा गर्नु भएको छ । भगवान भन्नु हुन्छ:

यतन्तो योगिनश्चैनं पश्यन्त्यात्मन्यवस्थितम् ।
यतन्तोऽप्यकृतात्मानो नैनं पश्यन्त्यचेतसः ।।

अर्थात, योगी पुरुषहरू आफ्नै हृदयमा स्थित आत्मालाई यत्न गरेर देख्दछन्, तर जसले आफ्नो अन्तःकरण शुद्ध गरेको हुन्न त्यस्ता अज्ञानी-हरूले यत्न गरेर पनि यस आत्मालाई देख्न सक्दैनन् ।

यहाँ भगवानले यत्न भनेको अध्यात्म विद्याको प्रक्रियाद्वारा प्राप्त हुने तत्त्व ज्ञानलाई बुझ्नु पर्दछ । कारण, भगवान स्वयम्ले गीतामा आफूलाई विद्याहरू मध्ये अध्यात्म विद्या हूँ भनी भन्नु भएको छ। उपरोक्त श्लोकमा योगी भनेको भगवानमा युक्त हुने पुरुषलाई बोध गराउँछ । भगवानसित युक्त हुने प्रक्रियाले नै आत्मबोध हुन्छ । आत्माको विषयमा तर्क वितर्क गरेर आत्मबोध हुने होइन । जसको मन र विचार संयमित हुन्न त्यसले आत्मबोध गर्न सक्दैन । त्यस्ता व्यक्तिहरूमा त आफूमा नभएको गुणका प्रति अहंकार उत्पन्न हुन्छ र "म यस्तो महत्वपूर्ण व्यक्ति हूँ, उस्तो महत्वपूर्ण व्यक्ति हूँ" भन्ने कुरामा नै उनीहरू निरन्तर जेलिएर बस्दछन् । जब मनुष्य यस्तो दोषले भरिएको मोहबाट मुक्त हुन्छ, अनि मात्र ऊ आत्मानुभूतिको प्रक्रिया तर्फ लाग्न सक्दछ। भगवानले गीतामा आसक्तिलाई

दोषको संज्ञा दिनु भएको कारण पनि यही हो। यो दोषको प्रारंभ के त ? यो दोषको प्रारंभ दोषको प्रतिको अज्ञानबाट हुन्छ। अथवा स्वयम्को अनुरागबाट हुन्छ ।

हामी भन्दछौं, हामीलाई यो वस्तु प्राप्त भए आनन्द हुने छ। अनि त्यो वस्तु पाउनासाथ हामीलाई केही क्षणिक आनन्द भए जस्तो लाग्छ पनि त्यस तथाकथित आनन्दले अरू अरू तृष्णाको उत्पत्ति गर्दछ। जस्तो, हामी भन्दछौं, मेरो एउटा आफ्नै घर भए कस्तो हुने थियो। अनि घर हुनासाथ हामीलाई घर सिंगार्ने वस्तुहरूको तृष्णा जागेर आउँछ। त्यो प्राप्त भयो भने हामीमा वाहनको तृष्णा र त्यस पछि छोरा छोरीका निमित्त बंग्ला बेग्लै घरको तृष्णा एवं अन्य त्यस्तै तृष्णा एक पछि अर्को हाम्रो मनमा अशान्ति थप्दै स्वयम् थपिँदै आउँछन्। वस्तु प्राप्त गरेर त्यसका प्रति आसक्तिको स्थिति भन्दा पनि दोष पूर्ण स्थिति तृष्णाको हुन्छ। कारण, यो यस्तो स्थिति हो जसको तृप्ति कहिले पनि हुन सक्ने देखिन्न। त्यसैले भगवानले तृष्णाबाट निवृत्त व्यक्ति मात्र ज्ञानी हुन सक्ने एवं अव्यय अविनाशी ईश्वरको परमपद तर्फ जाने मार्गमा लाग्ने संकेत गीतामा दिनु भएको स्पष्ट देखिन्छ। अर्थात, ईश्वर प्राप्तिको मार्ग तर्फ लाग्ने हो भने, यस नश्वर जगतले हामीलाई उल्टो बाटो तर्फ लग्ने तृष्णा र आसक्ति जस्ता जति दोषपूर्ण कारणहरू छन्, ती कारणहरूमा जेलिनुबाट हामी मुक्त हुन सक्ने स्थितिमा पुगे पछि मात्र संभव हुन्छ।

आसक्ति रूपी दोषबाट मनुष्य अवश्य मुक्त हुनु पर्दछ। तर दोष भएको देखे पनि कर्म कर्तव्य नै परित्याग गर्नु हुन्न। दोषलाई हटाउन सक्नु पर्दछ। दोष त आसक्ति युक्त कर्मबाट नै उत्पन्न हुन्छ जसतो आगोबाट धुवाँ उत्पन्न हुन्छ। र जसरी हामी धुवाँले ढाकेको आगो देख्न सक्दैनौं, त्यसै गरी आसक्ति रूपी धुवाँले ढाकेकोछ भने हामीले कर्मको उचित फल प्राप्त गर्न सक्दैनौं। गीताको अठारहौं अध्यायको अठचालिसौं श्लोकमा भगवान भन्नु हुन्छ:

सहजं कर्म कौन्तेय सदोषमपि न त्यजेत ।
सर्वारम्भा हि दोषेण धूमेनाग्निरिवावृता: ।।

अर्थात, हे कुन्तीपुत्र अर्जुन, यदि स्वाभाविक कर्म दोष युक्त छ भने पनि त्यसलाई परित्याग गर्नु हुन्न, किन भने, आगोलाई धुवाँले ढाके जस्तै सबै कर्म कुनै न कुनै दोषले आवृत छन् ।

प्रश्न उठन सक्दछ, यदि सबै कर्म कुनै न कुनै दोषले आवृत छन् भने कर्म किन गर्ने त ? निश्चय पनि यदि हामीले दोष मुक्त कर्म गर्न चाहन्छौं भने हामीले सबै कर्म भगवानमा समर्पित गरेर गर्दै जानु पर्दछ । कारण, भगवानमा सत्य हृदयले समर्पित कर्म मात्र दोष मुक्त हुन सक्दछ।

निश्चय पनि, संपूर्ण दोष मुक्त कर्म त जीवात्मा ब्रह्म स्वरूप हो भन्ने ज्ञान भए पछि मात्र हुन सक्दछ । जीवात्मा र परमात्मा अद्वैत हो, अर्थात, जीवात्मा र परमात्मा दुइ वेग्ला वेग्लै होइनन् । ब्रह्म नै जगतको मूल स्रोत हुँदा, जीवात्मा ब्रह्म अथवा विश्वात्मा भन्दा भिन्न हुन सक्दैन । यस विषयको संकेत दिंदै भगवान भन्नु हुन्छः

ममैवांशो जीवलोके जीवभूत: सनातन: ।
मन: षष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति ।।

अर्थात, हे अर्जुन, देहमा यो जीवात्मा जो छ, त्यो मेरै सनातन अंश हो एवं त्यसले नै त्रिगुणमयी मायामा स्थित भएर मन सहित पाँचै इन्द्रियहरूलाई आकर्षित गर्दछ ।

तात्पर्य के भने, शरीरको बन्धनमा रहेको जीवात्मा परमात्माको अभिन्न अंश हो । कारण, परमात्माले जसरी अरू संपूर्ण सृष्टिको संचालन गर्नु हुन्छ त्यसरी नै जीवात्माद्वारा मानव शरीरको संचालन गर्नु हुन्छ । शरीरमा जीवात्मा नभए यसले पांच इन्द्रियहरू एवं मनको माध्यमद्वारा प्रकृतिसित सम्बन्ध स्थापित गर्न सक्दैन । कारण, जब शरीरको मृत्यु हुँदा जीवात्मा शरीर छाडेर जान्छ त्यसवेला हामी अनुभव गर्दछन्, मृत शरीरमा

ज्ञानेन्द्रियका माध्यम जस्ताको तस्तै देखिदा पनि शरीरमा जीवात्मा नहुने हुँदा ती इन्द्रियहरू निष्कृय हुन्छन् । त्यस्तै स्थिति मनको पनि हुन पुग्दछ ।

भगवानले जीवात्मा मेरै अंश भनी भन्नु भएको कुरालाई भौतिक अर्थमा लिनु हुन्न । जस्तो, कुनै भौतिक वस्तुबाट कुनै अंश झिक्यो भने त्यो भौतिक वस्तु पहिले भन्दा सानो भएको भान हामीलाई लाग्दछ । तर जीवात्मा त त्यो परिपूर्ण ब्रह्मको पूर्ण अंश हो जसबाट जत्तिकै अंश झिके पनि त्यसको पूर्णता समाप्त हुंदैन ।

जीवात्मा र परमात्माको अद्वैत ज्ञानीजनले मात्र बुझ्न सक्दछन् । अज्ञानीले शरीरमा स्थित अथवा शरीर छोडेर जाने जीवात्माको महत्व बुझ्न सक्दैन । भगवान भन्नु हुन्छ:

उत्क्रामन्तं स्थितं वापि भुञ्जानं वा गुणान्वितम् ।
विमूढा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः ।।

अर्थात, हे अर्जुन, शरीर छाडेर जाने, अथवा शरीरमा स्थित एवं विषयहरूको भोग गर्ने अथवा तीनै गुणले युक्त यो जीवात्मा जो हो त्यसलाई अज्ञानी जनले जान्न सक्दैनन्, त्यसलाई त ज्ञान रूपी तेज भएकाले मात्र जान्न सक्दछन् ।

तात्पर्य के भने, परमात्मा रूपी जीवात्मा हाम्रै भित्र हुँदा हुँदै पनि हामी अज्ञानी मनुष्यहरू आफ्नो आत्मतत्त्वको बोध गर्न सक्दैनौं । यदि हामी बाँचदा आत्माको अनुभव गर्न सक्दैनौं भने पनि अरूको मृत्यु देखदा, त्यसतो मृत शरीरलाई आत्मतत्त्वले परित्याग गरेको कुराको बोध हामीमा हुनुपर्ने हो तर यसका विपरीत हाम्रा अथवा नाता कुटुम्बको मृत्यु हुना साथ हामी रूवावासी गर्न थाल्दछौं ।

हामी सत्त्व, रज अथवा तमोगुणले युक्त छौं । संसारका विभिन्न मनुष्यको विभिन्न गुण भएकोबाट पनि आत्म तत्त्वको बोध हामीलाई हुनु पर्ने हो । तर अज्ञानवस हामीलाई आत्मतत्त्वको वास्तविक अनुभव हुँदैन ।

यसै अज्ञानले गर्दा हामीमा आत्मबोध हुँदैन, ब्रह्म जिज्ञासाको उदय

हुँदैन । श्री राम कृष्ण परमहंस एक अत्यन्त घत लाग्दो उदाहरण दिंदै भन्नु हुन्छ:

"कुनै पनि घडामा एउटा सानो प्वाल छ भने पनि घडाको सबै पानी बगेर जान्छ। त्यस्तै, कुनै पनि साधकको मनमा लेश मात्र पनि सांसारिक आसक्ति छ भने उसको आध्यात्मिक अभ्यासले कुनै अर्थ राख्दैन ।

श्रीकृष्णायनम:

निर्गुण र सगुण परमात्मा

ब्रह्म यद्यपि जड चैतन्य संपूर्णमा व्याप्त छ, तर यसरी व्याप्त भएको कुरा चक्षुका माध्यमद्वारा देखिन्न । यस सम्बन्धमा परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्रीकृष्ण गीताको तेरहौं अध्यायको चौदहौं श्लोकमा भन्नु हुन्छः

सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम् ।
असक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च ।।

अर्थात, हे अर्जुन, ईश्वर संपूर्ण इन्द्रियहरूको विषयका ज्ञाता हुनु हुन्छ तर वास्तवमा सबै इन्द्रियहरूबाट रहित पनि हुनुहुन्छ । आसक्ति रहित तथा गुणतीत भएता पनि आफ्नो योग मायाद्वारा सबैलाई धारण–पोषण गर्दै गुणहरूको भोग पनि गर्नु हुन्छ ।

तात्पर्य के भने, भगवानले संपूर्ण जगतलाई देख्नु हुन्छ, सुन्नु हुन्छ तर हाम्रो जस्तो इन्द्रियहरूका माध्यमले होइन । कारण, इन्द्रियहरूको माध्यमले देख्ने सुन्ने त सीमित रूपले देख्न अथवा सुन्न सक्दछन् । जस्तो मनुष्यको आँखाले त्यति टाढा मात्र देख्दछ जति उसको आँखाको शक्ति हुन्छ । तर भगवानको शक्ति त असीमित हुन्छ, तसर्थ भगवानलाई इन्द्रियहरूको सीमा बद्धता भित्र बाँधन सकिन्न । जस्तो सूर्यको ज्योतिलाई हामी सर्वव्यापक देख्दछौं, झन सूर्यलाई सृष्टि गर्ने एवं त्यसलाई ज्योति प्रदान गर्ने ब्रह्मको जो चैतन्य हो त्यसको व्यापताको त कुनै सीमा नै हुने भएन ।

प्रश्न उठन सक्दछ, ईश्वर संपूर्ण प्रकृतिमा व्याप्त भए पनि प्रकृति भन्दा स्वतन्त्र कसरी हुन्छ त ? यसको समाधानमा हामी देहाभिमानको

बन्धनमा परेको आत्मालाई लिन सक्दछौं। शरीरको उत्पत्ति देखि लिएर क्षयबाट विनाशमा नपुगुनजेल हामीलाई भ्रम हुन्छ, आत्मा शरीरको अभिन्न अंग हो भन्ने। तर शरीरको मृत्यु हुनासाथ जीवात्मा विश्वात्माको पूर्णता मैं मिसिन जान्छ अर्थात आत्माले आफ्नो वास्तविक रूप ग्रहण गर्दछ जो शरीरको बन्धन भित्र रहँदा पनि आफ्नो वास्तविक रूपमा नै रहन्छ।

उपरोक्त श्लोकमा ईश्वरलाई सबैको धारणपोषण कर्ता भनेको के त ? जस्तो आत्माले हाम्रो शरीरलाई धारण–पोषण गर्दछ र आत्माले शरीर छाडेर जाना साथ शरीरको अन्त हुन्छ, त्यस्तै हामीले देख्ने अनित्य दृष्य जगत पनि विश्वात्माको धारण–पोषणमा निर्भर गर्दछ। जुन दिन जगतमाथि विश्वात्माको आसिर्वाद समाप्त हुन्छ यसको अनित्यता स्पष्ट भएर आउँछ। यस्तै संपूर्ण पदार्थ एवं चैतन्यको सृष्टिकर्ता ईश्वर भएको हुँदा, यो सृष्टिको कारण दुवैको आधार भगवान बाहेक अरू नहुने भयो।

भगवानलाई निर्गुण भन्नाको साथै गुणको भोगी पनि भनिएको छ। यसो हेर्दा यसमा कता कता विरोधाभास जस्तो देखिन्छ। तर यसमा स्पष्टतः कुनै पनि विरोधाभास छैन। कारण, जस्तो आत्माले शरीरको माध्यमद्वारा भोग गरेको हामीलाई लागे तापनि आत्माको जो मूल निर्मल प्रकृति छ त्यसमा कुनै परिवर्तन आउन्न। शरीर अन्त हुसासाथ आत्मा विश्वात्मामा मिसिन्छ। त्यस्तै, भगवानले प्रकृतिका गुणहरूको उपभोग गर्नु भएको हामीलाई लागे तापनि ब्रह्मको जो मूल प्रकृति निर्गुण रूप हो त्यसमा कुनै अन्तर आउन्न।

सगुण ब्रह्म र निर्गुण ब्रह्मको चर्चा गर्दै श्री रामकृष्ण परमहंस भन्नु हुन्छ:

"निर्गुण र सगुण दुवै एकै ईश्वरका रूप हुन्। एक माथिको विश्वासले अर्को माथिको विश्वास पनि बुझाउँछ। आगो र त्यसले तातो पार्ने वा न्यानो पार्ने तत्त्व छुटयाउन सकिन्न। सूर्य र सूर्यको तेजलाई बेग्ला बेग्लै पार्न सकिन्न। दूध र त्यसको सेतो पनालाई छुटयाउन सकिन्न। त्यस्तै

सगुण ब्रह्म र निर्गुण ब्रह्म पनि एकै हुन्। यसमा एउटालाई छुटयाएर अर्कोको मात्र कल्पना गर्न सकिन्न।"

भगवान कृष्णले गीतामा अव्यक्त र अक्षर ब्रह्मलाई नै मनुष्यको अन्तिम लक्ष भनी भन्नु भएको छ। भगवान भन्नु हुन्छ:

अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम् ।
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ।।

अर्थात, हे अर्जुन, यो अव्यक्तलाई अक्षर भनिन्छ यसैलाई नै अन्तिम लक्ष पनि भनिन्छ। यस लक्षलाई प्राप्त गरेकाहरू यहांबाट कोही पनि फर्कंदैनन्। यो नै मेरो परमधाम हो।

उपरोक्त श्लोकमा भगवानले ब्रह्मलाई अव्यक्त किन भन्नु भएको त? व्यक्त वस्तु हाम्रो मन, बुद्धि र इन्द्रियलाई बोधगम्य हुनसक्दछ। तर, ब्रह्म त त्यस्तो तत्त्व हो, जो हाम्रो मन, बुद्धि अथवा इन्द्रिय भन्दा धेरै नै टाढा छ। वास्तवमा, ब्रह्मलाई हाम्रो मन, बुद्धि अथवा इन्द्रियले भेट्टाउनै सक्दैन। साथै, क्षर वस्तु परिवर्तनशील हुन्छ। ब्रह्ममा कुनै परिवर्तन न आउने हुँदा ब्रह्म अक्षर हुने भयो। त्यसैले जब जीवात्मा प्रकृतिको बन्धनमा छुटेर माथि पुग्दछ अनि ऊ क्षर नहुने अक्षरमा मिसिन जान्छ। त्यसैले जो अक्षर रूपी लक्ष हो त्यहाँ पुगे पछि ऊ फर्कंदैन। कारण, उसमा परिवर्तन रूपी बन्धनको अन्त हुने हुँदा, ऊ त्यस्तो लक्षमा पुगे पछि फर्कने प्रश्न नै उठने भएन। अर्थात, ब्रह्म रूपी यो सर्वोच्च लक्षमा पुग्नु नै मोक्षको स्थितिमा पुग्नु भयो।

तर, त्यो स्थितिमा पुग्न मनुष्यले भगवानलाई निरन्तर स्मरण गर्दै आफ्नो निर्धारित कर्म कर्तव्य पनि गर्दै जानु पर्दछ। भगवान भन्नु हुन्छ:

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च।
मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयः ।।

अर्थात, हे अर्जुन, तिमीले निरन्तर मेरो स्मरण गर एवं युद्ध गर।

तिमीले म मा अर्पण गरेको मन बुद्धिद्वारा निसन्देह मलाई नै प्राप्त गर्ने छौ।

तात्पर्य के भने, मनुष्यले आफ्नो मृत्युको समयमा भए पनि भगवानको स्मरण गऱ्यो भने भगवानको शरणमा पुग्न सक्ने हुन्छ तर मनुष्यलाई आफ्नो मृत्यु कुन बेला हुने थाहा नहुने हुँदा यदि उसले आफ्नो मन बुद्धि अर्पण गरेर निरन्तर भगवानको स्मरण गरी राख्यो भने, उसले आफ्नो कर्म कर्तव्य गर्दा गर्दै मृत्युमा पुग्नु पऱ्यो भने पनि उसलाई भगवानको शरणमा पुग्ने मार्ग खुला रहन्छ। अर्थात, ईश्वर प्राप्ति रूपी परम पुरुषार्थ मनुष्यले निरन्तर भगवत स्मरण गरेर मात्र पाउन सक्दछ।

उपरोक्त श्लोकमा भगवानले अर्जुनलाई निरन्तर मेरो स्मरण गर भन्दै युद्ध गर भन्नुको तात्पर्य भगवत स्मरण गर्ने क्रममा आफ्नो कर्म कर्तव्य पनि छाडनु हुन्न हुन्न भन्ने स्पष्ट संकेत दिनु भएको देखिन्छ।

भगवत प्राप्तिको निश्चित मार्गका सम्बन्धमा भगवान भन्नु हुन्छः

अभ्यासयोगयुक्तेन चेतसा नान्यगामिना।
परमं पुरुषं दिव्यं याति पार्थनुचिन्तयन् ॥

अर्थात, हे अर्जुन, आफ्नो चित्तलाई अरू कुनै वस्तु तर्फ जान नदिएर, परमेश्वर कै ध्यानमा अभ्यास रूपी योगले युक्त भई निरन्तर चिन्तन गर्ने पुरुष परम दिव्य परमेश्वरमा नै प्राप्त हुन्छ।

तात्पर्य के भने, मनुष्यले भगवानको निरन्तर ध्यान र चिन्तन गरी राख्यो भने, यो निरन्तर चिन्तन र ध्यानको अभ्यासद्वारा मनुष्य भगवानमा आफूलाई समर्पित गर्न सक्दछ। ब्रम्ह रूपी चैतन्यको मार्गमा लाग्न ध्यान अथवा एकाग्रताको अत्यन्त आवश्यकता हुन्छ। यदि भगवानमा ध्यान गर्न सक्यौं भने एवं मनलाई एकाग्र पार्न सक्यौं भने हामी मृत्यु रूपी त्रासबाट समेत मुक्त हुन सक्दछौं।

श्रीकृष्णायनमः

दैवी र आसुरी संपदा

परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्रीकृष्णले गीताको सोरहौं अध्यायमा दैवी र आसुरी संपदा प्राप्त व्यक्तिहरूका लक्षणहरूको चर्चा गर्नु भएको छ। यसमा दैवी संपदा प्राप्त व्यक्तिहरूको लक्षणका सम्बन्धमा भगवान भन्नु हुन्छः

अभयं सत्त्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः ।
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ।।
अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम् ।
दया भूतेष्वलोलुप्त्वं मार्दवं ह्रीरचापलम् ।।
तेजः क्षमा धृतिः शौचमद्रोहो नातिमानिता ।
भवन्ति संपदं दैवीमभिजातस्य भारत ।।

अर्थात, जसमा भयको सर्वथा अभाव हुन्छ, अथवा जसमा लेश मात्र पनि भय रहँदैन, जसको अन्तः करण पूर्ण रूपले स्वच्छ हुन्छ, जो तत्त्वज्ञान प्राप्त गर्न परमात्माको स्वरूपमा एकीभावले निरन्तर ध्यान गर्दछ, जसले दान गर्दछ, जसले भगवत पूजा जस्ता उत्तम कर्म गर्दछ, जो शास्त्रहरूको अध्ययत गर्दछ, जो तप गर्दछ एवं जसमा शरीर र इन्द्रिय सहित मनको सरलताछ, जसले मन, वचन, कर्म कुनैद्वारा पनि कसैलाई कष्ट दिन्न, जो सत्य बोल्दछ, जसमा आफूलाई अपकार गर्नेका प्रति पनि क्रोध उत्पन्न हुन्न, जसले कर्तापनको अभिमान त्यागी सकेको हुन्छ, जसमा चित्तको चंचलताको अभाव हुन्छ, जो कसैको निन्दा गर्दैन, जसले सबै भूतप्राणीहरू माथि दया गर्दछ, जसमा विषयासक्ति हुन्न, जसमा कोमलता हुन्छ, जसलाई

आफ्नो विपरीत आचरणमा लाज लाग्दछ, जो व्यर्थ चेष्टा गर्दैन, जसमा तेज, क्षमा, धैर्य, बाह्य र अ:त: करणको शुद्धि हुन्छ, जसमा कसैका प्रति पनि शत्रु भावना हुन्न, तथा जसमा मैं ठूलो हूँ भन्ने अभिमान हुन्न, हे भारत, अर्थात अर्जुन, दैवी संपदा प्राप्त पुरुषका लक्षण उपरोक्त सबै हुन ।

तात्पर्य के भने, भगवानले चर्चा गर्नु भएका यी मानव मूल्यहरू मध्ये जुन पहिलो मूल्य अथवा दैवी संपदा भएको मनुष्यको लक्षणको उल्लेख अभयको संज्ञा दिएर गर्नु भयो । त्यसको अर्थ बुझ्न भन्दा अघि हामीले भयको कारण बझ्ने प्रयत्न गर्नु पर्दछ । भयको उत्पत्ति हुने मूल स्रोत अज्ञान अथवा अविद्या हो । अविद्या र अज्ञानको कारणले नै तृष्णाको उत्पत्ति हुन्छ र फलस्वरूप हामीमा आसक्ति जागेर आउँछ । भयको मूल कारण पुन: वस्तुका प्रतिको आसक्ति हो । यो क्रम अटूट रूपले चली राख्दछ जब सम्म हामी अविद्या माथि विजय पाउन्नौ । अविद्या माथि विजय पाउन हामी अध्यात्म तिर लाग्नु पर्दछ । भौतिक पदार्थहरू प्रति आसक्ति रहुनजेल हामी भय रहित हुन सक्दैनौ ।

त्यस्तै, उपरोक्त श्लोकमा दान भनेको आफूसित भएको भौतिक पदार्थ, फिर्ता हुने आशा नराखी अरूलाई दिनुबाट मात्र बोध हुँदैन । दानसित गाँसिएको जो आध्यात्मिक भाव हुन्छ, त्यो नै सबै भन्दा महत्वपूर्ण हो । त्यसैले भगवानले दान, दम, ज्ञानयोग आदि सबै भन्दा अघि सत्त्व संशुद्धि अर्थात हृदयको पवित्रमाको चर्चा गर्नु भएकोछ । कारण, हृदयको पवित्रता नभई कुनै कार्यमा पनि आध्यात्मिक भाव आउन सक्दैन । त्यो भाव आए पछि मात्र ऊ स्वार्थ रहित हुन सक्दछ र अनि अरूको कल्याण भनेको आफ्नै कल्याण हो भन्ने ज्ञान उसमा जागृत हुन्छ ।

'ज्ञानयोगव्यवस्थिति' भनेको पनि जब सम्म मनुष्यमा ज्ञानको उदय हुँदैन तब सम्म ऊ भगवानका साथ युक्त हुने अथवा उसले भगवानका साथ तादात्म्य स्थापित गर्ने स्थितिको उत्पत्ति नै हुन्न ।

यस श्लोकमा यज्ञ भनेको अरूको हितका निमित्त आफ्नो केही वलिदान गर्नु भन्ने कुरालाई पनि संकेत दिएको भनी बुझ्न सकिन्छ। उपरोक्त सबै दैवी संपदाको माध्यमद्वारा जब मनुष्य पूर्ण रूपले आध्यात्मिकता तिर लाग्दछ त्यस स्थितिलाई 'तप' भन्ने संज्ञा दिए हुन्छ।

त्यस्तै, अहिसा अथवा अरूको हिंसा नगर्नु भनेको तात्त्विक अर्थ के त ? जब मनुष्यले संपूर्ण प्राणीमा परमात्मा प्रतिबिम्बित भएको देख्न थाल्दछ अनि मात्र उसले हिंसा गर्न छाडदछ । दैवी संपदामा सत्य भनेको त स्वयम् परमात्मा हो । जब मनुष्य ईस्वरको वास्तविक गुणगान गर्ने स्थितिमा पुग्दछ अनि मात्र ऊ सत्य बोल्न थाल्दछ, साँचो आचरण गर्न थाल्दछ।

हामीलाई क्रोध किन आउँछ ? यसको विस्तृत व्याख्या भगवानले गीताको दोस्रो अध्याध्यमा गरी सक्नु भएकोछ । हाम्रो तृष्णाको परिपूर्ति नभएपछि हामीमा क्रोध जागेर आउँछ । अथवा, कुनै व्यक्तिले हामीले चाहेको अनुकूल कार्य गरेन भने पनि हामीमा क्रोध आउँछ । तसर्थ, अक्रोधको स्थितिमा पुग्न हामीले अरूको कार्यको परिणामका प्रति उपेक्षा भावना आफूमा जगाउनु सक्नु पर्दछ । यस जगतमा सबै वस्तु सृष्टिकर्ताको नै हो, आफ्नो होइन भन्ने विचार आएपछि मनुष्यमा त्याग उत्पन्न हुन सक्दछ। त्यसै गरी जब हामी अरूको वस्तु अनुचित प्रकारले हात पार्ने प्रयत्न गर्दछौं अथवा अरूको अहित चिताउन थाल्दछौं हामी आफू भित्र नै अशान्ति उदाएर आएको पाउँछौं । हामीलाई पैशुनमले अरूको निन्दा गर्ने अथवा कुरा लगाउने कार्यलाई जनाउँछ। तसर्थ, यस्तो दुष्टता तल्लो दर्जाको मनः स्थिति भएकोवाट मात्र हुन्छ । जब हामी भगवानको ध्यान पछी लाग्दछौं हामी अरूको निन्दा गर्ने कार्य छाडदछौं ।

यदि कुनै प्राणी दुखमा परेको छ र हामीमा तत्काल उसका प्रति करुणा जागेर आउँछ भने हामीमा सबै प्राणीहरूका प्रति दयाको स्थिति उत्पन्न भयो भने हुन्छ। त्यस्तै, अरूको सम्पत्ति आफ्नै जिम्मामा छ र त्यसका प्रति कुनै मोह उत्पत्त हुँदैन भने त्यो स्थिति अलोलुप्तको हुन्छ।

मार्दवम् र ह्रीको स्थिति दुवैका समपूरक हुन् । भद्र मनुष्य मात्र सुसंस्कृत हुन सक्दछ । अथवा मनुष्य सुसस्कृत भए पछि मात्र ऊ भद्र हुन सक्दछ । त्यस्तै जसमा केही दैवी गुण हुन्छ ऊ मात्र मानसिक अस्थिर-ताबाट मुक्त भई अचापलम्को स्थितिमा पुग्न सक्दछ ।

दैवी संपदा प्राप्त व्यक्तिका विपरीत आसुरी संपदा प्राप्त व्यक्तिको चरित्रको चर्चा गर्दै भगवान भन्नु हुन्छ:

दम्भो दर्पोऽभिमानश्च क्रोधः पारुष्यमेव च ।
अज्ञानं चाभिजातस्य पार्थ संपदमासुरिम् ।।

अर्थात हे पार्थ, पाखण्ड, घमण्ड, अभिमान, क्रोध, अरूका प्रति कठोर वचन बोल्ने प्रवृत्ति, अज्ञान आदि सबै आसुरी संपदा प्राप्त पुरुष-हरूका लक्षण हुन् ।

अब हामी हेरौं, पाखण्ड, घमण्ड, अभिमान, क्रोध आदि के हुन् त ? हामीले देखेका छौं, कैयन मनुष्यहरू जो अत्यन्त दुराचारी हुन्छन् तिनीहरूले सदाचारीको ढोंग गरेर अरूलाई धोखा दिन सफल हुन्छन् । यसरी विपरीत आचरणलाई ढ्याक्क राम्रो आचरणको आवरणले ढाकेर हिंडन सक्ने व्यक्तिलाई पाखण्डी भनिन्छ । कति मनुष्य आफुलाई अरू भन्दा ठूलो देखाउन खोज्छन्, अरूलाई होच्याउन खोज्दछन् । यो प्रवृत्तिलाई दर्प भनिन्छ । म पढेकोछु, म धनी छु, मेरो कुल घरान ठूलोछ त्यसै निम्ति म अरू भन्दा ठूलो हूँ भन्ने घमण्ड नै अहंकार हो ।

क्रोध भनेको त झन पशु–प्रवृत्ति हो । जस्तो हामी देख्दछम्, एउटा कुकुरले अर्को कुकुर देख्नासाथ त्यस माथि अकारण नै क्रोध देखाएर भुक्न थाल्दछ । त्यस्तै, क्रोधी मनुष्य पनि अरूका प्रति अकारण नै क्रोध देखाउँछ । तथा, दम्म, दर्प, अभिमान अथवा क्रोधको कारणवस मनुष्य अरूका प्रति कठोर वचन बोल्न थाल्दछ । यसैले, भगवानले उपरोक्त प्रवृत्ति भएका मनुष्यहरूलाई आसुरी प्रवृत्ति भएका भनी भन्नु भएको हो ।

श्रीकृष्णायनमः

निरपेक्ष आत्मा र निष्पक्ष ईश्वर

आत्मा र ब्रह्म बुझ्न अत्यन्त कठिन छ। जसले आत्मा अथवा ब्रह्म बुझें भनी प्रचार गर्दछ त्यो व्यक्ति अत्यन्त भ्रममा परेको व्यक्ति हो भनी मान्नु पर्दछ। केनोपनिषदमा भनिएको छः

अविज्ञातं विजानतां विज्ञातमविजानताम् ।

अर्थात, जसले ब्रह्म र आत्मालाई जान्दछु अथवा बुझेकोछु भन्दछ उसले आत्मा र ब्रह्मलाई जानेको अथवा बुझेको हुन्न र जसले जान्दिन भन्दछ उसले बुझेको हुन्छ।

यस भनाईमा एक अत्यन्त गूढ रहस्य लुकेको स्पष्ट छ। किन आत्मा र ब्रह्म मनुष्यले बुझ्न नसक्ने हुनाले नै यसलाई जसले बुझेको छैन भन्दछ वास्तवमा उसले आत्मा अथवा ब्रह्म बुझ्न नसकिने स्थितिको बोध गरेको हुन्छ। उसमा आत्मानुभूति भएतापनि ऊ अहंकार भन्दा माथि हुने हुँदा उसले आत्मा अथवा ब्रह्म बुझेको छैन भन्दछ। र जसले आत्मानुभूति गरेको छैन ऊ अहंकारबाट व्याप्त हुने हुँदा, आत्मा र ब्रह्मको ज्ञान आफूलाई छ भनी अहंकार युक्त अभिव्यक्ति गर्दछ।

आत्मानुभूति समेतको व्याख्या गर्न सकिन्न। कारण, अनुभूति त व्याख्या भन्दा वाहिरको विषय हो। यसलाई केवल उपमाद्वारा स्पष्ट गर्ने प्रयत्न गर्न सकिन्छ।

उदाहरणार्थ, हामी पति–पत्नी, आमा–छोरा, दाजू–भाई, दीदी-बहिनीका बीचको स्नेहका कुरा गर्दछौं। यसमा, कुनै पनि आमाको आफ्ना छोरा छोरीका प्रतिको स्नेह अनुपम हुन्छ। आमाले छोरा छोरीका निमित्त

आफ्नो प्राण पनि त्याग्न तत्पर रहेको हामीले देखेका छौं। तर यो जो स्नेह हो, त्यो आमा र छोरा छोरीका बीच रहेको आत्मा रूपी चैतन्यका बीचको स्नेह हो।

कारण, जब छोरा छोरीको मृत्यु हुन्छ तब छोरा छोरीका निमित्त आफ्नो प्राण समर्पण गर्न तत्पर आमाले पनि छोरा छोरीको शवलाई जलाउ भनी भन्नु पर्दछ। कारण, मृत्यु हुनु भन्दा अघि छोरा छोरीमा जो आत्मा रूपी चैतन्य थियो त्यो अब नभएको हुँदा, आमा भित्र रहेको आत्मा रूपी चैतन्यले स्नेहको तादात्म्य स्थापित गर्न छोरा छोरीको आत्म चैतन्य अनुभव गरेन। यसर्थ, मनुष्य मनुष्यका बीच जो सम्बन्धको कारण हो, त्यो प्रत्येक मनुष्यमा रहेको आत्म चैतन्य नै हो।

यसै निमित्त, आत्मा व्याख्याको धारणा भन्दा बाहिर हुनाले नै परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्रीकृष्णले पनि आत्माको व्याख्या गर्दा आत्माको चरित्रको उपमाद्वारा स्पष्ट पार्ने प्रयत्न गर्नु भएको छ। उदाहरणार्थ, गीताको दोस्रो अध्यायको तेइसौं श्लोकमा भगवान भन्नु हुन्छः

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः॥

अर्थात, यस आत्मालाई शस्त्रहरूले काटन सक्दैनन् यसलाई आगोले जलाउन सक्दैन यललाई पानीले भिजाउन सक्दैन तथा यसलाई हावाले सुकाउन सक्दैन।

तात्पर्य के भने, आत्मालाई पंच तत्व मध्ये चार तत्वले केही पनि गर्न सक्दैन एवं पाँचौं तत्व जो आकास हो, त्यसको यहाँ उल्लेख छैन, कारण आकास त निरपेक्ष हुन्छ तथा आत्मा भनेको स्वयम् चिदाकास हो।

यसका अतिरिक्त उपरोक्त श्लोकमा जो काटने, जलाउने, भिजाउने र सुकाउने स्थितिको उल्लेख छ, ती स्थितिहरू त भौतिक एवं व्यक्त

वस्तुका प्रति मात्र प्रयुक्त हुन सक्ने हुँदा तथा आत्मा भौतिक पदार्थ नभई चैतन्य भएको एवं दृष्य जगतको अंश पनि नभएको हुँदा, उपरोक्त काटने, जलाउने, भिजाउने र सुकाउने स्थितिमा आत्मा पर्ने संभव भएन ।

आत्मा निरपेक्ष भए जस्तै ईश्वर सबैका प्रति निष्पक्ष हुनुहुन्छ। सबै प्राणीहरूका प्रति भगवानको सम भाव हुन्छ । यस सम्बन्धमा भगवान भन्नु हुन्छ:

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः ।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम् ।।

अर्थात, हे अर्जुन, म सबै भूतहरूमा समभावले व्याप्त छु । न त मेरो कुनै अप्रिय छ न त प्रिय छ, तर, जो मलाई प्रेमले भज्दछन् ती ममा तथा म तिनीहरूमा प्रत्यक्ष रूपले प्रकट हुन्छु ।

तात्पर्य के भने, आत्मा र परमात्मा अद्वैत भएको हुँदा, जो आत्म तत्व संपूर्ण प्राणीहरूमा व्याप्त छ त्यो परमात्माबाट सबै प्राणीहरूलाई समानरूपले प्राप्त छ। कारण, आत्माको चैतन्य प्राप्त नभई कुनै पनि प्राणी बाँचन सक्दैन । प्राणीहरूको जीवनका निमित्त जो चैतन्य तत्व हो त्यसमा घटी वढी हुन सक्ने प्रश्न नै भएन । त्यसैले भगवानले "म सबै भूतहरूमा समान रूपले व्याप्त छु" भन्नु भएको हुनु पर्दछ । तर जो भगवानको भजन गर्दछन् तथा भगवानको प्रेमले भक्ति गर्दछन्, ती मनुष्यहरूमा भगवानले आफू प्रत्यक्ष रूपमा प्रकट हुन्छु भन्नु भएको कारण पनि स्पष्ट देखिन्छ । किन भने, भजन अथवा भगवत प्रार्थना भगवानसित तादात्म्य स्थापना गर्ने एउटा निश्चित क्रम एवं प्रक्रिया हो ।

उपरोक्त श्लोकलाई अझै गहिरिएर हेर्ने हो भने भगवानबाट प्रकाश पाउने सूर्यको प्रकाश समेत पृथ्वीका सबै वस्तुहरूमाथि समान रूपले पर्दछ। प्रकाशले कुन वस्तु राम्रो कुन नराम्रो भनी विभेद गर्दैन । तर तै पनि, सूर्यको प्रतिबिम्ब सफा पानीमा पर्दा जसरी टटकारो रूपमा देखिन्छ,

त्यसरी स्पष्ट रूपमा सोही प्रतिबिम्ब फोहोर पानीमा देखिन्न। तर यदि त्यही पानीको फोहोर सफा गरियो भने सफा भएको पानीमा सूर्यको प्रतिबिम्ब स्पष्ट रूपमा देखिन्छ। त्यस्तै, मनुष्यको कलुषित मनमा भएको कालो हटाउन सकियो भने, जो भगवत भक्तिबाट संभव हुन्छ, त्यस्तो मनुष्य भगवानको निकट पुग्न सफल हुन्छ। भजनको व्यापक महत्व हामी यसबाट बुझ्न सक्दछौं।

भजनको महत्व अझै बुझाउँदै भगवान भन्नु हुन्छ, अतिशय दुराचारीले पनि भगवानको अनन्य भावले भजन गऱ्यो भने उसले भगवत प्राप्ति गर्न सक्दछ। भगवान भन्नु हुन्छ:

अपि चेत्सुदुराचारो भजते मामनन्यभाक् ।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः ।।

अर्थात, यदि कुनै अतिशय दुराचारीले पनि अनन्य भावले मेरो भक्त भएर मलाई निरन्तर भजदछ भने उसलाई सज्जन भनी मान्ने हुन्छ किन भने उसले यथार्थ निश्चय बुझेर मात्र भजन गर्न थाल्दछ।

तात्पर्य के भने, भगवानको भजन गर्ने प्रेरणा त्यस्ताको मनमा मात्र उत्पन्न हुन सक्दछ जसले भगवानको सर्वशक्ति संपन्नता एवं सर्व व्यापकताको महत्व बुझेको हुन्छ। कारण, मोक्षको परिकल्पना पापको प्रक्षालनको माध्यमद्वारा मात्र हुन सक्दछ तथा पापको प्रक्षालन भगवत भक्ति भन्दा सरल उपायद्वारा हुन सक्दैन। पापको प्रक्षालनको मार्ग भनेको मनुष्यले अविद्या अथवा अज्ञानमाथि विजय पाउने मार्गमा लाग्नु हो। निश्चय पनि, अज्ञानमाथि विजय एकै दिनको प्रयत्नले हुने होइन। यसका निमित्त निरन्तर साधनाको आवश्यकता हुन्छ। त्यस्तै भगवत भजन पनि एक पल्ट अथवा एक दिन गरेर मात्र भगवत प्राप्तिको मार्ग तर्फ लागिने होइन। यसमा पनि साधनाको आवश्यकता हुन्छ। कारण, हामीले जब सम्म जीवन पर्यन्त भगवानको स्मरण गर्दैनौं, हामी पापको मार्गबाट टाढा हुन सक्दैनौ।

श्रीकृष्णायनमः

त्रिगुणात्मक बुध्दि र त्यसको प्रवृत्ति

परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्रीकृष्णले गीताको अठारौं अध्यायको तीसौं, एकतीसौं र बत्तिसौं श्लोकहरूमा मनुष्यको सात्त्विकी, राजसी र तामसी बुद्धिको चर्चा गर्नुं भएको छ। यसमा भगवानले सब भन्दा पहिले सात्त्विकी बुद्धिका सम्बन्धमा भन्नु भएको उपदेश हेरौं। भगवान भन्नु हुन्छः

प्रवृत्ति च निवृत्ति च कार्याकार्ये भयाभये।
बन्धं मोक्षं च या वेत्ति बुद्धिः सा पार्थ सात्त्विकी ॥

अर्थात, हे पार्थ, प्रवृत्ति मार्ग तथा निवृत्ति मार्गलाई एवं कर्तव्य अकर्तव्य, भय अभय, बन्धन मोक्ष आदिलाई जुन बुद्धिले जान्दछ त्यस बुद्धिलाई सात्त्विकी बुद्धि भनिन्छ ।

अब हामी हेरौं प्रवृति र निवृत्ति भनेका के हुन्। प्रवृत्ति र निवृत्तिलाई धेरै जसो एक अर्काका विपरीत धारणाका रूपमा बुझिन्छ । प्रवृत्तिलाई जहाँ स्वार्थ प्रेरित कार्य गरिने मार्गलाई जनाइन्छ भने निवृत्तिलाई जीवनका बन्धन कारक तत्वहरूबाट मुक्त सन्यासको मार्गलाई जनाइन्छ। तर भगवानको उपदेशको तात्विक अर्थ हेर्न खोज्यौं भने स्पष्ट हुन्छ, प्रवृत्तिमा लागेको देखिएको पुरुष पनि निवृत्तिको साधना गरी राखेको हुन सक्दछ। कारण, सम्पूर्ण रूपले स्वार्थ प्रेरित कार्य गर्ने व्यक्तिलाई न त प्रवृत्तिको मार्गमा लागेको भन्न सकिन्छ, न त पूर्ण रूपले निष्क्रय व्यक्तिलाई निवृत्तिको मार्गमा लागेको भन्न मिल्दछ। तर 'म र मेरो' भन्ने धारणामा चुर्लुम्म डुबेको मनुष्य भने निश्चय पनि स्वार्थ परिवेष्ठित प्रवृत्तिको मार्गमा लागेको हुन्छ।

अब उपरोक्त श्लोकमा कार्य र अकार्य भनेको के हो त्यो बुझ्ने प्रयत्न गरौं। भगवानले सम्पूर्ण मनुष्य समुदायलाई गुण र कर्मका अनुसार विभाजित गरी सक्नु भएको छ। तसर्थ प्रत्येक मनुष्यको उचित कार्य त्यही हो जो उसको गुण र कर्मद्वारा निर्धारित छ। उदाहरणार्थ, सेनामा काम गर्ने प्रवृत्ति भएकोले सन्यास लिएर गुफा कन्दरामा तप गर्न जान खोज्यो भने, त्यो उसको प्रवृतिका विपरीत कार्य भएको हुँदा अकार्य भयो।

उपरोक्त श्लोकमा बन्धन र मोक्ष तथा भय र अभयको चर्चा पनि छ। भयले बन्धन तर्फ एवं अभयले मनुष्यलाई मोक्ष तर्फ प्रवृत्त गर्दछ। जब हामी विषयासक्तिमा लाग्दछौं हामीमा राग र तृष्णाको उत्पत्ति हुन्छ अनि तृष्णाद्वारा संग्रहित तथा रागद्वारा संरक्षित वस्तु हराउला भन्ने हामीमा भय उत्पन्न हुन्छ र अनि यही भय नै हाम्रो बन्धन कारक हुन्छ। यदि हामीले विषयासक्तिबाट मुक्त कार्य गर्न सक्यौं भने हामीमा अभय उत्पन्न हुन्छ जसले हामीलाई मोक्ष तर्फ प्रवृत्त गर्दछ।

अब हेरौं भगवान राजसी बुद्धिका सम्बन्धमा के भन्नु हुन्छ।

यया धर्ममधर्मं च कार्यं चाकार्यमेव च ।
अयथावत्प्रजानाति बुद्धिः सा पार्थ राजसी ।।

अर्थात, हे पार्थ, जुन बुद्धिद्वारा मनुष्यले धर्म र अधर्म तथा कर्तव्य र अकर्तव्यलाई यथार्थ रूपले जान्दैन त्यो बुद्धि राजसी हो।

तात्पर्य के भने, जसले नैतिक र अनैतिक कर्म छुट्याउन सक्दैन, तथा जसले असल र नअसल कार्यमा भेद गर्न सक्दैन, त्यसको बुद्धि राजसी हुन्छ। उदाहरणार्थ, दुर्योधनले जुवामा छल गरी पाण्डवहरूको राज पाट जितनु असल कार्य ठानेका हुन सक्दछन् तर त्यो पूर्ण अधर्मले व्याप्त कर्म थियो। त्यसतै अधर्मले र अकर्तव्यले भरिएको कार्य गर्ने बुद्धि राजसी बुद्धि मानिन्छ। हामी मध्ये धेरै जसोलाई यस्तो बुद्धिले निरन्तर घचेटी राख्दछ। यस्तै तामसी बुद्धिका सम्बन्धमा भगवान भन्नु हुन्छ:

अधर्मं धर्ममिति या मन्यते तमसावृता ।
सर्वार्थान्विपरीतांश्च बुद्धिः सा पार्थ तामसी ।।

अर्थात, हे अर्जुन, जो तमोगुणले आवृत बुद्धि हुन्छ त्यसले अधर्मलाई धर्म मान्दछ एवं सबै कुराहरूलाई विपरीत रूपमा मात्र देख्दछ, त्यसतो बुद्धिलाई तामसी बुद्धि भनी मान्नु पर्दछ ।

तात्पर्य के भने, विपरीत बुद्धि भएको व्यक्तिले प्रत्येक असल कुरालाई नअसल कुराका रूपमा देख्दछ । ऊ कुनै पनि सद्उपदेश मन पराउन्न साथै सक्रिय जीवन व्यतीत गर्न पनि ऊ मन पराउन्न । अकर्मण्यता नै त्ससता तामसी प्रवृत्ति भएकाहरूको जीवनको आधार हुन्छ, त्यसैले उनीहरूले धर्मलाई अधर्मका रूपमा देख्दछन् ।

श्रीकृष्णायनमः

ज्ञान, ज्ञेय र ज्ञाता

मनुष्यले कर्म अथवा कर्मको संग्रह कसरी गर्दछ । यसको चर्चा परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्रीकृष्णले गीताको अठारहौं अध्यायको अठारहौं श्लोकमा गर्नु भएको छ । भगवान भन्नु हुन्छ:

ज्ञानं ज्ञेयं परिज्ञाता त्रिविधा कर्मचोदना ।
करणं कर्म कर्तेति त्रिविधः कर्मसंग्रहः ।

अर्थात, ज्ञान, ज्ञेय र ज्ञाता यी तीनै कर्मका प्रेरक हुन्, तथा कर्ता, करण र क्रिया यी तीनैको संयोगले कर्मको संग्रह हुन्छ ।

उपरोक्त श्लोकमा ज्ञाता, ज्ञान र ज्ञेय भनेको के त ? जसले जान्दछ त्यो ज्ञाता हो । जसद्वारा जानिन्छ त्यो ज्ञान हो । र जुन कुरा वा वस्तु जानिन्छ त्यो ज्ञेय हो । त्यस्तै कर्म गर्ने कर्ता हो । कर्म गरिने साधन करण हो, एवं कर्म गर्ने कार्य क्रिया हो ।

हामीलाई दृष्य जगतमा भएको वस्तुको ज्ञान हाम्रा इन्द्रियहरूद्वारा हुन्छ । यसमा जुन वस्तु माथि इन्द्रियको सम्बन्ध स्थापित हुन्छ त्यो वस्तु ज्ञेय हुन्छ । हाम्रो देहाभिमानको बन्धनमा रहेको जीवात्मा नै यसको परिज्ञाता हुन्छ ।

मनुष्यमा कर्म भन्दा अघि कर्म सम्बन्धी विचारको उत्पत्ति हुन्छ । र विचारले नै मनुष्यलाई कर्म गर्न प्रवृत्त गर्दछ । जसले कर्म सम्बन्धी विचार सर्व प्रथम गर्दछ उसले आफू स्वयम् अथवा अरू कसैद्वारा त्यो विचारलाई ठोस रूप दिए पछि मात्र हामी कर्मको उत्पत्ति भएको देख्दछौं ।

तर यस प्रक्रियामा सबै कर्मको अधिष्ठाता जो हाम्रो शरीर भित्र जीवात्मा छ त्यसलाई हामी बिर्सन्छौं । कारण, जीवात्माले छाडेर गएको मृत शरीरमा कुनै पनि विचारको उत्पत्ति हुन सक्दैन । तसर्थ, मूल शक्ति, आश्रय र आधार त त्यही जीवात्मा नै भयो जो संपूर्ण प्राणीहरूलाई परमात्माको आसिर्वादबाट प्राप्त हुन्छ ।

भगवानले ज्ञानको प्रकृति पनि सात्त्विक, राजसिक र तामसिकमा छुट्याउनु भएको छ । सात्त्विक ज्ञानका सम्बन्धमा भगवान भन्नु हुन्छः

सर्वभूतेषु येनैकं भावमव्ययमीक्षते ।
अविभक्तं विभक्तेषु तज्ज्ञानं विद्धि सात्त्विकम् ।।

अर्थात, हे अर्जुन, मनुष्यले जुन ज्ञानको माध्यमद्वारा बेग्ला बेग्लै सबै भूतहरूमा एकै अविनाशी परमात्म भावलाई अविभाजित देख्दछ, त्यस ज्ञानलाई सात्त्विक ज्ञान भनी बुझ ।

तात्पर्य के भने, मायाको कारणले गर्दा हामीलाई प्रकृति विभिन्न असंख्य रूपमा विभाजित भएको लाग्दछ । तर संपूर्ण मायावत विभाजनको पृष्ट भूमिमा एक मात्र अविनाशी एवं अक्षर परब्रह्म छ । न त यसलाई विभाजित गर्न सकिन्छ, न त यसलाई बढाउन अथवा घटाउन सकिन्छ । जसले यो सत्य बुझ्दछ त्यसको ज्ञानलाई सात्त्विक ज्ञान भनी मान्नु पर्दछ। यस्तै राजसिक ज्ञानका सम्बन्धमा भगवान भन्नु हुन्छः

पृथक्त्वेन तु यज्ज्ञानं नानाभावान्पृथग्विधान् ।
वेत्ति सर्वेषु भूतेषु तज्ज्ञानं विद्धि राजसम् ।।

अर्थात, हे अर्जुन, जुन ज्ञानद्वारा मनुष्यले संपूर्ण भूतहरूमा अनेक भावहरूलाई बेग्ला बेग्लै हो भन्ने धारणाका साथ जान्दछ त्यसलाई राजस ज्ञान भनिन्छ ।

तात्पर्य के भने, राजस ज्ञानले त्यस्तो विषयमा पनि भेद देख्दछ, जसमा कुनै भेद हुन्न । जस्तो आत्मामा कुनै भेद हुन्न तर राजस ज्ञान

भएकाहरू आत्मा आत्मामा पनि भेद देख्दछन् । उनीहरू आत्मतत्व उही परमात्मा नै हो भन्ने कुरा बुझ्न सक्दैनन् । एउटा अर्को उदाहरण लिउँ विशुद्ध प्रेम अथवा स्नेह को । विशुद्ध प्रेम जुन देश, काल, परिस्थिति, जाति, वर्ण आदिमा प्रकट भए तापनि त्यसको वास्तविक विशुद्धतामा अन्तर हुन्न । हामीले अज्ञानवस काला र गोरा जातिमा अन्तर गर्दछौं त्यस्तै उनीहरू-बाट प्रकट गरिने भावनाहरूमा पनि अन्तर देख्द छौं ।

जुन ज्ञानले शरीरलाई नै आत्माको रूपमा देख्दछ, त्यसलाई तामस ज्ञान भनिन्छ । भगवान भन्नु हुन्छ ।

> यत्तु कृत्स्नवदेकस्मिन्कार्ये सक्तमहैतुकम् ।
> अतत्त्वार्थवदल्पं च तत्तामसमुदाहृतम् ।।

अर्थात हे अर्जुन, एवं जुन ज्ञान कार्य रूप शरीरमा नै संपूर्णताले आसक्त हुन्छ, तथा जो यस्तो युक्ति रहित एवं तत्व अर्थ रहित तुच्छ ज्ञान हुन्छ, त्यसलाई तामस भनिन्छ ।

तात्पर्य के भने रात्रीको अन्धकारको कारणले गर्दा उज्यालोमा देखिने वास्तविकता जसरी सबै साधारण मनुष्यबाट टाढा हुन्छ, त्यस्तै मोह जन्य अन्धकारबाट उत्पन्न अज्ञान रूपी अवास्तविकता तामस प्रकृतिको हुन्छ ।

श्रीकृष्णायनमः

त्रिगुणात्मक कर्म र कर्ता

परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्रीकृष्णले गीताको अठारहौं अध्यायको तेइसौं, चौबिसौं र पचीसौं श्लोकहरूमा सात्त्विक, राजसिक एवं तामसिक कर्महरूको विवेचना गर्नु भएको छ । सात्त्विक कर्मका सम्बन्धमा भगवान भन्नु हुन्छः

नियतं सङ्गरहितमरागद्वेषतः कृतम् ।
अफलप्रेप्सुना कर्म यत्तत्सात्त्विकमुच्यते ।।

अर्थात, शास्त्रविधिले नियत गरिएको तथा कर्तापनको अभिमान रहित एवं फलासक्ति नराख्ने पुरुषद्वारा रागद्वेष रहित गरिएको कर्मलाई सात्त्विक कर्म भनिन्छ ।

तात्पर्य के भने, भगवानद्वारा निर्धारित कर्म कर्तव्य नै सात्त्विक कर्म हो । यदि कुनै पनि कर्म आसक्ति युक्त छ एवं रागद्वेष द्वारा परिवेष्ठित छ भने त्यो सात्त्विक कर्म हुन सक्दैन । वास्तवमा, भगवानले अर्जुनको मोह नष्ट गर्न आसक्ति एवं रागद्वेषको व्याख्या विभिन्न उदाहरणद्वारा दिनु हुन्छ । यो श्लोकको अभिव्यक्ति पनि सोही क्रमका भएको स्पष्ट छ ।

त्यसै प्रकार, भगवान राजस कर्मका सम्बन्धमा भन्नु हुन्छ ।

यत्तु कामेप्सुना कर्म साहंकारेण वा पुनः ।
क्रियते बहुलायासं तद्राजसमुदाहृतम् ।।

अर्थात, तथा जुन कर्म धेरै नै परिश्रमले युक्त छ एव फलासक्ति

राख्ने तथा अहंकार युक्त पुरुषद्वारा गरिन्छ, त्यसतो कर्मलाई राजस कर्म भनिन्छ ।

तात्पर्य के भने, फलासक्तिमा पूर्ण रूपले आश्रित व्यक्ति निरन्तर परिश्रम गरी राख्दछ, कारण उसको तृष्णाको परिपूर्ति कहिले हुन सक्दैन । एक पछि अर्को तृष्णा थपिंदै जान्छन् । तृष्णाको तथाकथित परिपूर्ति गर्ने क्रममा उनीहरू भगवानको त्यस असीम आसिर्वादलाई बिर्सन्छन् जसमा हामी वास्तविक रूपले आश्रित छौं । त्यसैले, राजस प्रवृत्ति भएका व्यक्तिहरूलाई उनीहरूको तृष्णाजन्य कार्यले नै उनीहरूलाई उज्यालोबाट अन्धकार तर्फ धकेल्दछ एवं निरन्तर अत्यधिक परिश्रम गरेर प्राप्त गरेको उपलब्धिको अन्ततोगत्वा कुनै तात्विक अर्थ रहन आउन्न । कारण, जति जति तृष्णा उनीहरूको बढ्दै जान्छ, उति उति अशान्ति उनीहरूमा थपिंदै जान्छ । तथा अशान्तिद्वारा उत्पन्न चिन्ताले घेरिएका यसता राजस कर्म गर्नेहरूको जीवन दिन पर दिन निरर्थक हुँदै जान्छ ।

यसै गरो तामस कर्मको व्याख्या गर्दै भगवान भन्नु हुन्छः

अनुबन्धं क्षयं हिंसामनपेक्ष्य च पौरुषम् ।
मोहादारभ्यते कर्म यत्तत्तामसमुच्यते ।।

अर्थात, हे अर्जुन, जुन कर्म परिणाम, हानि, हिंसा तथा सामर्थ्यका प्रति विचार नपुर्‍याई केवल अज्ञानले आरम्भ गरिन्छ, त्यसतो कर्मलाई तामस कर्म भनिन्छ ।

तात्पर्य के भने, तामसी प्रवृत्ति भएको व्यक्तिले आफ्नो चित्तमाथि अलिकत पनि नियन्त्रण राख्न नसक्ने हुँदा उसले सबै जसो कार्य विचार नपुर्‍याई गर्दछ। फलतः आफ्नो कार्यको नराम्रो प्रतिफल हुने उसलाई ज्ञानै हुँदैन । हामीले कुनै कुनै परिवारमा देख्दछौं, तामसी प्रवृत्ति भएको बाबुले आफ्ना छोरा छोरीलाई निकै कुट पिट गर्दछन् । यस्तो कुटपित गर्नाले बालक बालिका माथि नराम्रो मनोवैज्ञानिक प्रतिक्रिया पर्दछ र त्यस्ता

छोरा छोरीहरू ठूला भए पछि पारिवारिक मान्यताका प्रति विद्रोह गर्ने अथवा सामाजिक अपराध गरी हिंडनेका रूपमा हामीले पाउँछौं। यसका अतिरिक्त, कुनै कुनै परिवारका सबै सदस्यहरूमा पनि तामसिक प्रवृत्ति भएको हुँदा दिन रात पारिवारिक कलह भइ राखेको पनि हामीले देख्दछौं। यस्तो समस्या कसरी हटाउने त ? यदि तामसिक प्रवृत्ति भएकाले पनि पनि भगवानको सर्वशक्ति सम्पन्नता एवं सर्व व्यापकताका प्रति सम्मान एवं श्रद्धा विकसित गर्दै निरन्तर खलबलिने चित्तवृत्तिहरूलाई संयमित गर्ने दिशा तर्फ लागे भने, निश्चय पनि तामसिक प्रवृत्ति भएका व्यक्तिहरू पनि भगवत प्राप्तिको सुमार्ग देख्न सक्दछन्।

भगवानले सात्त्विक, राजसिक र तामसिक कार्यहरूको विश्लेषण गर्दै भन्नु भएको छ:

मुक्तसङ्गोऽनहंवादी धृत्युत्साहसमन्वित:।
सिद्ध्यसिद्ध्यो निर्विकार: कर्ता सात्त्विक उच्यते ।।

अर्थात, हे अर्जुन, जुन कर्ता, आसक्ति रहित छ, जो अहंकारको वचन बोल्दैन तथा धैर्य र उत्साहले युक्त छ, जो कार्य सिद्ध भए पनि नभए पनि हर्ष शोक आदि विकारहरूले रहित छ त्यस्तो कर्तालाई सात्त्विक भनिन्छ।

तात्पर्य के भने, हामी सबै ईश्वरको सृष्टि क्रममा क्षणिक व्यक्त रूपमा यस जगतमा देखा परेका हौं, एवं हामी सबै उही सृष्टि कर्ताले निर्धारित गरेका कर्म गर्न आएका हौं। जसले यो तात्त्विक कुरा बुझ्दछ उसले आफ्ना सबै कर्महरू भगवानमा समर्पित गरेर अहंकार रहित भएर कार्य गर्न सक्दछ। जसले यसरी अहंकारलाई सीमित गर्न सक्यो त्यसले धेरै नै उपलब्धि युक्त कार्य गर्न सक्दछ।

मनुष्य त भगवानले निर्धारित गरेको कर्म कर्तव्य गर्ने एक निमित्त कर्ता मात्र हो। त्यो बुझेर कार्य गर्नेले जीवनमा अनुपम उपलब्धि गर्न

सकेको हुन्छ। जसले यस तत्वलाई बुझेको हुन्न, ऊ आफ्नो प्रत्येक सफलतामा खुशी हुन्छ एवं असफलतामा दुखी हुन्छ। तर जस्तो मनुष्य शरीरको रूपको अंश निरन्तर कालको मुखमा गई राखेको हुन्छ, यसमा उसको कुनै नियन्त्रण हुन सक्दैन, त्यस्तै उसको सफलता र असफलतामा पनि उसको नियन्त्रण हुन सक्दैन। तसर्थ, हामीले आफ्नो चित्तलाई नियन्त्रणमा एवं शान्त राखी निर्धारित कर्म कर्तव्य गर्दै गयौं भने भगवानको आसिर्वाद स्वतः प्राप्त हुन्छ। यो नै कर्मयोग हो। भगवान कृष्ण स्वयम् महान कर्मयोगी हुनु हुन्थ्यो। उहाँले यस संसारका अज्ञानी मनुष्यहरूलाई कर्मयोगको महत्व बुझाउनु भयो।

राजस प्रकृतिको कर्ताको चित्रण गर्दै भगवान भन्नु हुन्छः

रागी कर्मफलप्रेप्सुर्लुब्धो हिंसात्मकोऽशुचिः।
हर्षशोकान्वितः कर्ता राजसः परिकीर्तितः॥

अर्थात, हे अर्जुन, जुन कर्ता आसक्ति युक्त हुन्छ, जसले कर्म फलको इच्छा राख्दछ, जो लोभी हुन्छ जो अरूलाई कष्ट दिने स्वभावको हुन्छ, जो अशुद्धाचरण गर्दछ, जो हर्ष शोकले परिवेष्ठित छ, त्यसतो कर्तालाई राजस कर्ता भनिन्छ।

तात्पर्य के भने, रागी मनुष्यहरू तथाकथित आनन्द दिने वस्तुहरूको संग्रह—क्रिया समाप्त हुनु पर्ने क्षण देख्दै देख्दैनन्। अरू संग्रह गरूँ, अरू संग्रह गरूं एवं संग्रह गरेको फल आनन्द पूर्वक उपभोग गर्दै जाउँ भन्ने बाहेक उनीहरूको मनमा अन्य केही कुरा उत्पन्न हुन्न। यस्ता व्यक्तिहरूको जीवन साथी लोभ र तृष्णा बाहेक अरू केही हुँदैन। त्यसैले राजस प्रकृति भएका कर्ताहरूको मनमा कहिले पनि शान्ति आउन्न। भगवान स्वयम्ले भन्नु भएको छ, अशान्त मनलाई सुख कताबाट आओस्।

सात्त्विक एवं राजसिक प्रकृति भएको कर्ताको चर्चा गर्नु भए पछि भगवानले तामसिक प्रकृतिको चर्चा गर्दैभन्नु हुन्छः

अयुक्तः प्राकृतः स्तब्धः शठो नैष्कृतिकोऽलसः।
विषादी दीर्घसूत्री च कर्ता तामस उच्यते॥

अर्थात, हे अर्जुन, जसको चित्त अस्थिर प्रकृतिको छ, जो शिक्षाले रहित छ, घमण्डी, धूर्त, अरूहरूको आजीविकालाई नाश गर्ने प्रवृत्ति भएको, अरूहरूलाई धोका दिने, द्वेष गर्ने, शोक गर्ने, अल्छी तथा आज हुने काम भोली गर्छु भनी काम पन्छाई राख्ने आदि प्रकृति भएको कर्तालाई तामस कर्ता भनिन्छ ।

तात्पर्य के भने, अस्थिर व्यक्ति त्यस्ता हुन्छन् जसले चित्तलाई नियन्णत्रमा राख्न सक्दैनन् । एवं चित्तलाई त्यस्ता व्यक्तिले मात्र नियन्त्रणमा राखन सक्दछन् जसले आफूलाई भगवानमा समर्पित गरेका होउन् । त्यस्तै, मनुष्य शिक्षा रहित भयो भने ऊ संस्कृति र सभ्यता रहित हुन्छ र अनि ऊ शठ हुन पुग्दछ । त्यसपछि मनुष्यको शठताले गर्दा ऊ घमण्डी हुन्छ र आफूले नजानेको कुरा पनि आफू मात्र जान्दछु भनी घमण्ड गर्न थाल्दछ । जब यस्तो व्यक्ति मूर्खताले व्याप्त हुन्छ, उसमा अरूलाई धोका दिने, अरूको द्वेष गर्ने, आफै अल्छी गरी काम पन्छाउने र आफै शोक गर्ने तामस प्रवृत्तिहरू स्वत: जागृत भएर आउँछन् ।

श्रीकृष्णायनमः

भगवानको अर्चना र मनको संयम

कस्ता प्रकारका व्यक्तिहरूले भगवानको पूजा आराधना गर्दछन् त ? यस सम्बन्धमा परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्रीकृष्णले गीताको सातौं अध्यायको सोरहौं श्लोकमा भन्नु हुन्छः

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन ।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ॥

अर्थात हे, भरत वंशीहरूमा श्रेष्ठ अर्जुन, चार प्रकारका भक्तहरूले मेरो अर्चना र भजन गर्दछन् । ती हुन्, सांसारिक पदार्थको इच्छाका निमित्त मेरो आराधना गर्ने, आफ्नो संकट मेटियोस भनी मेरो उपासना गर्ने, मेरो यथार्थ रूप थाहा पाउन मेरो अर्चना गर्ने एवं ज्ञानी पुरुषहरू ।

तर, उपरोक्त चार प्रकारका भक्तहरू मध्ये ज्ञानीलाई आफूमा नै स्थित भए सरह श्रेष्ठता प्रदान गर्दै भगवान भन्नु हुन्छः

उदराः सर्व एवैते ज्ञानीत्वात्मैव मे मतम् ।
आस्थितः स हि युक्तात्मा मामेकानुत्तमां गतिम् ॥

अर्थात, उपरोक्त चारै प्रकारका व्यक्तिहरू श्रद्धापूर्वक मेरो भजनमा समय व्यतीत गर्ने हुँदा उत्तम हुन् तापनि ज्ञानी त मेरो विचारमा मेरो स्वरूप नै भएको हुँदा, स्थिर–बुद्धि ज्ञानी भक्त अति उत्तम गति स्वरूप ममा नै स्थित हुन्छ ।

अब उपरोक्त दुवै श्लोकको तात्त्विक अर्थ हेर्ने प्रयत्न गरौं । निश्चय पनि, भगवानले भन्नु भएका चार प्रकारका व्यक्तिहरू आर्त, आर्थार्थी, जिज्ञासु र ज्ञानी आफ्नो आफ्नो प्रकारले भगवानको भजन गर्दछन्, किन

भने उनीहरूले भगवानको आराधना गर्ने कारण बेग्ला बेग्लै हुन्छ।

उदाहरणार्थ, दुख र संकटमा परेका व्यक्तिहरू आफ्नो दुख र संकट हटाउन भगवानको पुकारा गर्दछन्। यहाँ भगवानको आराधना गर्ने कारणको मूलमा आफ्नो दुख र संकट हटाउने तत्थ्य प्रकट हुन्छ। दुख र संकट परेको बेला विशुद्ध हृदयले भगवानको पुकारा गरेमा निश्चय पनि भगवानले त्यसतो भक्तको उद्धार गर्नु हुन्छ।

त्यस्तै विशुद्ध हृदयको जिज्ञासुलाई पनि भगवानले सहायता गर्नु हुन्छ। त्यस्तो जिज्ञासुले भगवानको आसिर्वाद प्राप्त गर्दछ एवं उसले भगवानको वैशिष्ठ्य बुझ्न सफलता प्राप्त गर्दछ। यो कार्य साधनाको मार्गद्वारा हुन सक्दछ। स्वामी विवेकानन्दको भगवानका प्रतिको जिज्ञासामा अनुपम सफलतालाई हामी एक उत्कृष्ट जिज्ञासुको उदाहरणका रूपमा लिन सक्दछौं।

उपरोक्त वर्गीकरणमा पर्ने अर्थार्थी पनि भगवानको भक्त कसरी हुन गयो त? ऊ धनोपार्जनका निमित्त निरन्तर भगवानको पुकारा गरी राख्ने हुँदा। साथै अरूको सेवामा धन खर्च गर्नेहरू माथि पनि भगवानले दया गर्नुं हुन्छ र सेवामा विशुद्ध मनले खर्च गरिएको धनको क्षति पूर्ति गरी दिनु हुन्छ। तात्पर्य के भने, सेवा कार्यमा मन विशुद्ध अवश्यै हुनु पर्दछ।

तर ज्ञानीलाई भगवानले आफू मैं स्थित कसरी भन्नु भयो त? जस्तो कुनै कलाकृति सर्वसाधारणको आँखाले पनि देख्न सक्दछ। तर त्यसको सौन्दर्यानुभूति त वास्तवमा कलाकारले मात्र धेरै बढी मात्रामा गर्न सक्दछ। त्यस्तै ज्ञानीले ब्रह्मको जिज्ञासा बढी गरेर आत्मानुभूतिको मार्गमा सजिलोसित लाग्न सक्दछ। त्यसैले भगवानले स्वयम् गीतामा मूढ व्यक्तिले मलाई देख्दैन, केवल ज्ञान चक्षु भएकोले मात्र मलाई देख्दछ भनी भन्नु भएको छ। यहाँ भगवानलाई देख्नु भनेको भगवानको सर्व शक्ति सम्पन्नता र सर्व व्यापकताको महत्व बुझ्नु हो। ईश्वर सर्व व्यापक भएकोले नै संपूर्ण प्राणीहरूको हृदयमा स्थित हुनु हुन्छ।

ईश्वरको यस्तो महत्ता बुझ्ने मनुष्य सबै पापबाट मुक्त हुन्छ भन्दै भगवान भन्नु हुन्छ:

यो मामजमनादिं च वेत्ति लोकमहेश्वरम् ।
असंमूढः स मर्त्येषु सर्वपापैः प्रमुच्यते ।।

अर्थात, हे अर्जुन, जसले मलाई अजन्मा, अनादि तथा संपूर्ण लोकको महान ईश्वर रूपी तत्त्व भन्ने जान्दछ, त्यसतो ज्ञानवान पुरुष संपूर्ण पापहरूले मुक्त हुन्छ ।

तात्पर्य के भने, ब्रह्म चिन्न सकिने होइन । यो अचिन्त्य हो । तर संपूर्ण सत्ता यसैमा आधारित भएको हुँदा जसले उसको सत्तालाई स्वीकार गर्दैन, ऊ अवश्य पनि पाप कर्म तर्फ लाग्दछ । कारण, यस्तो पापी व्यक्ति भगवानद्वारा निर्धारित कर्म कर्तव्य गर्न छाडदछ । तर ज्ञानी पुरुषले ईश्वरको महत्ता बुझेको हुन्छ । उसले आफूलाई उपलब्ध सबै कुरा आफ्नो निमित्त भए पनि आफ्नो होइन भन्ने तत्थ्यलाई बुझेको हुन्छ । यस्ता ज्ञानीहरू पाप कर्म भन्दा टाढा रहन्छन् ।

मनुष्यको चाल चलन व्यवहार आदि सबै मनद्वारा संचालित हुन्छ र यद्यपि यसमाथि नियन्त्रण गर्न अत्यन्त कठिन छ तर यो कार्य वैराग्यद्वारा संभव हुन्छ भन्दै भगवान भन्नु हुन्छ:

असंशयं महाबाहो मनो दुर्निग्रहं चलम् ।
अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते ।।

अर्थात, हे महाबाहो अर्जुन, मन भनेको निसन्देहः चञ्चल एवं अत्यन्त कठिनतापूर्वक वशमा हुने कुरा हो, तर हे कुन्तीपुत्र अर्जुन, भगवानको श्रवण, कीर्तन, भजन आदि अभ्यासद्वारा बारंबार यत्न गऱ्यो भने वैराग्य समेतद्वारा यसलाई वशमा गर्न सकिन्छ।

तात्पर्य के भने, भगवानको श्रवण, कीर्तन, मनन आदि अभ्यासद्वारा मनुष्यले आफ्नो जस्तो सुकै कुप्रवृत्ति माथि विजय पाउन सक्दछ । भगवत

स्मरण नै यस्तो प्रक्रया हो जसद्वारा मनुष्य अन्तरमुखी हुन सक्दछ र ऊ अन्तरमुखी भएपछि उसले आत्माको महत्व बुझ्न थाल्दछ । मनुष्यका वासना प्रवृत्त कर्मेन्द्रियहरू विषयासक्ति पछि लाग्दछन् तर मनुष्यले ध्यानको माध्यमद्वारा अनासक्तिको विकास आफूमा ल्याउन सक्दछ, फलस्वरूप उसको मनलाई शान्ति प्राप्त हुन्छ । वैराग्य भनेको सबै कार्यसित विरक्ति होइन, यो अनासक्ति योग हो ।

उपरोक्त श्लोकमा अर्जुनलाई महाबाहो भनी संबोधन गर्दै मनलाई दुर्निग्रह भनेको पनि तात्विक अर्थ भएको देखिन्छ । कारण, अर्जुन जस्तो महाबाहो, युद्धमा शक्तिशाली समेत, युद्ध क्षेत्र मैं आएर अनियन्त्रित मनको कारणले गर्दा विचलित मनस्थितिमा पर्न आउँछन् । राग अथवा द्वेष जति बढेर आउँछ, मन उति उति चंचल भएर जान्छ । यो राग द्वेषको नियन्त्रण योगको माध्यमद्वारा हुन सक्दछ तर योगको अभ्यास पनि कठिन कार्य हो । भगवान भन्नु हुन्छः

> असंयतात्मना योगो दुष्प्राप इति मे मतिः ।
> वश्यात्मना तु यतता शक्योऽवाप्तुमुपायतः ।।

अर्थात, हे अर्जुन, मनलाई वशमा नराख्ने पुरुषका निमित्त योगको प्राप्ति कठिन हुन्छ तथा स्वाधीन मन भएको प्रयत्नशील पुरुषद्वारा साधना गरियो भने यो सजिलै सित प्राप्त हुन्छ भन्ने मेरो मत छ ।

तात्पर्य के भने, मन स्वाधीन भएको पुरुषको मन आफ्नो नियन्त्रणमा हुन्छ एवं मन नियन्त्रणमा भएपछि मात्र योगको साधना गर्न सजिलो हुन्छ ।

महर्षि पतञ्जलिले योगलाई चित्तवृत्तिहरूको निरोध भनी भन्नु भएको छ । कारण, कुनै पनि मनुष्य चित्तवृत्तिहरूको निर्देशनमा परुनजेल उसले आफ्नो शरीरलाई आफ्नो वास्तविक स्वरूप हो भन्ठान्दछ । आत्म स्वरूपले शरीर छाडनासाथ शरीरलाई आफ्नो स्वरूप हो भनी भ्रममा पर्ने व्यक्तिको स्वरूपको अस्तित्व अन्त हुन्छ भन्ने कुरा उसलाई थाहा हुन्न ।

यो तत्थ्य त केवल उसले मात्र बुझ्दछ जसले चित्तवृत्तिहरूको निरोध गरी सकेको हुन्छ। जसतो भगवान कृष्णले उपरोक्त श्लोकहरूमा अभ्यास र वैराग्यको चर्चा गर्नुं भएको छ। महर्षि पतञ्जलिले पनि अभ्यास र वैराग्यद्वारा चित्तवृत्तिहरूको निरोध हुन्छ भनी भन्नु भएको छ। पतञ्जलि कै अनुसार चित्तको स्थिरताका निमित्त कार्य गर्नु अभ्यास हो एवं देखेको अथवा सुनेको विषयका प्रति चित्तको तृष्णा रहित स्थिति हुनु वैराग्य हो। तसर्थ, चित्तको तृष्णा रहित स्थिति भनेको अनासक्त योगको स्थिति भयो।

तर सबैले अभ्यास योगमा आफूलाई लगाउन सक्दैनन्। यस्तालाई भगवानले उचित मार्ग बतउँदै भन्नु भएको छ:

अभ्यासेऽप्यसमर्थोऽसि मत्कर्मपरमो भव।
मदर्थमपि कर्माणि कुर्वन्सिद्धिमवाप्स्यसि॥

अर्थात, हे अर्जुन, यदि तिमी अभ्यास योग गर्न समर्थ छौ भने तापनि मेरो कर्मका प्रति परायण भएर मेरै निमित्त कर्म गर्दै गयौ भने सिद्धि प्राप्त गर्न सक्नेछौ।

तात्पर्य के भने, यदि हामी मन, वचन र कर्मद्वारा भगवानमा समर्पित भयौं भने हामीले निश्चय पनि सफलता प्राप्त गर्न छौं।

श्रीकृष्णायनम:

अनुचित वृत्ति र त्यसबाट मुक्ति

यो प्रवचन मालाको क्रम प्रारंभ गर्दा यसलाई मैले भगवान श्रीकृष्णको चरण कमलमा एक अकिंचनको भेटीका रूपमा चढाएको थिएँ एवं भगवानको असीम अनुकम्पाले यो अन्तिम प्रवचनमा पुग्न पाएकोमा परमपिता परमेश्वर परब्रह्म परमात्माका सगुणरूप भगवान श्रीकृष्णमा म अति विनम्र श्रद्धा भक्ति चढाउँछु । वास्तवमा यो प्रवचन होइन, भगवानका प्रति एक अर्चना मात्र हो, तसर्थ, यो प्रवचन माला नभई अर्चना माला हो ।

आज म गीताका दुई श्लोक दोहऱ्याउन चाहन्छु । ती मध्ये पहिलो हो,

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ।
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ।।

अर्थात, जसले संपूर्ण भूतहरूमा मलाई नै देख्दछ एवं संपूर्ण भूतहरूलाई ममा नै देख्दछ उसका निमित्त म अदृश्य हुन्न एवं मेरा निमित्त ऊ अदृश्य हुन्न ।

मैले भगवानमा जो यी प्रवचन क्रम चढाएँ ती सबै, तपाईं अदृश्ये श्रोताहरूमा भगवान प्रतिविम्बित भएको देख्ने प्रयत्न गरेर चढाएको हूँ । गीतामा मनुष्यले गर्ने प्रत्येक कार्यको व्याख्या मैले पाएको छु । त्यसंले गीता सबै प्रकृति एवं प्रवृत्ति भएका मनुष्यहरूका निमित्त एक अत्यन्त कल्याणकारी तथा अनुपम ग्रन्थ हो । गीताले हामीलाई कर्म, भक्ति एवं ज्ञानको शिक्षा दिन्छ । हामी ब्रह्मको जिज्ञासामा निष्काम कर्मको माध्यम, भक्तिको समर्पण तथा ज्ञानको जिज्ञासा रूपी कुनै पनि मार्गमा लाग्न सक्दछौं–तर हामीले

अवलंबन गरेको मार्ग सही हुनु पर्दछ।

गीतामा उपदेश सम्बन्धी प्रत्येक श्लोकको तात्विक अर्थ छ। त्यस्तै प्रत्येक अध्यायको अर्को अध्यायसित सन्देशात्मक सम्बन्ध छ। यदि पहिलो अध्यायमा अर्जुनमा विषाद र नैराश्यको चित्रण छ भने दोस्रो अध्यायले आत्माको नित्यताको व्याख्याद्वारा भगवानले अर्जुनको अन्तर अवलोकन गर्ने शक्ति उचार्नु हुन्छ। अनि क्रमै साथ अर्जुनलाई भगवानले निष्काम कर्मको महत्व एवं फलासक्तिबाट मुक्त हुनु पर्ने आवश्यकता, इन्द्रिय नियन्त्रण, एकाग्रता तथा ध्यान, भगवानका विभिन्न विभूतिहरूको वर्णन, विश्वरूप दर्शन, क्षेत्र क्षेत्रज्ञको ज्ञान, मनुष्यमा हुने सत्त्व, रज तथा तम यी तीन गुणहरू, दैवी र आसुरी प्रवृत्तिहरू र अन्तमा मोक्ष र संन्यासको प्राप्ति योगद्वारा हुने विषद व्याख्या गर्नु भएको छ। यी उत्तम उपदेशको अन्तिम चरण पछि नै अर्जुनमा विषाद र नैराश्य समाप्त हुन्छ, उनको मोह नष्ट हुन्छ एवं भगवानले भन्नुभए बमोजिम कार्य गर्नेछु भन्ने अभिव्यक्ति अर्जुनबाट स्वाभाविक रूपले निस्कन्छ। किन भने मोह नै अज्ञानको कारण हो एवं भगवानको उपदेशद्वारा अर्जुनको मोह नष्ट नहुन जेल उनमा आफ्नो निर्धारित कर्म कर्तव्यका प्रति बोध हुन आएको थिएन। गीताको कर्म योगको मूल उपदेशमा कर्म भनेको कर्मका निमित्त गरिनु पर्दछ। मनमा अनुचित वृत्तिले बन्धन कारक कर्मको उत्पत्ति गर्दछन्। एवं यस्ता अनुचित वृत्ति आसक्तिका पारिणाम हुन्छन्। तसर्थ, इन्द्रिय नियन्त्रण गर्न सके मात्र आत्मबोध हुन आउँछ। निष्काम कर्ममा मोहको संभावना हुँदैन एवं मनमा कर्मका प्रति सन्देहको पनि प्रादुर्भाव हुँदैन। इन्द्रिय नियन्त्रण गर्न सकियो भने भगवानका प्रति आफूलाई समर्पित गर्न सकिन्छ। अनि ब्रह्म जिज्ञासा तर्फ लाग्न सजिलो हुन्छ।

हामीलाई कर्म तर्फ प्रवृत्त कसले गराउँछ त ? यो प्रकृति हो जसले हामीमा कर्म प्रवृत्ति जाग्रत गर्दछ। तर अन्ततोगत्वा सबै शक्तिको मुहान त उही परमेश्वर हो। त्यसैले हामीले आफूलाई भगवानमा समर्पित

गर्न सक्यौं भने हामी पापको कुमार्गमा लाग्ने संभावना हुन्न , कारण, भगवत समर्पण पछि हामीमा स्वाभाविक रूपले ज्ञानको उदय हुन्छ।

ज्ञानको उदय हुनासाथ हामीमा समत्व भावको उत्पत्ति हुन्छ। आत्मानुभूतिद्वारा सबैका प्रति समान भाव राख्नु नै समत्वको स्थिति हो। तसर्थ निष्काम कर्मयोग र ज्ञानयोगको मार्ग बेग्ला बेग्लै देखिए तापनि लक्ष एउटै हो। कारण, योगको माध्यमद्वारा पहिले आत्मानुभूति हुन्छ र अनि ईश्वरानुभूति हुन्छ। यस्तो अथवा, आत्मबोध हुने उच्चतम ज्ञान प्राप्त गर्न सक्दैनौं भने तापनि हामी अज्ञानी मनुष्यहरूलाई भगवानबाट गीतामा महान मार्ग दर्शन भएको श्लोक प्राप्त छ, जुन श्लोकलाई म दोहऱ्याउन चाहन्छु। भगवान भन्नु हुन्छः

सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज।
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ।।

अर्थात, हे अर्जुन, सबै कर्म कर्तव्यलाई त्यागेर केवल म परमात्माको शरणमा पर, म तिमीलाई संपूर्ण पापबाट मुक्त गर्नेछु, तिमी शोक नगर।

तात्पर्य के भने, हाम्रो उत्पत्ति, स्थिति र लयको कारक भगवान नै भएको हुँदा, हाम्रो संपूर्ण पापको निवारक पनि भगवान नै हो हाम्रो इच्छाधीन विषय, हाम्रो निर्धारित कर्म कर्तव्य अनासक्त भई गर्नु बाहेक अरू केही छैन। हामीले सँधै युवा रहने इच्छा गरेर पनि हामीलाई बुढो हुनु पर्ने बाध्यता छ। यो प्रकृतिको नियम हो। त्यस पछि मृत्यु अवश्यंभावी रूपले आउँछ, यद्यपि तृष्णा र आसक्ति जन्य कार्य गर्दा हामी सँधै बाँची राख्ने हौं भने जस्तो हामीमा पर्दछ। परमपिता परमेश्वर परब्रह्म परमात्माले हाम्रा निमित्त निर्धारित गर्नु भएको नियम बाहिर हामी बाँच्न सक्दैनौं।

श्रीकृष्णायनमः

श्री देवेन्द्रराज उपाध्यायकृत

गीता र प्रेरणा : समीक्षात्मक विश्लेषण

—जयप्रसाद उप्रेती (यू. के.)
एम. ए.; बी. एल.

विद्वान् मनुजहरूका प्रयत्नबाट आजसम्म उपलब्ध भएका कथ्यले के बताउँछ भने— मनुष्य सृष्टिको सर्वभन्दा उच्चतम प्राणी हो । यस भनाइलाई चुनौती दिन अरु कुनै खोज र अन्वेषण भएका छैनन् । कतिपय धर्मशास्त्रहरूले त मनुष्यजातिको कति वखान गरेको छ भने ती वखानहरूमा देवताका छवि पनि निकै धमिला देखिन्छन् । यस्तो महान् मनुष्यजातिको गरिमा र श्रेष्ठता हुँदाहुँदै पनि यसै जातिभित्र विभिन्न प्रकारको अन्तर्द्वन्द्व चलेको पाइन्छ, जसको प्रभाव समाजमा स्पष्टरूपमा नपरी छोड्दैन । मनुष्यजातिको इतिहास पल्टाएर हेर्दा विश्वमा कस्ता-कस्ता मावन-सभ्यताको विकास भएको थियो र ती सभ्यताले मानवसमाजको उत्थानका लागि के-कस्तो भूमिका खेलेको थियो आदि जस्ता गहनतम प्रश्नमाथि निकै बेर घोत्लिन बाध्य गराउँछ । तर ती महान् सभ्यता कसरी भूमिसात हुँदै गई खण्डहरका रूपमा मात्र देखिन थालेका छन् ? यस प्रश्नले हामीलाई प्रतिदिन कुत्कुत्याइरहन्छ । यिनै प्रश्नहरूले जिज्ञासा बढाउँदै आत्मचिन्तन गराउन बाध्य गर्छ ।

कुनै पनि मानव-सभ्यताको पृष्ठभूमिमा त्यस समाजको चिन्तनधाराले काम गरेकै हुन्छ । त्यही चिन्तनधाराको मूर्तरूप नै सभ्यता हो । मानव-सभ्यताको कुरा गर्दा हाम्रो प्राच्य वैदिक सभ्यताको रूप निकै प्राचीन देखिन्छ । समय-समयका घात-प्रतिघातबाट कतिपय वैदिक-सभ्यताको लोप भए पनि त्यस सभ्यताले हुर्काएर अघि बढाएको चिन्तनधारा पूर्ण रूपमा नष्ट हुन पाएको छैन, कुनै न कुनै रूपमा सुरक्षित नै भएर रहेको छ । आज त्यही धारा हिन्दू-धर्म तथा दर्शनको रूपमा सुपरिचित छ। आज हिन्दू-धर्म र दर्शन मानवचिन्तनको धरातलमा एक उज्ज्वल नक्षत्र जस्तो देखिन्छ। यसै धर्म र दर्शनको आत्मा हो— गीता । गीताको नामैबाट के प्रस्ट हुन्छ भने—यो ग्रन्थ कुनै भगवान्बाट गाइएको हो । यद्यपि यो ग्रन्थ कृष्ण द्वैपायन 'व्यास' द्वारा ग्रन्थित एक लाख श्लोकहरू भएको महाभारतको एक सानो अंश हो, जसमा

सात शय श्लोकमात्र छन् । तर यही सात शय श्लोक भएको ग्रन्थलाई नै महाभारत-को सार मानिन्छ। कतिपय विद्वान्हरूको मत छ— गीताको दर्शन र सन्देशलाई समष्टिगत रूप दिन नै व्यासले महाभारत जस्तो विशाल ग्रन्थ तयार पार्नुपरेको हो ।

गीता सबै उपनिषद्को सार हो । गीता गाउने कृष्ण र सुन्ने अर्जुन छन् । गुरु-शिष्यको वैदिक परम्परालाई कायम राख्दै सम्वाद शैलीमा गीता लेखिएको छ । आफूलाई संशय लागेका कुरा अर्जुनले कृष्ण-लाई सोध्छन्, कृष्ण अर्जुनका संशयलाई पर हटाउँदै आत्मबोधको शिक्षा दिन्छन् । वैदिककालदेखि उपनिषद्–कालसम्म भएका ऋषि-महर्षिहरूको चिन्तन र मन्थनको निचोड नै गीता भएको हुँदा गीतालाई हिन्दू-धर्म तथा दर्शनको प्रतिनिधि ग्रन्थ मान्नेमा अत्युक्ति हुन्न । गीताले मानवजाति-को मात्र होइन विश्वका संपूर्ण प्राणीको हित चाहेको छ। गीताले घृणा, हिंसा तथा अपकृत्य आदि जस्ता मानवीय कमजोरीलाई 'पाप' भन्ने संज्ञा दिंदै 'अहंकार'बाट नै आसुरी प्रवृत्तिको जन्म हुन्छ, यसको जड अज्ञान हो, अज्ञान नाश भएपछि स्वतः दिव्य-ज्ञान प्राप्त हुन्छ र मनुष्यले 'म को हुँ ? मेरो कर्त्तव्य के हो ?' भन्ने कुरा सोच्न थाल्दछ । तब उसमा क्रमशः आत्मज्ञानको बोध भई आफ्नो आचरण संयमित गर्दै कर्त्तव्यपथमा डटी आत्मा र परमात्मा-लाई एकाकार पार्दै मोक्ष प्राप्ति गर्दछ भन्ने भगवतपरायण दिव्य-सन्देश दिएको छ ।

गीताले मानव-समाजमा खिचलो, द्वन्द्व-र युद्ध ल्याउन चाहेको छैन । समाजमा अहिंसा मानव मात्रलाई उत्प्रेरित गर्दछ । गीताले समाजका संपन्न र असपन्न दुवै पक्षका मानवलाई समन्वयात्मक रूपले रहन दिव्य प्रेमको उपदेश दिंदै सबै प्राणीका आत्मा एकै हुन्, सबै प्राणीका आत्माका रखवाला एक ब्रह्म हुन्, उत्पत्ति, विकास र लय उनी-बाटै हुन्छ, तर हरेक ज्ञानी पुरुषले आत्मा-लाई चिनेर प्राणीमाथि प्रेम राख्दै, कर्त्तव्य-पथमा निरन्तर लागी शुद्धरूपको आचरण बनाई परम् ब्रह्ममा लीन हुने सन्देश दिएको छ । गीताले बताएको मोक्ष अथवा कैवल्य गति यही हो । शक्तिसंपन्नताले उन्मत्त भई अहंकार गर्नेलाई गीताले 'आसुरी प्रवृत्ति' मानेको छ। स्वार्थरहित भई प्राणी मात्र-को सेवा गर्नु नै गीताले बताएको धर्म हो। यसै सेवा र उपकारको भावनालाई गीताले 'निष्काम-कर्मयोग'को संज्ञा दिएको छ । गीताले विश्वका तमाम मानवलाई धनी, गरीब, रूप, यौवन, जाति-संप्रदाय अथवा लिङ्ग आदिको आधारमा भेदभाव राखी वितण्डता मच्चाएको छैन । गीताले वैदिक-कालदेखि उपनिषद्कालसम्म मानव ज्ञान-विज्ञानको सुदूर यात्रा गरेको हुँदा कसैलाई काख र कसैलाई पाख पार्ने काम गरेको छैन । तर समय-समयमा चलेका धार्मिक जेहादले भने गीताका दिव्य-सन्देशलाई आ-आफ्नो संप्रदायअनुकूल पार्न मूल गीता अथवा व्याख्या तथा टीकामा थपघट गर्ने काम नगरेका छैनन् । यसैले कतिपय पश्चि-

केली विद्वान्हरू गीतामा रहेका कतिपय विसंगतिलाई औंल्याउने अथवा टीका-टिप्पणी गर्ने कामबाट पछि परेका छैनन् । त्यसो सन्दर्भमा गीतामा रहेको महत्त्व र दिव्यज्ञान-को ज्योतिलाई अवमूल्यन गर्न मिल्दैन । गीता सम्पूर्ण मानवजातिको हक लाग्ने अमूल्य मानव-ज्ञानको संचित निधि हो । सबै मानवका लागि गीताको द्वार खुला छ।

गीताको हरेक अध्यायका समाप्तिमा भगवतजनहरूद्वारा उपनिषद्मा गाइएको ब्रह्मविद्या तथा योगशास्त्र' संबन्धी 'श्रीकृष्ण र अर्जुनको संवाद......' आदि भनेर टुङ्ग्याएको हुन्छ। यसबाट के प्रस्ट हुन्छ भने गीता 'ब्रह्मविद्या तथा योगशास्त्र'को सार-संक्षेपीरूप रहेछ, जनका विषयहरू भगवत-हरूले समय-समयमा उपनिषद्का माध्यमबाट गाइसकेका रहेछन् । तिनै कुरालाई कृष्णले युद्धको मैदानमा स्वबन्धु र मान्यजनहरूका विरुद्ध लड्न कर्त्तव्य र अकर्त्तव्यका बीचमा रुम-लिएर किंकर्त्तव्यविमूढ भएका अर्जुनलाई झझाई-बुझाई कर्त्तव्य निर्वाहकै लागि पनि लड्नैपर्ने दिव्य उपदेशको रूपमा गीताको सन्देश सुनाउँदै अमृत ज्ञानको बोध गराए। यसैले यो अमृतरूपी गीताको ज्ञान हरेक मानवका लागि अत्यन्त उपयोगी छ, अति नै हितकर छ। गीताको सन्देश पुरानो भएको छैन । जति समय र युग बित्तै जान्छ त्यत्ति यसको महत्त्व बढ्दै गएको छ । आजको युगमा गीताको ज्ञान र सन्देश झन् यति उपयोगी र महत्त्वपूर्ण भएको छ कि हरेक मानवले मानवता चिन्न पहिले गीता नै खार्नुपर्ने अवस्था आइपुगेको छ। ब्रह्म-विद्या र योग-शास्त्रलाई एकै ठाउँमा डोरी जस्तो पारेर बाटी सरल पाराले सारा प्राणीका हितका लागि गीतालाई गाइनु कम अप्ठेरो कुरा होइन । यसैले कृष्णलाई 'भगवान्' का रूपमा स्थापित गर्नु कुनै अचम्मलाग्दो कुरा होइन । कृष्ण द्वैपायन 'व्यास'ले महाभारतमा कृष्णलाई एउटा पात्र मात्रको रूपमा उभ्याए पनि पछिका भगवत-भक्त-हरूले कृष्णलाई भगवान्का रूपमा संझी 'परम्-ब्रह्म'कै स्थान दिइएको पाइन्छ। यस-को मुख्य कारण गीता जस्तो दिव्य सन्देश-लाई कृष्णका मुखबाट सुनाइएको हुँदा यसो भएको हो भन्नुमा अत्युक्ति हुन्न।

गीतालाई दिव्य सन्देश दिइएको कारण मात्रले उच्चता प्रदान गरिएको होइन । यसका अरू पनि कारण छन्। मुख्यतः यहाँ २ कारणको उल्लेख गरिनु प्रसंग मिल्दो हुन्छ। प्रथम कुरा– वैदिक युगमा देखिएको 'बहु देवता'को चिन्तन पद्धतिलाई गीताले समेटेर 'एक–ब्रह्म'को धारणामा स्थापित गरी 'एकईश्वर' चिन्तन धारालाई पल्लवित गरेको छ। यसबाट बहु–देव वादमा देखा पर्ने संकट गीताको सन्देशले दूर हटाएको छ। अर्को कुरा—वेदका देवताहरूलाई इतर जाति अथवा समूहको धन-संपत्ति लुट्न आहुत गरिने परिपाटीले समाजमा जुन अन्योल ल्याएको थियो गीताले त्यस अन्योलको वातावरण हटाई मनुष्य आफैले नै सदाचार र सत्कर्म गरेमा परम–ब्रह्ममा लिन भई

कैवल्य गति पाउँछ भन्ने अर्को चिन्तन पद्धतिलाई अघि सारेको पाइन्छ। त्यसै गरी वेदकालमा देखापरेका जातीय घृणालाई कृष्णले कुनै महत्त्व नदिई आफैं कृष्ण–योनिमा जन्मिएका कृष्णले मानव भावना आत्मचिन्तनको द्वार खोलेको छ। खराब र असल पत्र मानव भित्रै हुन्छ–जाति, रंग तथा लिंगविशेषमा हुन्न। तर यस तथ्यको ज्ञान नभएर आसुरी प्रवृत्तिमा लागी मनुष्य आफैंले समाजमा आतंक, उपद्रव, हिंसा, घृणा तथा युद्ध मच्चाएको हुन्छ भन्ने दिव्य-ज्ञान गीतामा पाइन्छ। आसुरी प्रवृत्ति कसरी घटाउन सकिन्छ र सद्ज्ञान प्राप्त गर्न सकिन्छ भन्ने कुरा पनि गीताले यथा प्रसंग वर्णन गरेको छ। यस्तो परम् ज्ञानको धर्म तथा दर्शन प्रायः विश्वका अरू धर्म तथा दर्शनमा पाइन मुस्किलै पर्छ। यस्तो परम् ज्ञानको शिक्षालाई पनि कतिपय अन्ध–धर्मभक्त तथा संकीर्ण विचारधारणा राख्ने संप्रदायले गीताको मूल आत्मालाई नै तोड्ने-फोर्ने गरी आफ्नो निहित स्वार्थ अनुरूप गीताको व्याख्या, प्रवचन तथा टीका गरेको भेट्टाइँदा खेद लाग्नु स्वाभाविकै हुन जान्छ। गीताको दिव्य ज्ञान र सन्देश सारा मानवजातिको लागि अत्यन्त उपयोगी छ।

यदाकदा यस्तो भनेको सुनिन्छ–अध्यात्मवादको लोप र भौतिकवादको उत्थानले आज विश्वमा अशान्ति पैदा गरेको छ। भौतिकवादले मानिसमा निजी स्वार्थको भावनालाई बढाउँछ र भौतिक सुख-सयललाई नै उसले सर्वेपोक ठान्छ। यस धारणाले समाजमा प्राथमिकता पाउँदा मनुष्यमा सदाचार तथा धर्म निख्रँदै जान्छ र अधर्म बढी समाजमा अपराध बढाउन थाल्छ। यस भनाइमा आंशिक सत्यया भए पनि पूर्णसत्यता छ भनी मान्न सकिन्न। किनभने अध्यात्मवाद र भौतिकवाद दुवै मानवज्ञान कै दुई अनिवार्य पाटा हुन्। एकको अभावमा अर्काको पूर्णता हुन्छ भन्न सकिदैन। गीताले स्पष्टसँग औंल्याएकै छ–अध्यात्म चिन्तन दैवीय संपत्ति हो भने भौतिक वस्तुको दुरुपयोग आसुरी प्रवृत्तिको लक्षण हो। यसैले आसुरी प्रवृत्ति त्याज्य छ। यसले मतलव भौतिक वस्तुको मानव हित र कल्याणका लागि सदुपयोग नै नहोस् भन्ने होइन। 'अतिवादी' चिन्तन धारा गीतामा पाइन्न। समसामयिक गतिविधिलाई समेट्दै कालो (कृष्ण) बाट कैवल्य (उज्यालो) मा उत्रने, कर्मयोगमा निष्कामभाव राख्ने, विविधतामा एकता स्थापित गर्ने, आत्मालाई परमात्मासँग गाँस्ने र सुखद् र शान्तिपूर्ण जीवन यापन गर्दै प्रेमसाथ ज्ञानको ज्योति फैलाउँदै प्राणीमात्रको हितको कामना गर्दै इहलौकिक जीवन लीला तुरी सद्गति प्राप्त गर्ने दिव्य उपदेश गीताको मूलमन्त्र हो।

यस्तो दिव्यज्ञान, उपदेश तथा सन्देशले भरिएको गीतालाई हाम्रो नेपाली गाउँ-घर तथा समाजतिर–'गीता पढ्नु हुन्न, गीता पढ्दा बौलाइन्छ' भन्ने जस्ता अवधारणा अझै पनि यत्रतत्र विद्यमान छ। यसको मतलब नेपाली समाजको धारणा गीताप्रति नकरात्मक रहेको छ भन्ने होइन। नेपाली जनता धर्मपरायण छन्। उनीहरूको गीताप्रति अत्यन्त माया-प्रेम-भक्ति-श्रद्धा तथा आदरको

भावना विद्यमान छ । यति हुँदाहुँदै पनि 'गीता पढ्नु हुन्न, गीता पढ्दा बौलाइन्छ' भन्नुको अर्थ के हो ? मलाई यस्तो लाग्छ– गीताको अपव्याख्या सुन्नुनपरोस् भनेर नै यसो भनिएको हो । हाम्रो नेपाली समाज सामाजिक चेतनाको स्तरले निकै पिछडिएको छ । धार्मिक मनोभावनाका साथ हाम्रो समाजको सामाजिक चेतनाको स्तर माथि उठाउन सके हाम्रा समाजमा बेला-वखत देखिने कुरूपी असुरी प्रवृत्ति र चेष्टाहरू निकै पर पन्सने थिए । यसको दायित्व आज हामी संपूर्ण युवक-युवती, तरुनी-तन्नेरी, बाल-वृद्ध तथा सबै प्राज्ञिक बुद्धिजीवीहरूका काँधमा आइपरेको छ । आज विश्वमा भौतिकवादको चढ्दो विकास र प्रगतिले अध्यात्मवाद कुण्ठित हुन पुगेको छ । यसैले अध्यात्मवादको विकास र उन्नति गरी भौतिक पक्ष र अध्यात्म पक्षलाई सम्पूर्ण मानव-समाजको सेवामा अर्पण गर्नुपरेको छ ।

वडो दुःख एवं खेदको कुरा हो– हाम्रा समाजका केही व्यक्तिहरूले पश्चिमेली पाराको शिक्षा प्राप्त गरी ठूलो जागीरमा लागेपछि पूर्वीय समाजको जीवनशैलीलाई उपेक्षा गर्न थालेको पाइन्छ । हाम्रो समाजमा परा-पूर्व-कालैदेखि जागीर खाने मान्छेलाई विद्वान्, जान्ने, बुद्धिमान् तथा ज्ञानी हुन्छ भन्ने धारणा विद्यमान छ । प्रायः जागीरेहरूको जीवनस्तर पनि अन्य सामान्य मानिसको भन्दा उच्च नै हुन्छ । यसैले स्वभावतः जागीरेहरूको प्रभाव हाम्रा समाजमा नपर्ने हुन्न । तर यिनै पढन्ते जागीरेहरूको आफ्नो धर्म र चिन्तनप्रति नकारात्मक धारणा वनेर भौतिक सुख-सयलको भोक ज्यादा जाग्न थालेपछि हाम्रा समाजको अवस्था कस्तो अप्ठ्यारो स्थितिमा आइपुग्यो? यो निकै गम्भीर रूपले शोचनीय सवाल छ । २००७ अघिका जागीरेहरूमा निकै नै धार्मिक भावना थियो, तर त्यो धार्मिक भावना निकै कट्टर, अन्ध र हिंसाले भरिएको थियो । २००७ साल पछाडिबाट क्रमशः धार्मिक मनोभावनाको मूल्य र महत्त्व कम हुँदै आयो । कसै-कसैले धर्मको नाममा कुनै कृत्य गरि-हाले पनि त्यसभित्र प्रशस्त मिथ्या आडम्बर रहन्थ्यो । त्यसखाले प्रवृत्ति अझै पनि पाइन्छ । यसो गर्नु धर्मको नाममा अर्को अपकृत्य हो । धर्म के हो भन्ने संवन्धमा हाम्रो प्राच्य नीति नै छ– अरूको उपकार गर्नु धर्म हो, अर्कालाई पीडा गर्नु पाप हो । हाम्रा सबै व्यक्तिगत आचरण तथा सामाजिक व्यवहार त्यस्तै हुनुपर्छ जस्तो हाम्रा नीति-शास्त्रहरूले निर्धारण गरेका छन् । जडी कुरा त के छ भने हाम्रो धर्मको प्रस्थान पनि दर्शनकै साथ हुन्छ अनि गन्तव्यस्थानको निर्धारण पनि दर्शनले नै गर्दछ । तर यस्ताखाले धर्म र दर्शन पश्चिमी मुलुकमा पाइन्न । पश्चिमी मुलुकको अवधा-रणाअनुसार धर्म र दर्शन यी दुवै अलग-अलग कुरा हुन् । यस तथ्यलाई हाम्रा यताका कतिपय पश्चिमेली प्रभावमा मस्तराम रहेका पढा-लेखा भई उच्च तहको जागीरे जीवनमा मग्न भएका बुद्धिजीवीहरूले मनन तथा चिन्तन गरी चासो लिएको प्रायः पाइन्न । उनीहरू हाक्काहावकी भन्छन्– 'पश्चिमेली शिक्षा र प्रमाण-पत्रले देशमा जागीर पाइन्छ, उच्च मान र इज्जत बढ्छ, हाम्रो मृत्यु प्रायः

संस्कार र संस्कृति, धर्म र दर्शन पढेर वा फलाकेर के पाइन्छ ? न जागीर. न इज्जत, न मान, न प्रतिष्ठा ।'

यस्ता कटुवचन सुन्दा हामी जस्ता धर्मपरायण सामान्य जनताको छाती चर्कन्छ । समाजमा पनि त्यसैअनुसारको व्यवहार पाउँदा कति कुण्ठा बढ्छ ? यसरी हाम्रो प्राचीन प्राच्य हिन्दूधर्ममाथि हाम्रै सन्तानले पराई समाजप्रति विश्वास राखी चुनौती दिंदा हामीले के जवाफ दिने ? एकातिर नेपाली समाजमा रहेको जागीरे बुद्धिजीवीहरूको यस्ता धारणा पाइन्छ भने अर्कातिर हिन्दू-धर्मका नाममा ज्यादाती गरेको तथा संकीर्ण रूपमा हिन्दू-धर्मका धारणाहरूलाई कुँज्याई वितण्डता ल्याउने गरेको विकृति पनि कम छैनन् । यी दुवै पक्ष गलत छन्, किनभने धर्म र दर्शनको मूल उद्देश्य नै मानवमा आत्मिक शान्ति ल्याउनु र समाज वैभवशाली बनाउनु हो। समाजमा अराजकता, हिंसा, द्वन्द्व, घृणा पैदा गराउने कुनै पनि धर्म र दर्शन वास्तवमा मानवसेवा गर्ने उद्देश्य लिएर जन्मेका धर्म र दर्शन होइनन् र हुन पनि सक्दैनन् । हुन त कतिपय विद्वान्हरूले धर्मलाई 'अफिमको नशा हो' भनी आलोचना पनि नगरेका छैनन् । धर्मका नाममा ज्यादती गरिन्छ भने त्यो अफिमको नशाभन्दा पनि क्रूर हुन्छ, तर मानवसेवा गर्न तत्पर रहेको धर्म भने स्वयंमा खराब हुन्न, बरु धर्मको कसैले दुरुपयोग गर्ला, यो बेग्लै कुरा हो। धर्ममा सहिष्णुता हुन्छ। सहिष्णुता नभएको धर्म-धर्म नै होइन। यस तथ्यलाई हरेक मानवले बुझ्न नितान्त आवश्यक छ। हामीले विश्वमा धर्मका नाममा उठेका ठूला-ठूला मानवसंहारका कथा पढेका छौं, सुनेका छौं। यो अति अशोभनीय कुरा हो। यस्ता गतिविधिले मानव-कल्याण गर्दैन । हामीलाई मानव-कल्याण गर्ने पवित्र भावना भएको धर्म चाहिएको छ । त्यस्ताखाले धर्म र दर्शनको दिव्य ज्ञान, उपदेश र सन्देश गीतामा पाइन्छ। गीता पढे यो सबै कुरा स्पष्ट दृष्टिबोध हुन्छ, यहाँ लेखेर साध्य छैन । १८ अध्याय र ७०० श्लोकमा लेखिएको गीता साँच्चै भन्ने हो भने भगवतको दिव्य ज्ञान, उपदेश र सन्देशको पुञ्ज हो। गीता हिन्दू-धर्म र दर्शन दुवैलाई एकैचोटि संक्षेपमा पूर्ण रूपले संझाउन सफल छ ।

यस्तो यथार्थ सत्य हुँदा-हुँदै पनि हाम्रै समाजमा धर्मप्रतिको धारणा दिन-दि खस्कँदै गएको देख्दा विशेष चिन्ताको कुर हुनु स्वाभाविकै हो । धर्मले मानवला नैतिकताको बोध गराई सत्कर्ममा जुट्न प्रेरि गर्दछ । गीतामा यो कुरा अझ टड्कारो रूप पाइन्छ । तर यस तथ्यलाई बिर्सिएर धर्म सदाचारलाई नै अवमूल्यन गरी हाम् समाजका उच्च जागीरे पढालेखा वर्गहरू क्रियाकलापबाट जुन विकृति, विकार अनास्था बढ्दै जाने गतिविधिको रूपरेखा डाम तयार हुन थाल्दै थिए त्यसै बखत उच जागीरे जीवनबाट अवकाश लिनुभए विद्वान् श्री देवेन्द्रराज उपाध्यायबाट 'गीता प्रेरणा' नामक पोस्तक जन्मनु कम खुशी कुरा होइन । श्री उपाध्याय स्वयं नै पूर्व तथा पश्चिमी दुवै खाले विद्याहरू

शिक्षा प्राप्त गरेका विद्वान् तथा अनुभवी व्यक्ति हुनुहुन्छ । उहाँ जस्तो होशी, पाको, विद्वान् तथा अनुभवी व्यक्तिको धनी कलमबाट आफूलाई अनुभूति भएको आध्यात्मिक चिन्तन प्रवाहलाई 'गीता र प्रेरणा' का माध्यमबाट जनसमक्ष ल्याई मानव-सेवालाई आध्यात्मिक रूपबाट पुष्ट्याइँ गर्न खोज्नु कम प्रशंसनीय कुरा होइन । श्री उपाध्याय स्वयं ब्रह्मणकुलमा उत्पन्न भई जातीय श्रेष्ठतालाई उकास्ने व्यक्ति मात्र नभई बौद्धिक विशिष्टताले भरिएको विद्वान् व्यक्ति हुनहुन्छ भन्ने कुरा उहाँकै लेखनीद्वारा जन्मिएको 'गीता र प्रेरणा' भन्ने पुस्तक प्रत्यक्ष साक्षी छ। जागीरे जीवनबाट अवकाश लिएर पनि मानव तथा समाजसेवाको भावनाले अभिप्रेरित भई गीता जस्तो गहन ब्रह्मविद्या तथा योगशास्त्रका विविध विषयलाई सहज र सरल तरीकाले अर्थ्याउँदै भगवद्भक्तितिर जनमानसलाई डोर्‍याउन जसरी आफ्ना लेखनीलाई कुशलतापूर्वक अघि बढाउनुभएको छ त्यसको सह्लाहनीय प्रशंसा नगरिरहन सकिन्न । लेखक महोदयले गीताको सरल तरीकाले भावानुवाद मात्र गर्नु-भएको छैन, त्यसमाथि अझ गीताका विविध विषयलाई आत्मसात् गरी ती विषयलाई उजिल्याउन समय-समयमा हिन्दू-धर्म र दर्शनमाथि प्राधिकार स्थापित गरेका विद्वान् महर्षि तथा योगी शंकराचार्य, रामकृष्ण परम-हंस तथा स्वामी विवेकानन्द जस्ता महान् मनीषिहरूका वचनहरूलाई पनि यथाप्रसङ्ग उद्धृत गर्नुभएको छ। यसले गर्दा गीताको दिव्य ज्ञान, उपदेश र सन्देशहरूलाई बुझ्न अरू सजिलो भएको छ । लेखनकलामा वैशिष्ट्यता प्राप्त गरेका विद्वान् जनमा मात्र यस्तो विशेषता पाइन्छ, जोकोहीमा होइन ।

शास्त्रका वचन पनि छन्– विद्वान् तथा प्राज्ञ व्यक्ति त्यही हो जसले आफ्ना वरिपरिका विषयबस्तुहरूलाई आत्मसात् गरी तिनै कुराहरूलाई दुर्गुणबाट बचाइ, सरल, सुबोध र सहज तरीकाले आफ्ना अनुभूतिहरूलाईसमेत समाविष्ट गरी त्यसै कुरालाई पुनर्जन्म दिन्छ। यस्तो गुण भएको व्यक्ति ऋषि जस्तै महान् र उच्च हुन्छ। ऋषित्व गुण प्राप्त गरेका पुरुषले मात्र जटिल, क्लिष्ट र अबोधगम्य चीजलाई प्राधिकार-पूर्वक सरल, सुबोध र सहज तरीकाले दुली आफ्नै वैशिष्ट्यतासाथ विस्तृत कुराहरूलाई पनि अति मृदु र प्रस्ट भाषामा संक्षेपीकरण गरी पुनर्जीवन प्रदान गर्दछ । हुन पनि हो जो पुरुष बौद्धिक रूपले प्राज्ञ बनिसकेको हुन्छ अनि प्रशस्त अनुभव प्राप्त गरी मानव-सेवामा प्रवृत्त हुन्छ त्यस पुरुषको सादा जीवन, विनम्र स्वभाव र पाकोपन स्वयं प्रष्फुरित भएको हुन्छ। त्यस्ता व्यक्तिको कलम धनी हुन्छ, भाषामा अधिकार रहन्छ र आफ्ना अनुभूतिहरूलाई सरल ढङ्गबाट मजिलैसँग प्रस्तुत गर्न सक्दछ। अर्को शब्दमा भनौं भने ऋषित्व गुण प्राप्त भएका व्यक्तिले मात्र सरल र सहज तरीकाले आफ्नो दायित्व पूर्णरूपले निर्वाह गरेको हुन्छ । गीता जस्तो गहन र तात्त्विक दिव्य शास्त्रीय भगवद् ग्रन्थलाई आत्मसात् गरी श्री उपाध्यायले

कसरी आफ्नो ज्ञानको परिमार्जन गर्दै गीताका मूल विषयलाई सरल र सहज तरीकाले व्यक्त्याई आफ्नो दायित्वको कुशलताकासाथ निर्वाह गर्नुभएको छ, अब त्यसको मूल्यांकन-पट्टि लागौं।

श्री उपाध्यायद्वारा लिखित तथा संग्रहित 'गीता र प्रेरणा' वि. सं. २०४२ मार्गतिर ३१ वटा पाठ लिई १६२ पृष्ठको कलेवर धारणा गरी पोस्तकी रूपमा जन्मेको पाइन्छ। 'गीता र प्रेरणा' ले पोस्तकी रूप पाउनुभन्दा अघि नेपाल रेडियोद्वारा गीता-प्रवचनका रूपमा यहांका पाठहरू प्रसारित भएका पाइन्छ। लेखक महोदयको झण्डै एक वर्ष-सम्मको प्रयत्न, साधना र आराधनाको प्रतिफल नै 'गीता र प्रेरणा' हो। यस पोस्तकको शुरूमै विद्वान् लेखक महोदय भन्नुहुन्छ– 'यस पुस्तकका लेखकले संस्कृत एवं हिन्दू-दर्शनको औपचारिक शिक्षा प्राप्त नगरेको हुंदा यसमा जति त्रुटि छन्, ती लेखकका आफ्ना हुन्।' यस सानो भनाइले लेखक महोदयले आफूलाई लघुरूपमा आफ्नो व्यक्तित्व बिम्बित गर्न खोजे पनि पाठकवृन्दमा त्यसको प्रतिबिम्ब गुरुतर पर्न जान्छ। किनभने विद्वान्हरू जहिले पनि आफूलाई लघु-मानव भएकै ठान्छन्। तर उनीहरू आफ्नो कर्तव्य र कर्मद्वारा विशाल व्यक्तित्वका धनी बनेका हुन्छन्। श्री उपाध्यायले ठीक त्यसै गर्नुभएको छ। यो एकै सानो भनाइले उहांको तीखो ज्ञान र विद्वत्ता-को पूर्णपरिचय गराउंछ। भनिने नै गर्छ– 'फलेको वृक्षको हांगो, नझुकेको कहां छ र?

मनुस्मृतिमा स्वास्नीमान्छे र शूद्रलाई एकै स्तरमा राखेको पाइन्छ। उनीहरूलाई वेद तथा अन्य ज्ञान-गुनको कुरा सुन्न निषेध गरिएको छ 'नरकस्य द्वारं नारी'– भन्ने हेलासूचक उक्ति पनि नभएका होइनन्। यसै परम्परालाई रूढीको रूपमा अप्नाई स्त्री जातिलाई कजाइने, दासीको रूपमा व्यवहार गरिने, तुच्छ जन्म संझिइने परिपाटी अझै पनि हिन्दू-धर्ममतालम्बी समाजमा विद्यमान छ। एकातिर 'नारी नपूजिएको ठाउँमा ईश्वर रमाउंदैनन्' भन्ने उक्ति छ भने अर्कातिर 'नारीको जन्म हारेको जुनी' भन्ने हीनताबोध गराउने लोकोक्ति पनि जीवितै छ। तर विद्वान् लेखक श्री उपाध्यायले 'गीता र प्रेरणा'को थालनी गराउने मुख्य प्रेरणाको स्रोतका रूपमा आफ्नी पूजनीया माता नै ठानी स्त्री-जाति-कै स्थान निकै माथि उठाउनुभएको छ। 'मातृदेवो भव' भन्ने हाम्रो प्रारम्भिक प्राच्य शिक्षापद्धतिलाई सहर्ष स्वीकार गरी आमा-प्रतिको सद्भावनालाई 'गीता र प्रेरणा'को प्रथम स्थानमा नै ठाउँ दिनु मातृ-भक्त उपाध्यायज्यूको ज्ञान र विद्वत्ताको अर्को परिचायक विशेषता हो भनेमा फरक पर्दैन। उहांकै शब्द दोहोर्‍याऊँ–"...यो पुस्तक लेख्ने प्रेरणा, मेरी पूजनीया माता श्री सुभद्रादेवीको ६ दशक-भन्दा बढीदेखि भगवान् समर्पित जीवनको पुष्पसंग्रहबाट प्राप्त भएको हो भन्ने अनुभव मैले गरेको छु।" यस उद्धृत वाक्यांशले आमा नै प्रेरणाकी स्रोत हुँदिरहिछन्, आमा नै मानवको प्रारम्भिक जीवनकी प्रथम गुरु हुँदि-रहिछन् भन्ने कुरालाई चरितार्थ पारेको छ।

उहाँले आफ्नो आमालाई मात्र उच्च स्थान दिएको छैन– छोराले आफ्नी आमालाई उच्च स्थान र श्रद्धा प्रदान गर्नु ठीकै हो–तर आफ्नी धर्मपत्नीले दिएको प्रेरणालाई पनि सन्हाहना गर्नुभएको छ । लेखककै शब्दमा– "गीता र प्रेरणा' रूपी अर्चना-क्रम कम से कम एक वर्ष पुऱ्याउनुपर्दछ भनी मलाई बराबर स्मरण गराउने मेरी पत्नी सरला पनि धन्यवादकी पात्र छन् ।" यसरी लेखक महोदयले आमालाई आमाकै स्थानमा र धर्मपत्नीलाई आफ्नै साथीको रूपमा स्थान दिई युगौंयुगदेखि चलिआएको नारी-जातिप्रति राखिने हेयको भावना तथा धारणालाई एउटै मटघाङ्ग्रो हानी रूढीवादको अन्त गर्ने जमर्को गर्नुभएको छ । गीता जस्तो महान् ग्रन्थको अर्चना-माला तयार गर्दा युगौंयुगदेखि अपहेलित नारी-जातिलाई आफ्नो प्रेरणाको स्रोत ठान्नु उहाँकी पूज्या आमा र धर्मपत्नी दुवैलाई खुशी लाग्नु स्वाभाविकै हो, तापनि त्यसभन्दा माथि उहाँले नारी-जातिले पनि गीताको महिमा, महत्त्व, ज्ञान, उपदेश र सन्देश आत्मसात् गरी लेखाउन प्रेरित गर्दछन् भन्ने नपत्याइएको रहस्यलाई उदाङ्ग पार्नुभएको छ । लेखक महोदयको यस भनाइले हरेक नारीलाई आत्म-सम्मान गर्ने गौरव प्राप्त भएको छ। गीताप्रति हरेक पुरुष र स्त्रीको समान हक र कर्त्तव्य छ भन्ने कुरा प्रस्तुत वाक्यांशले प्रस्ट पारेको छ। यसबाट के बुझिन्छ भने लेखक महोदय स्त्री र पुरुषको भेदलाई प्राकृतिक भेदबाहेक सम्मानको स्थान दिन चाहनुहुन्छ । यसरी नै हिन्दू-वर्णाश्रमवादी रीतिमा शूद्रलाई हेला गरिने परिपाटीलाई पनि उहाँले समर्थन गर्नुभएको पाइन्न । उहाँले आफ्ना हरेक 'अर्चना' मा मनुष्य मात्रको कल्याणका लागि गीता हो भन्ने कुरा छर्लङ्ग पार्नुभएको छ । कुन मनुष्यलाई कुन स्थान र स्तरमा राख्ने हो भन्ने कुराको निर्धारण उसका कर्मले नै गर्दछ भन्ने कुरा लेखक महोदयले खुलस्तसँग स्वीकारेको छ । यसरी विद्वान् लेखक महोदयले गीतालाई लोकाक्षेपबाट बचाई मनुष्यमात्रका लागि गीता अत्यन्त उपयोगी छ भन्ने कुरा स्पष्टसँग बोध गराई गीताको फाँट विस्तृत, विशाल र व्यापक पार्न खोज्नुभएको छ ।

गीतालाई निकै क्लिष्ट, जटिल र रहस्यमय बनाई मानव-समाजदेखि पर राख्ने परिपाटीलाई उहाँका कलमले स्वीकारेको पाइन्न । उहाँले गीताको विशेषतागत महत्त्वलाई दर्शाउने गरी गीताको यसरी परिचय दिनुहुन्छ– "...गीता अत्यन्त श्रेष्ठ ग्रन्थका रूपमा मनुष्यलाई प्राप्त छ । गीतामा कर्मयोग, ज्ञानयोग र भक्तियोगको त्रिवेणी छ। यसमा उत्कृष्ट दर्शन, उच्चतम् मनोविज्ञान तथा अतुलनीय काव्यको पनि त्रिवेणी छ" (पृ. ३) उहाँले कुनै धर्मका शास्त्रहरूलाई पनि होच्याउने काम गर्नुभएको छैन । बरु अति छोटकरीमा सबै धर्मशास्त्रहरूको परिचय दिँदै हिन्दू धर्मका शास्त्रहरूका सम्बन्धमा उहाँ भन्नुहुन्छ–"क्रिस्तानहरूको धर्मग्रन्थ बाइबल र मुसलमानहरूको धर्मग्रन्थ कुरान भए जस्तै हिन्दू-धर्ममा एउटै ग्रन्थबाट यसको समग्रताको बोध हुन सक्दैन ।" उहाँ अगाडि भन्नुहुन्छ–"तथापि तीन ग्रन्थहरूको संग्रहलाई

हिन्दू धर्म र दर्शनको प्रतिनिधित्व गर्ने ग्रन्थको रूपमा मानिन्छन्–यी हुन्– उपनिषद्, ब्रह्मसूत्र र गीता । यी ग्रन्थहरूलाई प्रस्थानत्रयी पनि भनिन्छ ।" (पृ. ६) यस भनाइबाट के प्रस्ट हुन्छ भने जसरी क्रिस्तान र मुसलमानधर्मको दर्शन पढ्न एउटै पुस्तक पर्याप्त हुन्छ, हिन्दू-धर्मको दर्शन पढ्न एउटै ग्रन्थ पर्याप्त छैन, तीनवटा ग्रन्थ पढ्नु अनिवार्य हुन्छ ती ग्रन्थ हुन्–उपनिषद् ब्रह्मसूत्र र गीता । गीतामा सबै उपनिषद्को दूध परेको हुँदा, ब्रह्मसूत्रले नै ब्रह्मचिन्तनलाई मुख्य साध्य ठानेको हुँदा हिन्दू-धर्मको, दर्शनको सार गीता नै हो भनेमा अत्युक्ति हुन्न । यसरी लेखक महोदयले तुलनात्मक रूपमा गीताको परिचय गराई सबै धर्मप्रति सहिष्णुता देखाउनु निश्चय नै उच्च ज्ञानको व्यावहारिक पक्ष हो भनेमा कुनै फरक पर्दैन ।-उहाँले गीताको परिचय महाभारतमा च्यापिएको एक अंश हो मात्र भनेर साधारण व्यक्तिले छाँट्ने उप-बुज्रुवाइँ मात्र प्रदर्शन गराउनुभएको छैन, वरु त्यसभन्दा माथि उठेर गीता सबै मनुष्य-जातिलाई दिव्य ज्ञान, उपदेश र सन्देश दिने तथा कर्म, भक्ति र ज्ञानमा विश्वास राख्ने हिन्दू-धर्मको अनुपम आलोकको पुन्ज हो भनी परिचय गराउनुको साथै "गीता मानव व्यवहारको एक अद्वितीय दर्शन हो" (पृ. ४६) भन्दै गीतालाई अन्ध-रहस्यमय खाडलमा पर्नबाट बचाउनुभएको छ ।

कतिपय विद्वान् आलोचकहरूले धर्मको पैरवी लगाउँदै धर्मलाई 'अफीमको नशा हो' सम्म भन्न पुगेका छन् । तर गीतामा बताइएको धर्मलाई 'अफीमको नशा हो' भनी औंल्याउने ठाउँ छैन । श्री देवेन्द्रराज उपाध्यायले स्पष्टसँग भन्नुभएको छ–"गीतामा सबै ठाउँमा धर्म भनेको निर्धारित कर्मको पर्यायका रूपमा लिएको छ......।"(पृ. ३) कर्मको विवेचनाका संबन्धमा गीताले कति जोड दिएको छ, लेखक स्वयंकै कलमबाट सुनौं–

कतिपय मानिसहरू कर्म नगरे त कुनै किसिमको पाप अथवा पुण्य भन्ने कुरै आउँदैन, त्यसो हुँदा कर्म नै नगरौं भन्ने भ्रान्तिमा परेका हुन्छन् । तर लेखक महोदयले त्यस्ता भ्रान्तिमा रहेका मानिसलाई सजग पार्दै कर्म गर्न त अनिवार्य छ भनी रामकृष्ण परमहंसको भनाइ उद्धृत गर्नुभएको छ । उद्धृत उद्धरण यस्तो छ—"तिमी इच्छा गर अथवा नगर, तिमीसित कर्म गराएर नै छाड्ने यो प्रकृतिको धर्म हो ।" (पृ. ५४) उहाँ आफैले पनि यो कुरा स्वीकार गर्नुभएको छ— "....... हाम्रो संपूर्ण कर्म त प्रकृतिले गराइराखेको छ ।" (पृ. ५४) जब हामीले कर्म गर्नैपर्छ भने किन कर्मबाट पर हट्ने ? उहाँले यसको जवाफमा रामकृष्ण परमहंसकै उद्धरण अघि सार्नुभएको छ—"जब यस्तै हो भने कर्मलाई पूर्णताका साथ किन नगर्ने ? कर्म अवश्य गर, तर त्यसमा आशक्त नहोऊ । अनासक्त-भावले गरिएको कर्म ईश्वर प्राप्तिको साधन हो । अनासक्त कर्मलाई साधन र ईश्वरप्राप्तिलाई साध्य वस्तु भन्ठान ।" (पृ. ऐ.) कर्मका संबन्धमा उहाँले गीताको

श्लोक उद्धृत गर्दै त्यसको भावानुवाद यसरी गर्नुभएको छ— "हे अर्जुन ! संपूर्ण कर्म प्रकृतिका गुणहरूद्वारा गरिएका हुन् (छन्) तापनि अहंकारले मोहित भएको मनुष्य आफू स्वयं नै कर्त्ता हुँ भनी मान्दछ ।" (पृ. ऐ.) उहाँ स्वयं पनि भन्नुहुन्छ— "कर्म स्वयंलाई अनादि मानिन्छ ।" (पृ. ६२) कर्म अनादि भएको हुँदा मनुष्यले कर्म छोड्छु भन्नु हास्यास्पद हुन पुग्छ ।

उहाँले यी उद्धृत वाक्यांशलाई कति सरल तरीकाले आफ्नो बोलीमा ढाल्नु भएको छ, त्यो पनि एकपल्ट हेरिहालौं: "....प्रकृतिले नै मनुष्यलाई कार्य (कर्म) गर्नबाध्य गर्दछ । हामीमा भएको सत्त्व, रज र तमोगुणहरू हाम्रो कार्यप्रवृत्तिका मूलक हुन् । यी गुणहरू बेग्ला-बेग्लै व्यक्तिमा बेग्ला-बेग्लै शक्तिका साथ मात्र कार्य गर्ने होइनन्, एउटै व्यक्तिमाथि बेग्ला–बेग्लै समयमा बेग्ला-बेग्लै शक्तिका साथ कार्य (कर्म) गर्दछन् ।" (पृ.ऐ) प्रस्तुत वाक्यमा प्रकृतिका गुणद्वारा कसरी कार्य (कर्म) संपादन हुँदो-रहेछ भन्ने कुरा छर्लंग हुन आउँछ । हामीलाई गीताले भगवान् कर्मबन्धनबाट टाढा भए पनि कर्मरत छन् भन्ने पनि बोध गराउँछ उनले कर्म (कार्य) गर्न छोडेभने यो सारा सृष्टि क्रम नै ठप्प हुन पुग्छ । (पृ. ४) यसैले गीताले कर्म गर्न स्वभावतः अनिवार्य छ भनी मनुष्यलाई झकझक्याएको छ । तर कर्म कस्तो गर्ने ? आसक्तिरहित, अहंकाररहित, गीतामा प्रष्टैसंग भनेकै छ—कर्म गर्ने अधिकार मनुष्यलाई छ, तर फलको आशा लिनु हुन्न । जब फलको आशा लिएर कार्य (कर्म) गरिन्छ, त्यसले आसक्ति बढाउँछ, अहंकारको सृजना गर्दछ र मोह र वासनामा डुबी मनुष्यजीवन नै व्यर्थ हुन पुग्छ । यसैले फलासक्तिलाई छोडी संपूर्ण कार्य भगवान्प्रति समर्पित गरी ढुक्क रहनुमा नै आनन्द हुन्छ भन्ने गीताको सन्देश छ । कर्म (कार्य) गराइलाई 'निष्काम कर्म' भनी गीतामा नामाकरण गरिएको छ । कर्मको महत्त्व दर्शाउँदै लेखक महोदयले स्वयं नै भन्नुहुन्छ—"कर्म त सृष्टिको नियम हो, यसलाई प्रकृतिको बाध्यताद्वारा हामीले गर्नैपर्छ ।" (पृ. १२१)

विद्वान् लेखक महोदयले बहुत विद्वत्ताका साथ हिन्दू वर्णाश्रमवादमा देखा परेका 'जात-पात, छुवा–छूत' जस्ता मानव-इतिहासकै फोहरी र नीच कुरालाई बित्या ठान्दै कर्म विभागबाट नै चार वर्ण निस्किएका हुन् भन्ने कुरा यथार्थ बोध गराउन गीताकै उद्धरण पेश गर्नुभएको छ—"हे अर्जुन ! गुण र कर्मको विभागको आधारमा चार वर्ण मद्वारा नै रचिएका हुन् । म उनीहरूको कर्त्ता भए तापनि म अविनाशी भएको हुँदा अकर्त्ता पनि मैं हुँ भनी तिमी बुझ ।" (पृ. ६६) श्री उपाध्यायले अझ टड्कारो रूपमा यसरी भन्नुभएको छ— "......कुनै पनि मनुष्य जन्मँदा उसले आफ्ना आमाबाबु छान्न पाउन्न । ऊ आफ्नो कर्मको अनुसार जन्मन्छ । त्यस्तै उसले कर्मको अनुसार चार-वर्णमध्ये एक वर्णको विशिष्ट क्षमता लिएर जन्मेको हुन्छ ।" कर्मको आधारमा सारा मनुष्यजातिलाई चार वर्णमा बाँडिएको हो

भन्ने कुरा यहाँ उहाँले प्रस्ट पार्दै 'कर्मणा जायते द्विजः' भन्ने वाणीलाई अझ जीवन्त रूप दिनुभएको छ । प्रकृतिमा पाइने 'गुणत्रय' भेदी सिद्धान्तको आधारमा मनुष्यमा पनि यी गुण पाइन्छन् भन्ने उल्लेख गर्दै मनुष्य समुदायलाई सत्त्व, रज, तम यी तीन गुणमा विभाजन गर्न सकिने कुरा पनि उहाँका लेखनीले सहजै प्रस्ट पार्न सफल रहेको छ । (पृ. ७०)

यसरी उहाँले गीतालाई लिङ्गीय, जातीय तथा रंगीय दृष्टिले नछुट्याई गीताले प्रतिपादन गरेको 'भागवतधर्म' कर्त्तव्यमूलक कर्ममा विश्वास राख्ने धर्म र दर्शन दुवै हो भन्ने कुरा चरितार्थ पार्नुभएको छ। छोटकरीमा भन्ने हो भने गीताले प्रतिपादन गरेको धर्म 'भागवत-धर्म' हो, जसको निर्वाह कर्त्तव्य-मूलक कर्ममा निहित छ। कर्म विटुलो र खोटो हुन सक्छ, जसका सम्बन्धमा गीताले पनि विशुद्ध विवेचना प्रस्तुत गरेको छ । तर गीताद्वारा प्रतिपादित 'भागवत-धर्म' विटुलो र खोटो हुन सक्दैन । यस किसिमका थुप्रै दृष्टान्तहरू विद्वान् लेखक महोदय यथा-प्रसंग प्रस्तुत पर्न पछि पर्नुभएको छैन । यहाँ त केही वाक्यांशहरू मात्र उदाहरणका रूपमा प्रस्तुत गरिएका छन् । धर्मलाई कर्त्तव्यपरायण कर्मसँग बाँधेर कर्म गर्न प्रवृत्त गराउने धर्म प्रायः अरू छैनन् । यसैले गीताले प्रतिपादन गरेको 'भागवत-धर्म' समान्यतया अरू धर्म-भन्दा नितान्त अलग विशेपताले भरिएको धर्म छ । लेखक महोदयकै अनुसरण गर्दै अलिक प्रकारान्तर गरी भन्ने हो भने– गीताको धर्म मनुष्यमात्रको कर्त्तव्यमूलक कर्मवोधको सिद्धान्त हो, केवल कोरा कल्पना र भावनाको गन्थन होइन ।

गीता 'ब्राह्मणहरूको बठचाइँबाट जन्मेको ब्राह्मण-विद्या हो' भनी आलोचना गर्नेहरूलाई मुखमा बुजो खाँद्न उहाँले गरेको अर्को टिपोट यति आनन्ददायक र रमाइलो छ, जसको उद्धरण यहाँ उद्धृत गर्नु सर्वथा युक्तिसंगत देखिन्छ । उहाँको टिपोट छ– "हिन्दू-धर्ममा कट्टरभन्दा कट्टर ब्राह्मणहरूले पनि दुई क्षत्रीयहरू, राम र कृष्णलाई भगवान्को सगुणरूपमा उपासना, अर्चना र आराधना गरेको हामी पाउँछौं। राम, कृष्णपछि हेर्ने हो भने हिन्दूहरूले भगवान् विष्णुको नवम अवतारका रूपमा स्वीकार गरिनुभएका भगवान् वुद्ध जो क्षत्रीय हुनुहुन्थ्यो उहाँका सर्वप्रसिद्ध शिष्यहरू सारीपुत्र र महामोगद्-ल्यायन दुवै ब्राह्मण थिए ।" (पृ. ७०) यस भनाइबाट लेखक महोदयले हिन्दू धर्म तथा गीता कुनै नश्ल, जाति, वर्णको मात्र नभएर सबै मानव-जातिको आध्यात्मिक ज्ञान प्रदान गर्ने आलोक हो भन्ने कुरा वोध गराउँदै 'कर्मबाट नै मनुष्यले उच्चता प्राप्त गर्छ, लिङ्ग, नश्ल, जाति तथा रंगले होइन' भन्ने गीताको दिव्य ज्ञान, उपदेश तथा सन्देशलाई मानव-सेवा र सत्कर्मका लागि वाटो देखाउने कर्म-योगको सिद्धान्त हो भनी स्पष्टसँग अर्थ्याउनु-भएको छ । गीतामाथि आक्षेप ल्याउने उद्देश्यले उठाइएका भ्रम र प्रश्नहरूको जवाफ गीता आफैंमा छ । त्यसप्रति ध्यान नदिई हीनतावोधको भावना राखी 'गीता यस्तो र

उस्तो हो' भन्नु कतिसम्म नालायकीपन हुन आउँछ, विद्वत्-समूहले महसूस गर्ने नै कुरा हो । यसैले गीताको सही व्याख्या हुनुपर्छ, मतान्ध भई गीताको अपव्याख्या गरिनु हुन्न भन्ने यस लेखकको जिरह हो । गीताका दिव्य सन्देशको मर्म बुझी सही तरीकाले गीतालाई अर्थ्याउन खोज्नुभएकोमा श्री देवेन्द्रराज उपाध्याय प्रशंसाका पात्रमात्र होइन गीताका अन्यान्य मर्मज्ञ भक्त पनि हुनुहुन्छ भनेमा फरक पर्दैन ।

माथि कतिपय ठाउँमा भनिसकिएको छ कि गीता हिन्दू-धर्म र दर्शन दुवैको सार-संक्षेप रूप हो । अब हामी 'गीता र प्रेरणा'का लेखक श्री उपाध्यायले गीताद्वारा प्रतिपादित धर्म र दर्शनलाई कसरी बुझ्नुभएको रहेछ, त्यतापट्टि लागौं । उहाँले गीताद्वारा प्रतिपादित धर्म र दर्शनलाई अति गहिरो-सँग मनन, गुनन र चिन्तन गरी एउटा प्रवुद्ध ऋषिले झैं वहुत सरल तरीकाले सहजैसँग हामीलाई वुझाउन खोज्नुभएको छ । यो कुरा उहाँकै लेखनीले प्रस्ट्याएको छ । केही उद्धरणहरू यहाँ टिपिनु यथाप्रासंगिक नै हुनेछ ।

धर्मका कुरा गर्दा सामान्यतया जहिले पनि 'पाप' र 'पुण्य' को कुरा आउँछ । पापको जन्म कसरी हुन्छ भन्ने कुरामा ठूला-ठूला व्याख्यानहरू भएका देखिन्छन्, तैपनि 'पाप' कसरी जन्मिएछ त भन्ने वैज्ञानिक जवाफ पाउन सकिन्न । गीताको पूर्ण साधना गर्नुभई पाको वृद्धि र विवेक संग्रह गर्नुभएका श्री उपाध्यायले सूत्रबद्ध भाषामा पापको उत्पतिको कारण गीतालाई नै सान्निध्य राख्दै 'गीता र प्रेरणा' को आरम्भमा नै भन्नुहुन्छ– "मनुष्यलाई अज्ञानले पापतर्फ प्रवृत्त गर्दछ ।" (पृ. १) पापको जन्म अज्ञानबाट हुन्छ भन्ने कुरा उहाँको यस सूत्रवद्ध वाक्यांशवाट सहजै बोध हुन्छ । पापवाट कसरी मुक्त हुने त भन्ने कुरामा उहाँले कसरी सटीक जवाफ दिएको छ त्यतातिर आँखा लगाऔं । उहाँ भन्नुहुन्छ– "पापवाट केही मुक्त हुन मनुष्यले यस विशाल ब्रह्माण्डका संचालक, यसको उत्पत्ति, स्थिति र लयका कारण, शाश्वत, अव्यय, अक्षर, अचिन्त्य, परब्रह्मको जिज्ञासा गर्नुपर्दछ ।" (पृ. १) छोटकरीमा भन्ने हो भने ब्रह्म-चिन्तन नै पापवाट मुक्ति हुने एक उपाय हो, "यस जिज्ञासाको प्रशस्त मार्ग गीतामा पाइन्छ ।" भन्ने उहाँको धारणा सर्वथा स्तुत्य छ । (पृ. ऐ.) गीताका भगवत् कृष्णले स्वयं भनेका छन्– ज्ञानमध्येको परम् ज्ञान 'ब्रह्म ज्ञान' हो । तर पूर्ण ब्रह्मज्ञान हुन सक्छ कि सक्दैन ? यस प्रश्नको समाधान गर्न श्री उपाध्यायज्यूले केनोपनिषद्लाई अघि सार्नु-भएको छ । केनोपनिषद्मा भनिएको छ– 'अविज्ञातं विजानतां विज्ञातमविजानताम् ।' यस उद्धृतांशलाई लेखक महोदयले यसरी भावार्थ गर्नुभएको छ– "जसले ब्रह्म र आत्मालाई जान्दछु अथवा वुझेको छु भन्दछ उसले आत्मा र ब्रह्मलाई जानेको अथवा वुझेको हुन्न र जसले जान्दिनँ भन्दछ उसले वुझेको हुन्छ ।" (पृ. १४०) उहाँले उपनि-षद्को यस कथनमा कतै आँच नपर्ने गरी ब्रह्मज्ञानको कुरा गर्दा 'ब्रह्मजिज्ञासा' भने

शब्दमात्र प्रयोग गर्नुभएको छ । यसबाट के बुझिन्छ भने उहाँले गीताको रटना मात्र लगाउनुभएको छैन, गीताको मर्म पनि बुझ्ने योग्यता राख्नुभएको छ । ब्रह्मज्ञानका सम्बन्धमा लेखिएको ब्रह्मसूत्रमा पनि 'अथातो ब्रह्मजिज्ञासा' मात्र भनिएको छ, 'ब्रह्मज्ञान' भनिएको छैन। उपाध्यायज्यूले संक्षेपमा ब्रह्म जिज्ञासा राख्दा, स्वभावैले ब्रह्मचिन्तन बढ्छ ब्रह्मचिन्तनले ज्ञान बढाउँछ, ज्ञान बढेपछि मनुष्यले स्वतः आत्मा र परमात्माको खोज गर्न थाल्दछ र अन्तिम अवस्थामा आत्मा र परमात्मा एकै रहेछन् भन्ने बुझ्न थाल्दछ, यसै ज्ञानबाट पाप हट्दै जान्छ र मुक्तिको स्थिति आउँछ भन्ने धारणा राखेको पाइन्छ । उहाँले ज्ञानबाट एकैचोटि सबै पाप समाप्त हुन्छ भनी कतै बताउनुभएको छैन । किनभने गीताको प्रस्थानविन्दु नै कर्म भएको हुँदा कर्म एकैचोटि समाप्त हुन्छ भन्नु गीताको कोरा अध्ययन मात्र हो। कर्म गरेर नै मात्र ज्ञान आर्जन गर्नुपर्छ भन्ने गीताको सदाशय हो। गीताको यस सदाशयलाई श्री उपाध्यायज्यूले राम्ररी बुझ्नुभएको छ । यसैले उहाँले गीता-को एक अध्यायले अर्को अध्यायसँग तादात्म्य-ता राखेको छ भनी गीताका पाठकहरूलाई सतर्क पार्नुभएको छ ।

'ब्रह्म' अज्ञेय भए पनि 'ब्रह्म-जिज्ञासा' राख्नेहरूले ब्रह्म चिनाउन के-कति कोशिश गरेका छन् सो सम्बन्धमा श्री उपाध्यायज्यूको चिन्तनलाई हेरौं। उहाँ 'गीता र प्रेरणा' को शुरुमै भन्नुहुन्छ–"ब्रह्माण्डको अनन्त विस्तार र यसका नियन्ता र सञ्चालक ब्रह्मको परि-कल्पना गर्न असम्भव ठहराएर नै ऐतरेयोपनि-षद्मा 'प्रज्ञानम्-ब्रह्म' भनी प्रज्ञासित ब्रह्मको तादात्म्य स्थापित गरिएको हुनुपर्दछ ।" (पृ.१) उहाँ अगाडि भन्नुहुन्छ– "ब्रह्मको व्याख्या गर्दा हिन्दूहरू चेतन ब्रह्मको परिक-ल्पना गर्दछन् । कारण ब्रह्मलाई आदि, अन्त्य दुवैको मूल आधार मानिन्छ । मुण्डक उपनि-षद्मा ब्रह्मलाई नै सम्पूर्ण विश्व भनिएको छ एवं तैत्तीरीय उपनिषद्मा वरुणले आफ्ना पुत्र भृगुलाई उनका प्रश्नको समाधानमा ब्रह्मको व्याख्या गर्दा भनेका छन्– जसबाट यो समस्त भूत तथा जड-चेतन पदार्थ जन्म लिन्छन् एवं उत्पन्न भएर जसको आश्रयमा बाँच्दछन् तथा जसमा फर्केर पूर्णतः विलीन हुन्छन् त्यही नै ब्रह्म हो।" त्यसै उक्तिलाई उहाँले यसरी परिचय गराउनुहुन्छ– "त्यसैले ब्रह्मलाई सबै पदार्थ एवं वस्तुको अस्तित्व, समस्त चैतन्यको स्रोत एवं आनन्दको उद्गम भनिएकाले नै यस-लाई सच्चिदानन्द भनी सम्बोधन गरिन्छ।" (पृ.२) ब्रम्ह सत् + चित् + आनन्दमय भएकोले नै सचेत ब्रम्हको कल्पना गरिएको हो । उहाँ अर्को प्रमाण प्रस्तुत गर्दै भन्नु-हुन्छ–"गीताका अतुलनीय भाष्यकार श्रीशङ्करा-चार्यले विवेक चुडामणिमा ब्रम्हलाई सम्पूर्ण वस्तुहरूको आधार, तिनको प्रकार, तिनको आकार, सर्वव्यापी सर्वशून्य, निश्चल एवं निर्विकल्प भनी भन्नुभएको छ ।" (पृ.२) यसरी ब्रम्ह जिज्ञासाको तृष्णा मेटाउन उहाँले विभिन्न उपनिषद् र प्राधिकार स्थापित गरेका महामनुजहरूको भनाइ उद्धृत गरेर प्राच्य हिन्दू-धर्मका दर्शनको कतिसम्म गम्भीर

अध्ययन गरी 'गीता र प्रेरणा' लेख्नुभएको रहेछ स्वतः अनुमान लगाउन सकिन्छ ।

ब्रह्मको जिज्ञासालाई अघि बढाउँदै ब्रह्मलाई सगुण ब्रह्म र निर्गुण ब्रह्म भनी जुन भेद ल्याइन्छ त्यो भेद कस्तो हो भन्ने प्रश्नको समाधान श्री उपाध्यायज्यूले बडो विवेक र बुद्धि पुऱ्याई विद्वत्तापूर्ण ढंगले निम्न दलिल पेश गरी सगुण र निर्गुण ब्रह्म एकै हुन्, कार्यको अन्तरले मात्र फरक देखिएको हो भनी एकब्रह्मवादलाई पूर्ण समर्थन गरेको देखिन्छ । उहाँका दलिल निम्नानुसारका छन् :

१. "...अनिर्वचनीय ब्रह्मको व्याख्या असम्भव भएकोले नै जब भगवान् श्रीकृष्णले सगुण ब्रह्म र निर्गुण ब्रह्मको चर्चा गर्नुहुन्छ । त्यहाँ हामी ज्ञानको माध्यमद्वारा निर्गुण ब्रह्मको जिज्ञासा गर्ने प्रक्रिया तथा भक्तिको समर्पणद्वारा सगुण ब्रह्मको आराधना गर्ने तात्पर्य बुझ्दछौं ।" (पृ. ३.)

२. "सगुण ब्रम्हको उपासना पनि सृष्टिकर्ताको कुनै अंशलाई मूर्त रूप दिएर उसका प्रति समर्पित हुने प्रक्रिया हो । हामी उपासनाका निमित्त जे वस्तुको मूर्ति बनाए पनि त्यसका तत्त्वको सृष्टि हामी गर्न सक्दैनौं । त्यसमा आकृति मात्र दिन सक्दछौं । तसर्थ, यस सृष्टिमा हामीले कुनै कुराको पनि सृष्टि गर्न नसक्ने हुँदा नै हामी सृष्टिकर्ताका सृष्टिको कुनै अंशलाई ब्रम्हको सगुण रूपको परिकल्पना गरी त्यसलाई केही आकृति प्रदान गरी त्यसको उपासना गर्न थाल्दछौं । त्यसका समक्ष समर्पित हुँदा हामी आफ्नो अहंकारलाई केही संयमित गर्न सक्दछौं । अहंकारमाथि विजय प्राप्त नभई, राग, द्वेष, मोहलाई नियन्त्रण नगरी हामीले ब्रम्हको जिज्ञासासम्म गर्न सक्दैनौं ।" (पृ. १९)

३. अर्जुनलाई पनि निर्गुण अथवा सगुण ब्रम्हमध्ये कुन ब्रम्हको उपासना श्रेष्ठ हो भन्ने शङ्का उत्पन्न भएको थियो । त्यस शङ्काको निवारण श्रीकृष्णले यसरी गर्नुभएको थियो जुन श्लोकको भावार्थ श्री उपाध्यायज्यूले यसरी गर्नुभएको छ– "हे अर्जुन ! आफ्नो मनलाई ममा एकाग्र गरेर जो निरन्तर मेरो ध्यान गरिराख्दछन् तथा ती अतिशय श्रेष्ठ श्रद्धाले युक्त पुरुषहरू जो मेरो सगुणरूप परमेश्वरको उपासना गर्दछन् ती मेरो निमित्त योगीहरूमा पनि अति उत्तम योगी लाग्दछन् । एवं जो पुरुषहरू इन्द्रियहरूलाई राम्ररी वशमा गरेर मन र बुद्धिभन्दा पनि टाढा, सर्वव्यापी, अवर्णनीय, अचल, अपरिवर्तनीय, शाश्वत, नित्य, निराकार, अविनाशी तथा अक्षर ब्रम्हको निरन्तर एकाग्रतापूर्व ध्यान गर्दछन् ती पुरुषहरू जो सबै प्राणीहरूको हित गर्दा आफूमा आनन्द अनुभव गर्दछन् तिनले पनि मलाई नै प्राप्त गर्दछन् ।" (पृ. ३४)

४. "निर्गुण ब्रम्ह त्यो अव्यक्त विश्वात्मा हो जसनिर पुग्न प्रकृतिले प्रस्तुत गरेका सबै बाधा-बन्धन हटाउन सक्नुपर्दछ । अक्षर ब्रम्ह भनेको शाश्वत ब्रम्ह हो, जसको व्याख्या गर्न सकिन्न, यो अव्यक्त हुन्छ । यो ब्रम्ह सर्वगत अर्थात् सर्वव्यापी हुन्छ ।" (पृ. ३४)

५. सगुण ब्रम्ह र निर्गुण ब्रम्हको चर्चा गर्दा श्री रामकृष्ण परमहंसले यस्तो धारणा राख्नुभएको छ, सो सम्बन्धमा लेखक महो-

दयले नै उद्धृत गरेको उद्धरण हेर्नलायक छ। उद्धृत उद्धरण यस्तो छ–"निर्गुण र सगुण दुवै एकै ईश्वर (ब्रम्ह)का रूप हुन्। एक-माथिको विश्वासले अर्कोमाथिको विश्वास पनि बुझाउँछ। आगो र त्यसले तातो पार्ने वा न्यानो पार्ने तत्त्व छुटघाउन सकिन्न। सूर्य र सूर्यको तेजलाई बेग्लाबेग्लै पार्न सकिन्न। दूध र त्यसको सेतोपनालाई छुटघाउन सकिन्न। त्यस्तै सगुण ब्रम्ह र निर्गुण ब्रम्ह पनि एकै हुन्। यसमा एउटालाई छुटघाएर अर्कोको मात्र कल्पना गर्न सकिन्न।" (पृ. १३३-१३४)

यसरी ब्रम्हको मूलप्रकृति निर्गुण भए पनि सृष्टि-विकासको मेसोमा प्रकृतिका गुणहरूको उपभोग गर्नुपर्ने भएको हुँदा ब्रम्हलाई सगुण रूपमा मानिनु पनि सर्वथा उचित नै देखिन्छ। ब्रम्हलाई कुनै पनि इन्द्रियले ग्रहण गर्न नसक्ने हुँदा ऊ परम छ, ब्रम्ह नै सृष्टिको मूल कारण भएको हुँदा ऊ अक्षर पनि छ।

यस्तो अज्ञेय, अव्यक्त, अगम्य ब्रम्ह निर्गुण हुँदाहुँदै पनि किन सगुण ब्रम्हको कल्पना गरिएको हो त ? यस सम्बन्धमा श्री उपाध्यायले यसरी जवाफ दिनुभएको छ–"दुर्योधन र उनका पक्षपातीहरूको अहङ्कार र धृष्टताले गर्दा महाभारतकालमा सामाजिक मर्यादा अत्यन्त खलबलिएको थियो। जताततै तामसिक प्रवृत्तिले जरो गाडेको थियो। समाजमा स्वधर्म अर्थात् निर्धारित कर्म-कर्तव्य सबैलाई पालन गराउने उद्देश्यले एवं तामसिक तथा राजसी गुणकासट्टा सात्त्विक गुणको बाहुल्य समाजमा पुनर्स्थापित गर्न एक अवतार अथवा ब्रम्हको सगुण रूपको आवश्यकता थियो। श्रीकृष्ण त्यही सगुण रूपमा अवतरित हुनुभयो।" (पृ. २१–२२) उहाँको भनाइबाट के बुझिन्छ भने हिन्दूधर्ममा देखिने अवतारवादको सिद्धान्त सगुण ब्रम्हको परिकल्पनाको प्रतिफल हो। यसैले श्रीकृष्णलाई सगुण ब्रम्हका रूपमा मानिएको हो।

अब हामी श्री उपाध्यायज्यूको आत्मा र परमात्मासम्बन्धी चिन्तनधारा कस्तो रहेछ सो बुझ्नपट्टि लागौं। आत्माका सम्बन्धमा गीताको उद्धरण पेश गर्दै श्री उपाध्याय भन्नुहुन्छ –"हे अर्जुन ! शरीरभन्दा इन्द्रिय माथि हुन्छ, इन्द्रियभन्दा माथि मन हुन्छ, मन-भन्दा बुद्धि माथि हुन्छ, बुद्धिभन्दा धेरै नै माथि आत्मा हुन्छ।" (पृ. ६३) उहाँले आत्माका सम्बन्धमा गीताकै अर्को श्लोक यसरी पेश गर्नुभएको छ–"हे अर्जुन ! यो आत्मालाई काट्न सकिन्न, यसलाई जलाउन सकिन्न, यसलाई भिजाउन सकिन्न, यसलाई सुकाउन सकिन्न, यो आत्मा निस्सन्देह पनि नित्य, सर्वव्यापक, अचल, स्थिर एवं सनातन छ।" (पृ. ७४) उहाँले आफ्नो धारणा यसरी राख्नुभएको छ–"आत्मा सत् हो त्यसैले हो अर्थात् ब्रम्ह हो।" (पृ. ८२) चैतन्य उहाँको विश्वास छ–"आत्माको चैतन्य प्राप्त नभई कुनै पनि प्राणी बाँच्न सक्दैन।" (पृ. १४२) उहाँ ब्रम्ह र आत्मालाई अलग-अलग तत्त्व ठान्नुहुन्न। उहाँ भन्नुहुन्छ–"वास्तवमा ब्रह्म र आत्मा अद्वैत हुने हुँदा नै ब्रह्मको प्रकृति र आत्माको प्रकृतिमा द्वैतता हुन सक्दैन।" उहाँको ठम्याइ छ-"...शरीरलाई सञ्चालन गर्ने तथा त्यो सञ्चालनको विषय थाहा पाउने क्षेत्रज्ञ आत्मा नै हो जसको कहिले

पनि नाश हुँदैन ।" (पृ. ७४)

प्रस्तुत उद्धहरणहरूले के वोध गराउँछन् भन्ने आत्मा र ब्रह्म एकै हो, दुई अलग-अलग तत्व होइन । यसैले ब्रह्म आत्मा रूप लिएर चराचर सम्पूर्ण जगत्मा प्रतिविम्वित हुन्छ । यस विषयमा लेखक महोदयकै भनाइ अघि सार्नु वेश हुन्छ । उहाँ भन्नुहुन्छ–"भगवान्‌का साथ एकीभाव भएको व्यक्ति सबै प्राणीमा भगवान् (ब्रह्म)को प्रतिविम्व देख्दछ । परमात्मा र सम्पूर्ण जगत्, समुद्र र समुद्रको लहर जस्तै अभिन्न हो । जस्तो, समुद्र नभए समुद्रको लहर हुँदैन त्यस्तै परमात्मा नभए जगतनै हुँदैन, कारण जगत् त परमात्माकै सृष्टि हो ।" (पृ. १०२) यसवाट के प्रस्ट हुन्छ भने ब्रह्म र आत्मा एकै हो, परमात्मा भन्नु नै परम ब्रह्म हो, कुनै भेद छैन । यसैले उहाँ भन्नुहुन्छ– "...यदि मनुष्य गुणातीत भयो भने ऊ परब्रह्म परमेश्वरको सगुण रूपसमेत हुन सक्ने कुरा हामीले गीताको अध्ययनवाट थाहा पाउन सक्छौं ।" (पृ. ७०) उहाँको विश्वास छ–"...जव जीवात्मा विश्वात्मामा मिसिन पुग्छ हामी जन्मरूपी बन्धनवाट स्वतः मुक्त हुन्छौं ।"(पृ. ६१) उहाँको धारणा छ– "संसारका प्राणीहरूको क्षणिक अस्तित्व सृष्टिका नियन्ता सञ्चालकरूपी विश्वात्मावाट प्राप्त जीवनद्वारा हुनसकेको हो । विश्वात्मा र जीवात्माको सम्वन्ध तथा यस दृश्यजगत्‌को अनित्यताको स्पष्ट ज्ञान हामीलाई अध्यात्म अथवा ब्रह्मविद्यावाट प्राप्त हुन्छ ।" (पृ. ४८)

यसरी श्री देवेन्द्रराज उपाध्यायले ब्रह्म र आत्माको तादात्म्य स्थापित गर्दै विश्वात्मा र जीवात्माको सम्वन्ध कसरी वुझ्ने ? त्यो विद्या (ज्ञान) कुन हो ? सोसमेत सरल र स्पष्ट भाषामा व्याख्या गर्नुभएको छ । ब्रह्मको सर्वव्यापकताको ज्ञान प्राप्त भएपछि मानव स्वयं नै सगुण ब्रह्मरूप धारण गरी परमब्रह्मसँग बराबर हुन्छ । यसरी सबै प्राणी तथा जगत्मा ब्रह्मको आभास विम्बित हुन्छ भन्ने हाम्रो शास्त्रीय धारणालाई श्री उपाध्यायज्यूले सहजै, सरलतापूर्वक अभिव्यक्त गरेको पाइन्छ । ब्रह्म पुरुष रूपमा र प्रकृति मायारूपमा रही दुवैको सम्पर्कवाट सृष्टि परिचालन भएको आध्यात्मिक रहस्यलाई पनि उहाँले खुलस्तसँग वुझाउनुभएको छ । उहाँ भन्नुहुन्छ–"...जुन वेला हामीले शरीर, इन्द्रिय, मन र वुद्धिद्वारा उत्पन्न हुने माया र मोहमाथि आत्मवोधको माध्यमद्वारा विजय पाउँछौं अनि हामीलाई ब्रह्म र आत्माका बीच अद्वैत वुझ्न सजिलो हुन्छ ।" (पृ. ६४) यस विचारलाई तर्कसम्मत रूप दिन उहाँले श्री शंकराचार्यलाई अघि सार्नुभएको छ । शंकराचार्यको मत छ–"...द्वैतताको अन्त भएपछि तव मनुष्यले सबै प्राणीहरूलाई आफ्नै आत्मासरह देख्न थाल्दछ ।" (पृ. ६४) तर माया र मोहमा फँसेका मनुष्यलाई यो कुरा थाहा हुन्न । किनभने माया, मोह, वासना, तृष्णा भएका व्यक्तिलाई आत्मज्ञान हुन्न । आत्मज्ञान नभएपछि कसरी उसले यी सबै कुराको अनुभव गर्न सक्छ र ?

ब्रह्मको सृष्टि भएको यो चराचर जगत् हो भने यहाँ किन विभिन्न वितण्डता, कलह, झगडा, द्वेष, रीस, राग, छल, कपट आदि अनर्थहरू देखिन्छन् त ? ती सबै कुराको जन्म

आसुरी प्रवृत्तिबाट हुन्छ। मनुष्यमा अज्ञान बढेपछि के गर्ने, के नगर्ने कुनै कुराको कर्त्तव्य-बोध हुन्न। ऊ तृष्णाको सागरमा फस्छ, तृष्णाले आसक्ति बढाउँछ। यसै आसक्तिले मनुष्यको तत्त्वज्ञान प्राप्त गर्नेतर्फ ध्यान जान्न, तब समाजमा विभिन्न प्रकारको हुँडलो देखिन थाल्छ। उहाँले वडो सरल र सुमधुर शैलीमा यसरी सम्झाउनुहुन्छ–"मनुष्य त भगवान्ले निर्धारित गरेको कर्म-कर्त्तव्य गर्ने एक निमित्तकर्ता मात्र हो।" (पृ. १५२) यसैले उहाँ अगाडि भन्नुहुन्छ–"...हामीले आफ्नो चित्तलाई नियन्त्रणमा एवं शान्त राखी निर्धारित कर्म-कर्त्तव्य गर्दै गयौं भने भगवान्को आशीर्वाद स्वत प्राप्त हुन्छ। यो नै कर्मयोग हो।" पुस्तकको अन्तमा उहाँले ज्ञान र कर्मलाई एकै हो, दुवैको लक्ष्य एउटै हुन्छ भन्ने कुरा प्रस्टयाउँदै यसो भन्नुहुन्छ–"ज्ञानको उदय हुनासाथ हामीमा समत्वभावको उत्पत्ति हुन्छ। आत्मानुभूतिद्वारा सबैकाप्रति समान भावना राख्नु नै समत्वको स्थिति हो। तसर्थ निष्काम कर्मयोग र ज्ञानयोगको मार्ग बेग्ला-बेग्लै देखिए तापनि लक्ष्य एउटै हो। कारण, योगको माध्यमद्वारा पहिले आत्मा-नुभूति हुन्छ र अनि ईश्वरानुभूति हुन्छ।" (पृ. १६२)

यसरी विद्वान् लेखक श्री देवेन्द्रराज उपा-ध्यायज्यूले गीतामा रहेको अध्यात्मज्ञानको परंरहस्यलाई आपनो सरल भाषा, शैली तथा विभिन्न उद्धरणहरूद्वारा पाठकको मन-लाई आकर्षित मात्र गरेको छैन, त्यसभन्दा माथि भगवत् रहस्यका कुरालाई पनि सहज रूपमा प्रस्तुत गर्नुभई मनुष्यमात्रलाई सारा प्राणीमाथि प्रेम गर्ने र समाजमा अमन-चैन र शान्तिको स्थापना गर्ने आग्रह गर्नुभएको छ। हामी आपसमा 'तं तं र म म' गर्छौं, यो सबै झुट्टा हो, अज्ञान हो, पाप हो। जब हामी अध्यात्मको ज्ञान पाउँछौं तब हामीलाई यो कुरा थाहा हुन्छ कि हाम्रो ठनाइ वृथा रहेछ। लेखक महोदयले वडो मार्मिक तथा सुन्दर शैलीमा यसै कुरालाई कति व्यवस्थित पारेर संक्षेप रूपमा भन्नुभएको छ, त्यो हेरौं। उहाँ भन्नुहुन्छ– "...हाम्रो उत्पत्ति, स्थिति र लयको कारक भगवान् नै भएको हुँदा हाम्रो संपूर्ण पापको निवारक पनि भगवान् नै हो हाम्रो इच्छाधीन विषय, हाम्रो निर्धारित कर्म-कर्त्तव्य अनासक्त भई गर्नुबाहेक अरू केही छैन। हामीले सधैं युवा रहने इच्छा गरेर पनि हामीलाई बूढो हुनुपर्ने बाध्यता छ। यो प्रकृतिको नियम हो। त्यसपछि मृत्यु अवश्यंभावी रूपले आउँछ, यद्यपि तृष्णा र आसक्तिजन्य कार्य गर्दा हामी सधैं बाँचिराख्ने हौं भनेजस्तो हामीमा पर्दछ। परम-पिता परमेश्वर परब्रम्ह परमात्माले हाम्रा निमित्त निर्धारित गर्नुभएको नियमबाहिर हामी बाँच्न सक्दैनौं।" (पृ. १६२)

यसरी उहाँले ब्रह्मको सर्वव्यापकतालाई प्रष्टयाउँदै ब्रह्मद्वारा नै नियमित गरेको यो विशाल ब्रह्माण्डभित्र नै यो सारा चरा-चर जगत् र प्राणी छ, त्यसबाहिर कोही छैन भनी बोध गराउनुभएको छ।

एउटा प्रसिद्ध अंग्रेज लेखक बेकनले अध्य-यनका बारेमा भनेका थिए–'अध्ययन सलक्क

निल्ने, चपाएर खाने र पचाउने गरी तीन किसिमका हुन्छन् । सलक्क निल्नेले वोक्रैसँग स्वादको पत्तै नपाई निल्छ, त्यसलाई अध्ययन भनिन्न । चपाएर खानेले स्वाद लिन्छ र आफैं मस्त हुन्छ, त्यो अध्ययन पनि त्यति राम्रो होइन । पचाउनेले मुखमा लिन्छ, चपाउँछ, निल्छ र पचाउने काम गरी नराम्रा जति पर्याक्ने, छान्ने र केलाउने काम गर्छ, त्यही नै वास्तवमा अध्ययन हो ।' हाम्रा ऋषि-मुनिहरूले पनि त्यसै गर्दथे, जसको उल्लेख माथि नै गरिएको छ, यहाँ पुनरावृत्ति गरिरहनु पर्दैन । ठीक त्यसरी नै श्री देवेन्द्रराज उपाध्यायले गीताको अध्ययन गर्नुभएको छ । उहाँले गीता रटेर निलेको मात्र होइन, स्वाद लिएर पचाएको मात्र होइन, पचाएको पनि छ र ऋषिमुनिले झैं गीतामाथि आफ्नो अधिकार स्थापित गरी यथायोग्य प्रवचनरूपी अर्चनामाला तयार पार्नुभएको छ नेपाली भाषामा नेपाली विद्वान्हरूले यति सरल तथा सुबोध तरीकाले गीताको प्रवचनरूपी अर्चना-माला संग्रह गरी छपाएको छैन नै भने हुन्छ । उहाँले आफ्नो जागिरे जीवनमा के-कति राष्ट्र तथा समाजको सेवा गर्नुभयो त्यो अर्कै कुरा हो । तर उहाँले जागिरे जीवन छोडेर स्वतन्त्र रूपले गीताको अध्ययन, मनन र चिन्तन गरी गीताको प्रवचनरूपी अर्चनामालालाई 'गीता र प्रेरणा' भन्ने पोस्तकको नाम जुटाई प्रकाशन गर्नुभयो त्यस पुनीत कर्मले उहाँले यो जुनी सफल पार्नुका साथै देश, समाज तथा सबै मानव जातिको अन्योन्य सेवा गर्नुभएको छ । अन्तमा उहाँबाट यस्तै प्राच्य हिन्दूशास्त्रका अरू पनि प्रवचनरूपी अर्चनामाला निक्लन परमब्रह्मले प्रेरणा दिऊन् भन्ने हार्दिक कामना गर्दै यो समीक्षा यतिमै टुङ्छु । अस्तु !

भारत र बर्माका हिन्दूहरूको विचारमा प्रस्तुत पुस्तक

सत्यमेव जयते

No. 1751

भारतीय राजदूतावास, काठमाण्डू
EMBASSY OF INDIA
KATHMANDU
(NEPAL)

दिनांक, २६ अगस्त, १९८३

प्रिय श्री उपाध्याय जी,

आप को जानकर हर्ष होगा कि राजदूतावास क्लब में श्री कृष्ण जन्माष्टमी बडे उत्साह से मनाई जा रही है।

'गीता र प्रेरणा' आपका कार्यक्रम हम रेडियो नेपाल से बडी श्रद्धा से सुनते हैं। हम चाहेंगे कि बुधवार ३१ अगस्त जन्माष्टमी के समारोह में उपस्थित श्रद्धालु श्रोताओं को आप रात को ८.३० से ९ तक गीता पर अपने विद्वतापूर्ण प्रवचन से अनुगृहीत करें।

K. J. S. BARAL
Ambassador

Royal Nepalese Embassy,
Post Box 84,
16, Natmauk Yeiktha,
Rangoon, Burma.

१९ अक्टोवर, १९८४

प्रिय देवेन्द्र जी,

हिन्दूधर्मावलम्वी नेपाली तथा भारतीय हरूको संख्या यहाँ लाखौंमा भएको कुरा विदितै छ। विपरीत परिस्थितिमा पनि यहाँस्थित हिन्दूहरूले आफ्नो धर्मपरायणता कायम राख्नमा एवं भावी सन्ततिलाई पनि धर्मपथबाट विचलित हुन नदिन गरी रहेका विभिन्न प्रयासहरूमा गीता अध्ययनमण्डलको स्थापना एक प्रयासको रूपमा रहेको छ। गीता अध्ययनमण्डलले गीतासम्वन्धी परीक्षा समेत संचालन गर्ने भएको हुनाले उक्त मण्डलले विश्वको एकमात्र हिन्दूराष्ट्र नेपालको कुनै प्राज्ञ गीतावेत्ता द्वारा गीतावारे को प्रारम्भिकस्तरका प्रश्नपत्रको लागी अनुरोध गरेका छन्। उपाध्याजी जस्तो गीता मर्मज्ञ एवं प्रबुद्ध विद्वान द्वारा तयार पारिएको प्रारम्भिकस्तरका २० प्रश्नहरू भएको गीता प्रश्नावली एक प्राप्त भएमा यहाँस्थित हिन्दूहरू अनुगृहीत हुने भएको हुँदा गीता सम्वन्धी प्रारम्भिकस्तरका २० प्रश्नहरू भएको प्रश्नावली यथाशीघ्र परराष्ट्र मन्त्रालय मार्फत पठाई दिनु हुन हार्दिक अनुरोध गरेको छु।

ा

द्वा

पने

२८४.५८२४
८ १ज



१. लेखकबाट श्री ५ को सरकारको पचीस वर्षसम्म निजामती र कूटनैतिक सेवा गरिएको;

२. त्रिचन्द्र कालेज लगायत भारत तथा संयुक्त राज्य अमेरिकाका सात विश्वविद्यालयमा अध्ययन गरेको;

३. नेपाल ला कालेज र हालैण्डको इन्स्टिच्यूट अफ सोशल स्टडीजमा अध्यापन गरेको;*

४. संयुक्त राष्ट्र संघ; यूनेस्को; अंकटाड; इक्याफे; भूमिपरिवेष्ठित राष्ट्रहरूको पारवहन सम्मेलन; नेपाल-भारत वाणिज्य तथा पारवहन सन्धि वार्ता आदिमा नेपालको प्रतिनिधित्व भएका छन् र यस क्रममा चार महादेशका बत्तिस मुलुकहरूको भ्रमण भएका छन्।

५. लेखकका अन्य प्रकाशन मध्ये:

(क) 'पंचायत - एक सामाजिक-आर्थिक आवश्यकता' (नेपाली र अंग्रेजीमा) - राजदरवार, प्रेस सचिवालयबाट प्रकाशित भएको;

(ख) एण्टीगनी, चू युआन र एगामेमनन् - नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट;

(ग) 'भगवान बुद्धका उपदेश' - जापानको बुक्यो डेण्डो क्योकाईबाट;

(घ) 'नल र दमयन्ती' - टाढा-मैकग्राहिलबाट;

(ङ) 'गीता र प्रेरणा'

(च) अनेकतामा एकता

(छ) भूमिपरिवेष्ठित राज्यहरूको पारवहन व्यापार (अंग्रेजीमा) - इन्स्टिच्यूट अफ सोशल स्टडीज, हालैण्डबाट प्रकाशित भएका छन्।

(ज) अरू प्रकाशित पुस्तकहरूमध्ये: राजा इडिपस (नेपाली र हिन्दीमा); 'पाश्चात्य राजनैतिक दर्शनको इतिहास' तथा 'मीर गालिब इकबाल' आदि छन्।

६. जन्म-सखडा, सप्तरी।

* त्रिभुवन विश्वविद्यालयको सेडामा सीनियर रिसर्च अफिसर भएको र सेनासमा आगन्तुक प्राध्यापक रहेको।